रोशी गाउँपालिका आवधिक योजना

आ.व. २०७६/७७ - २०८०/८१

प्रारम्भिक मस्यौदा



<u>तयार गर्ने</u>

परामर्शदाता

आषाढ, २०७६

भूमिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस गाउँपालिकाले पहिलो पञ्चवर्षिय आवधिक योजना तर्जुमा गरी सार्वजनिक गर्न पाएकोमा गौरवान्वित महशुष भएको छ। नेपालको संविधानमा व्यवस्था भएबमोजिम स्थानीय तहको कार्यजिम्मेवारी र स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भएको कार्यक्षेत्रको दायरालाई आधार मानेर यस योजनाको तर्जुमा गरिएको छ। योजना तर्जुमामा राष्ट्रिय तहको योजना तर्जुमा दिग्दर्शन, २०७६ (नमूना) द्वारा निर्दिष्ट प्रक्रियामा अवलम्बन गरीएको छ।

रोशी गाउँपालिकाले योजनाबद्ध विकासद्वारा आर्थिक सामाजिक समृद्धीका निमित्त ''सक्षम नागरिक, स्वच्छ वातावरण, सम्मृद्ध रोशी, भ्रष्टाचारमुक्त समाज'' भन्ने दीर्घकालिन सोच सहित आर्थिक बर्ष २०७७/७८ देखि २०८१/८२ सम्मका लागि प्रथम पञ्चबर्षिय योजना तर्जुमा गरी कार्यान्वयन आरम्भ गरेको छ।

आवधिक योजना तर्जुमामा गाउँ कार्यपालिकाका पदाधिकारी, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, गाउँ सभाका सदस्य, शिक्षक, बुद्धिजिवी एवं गैरसरकारी, निजी र सहकारी क्षेत्र, विभिन्न संघ-संस्थाहरू प्रति वहांहरूको सक्रिय सहभागिता, सुझाव र योगदानका लागि आभार व्यक्त गर्दछु। यसैगरी आवधिक योजना तर्जुमामा महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत लगायत सबै कर्मचारी प्रति धन्यबाद प्रकट गर्दछु।

यस महत्वपूर्ण कार्यमा सहयोग प्रदान गरेर स्थानीय सरकारको विकास प्रयासमा योगदान पुऱ्याउनु भएकोमा .....लाई विशेष धन्यवाद दिन चाहन्छु।

अन्तमा यस गाउँपालिकाले तर्जुमा गरेको आवधिक विकास योजना कार्यान्वयनमा सबै क्षेत्र, समुदाय, निकाय तथा साझेदारहरूका सद्भाव, सहयोग र क्रियाशीलताको अपेक्षा गरेको छु।

.....

(दल बहादुर लामा)

अध्यक्ष

विषयसूची

परिच्छेद १ : प्रारम्भिक

१.१ पृष्ठभूमि

१.२ आवधिक योजना तजुर्माको उद्देश्य

१.३ आवधिक योजना तजुर्माको प्रक्रिया

१.४ योजना तर्जुमाका आधारहरू

१.५ संघीय र प्रादेशिक योजनासंगको तादात्म्यता

१.६ गाउँपालिकाको वस्तुस्थिती विवरण

१.७ हालसम्मको विकासको समीक्षा

१.८ अवसर र चुनौती

१.९ आवधिक योजना तजुर्माको सिमा

परिच्छेद २ : दीर्घकालिन सोच तथा लक्ष्य तथा समष्टिगत आर्थिक खाका

२.१ पृष्ठभूमि

२.२ दीर्घकालीन सोच

२.३ लक्ष्य

२.४ उद्देश्य

२.५ रणनीति

२.६ परिमाणात्मक लक्ष्य

२.७ सार्वजनिक खर्च र खर्च व्यहोर्ने स्रोतको व्यवस्था

२.८ स्रोत व्यवस्थापन

२.९ सरकारी, सहकारी र निजी क्षेत्रको भूमिका

२.१० स्रोत साधनको बाँडफाँड तथा परिचालनका आधारहरू

२.१० एकिकृत तर्कबद्ध खाका

परिच्छेद ३ : आर्थिक क्षेत्र

३.१ कृषि

३.२ पर्यटन तथा संस्कृति

३.३ उद्योग, व्यापार, व्यवसाय

३.४ सहकारी

परिच्छेद ४ : सामाजिक क्षेत्र

४.१ शिक्षा

४.२ स्वास्थ्य र पोषण

४.३ युवा तथा खेलकुद

४.४ लैससास

४.५ खानेपानी तथा सरसफाइ

परिच्छेद ५ : पूर्वाधार विकास

५.१ यातायात पूर्वाधार

५.२ भवन, आवास तथा वस्ती विकास

५.३ जलविद्युत ऊर्जा

५.४ सिँचाईतथा नदी नियन्त्रण

५.६ सूचना सञ्चार

परिच्छेद ६ : वन वातावरण तथा विपद् व्यवस्थापन

६.१ वन वातावरण र जैविक विविधता

६.२ विपद् व्यवस्थापन

परिच्छेद ७ : सुशासन तथा संस्थागत विकास

७.१ योजना तथा तथ्याङ्क

७.२ सुशासन तथा सेवाप्रवाह

७.३ योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

अनुसूचीहरू

अनुसूची १ : वार्षिक योजनाको बजेट तथा कार्यक्रम फारम

अनुसूची २ :

अनुसूची ३ :

अनुसूची ४ :

अनुसूची ५ :

अनुसूची ६ :

अनुसूची ७ :

अनुसूची ८ :

अनुसूची ९ :

परिच्छेद- १
प्रारम्भिक

१.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था अन्तर्गत स्थानीय शासन सम्बन्धी व्यक्त गरेको भावना, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले योजना तर्जुमा गर्ने सम्बन्धमा गरेको व्यवस्था, राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको पन्ध्रौं आवधिक योजनाको आधार पत्रको मूलभूत पक्ष र बाग्मति प्रदेशले तयार गरेको पहिलो आवधिक योजना (२०७६।७७ - २०८०।८१) तथा राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको आवधिक योजना तर्जुमा दिग्दर्शन (नमुना) २०७५, अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट रोशी गाउँपालिकाको पहिलो आवधिक गाउँ विकास योजना (२०७७/७८–२०८१/८२) तयार गरिएको छ। यो योजना तर्जुमा गर्ने क्रममा गाउँपालिकाको कार्यपालिकाले स्थानीय तथा केन्द्रीय तहका सम्बन्धित सबै सरोकारवाला पक्षबाट सुझाव प्राप्त गरी त्यस्ता सुझाव तथा सल्लाहलाई समेटेर यो प्रतिवेदनलाई अन्तिम रूप प्रदान गरिएको छ।

स्थानीय तहको पूनर्संरचना अगाडि विभिन्न ९ वटा साना साना गाउँ विकास समितिको रुपमा रहेको यस गाउँपालिकाको भूगोल लेक, बँसीको अलावा भिरालो पाखो जमीन बढी रहेको छ। गाउँपालिकाको कूल तुलनात्मक रुपले कृषि अर्थतन्त्रमा आधारित रहेको र विकट पहाडि भुभागले भरिएको पालिका भएकोले यहाँको आर्थिक तथा विकासको परिवेश जिल्लाका अन्य स्थानीय तहको तुलनामा कमजोर नै रहेको छ। गाउँपालिकाको कूल क्षेत्रफल १७६ वर्ग किलोमीटर अर्थात १७५६१ हेक्टरमध्ये ६४.८[1] प्रतिशत अर्थात ११३८७ हेक्टर वन तथा बुट्यान क्षेत्र र बाँकी जमीन ६१७४ हेक्टरमध्ये करिब १२.६ प्रतिशत अर्थात ७७७.९३ हेक्टर उपत्यका, टार र बँसी, २३.३ प्रतिशत अर्थात १४३८.५४ हेक्टर जमीन खेतीपाती राम्रोसँग हुनसक्ने कम भिरालो र बाँकी ६४.१ प्रतिशत अर्थात ३९५७.५३ हेक्टर जमीन भिरालो र केही पाखाबालीमात्र हुने किशिमको रहेको छ।

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार यस गाउँपालिकाको कार्यजिम्मेवारी देहाय बमोजिम रहेको छ

क. आर्थिक विकासः

कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र, सहकारी संस्था, स्थानीय बजार व्यवस्थापन (हाटबजार, स्थानीय स्तरका व्यापारिक फर्म), कृषि उत्पादन व्यवस्थापन, पशुपालन, पशु स्वास्थ्य, बेरोजगारको तथ्यांक संकलन (रोजगार सूचना केन्द्र, वैदेशिक रोजगार), कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण, घरेलु तथा साना उद्योग

[1] संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेवसाइट र जिल्ला वन कार्यालयमा रहेको वनको तथ्यांक तथा जिल्ला समन्वय समितिमा उपलब्ध काभ्रेपलाञ्चोक जिल्लाको प्रोफाइलको आधारमा जमीनको अनुपात हिसाव गरी निकालिएको।

ख. सामाजिक विकासः

शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, आधारभूत शिक्षा तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ (खाद्य गुणस्तर, प्रदूषण, स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापन), खानेपानी, भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन, खेलकुद, पत्रपत्रिका, स्वास्थ्य (स्वास्थ्य संस्था दर्ता अनुमति, औषधीजन्य वनस्पति, औषधि खरिद, आकस्मिक सेवा), समाजिक सुरक्षा तथा गरीबी निवारण (लक्ष्यित समूह)

ग. भौतिक पूर्वाधार

सडक तथा पुल, झोलुंगे पुल, सिंचाइ, भवन तथा शहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत्, वैकल्पिक ऊर्जा, सञ्चार, स्थानीयस्तरका विकास आयोजना तथा परियोजना (विकास योजना, शहरी विकास, भवन, भूमि व्यवस्थापन, वस्ती, सार्वजनिक भवनहरू, पर्यटन क्षेत्रको विकास, घ वर्गको ठेक्का इजाजत आदि), स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाई, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा, स्थानीयस्तरमा पुरातत्व, प्राचीन स्मारक र संग्रहालय, यातायात सेवा, सञ्चार सेवा, न्यूनतम दररेट निर्धारण, भवन निर्माण इजाजत तथा सडक व्यवस्था

घ. वन, वातावरण तथा विपद् व्यवस्थापनः

वन तथा भ–संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन, जैविक विविधता (वातावरण मैत्री, हरित क्षेत्र), खानी तथा खनिज पदार्थ संरक्षण, जलाधार संरक्षण, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग ।

ङ. संस्थागत विकास, सेवा प्रवाह तथा सुशासनः

मानव संशाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाह मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रणालीको प्रयोग, लेखांकन, राजस्व परिचालन, वित्तीय अनुशासन, लेखा परीक्षण, बेरूजु फछ्र्यौट, आन्तरिक नियन्त्रण, नगर प्रहरी, एफ.एम. सञ्चालन, स्थानीय कर, सेवा शुल्क, दस्तुर संकलन, स्थानीय सेवाको व्यवस्थापन (सङ्गठन, जनशक्ति, वृत्ति विकास, सूचना प्रविधि, सेवा व्यवस्थापन), स्थानीय तथ्यांक तथा अभिलेख संकलन (व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक), स्थानीय अभिलेख (तथ्यांक, सूचना केन्द्र, सार्वजनिक सम्पत्ति, अभिलेख), सेवाशुल्क तथा रोयल्टी संकलन बाँडफाँट, सुकुम्बासी व्यवस्थापन, सवारी साधन अनुमति, संघ संस्था दर्ता तथा नवीकरण,साझेदारी वा संयुक्त व्यवस्थापनमा कार्य, बजेट तर्जुमा प्रक्रिया, स्थानीय सञ्चित कोष व्यवस्थापन (अख्तियारी, लेखा, लेखा परीक्षण, आन्तरिक नियन्त्रण, सूचना प्रविधि), सार्वजनिक खरिद, स्थानीय सरकारको सम्पत्ति संरक्षण, वडा समितिहरूको कार्य

उपर्युक्त बिषयहरुमा नागरिकको माग अनुसार सेवा प्रवाह गर्ने जिम्मेवारीमा रहेको गाउँपालिकाको योजना निर्माण गर्दा हालको अवस्था र गाउँपालिकाको क्षमता के कस्तो रहेको छ भनी स्पष्ट तथ्यांक

आवश्यक पर्छ । तर गाउँपालिकास्तरमा विगतको तथ्यांक तथा सूचनाहरु नपाइएको र गाउँपालिका बनीसकेपछिको तथ्याङ्क तथा सूचनाहरु संकलन गर्न समय लागेकोले गत आर्थिक बर्षमा नै तयार गर्न खोजेको आवधिक योजना तयार गर्न भ्याइएन । यस बीचमा संघीय सरकारले पन्ध्रौ योजनाको आधार पत्र र दीगो विकासको लक्ष्यको विस्तृत सूचक तयार गरी सार्वजनिक गरेको र बाग्मति प्रदेशले प्रादेशिक वस्तुगत विवरण तथा प्रथम आवधिक योजनाको मस्यौदा तयार गरी सार्वजनिक गरेको र प्रदेश स्तरीय मानव विकास प्रतिवेदन समेत तयार गरेकोले यस गाउँपालिकालाई आवधिक योजना तयार गर्न सहज हुन गएको छ ।

यस योजनामा संघ तथा प्रदेशले सार्वजनिक गरेको आर्थिक वृद्धिको लक्ष्य र पूर्वानुमान गरेको अन्तरसरकारी वित्तीय हस्तान्तरणलाई नै आधारमा लिइ अगाडि गाउँपालिकाको आम्दानी कति हुनेछ भन्ने अनुमान गरिएको थियो । यस बिचमा यस गाउँपालिकाको आन्तरिक राजस्व परिचालनको अध्ययन पनि मन्त्रालयको सहयोगमा सम्पादन भएकोले त्यसै प्रतिवेदनमा गरिएको राजस्व प्रक्षेपणलाई आधारमा लिएर आन्तरिक आम्दानी अनुमान गरी सो कुल आम्दानीमा गत २ बर्षको गाउँपालिकाको आन्तरिक आम्दानीको कार्यसम्पादन तथा सो प्रतिवेदनमा प्रदेश सरकारले पाउने ४० प्रतिशत रकम हिसाव गरेको नदेखिएकोले सो समेत हिसाव गरी गाउँपालिकाको खुद आम्दानीमा सो रकम घटाइ बाँकी रकमलाई आन्तरिक आम्दानी हुने मानी यो योजना दस्तावेज तयार गरिएको छ ।

१.२ आवधिक योजना तर्जुमाका उद्देश्य

नेपालको संविधानको प्रस्तावना, नेपाली नागरिकका मौलिक हक र कर्तव्य, राज्यका निर्देशक सिद्धान्त र नीति तथा संविधानको धारा ५७ अन्तर्गतका अनुसूती ८ र ९ उल्लेखित स्थानीय तहको अधिकार क्षेत्र तथा धारा ५९ र ६० स्थानीय तहको आर्थिक अधिकारको प्रयोग र राजस्व बाँडफाँड सम्बन्धी व्यवस्था र धारा २१४ देखि २३० सम्म व्यवस्था भएका स्थानीय तहको व्यवस्थापिका, कार्यपालिका र आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्था, स्थानीय सरकार सञ्चालन, २०७४ को परिच्छेद ६ दफा २४ देखि २६ सम्मको योजना सम्वन्धी व्यवस्था तथा समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय लक्षलाई हासिल गर्न योगदान गर्दै रोशी गाउँपालिकाका नागरिकको विकासको चाहाना र समृद्धिको लागि यो आवधिक योजना तर्जुमा गरिएको हो । यस आवधिक योजनामा गाउँपालिकामा उपलब्ध सबै स्रोत, साधन र प्रयास एवं प्रादेशिक तथा संघीय सरकार बाट प्राप्त आर्थिक, वस्तुगत तथा प्राविधिक सहयोगलाई एकिकृत तथा व्यवस्थित रूपमा परिचालन गर्दै *"सक्षम नागरिक, स्वच्छ वातावरण, सम्मृद्ध रोशी, भ्रष्टाचारमुक्त समाज"* भन्ने गाउँपालिकाको सोचलाई व्यबहारमा उतार्न प्रयास गरिएको छ । यस गाउँपालिकाको आर्थिक तथा सामाजिक विकास संस्थागत रूपले तीव्र गतिमा अघि बढाउनु यस आवधिक योजनाको मुख्य उद्देश्य रहेको छ ।

१.३ आवधिक गाउँ विकास योजना तर्जुमा विधि तथा प्रक्रिया

यो आवधिक योजना तर्जुमा गर्दा निम्न प्रक्रिया अपनाइएको थियो :

(क) आवधिक योजना तर्जुमा गर्ने क्रममा परामर्शदाता संस्थाका विज्ञहरु र गाउँपालिकाका पदाधिकारीहरूको पूर्व तयारी बैठक मिति २०७५ वैशाखमा बसेको थियो ।

(ख) मिति २०७५ वैशाखमा नै आवधिक गाउँ विकास योजनाको (आगावियो) अवधारणात्मक अभिमुखीकरण र सर्वेक्षकहरूलाई सफ्टवेयरमा आधारित "एप्स" बाट तथ्यांक संकलन सम्बन्धी तालिम दिइनुका साथै समग्र आवधिक योजना तर्जुमा कार्यको कार्य तालिका तयार पारिएको थियो ।

(ग) सूचना संकलन गर्ने क्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको घर धुरी सर्वेक्षण कार्यविधि अवलम्बन गरिएको थियो । जसअनुसार Ko BO Collect नामक software बाट घरधुरी सर्वेक्षण गर्ने क्रममा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षज्यूहरु र सम्बद्ध सम्पर्क व्यक्ति तथा अन्य कर्मचारीहरुबाट सहयोग प्राप्त गरीएको थियो ।

(घ) **सोच कार्यशाला:** आवधिक गाउँ विकास योजना तर्जुमाको क्रममा मिति ०७५ साल जेष्ठ महिनामा दुई दिवसीय कार्यशालाको आयोजना गरिएको थियो । कार्यशालाका प्रमुख क्रियाकलापहरूबाट प्राप्त उपलब्धि यस प्रकार रहेका छन् :-

- आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन तथा वातावरण, संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन विषय क्षेत्र गरी पांच विषयक्षेत्रगत समितिको संलग्नतामा तत्तत् क्षेत्रगत मस्यौदा तयार गरिएको थियो ।
- विषयगत समूहमा छलफल र विश्लेषण गरी गाउँपालिकाको समस्यालाई केलाउने तथा सबल र कमजोर पक्ष एवं अवसर र चुनौतिहरूको पहिचान गरिएको थियो ।
- तत्पश्चात गाउँपालिकाको विकासको अवधारणा, दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति र गाउँ विकासका विषयगत कार्यक्रमको प्राथमिकता समेत निर्धारण गरिएको थियो ।
- विषयगत क्षेत्रका अपेक्षित परिणाम, उपलब्धि र तिनको मापनका सूचकाङ्कहरूको निर्धारण गरिएको थियो ।
- यसपछि समूहकार्यबाट प्रमुख कार्यक्रम र विषय क्षेत्रगत अनुमानित बजेट समेत प्रक्षेपण गरिएको थियो ।
- यसपछि आवधिक गाउँ विकास योजना तर्जुमा सम्बन्धी कार्ययोजना निर्माण गरिएको थियो भने २०७६ सालमा गाउँपालिकाको बैठकमा छलफल गरी सो कार्ययोजनालाई अध्यावधिक गरिएको थियो ।

(ङ) योजना तर्जुमाका तथ्याङ्कहरुको पुष्टिकरण गर्न गाउँपालिकाका पदाधिकारीहरुसँग विभिन्न मितिमा छलफल कार्यक्रम आयोजना गरिएको थियो ।

१.४ योजना तर्जुमाका आधारहरू

रोशी गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्दा नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति तथा अन्य विभिन्न आधारहरू अपनाइएका छन् । यस्ता आधारहरुलाई निम्न बमोजिम उल्लेख गरिएको छ:

- स्थानीय सरकार संचालन ऐन, २०७४,

- नेपाल सरकारको पन्ध्रौं आवधिक योजनाको आधार पत्र,
- दिगो विकासका लक्ष्यहरू तथा नेपाल सरकारले निर्धारण गरेका प्रमुख क्षेत्र र सूचकहरू,
- नेपाल सरकारका क्षेत्रगत नीतिहरू, विषयगत रणनीतिहरू,
- विपद व्यवस्थापन सम्बन्धी नेपाल सरकारका नीतिहरू,
- नेपाल सरकार संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय योजना आयोगका निर्देशनहरू,
- बाग्मति प्रदेशको वस्तुगत विवरण र प्रथम आवधिक योजनाको मस्यौदा,
- बाग्मति प्रदेश सरकारका वार्षिक नीति कार्यक्रम तथा क्षेत्रगत नीति तथा कार्यक्रमहरू,
- रोशी गाउँपालिकामा सहभागी प्रमुख दलहरूको घोषणापत्रहरु,
- स्थानीय राजनीतिक दलका प्रतिनिधिहरू, बुद्धिजिवी, निजि क्षेत्र, गैर सरकारी संस्थाहरु तथा नागरिक समाजबाट प्राप्त सुझावहरू,
- नेपाल सरकार पक्ष भएका विभिन्न अन्तरराष्ट्रिय सन्धी सम्झौताहरु
- महिला अधिकार महासन्धिको नेपाल सरकारलाई दिइएको निष्कर्ष र सुझाव २०७५ ।

१.५ संघीय र प्रादेशिक योजनासँगको तादात्म्यता

दीर्घकालीन सोच सहितको पन्ध्रौं राष्ट्रिय योजनाले 'समृद्ध नेपाल, सुखी नेपाली' को दीर्घकालीन सोच बमोजिम समृद्ध अर्थतन्त्र, सामाजिक न्याय तथा परिष्कृत जीवन सहितको समाजवादोन्मुख लोककल्याणकारी राज्यको रूपमा रूपान्तरण गर्दै उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने आधार निर्माण गर्ने राष्ट्रिय लक्ष्य लिएको छ। नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिबद्धता बमोजिम सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने आधार तयार गर्ने, सन् २०२१ मा अति कम विकसित मुलुकबाट स्तरोन्नति गर्दै सन् २०३० मा मध्यम आय भएको मुलुकमा पुग्ने दीर्घकालीन लक्ष तर्फ निर्दिष्ट रहेको छ।

बाग्मति प्रदेशले २०७५ सालमा प्रदेशको वस्तुगत विवरण र २०७६ सालमा प्रथम आवधिक योजनाको मस्यौदा तयार गरी सार्वजनिक गरेको छ। यस आवधिक योजनाले सुसंस्कृत र सुखी जनताः समाजवाद उन्मुख समृद्ध प्रदेशको दीर्घकालीन सोच सहित सामाजिक न्याय सहितको उच्च, दीगो र फराकिलो आर्थिक बृद्धिदर हासिल गर्दै जीवनस्तरमा सुधार ल्याउने लक्ष्य राखी मानव पूँजीको विकास सहित दीगो र सन्तुलित समावेशी विकास र सामाजिक न्याय प्राप्ती गर्ने उद्देश्य लिएको छ। यस दस्तावेजमा प्रदेशले राखेको आर्थिक बृद्धिको लक्ष्य, प्राथमिकता, रणनीति र कार्यनीतिलाई यस गाउँपालिकाको आवधिक योजना निर्माण गर्दा आधारमा लिइ सम्भव भएसम्म प्रदेशका सबै बिषय क्षेत्र र विकास लक्ष्यलाई समायोजन गर्ने प्रयास गरिएको छ।

पञ्चवर्षीय योजनाको राष्ट्रिय लक्ष्य, उद्देश्य र रणनीति एवं दिगो विकासका लक्ष्यहरू मध्ये स्थानीय तह सम्बद्ध लक्ष्य समेतलाई दृष्टिगत गरीनुका साथै समृद्ध नेपालका सूचकलाई स्थानीयकरणबाट राष्ट्रिय लक्ष्यमा परिपुरकता कायम हुने गरी आवधिक गाउँ विकास योजनाका लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति पहिचान गरिएको छ। यस्तै विकासका अन्तरसम्बन्धित विषय जस्तै वातावरण, लैङ्गिक समानता र सामाजिक समावेशीकरण, विपद् व्यवस्थापन, सुशासन र बालमैत्री शासन जस्ता विषयहरूलाई सम्बोधन गर्ने प्रयास गरिएको छ।

१.६ गाउँपालिकाको वस्तुस्थिति विवरण

(क) भौगोलिक अवस्था

काभ्रेपलाञ्चोक जिल्लामा गठन भएका १३ तहहरु मध्ये यो गाउँपालिका तत्कालिन खहरेपाँगु, शिखरआम्बोटे, महादेबटार, शिसाखानी, सिपालीचिलाउने, कटुञ्जेबँसी खार्पाचोक, मंगलटार, वाल्टिङ्ग, र भिमखोरी गाउँ विकास समितिका भूभाग मिलेर बनेको हो । यस गाउपालिकाको क्षेत्रफल १७६ वर्ग किलो मिटर रहेको छ र बाह्रवटा वडा रहेका छन् । यो गाउँपालिका काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भागमा पर्ने महाभारत श्रृंखलाको उत्तरी मोहडामा पर्ने अधिकाँश उच्चपहाडहरु, खोँच र बेँसीहरु रहेका छन् । यस गाउँपालिकाको पूर्वमा सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिका, पश्चिम, उत्तर तथा दक्षिणमा काभ्रेपलाञ्चोक जिल्लाकै क्रमशः नमोबुद्ध नगरपालिका, तिमाल गाउँपालिका, र महाभारत तथा बेथानचोक गाउँपालिकाहरु पर्दछन् ।

ऐतिहाँसिक र पर्यटकीय महत्व बोकेको यस गाउँपालिकामा विभिन्न ऐतिहासिक स्थलहरु, पर्यटकीय स्थलहरु लगायतका सुन्दर र मनोरम डाँडाकाँडाहरु रहेका छन् । बिशेष गरेर पहाडी हिन्दुजाति र बौद्ध धर्माबलम्बी तामाङहरुको बसोबास रहेको यस गाउँपालिकामा नागरिकहरुले प्राङ्गारिक कृषि, पशुपालन, आन्तरिक पर्यटन, व्यापार व्यवसायलाई मुख्य पेशा अंगाल्दै आएका छन् । अधिकांश क्षेत्र कृषि उत्पादन, वन जंगल र जडिबुट्टी उत्पादनको प्रचुर सम्भावना बोकेको यस गाउँपालिकामा रहेको रोशी खोलाको नामबाट साविकका गाउँपालिकाहरुको पुनर्संरचना पछि यसको नाम रोशी गाउँपालिका रहेको हो ।

यस गाउँपालिकामा विशेष गरी हिन्दु र वौद्ध धर्मावालम्वीहरुको बसोबास रहेको छ । तामाङ्ग जातिको वाहुल्यता रहेको यस गाउँपालिकामा ब्राम्हण, क्षेत्री, मगर, नेवार, ठकुरी, कामी, दमाई, सार्कीको समेत बसोबास रहेको छ भने लोपोन्मुख आदिवासी जनजाति हायु र पहरी जातीको पनि बसोबास रहेको छ । यहाँका नागरिकहरुले कृषि, पशुपालन र व्यापारलाई मुख्य पेशाको रुपमा ऐतिहासिक कालवाटै अँगाल्दै आएका छन् । धुलिखेल, वनेपा र काठमाडौं उपत्यकावाट नजिक रहेकोले यस गाउपालिकाको आर्थिक सामाजिक विकासमा प्रत्यक्ष सकारात्मक प्रभाव परेको छ । यस गाउँपालिकाको आधा भन्दा बढी वडाहरुलाई वि.पि. राजमार्गले यातायातमा सहजता ल्याएको छ भने स्थानीय उत्पादनको बजारीकरणको लागि पनि मद्दत पुगेको छ । यहाँ उत्पादन हुने कृषिजन्य तथा पशुजन्य उपजहरु तिनै बजार क्षेत्रमा वढी खपत र विक्री हुने गरेको छ । भौगोलिक रुपमा मध्यमस्तरीय पहाडी धरातल रहेको यस क्षेत्रमा मानव वसोबास र पर्यटन व्यवसायको लागि अति उपयुक्त स्थानहरु रहेका छन् । यहाँ भएका सम्भावनाहरुलाई अवसरको रुपमा परिणत गर्न र यहाँ रहेका समस्याहरुको न्यूनीकरण गर्ने क्रममा योजनावद्ध तौर तरिकाबाट गाउँपालिका अगाडि बढ्नु पर्ने आवश्यकता रहेको विधितै छ ।

यो गाउपालिका यस क्षेत्रको समग्र विकासका पहलहरु क्रमशः गर्दै लैजान हरेक वर्ष वार्षिक रुपमा योजना तथा कार्यक्रमहरु ठोस रुपमा तयार गरी अगाडि बढिरहेको छ ।

समुद्री सतहबाट करिब ३५० मिटर माम्तीबेँसी देखि करिब ३३०० मीटर उचाइको भूमीचुली सम्म उचाई रहेको यस गाउँपालिकामा ४५ प्रतिशत वन जंगल १५ प्रतिशत घांसे बुट्यान गरी ६० प्रतिशत हरियाली क्षेत्र रहेको छ । यहाँ ३००० मिटर भन्दा माथि उचाई भएको उच्च पहाडी भाग २ प्रतिशत रहेको छ । यहाँको करिब ६८ प्रतिशत भूभाग वन जगल र बुट्यानले ओगटेको र महाभारत लेकको काखमा अवस्थित रहेको कारण यो गाउँपालिकामा मनोरम दृश्यावलोकनका स्थानहरू प्रसस्त पाइन्छन् ।

यस गाउँपालिका क्षेत्रभित्र शिखरआम्बोटे मजुवा क्षेत्रमा शिसा, तामा र जस्ता खानी, खहरेपाँगुमा

चुनढुंगा, भिमखोरीको घ्याङलेकमा नुन खानीको सम्भाव्यता रहेको अनुमान छ भने रोशी खोलाको क्षेत्र बालुवा तथा ढुंगाखानीहरु रहेका छन् ।

(ख) जनसंख्या

२०६८ सालको जनगणनामा यो गाउँपालिकामा कूल २८४४६ जनसंख्या मध्ये महिला १५५१५ र पुरुष १३५३१ र परिवार संख्या ५८९६ तथा जनघनत्व १६३ प्रति वर्ग किलोमीटर तथा परिवारको आकार ४.८८ रहेकोमा गाउँपालिकाको वस्तुस्थिति विवरण निर्माणको लागि संकलित सूचना तथा तथ्यांकबाट यस गाउँपालिकाको कुल जनसंख्या ३९०६८ र ६२६२ घरधुरी रहेको छ । प्रति वर्ग कि.मी. २२१ जनघनत्व रहेको छ । जस अनुसार औषत प्रति परिवार जनसंख्या ६.२४ रहेको पाइन्छ । यस अनुरूप यहाँको जनसंख्या वृद्धिदर ५ प्रतिशत रहेको देखिन्छ । यहाँ आर्थिक रूपले सक्रिय जनसंख्या ६४.५४ प्रतिशत रहेको छ । जसमा पनि युवा १६ देखि ४० वर्ष उमेर समूहको वाहुल्यता (४७%) रहेको छ । मध्यिका (median) आयु २४ वर्ष भएको कारण गाउँपालिकाले जानसाख्यिक लाभ लिने सुवर्ण अवसर रहेको छ । ६० बर्ष भन्दा माथिको जनसंख्या करिब ९ प्रतिशत मात्र रहेको छ ।

यस गाउपालिका महाभारत श्रृंखलाको उत्तरी मोहडा जुन रोशी खोला भन्दा उत्तर र तिमाल डाँडाको दक्षिण भागमा रहेको क्षेत्रमा मानव वसोबास र पर्यटन व्यवसायको लागि अति उपयूक्त रहेको देखिन्छ ।

(ग) अनुपस्थित जनसंख्या

यस गाउँपालिकाको अनुपस्थित जनसंख्याको दर तुलनात्मक रूपमा उच्च रहेको छ । करिब ३५ प्रतिशत जनसंख्या गाउँपालिका भन्दा अन्यत्र स्थानमा बसेको देखिन्छ । कुल जनसंख्या मध्ये देशबाहिर बसोबास गर्ने को संख्या १७९२ (४.५%) छ भने देशभित्रकै अन्यत्र स्थानमा बसोबास गर्नेहरू कुल ११८९४ (३०%) रहेका छन् ।

(घ) जातजाति र भाषाभाषी

यस गाउँपालिकामा विभिन्न जातजातिको वसोवास रहेको छ । तामाङ्ग जातिको वाहुल्यता रहेको छ भने व्राम्हण, क्षेत्री, मगर, नेवार, ठकुरी, कामी, दमाई, सार्कीको समेत बसोबास रहेको छ । मुलुकमा नै सिमान्तकृत तथा लोपोन्मुख आदिवासी जनजातिको सूचीमा परेको हायू र पहरी जातिको पनि यस गाउँपालिकामा बसोबास रहेको छ । मातृभाषाको आधारमा करिब ३५.५प्रतिशतले नेपाली भाषा प्रयोग गर्ने देखिन्छ भने ५९.६ प्रतिशतले तामाङ, २१ प्रतिशतले नेवारी, २.९ प्रतिशतले मगर भाषा प्रयोग गरेको देखिन्छ । अन्य भाषामा हायु र पहरीको समेत आफ्नै भाषा रहेको छ । धर्मको आधारमा हिन्दु (३७.५.%), बौद्ध (६१.१%), क्रिश्चियन (१.४%) र अन्य धर्म नगन्य मात्रामा रहेको देखिन्छ ।

(ङ) गार्हस्थ उत्पादन र आर्थिक क्रियाकलाप

यस गाउँपालिकामा रहेका १० बर्ष माथिका जनताहरुमध्ये २४.७ प्रतिशत जनता कृषि पेशा र आफ्नै खेतीपातीमा संलग्न रहेका छन् भने २७.५ प्रतिशत अरुकोमा तलब तथा ज्यालामा काम गर्दछन् । घरधन्दामा संलग्न ३५.८ प्रतिशत छन् भने बेरोजगार ८.२ प्रतिशत रहेका छन् । विद्यार्थीको संख्या २४.२ प्रतिशत रहेको छ भने बाँकी आफ्नै गैर कृषि व्यवसायमा संलग्न, कामको खोजी गर्ने र विस्तारित काममा संलग्न रहेका छन्

।

गाउँपालिकाले गरेको घरपरिवार सर्वेक्षणमा प्राप्त विवरण अनुसार यहाँको कूल गार्हस्थ्य उत्पादन करिब २९५.७३ करोड रहेको अनुमान गरिएको छ। यसमा प्राथमिक क्षेत्र (कृषि, वन, खानी तथा खनिज आदि) को योगदान करिब ५० प्रतिशत रहेको छ भने पुनर्निर्माण, भौतिक पूर्वाधारका अन्य क्रियाकलापको कारणले द्वितिय क्षेत्र (उद्योग, विद्युत, पानी, ग्यांस, निर्माण आदि) को.योगदान करिब २० प्रतिशत रहेको अनुमान छ। तृतीय क्षेत्र (सेवा) को योगदान करिब ३० प्रतिशत रहेको अनुमान गरिएको छ, जसमा व्यापार तथा सम्पत्ति भाडा र वित्तीय सेवाको प्रमुख हिस्सा रहेको छ। यस अनुरूप प्रतिव्यक्ति कुल गार्हस्थ्य आय रु. ७५६९६ अनुमान गरिएको छ।

केन्द्रीय तथ्याङ्क विभागको आँकडा अनुसार काभ्रेपलाञ्चोक जिल्लामा जम्मा १४२८२ वटा व्यवसायिक प्रतिष्ठान दर्ता भई ३२६५० जना पुरुष र २१९२५ महिला सहित कूल ५४५७५ जना रोजगार रहेकोमा यस गाउँपालिकामा जम्मा ७४४ वटा व्यवसायिक प्रतिष्ठान र १२७८ पुरुष र ९८७ महिला गरी जम्मा २२६५ जना रोजगार रहेका छन्। यी प्रतिष्ठानहरू मध्ये ६२२ वटा प्रतिष्ठानमा १ देखि ४ जना, ८१ वटामा ५ देखि ९ जना र ४१ वटामा १० देखि ४९ जना रोजगार रहेको देखिन्छ। यस्तै यी प्रतिष्ठानहरुमध्ये प्रथम क्षेत्रका ४४ वटा, द्वितीय क्षेत्रमा १०७ वटा र तृतीय क्षेत्रमा २७५ वटा रहेको देखिन्छ। यसरी हेर्दा अधिकाश प्रतिष्ठानहरु तृतीय क्षेत्रमा रहेको देखिन्छ। उत्पादनशील उद्योगहरू करिब ८३ वटा रहेका छन् जसमा खाद्यान्नसँग सम्वन्धित उद्योगहरूको हिस्सा अधिक रहेको छ। वित्तीय क्षेत्रमा १ वटा बैंक मात्र सञ्चालनमा रहेको देखिन्छ भने ४० वटा सहकारी संस्था दर्ता भएकामध्ये करिब २१ वटा मात्र सन्चालनमा रहेको विवरण गाउँपालिकामा पेश भएका छन्। यसमा पनि अधिकांश ऋण तथा वचत सहकारी रहेका छन्। यस पालिकामा वित्तीय पहुँचको अवस्था भने सन्तोषजनक छ। पुनर्निर्माणको रकम, विप्रेषण लगायत सरकारी भत्ताहरू बैंक मार्फत हस्तान्तरण हुने कारण करिब ६० प्रतिशत घरमुलिको बैंक तथा वित्तीय संस्थामा खाता रहेको देखिन्छ।

(च) पेशा व्यवसाय

यस गाउँपालिकाको कूल भूभाग १७५६१ हेक्टरको करिब २२ प्रतिशत अर्थात ३८६३ हेक्टर जमीन खेती योग्य रहेको छ। यसमध्ये करिब ९० प्रतिशत जग्गामा खेती गरिएको देखिन्छ। यस गाउँपालिकाका ८३.७ प्रतिशत अर्थात ५२४० घरपरिवारको आफ्नो नाममा जग्गा रहेको छ भने १०२२ परिवार अर्थात १६.३ प्रतिशतको आफ्नो नाममा जग्गा रहेको छैन। कृषि यहाँको मुख्य पेशा र जनजीविकाको आधार रहेको छ। हाल रोजगारमा रहेका मध्ये (१५ देखि ५९ वर्ष उमेर समूह) ६०.५ प्रतिशत कृषि पेशामा आवद्ध छन्। यस गाउँपालिकाका प्रमुख कृषि खाध्यान्न बालीमा मकै, धान, गहुँ, कोदो, फापर, जौ आदि रहेका छन् भने नगदे बाली तर्फ आलु, अदुवा, बेसार, खोर्सानी, तोरी, दलहन तथा गेडागुडी आदि रहेका छन्। फलफुल तर्फ आँप, अम्मा, कटहर, किवी, जुनार, सुन्तला, केरा आदि प्रसिद्ध रहेका छन्।

यहाँ मकै, कोदो, धान, आलु, गहुँ आदि प्रमुख बालीहरू उत्पादन हुने गरेका छन्। नगदे बाली अन्तर्गत न्युन रूपमा तरकारी तेलहन तथा उखु, कफी र च्याउको उत्पादन भएको देखिन्छ। यहाँ खाध्यान्न, दलहन, तेलहन, तरकारी, नगदेबाली, फलफुल लगायतगरी कूल ३९२७.८ मेट्रीक टन बार्षिक कृषि उत्पादन हुने गरेको देखिन्छ।

पशुपालन तर्फ गाई, भैसी, बाख्रा, प्राय सबै परिवारले पालन गर्ने गरेका छन् भने केही परिवारले सुंगुर,

बंगुर समेत पाल्ने गरेका छन् । केही परिवार व्यवसायिक पशुपालनमा पनि संलग्न रहेका छन् । पन्छीहरुमा कुखुरा पालनमा क्रमशः व्यवसायिकता आउन थालेको देखिन्छ भने केही स्थानमा माछा तथा मौरी पालन पनि गरिएको छ ।

ताजा तरकारी तथा फलफूलको समेत उत्पादन हुने गरेको छ । तथापी यस्तो उत्पादन आफ्नो उपभोग भन्दा धेरै भई निर्यात भने हुन सकेको देखिदैन । अझ बजार क्षेत्रमा अन्यत्रबाट आयात समेत हुने गरेको देखिन्छ । बहुसंख्यक परिवार कृषि तथा पशुपालनमा आवद्ध भए पनि जम्मा ३० प्रतिशत घरधुरीले मात्र कृषि उपज बिक्री गर्ने गरेको देखिन्छ । कृषि, माहुरी पालनमा केही व्यवसायिकता देखिए पनि व्यवसायिक कृषिको आकार र आम्दानी भने न्यून रहेको छ । कृषि तथा अन्य कार्यको लागि ऋण लिने परिवार संख्या ३२७२ अर्थात ५२.३ प्रतिशत रहेको छ भने २९९० अर्थात ४७.७ प्रतिशतले मात्र आफ्नो आम्दानीबाट सबै व्यवहार सञ्चालन गर्न सकेको देखिन्छ ।

यस गाउँपालिकामा कृषि तथा पशुपालनमा संलग्न परिवारले औसत रु.६६६५१।-, व्यापार तथा उद्योगमा संलग्न परिवारले औसत रु.५७३९८।-, नोकरी तथा पेन्सनमा संलग्न परिवारले औसत रु.३४८०३।-, वैदेशिक रोजगारीमा संलग्न परिवारले औसत रु.१९१९२६।- र ज्याला मजदुरीमा संलग्न परिवारले औसत रु.५६८२६।- प्राप्त गर्दै आएको घरधुरी सर्भेबाट देखिएको छ ।

यसै गरी पुनर्निर्माण र भौतिक पूर्वाधारको निर्माणले गति लिएसँगै मजदुरी पेशामा आवद्ध हुनेको संख्या समेत वृद्धि भएको देखिन्छ । भूकम्पको दौरान भत्किएका घरहरू मध्ये करिब ५९ प्रतिशत पुनर्निर्माण भएका छन् । भौतिक पूर्वाधार अन्तर्गत बाटो, खानेपानी निर्माण आदि क्रियाकलापहरू रहेका छन् । हालै संकलित आँकडा अनुसार करिब २७.५ प्रतिशत मजदुरी तथा नोकरी पेशामा आवद्ध छन् । यहाँका आर्थिक प्रतिष्ठानहरूमा ४५० जनाले रोजगार प्राप्त गरेको देखिन्छ । करिब ४.१ प्रतिशत आफ्नै व्यवसाय तथा व्यापार क्षेत्रमा रहेका छन् । १७९२ जना वैदेशिक रोजगारमा संलग्न रहेका छन् । करिब १०.३ प्रतिशत भने बेरोजगार देखिएका छन् ।

व्यापार व्यवसाय र उद्योगधन्दा गर्ने परिवारको संख्या अत्यन्तै न्यून छ । यस गाउँपालिकामा सबभन्दा बढी किराना पसल १६५ वटा रहेका छन् भने ९४ वटा होटेल नास्ता गर्ने चिया पसल रहेका छन् । अन्य व्यवसायमा तरकारी, कपडा, हार्डवेयर, औषधी पसल, कस्मेटिक, सूचीकार, र बिजुलीको पसल समेत क्रमशः खुल्दै गएका छन् । ६ वटा क्रशर उद्योग बाहेक अन्य उद्योगधन्दा औपचारिक रुपमा देखिएको छैन् । उच्च पहाडि भेगमा वेतबाँसका नाङ्लो, डोको तथा अन्य सामाग्री बनाउने परम्परागत घरायसी काम भने हुने गरेको पाइन्छ ।

(छ) गरिबीको अवस्था

कृषि यहाँको मुख्य पेशा भए पनि करिब ६८ प्रतिशत घरपरिवारको मात्र कृषि उत्पादनले वर्षदिनभरी खान पुग्ने देखिन्छ । करिब ३२ प्रतिशत घरपरिवारलाई आफ्नो उत्पादनले वर्षभरी खान नपुग्ने देखिन्छ । यसैले यी घरपरिवारले अन्य काम, ज्याला मजदुरी गरेर जीविकोपार्जन गर्ने गरेका छन् । यहाँको परिवारको औषत वार्षिक आय (आफैले उत्पादनगरी उपभोग गरेको बाहेक तथा वैदेशिक रोजगारबाट प्राप्त आय समेत) रु ५६८२७।- देखिन्छ । यस अनुरूप वार्षिक पारिवारिक आम्दानी तथा आफ्नै कृषि उत्पादनबाट वर्ष भर खान पुग्ने आधारमा यहाँ करिब ३२ प्रतिशत घरपरिवार गरिब रहेको देखिन्छ ।

गरिव परिवारको वडागत वितरण हेर्दा प्रति वडा औसतमा १४० गरिब घर परिवार रहेका छन् भने सबभन्दा बढी गरिब घरपरिवार रहेका वडा नं ११ मा १८७ परिवार र सबभन्दा कम रहेको वडा नं ८ मा ५७ घरपरिवार रहेका छन् ।

(ज) आधारभूत सेवा सुविधा

यस गाउँपालिका आधारभूत आवश्यकतामा पहुँचको अवस्था भने राम्रो छ। करिब ९१.६ प्रतिशत घरधुरीमा पाइप मार्फत खानेपानी उपलव्ध रहेको छ। यसमा करिब ५७३६ घरपरिवारले पाइप जडान गरिएको धाराको पानी उपयोग गर्दछन् भने ७ घरधुरीले ट्युबेल वा हातेपम्पबाट र १९ घरधुरीले इनार वा कुवाबाट र २३८ घरधुरीले सिधै नदि वा खोलाबाट खानेपानीको आपूर्ति गर्छन् । पहुँचको दृष्टिकोणबाट खानेपानीको अवस्था अनुकूल रहे पनि करिब ८ प्रतिशत घरधुरीमा स्वच्छ खानेपानीको उपलव्धता रहेको छ। खानेपानीको वितरणमा नियमितता, नियमित मर्मत सम्भार जस्ता सवालमा भने यस गाउँपालिकाले निकै काम गर्न बाँकी रहेको छ।

करिब ८४.८ प्रतिशत घरमा ट्वाइलेट उपलव्ध छ जसमा सार्वजनिक ढलमा जोडिएको १ प्रतिशत, सेफ्टी ट्याङ्की सहितको व्यवस्था गरेका ७६.७% घरधुरीरहेका छन् भने २.६ प्रतिशतले वायोग्यासमा जोडेका छन् । ४.६ प्रतिशत घरधुरीमा साधारण खाल्डे चर्पी रहेको छ भने चर्पी नभएका घरधुरीको संख्या १५.२ प्रतिशत रहेको छ।

यसैगरी इन्धनको प्रयोगको हिसाबले २ प्रतिशतले मट्टितेल, ८.४ प्रतिशतले एल.पी.ग्यास, १ प्रतिशतले परम्परागत गुँइठा, २ प्रतिशतले गोवर ग्याँस प्रयोग गर्दछन् । खाना बनाउने काममा बिजुली प्रयोग गर्ने घर परिवारको संख्या देखिएको छैन । यसैगरी वत्ती बाल्ने प्रयोजनको लागि ८३.३ प्रतिशत बिजुली बत्तीको प्रयोग गर्छन भने १४.९ प्रतिशतले सोलारको प्रयोग गर्ने गरेको र १.७ प्रतिशतले मट्टीतेल गोवरग्यास र अन्य प्रकृतिको उर्जा प्रयोग गर्ने गरेको पाइएको छ।

(झ) शैक्षिक अवस्था

यस गाउँपालिकामा ५ बर्ष माथिको कूल जनसंख्या ३५४४४ मध्ये साक्षरताको दर ७८ प्रतिशत र निरक्षरता २२ प्रतिशत रहेको छ। साक्षर जनसंख्या मध्ये पुरुष साक्षरता दर ८४.६ प्रतिशत र महिला साक्षरता दर ७०.२ प्रतिशत रहेको छ। साक्षर जनसंख्या मध्ये पुरुष ५६ प्रतिशत र महिला ४४ प्रतिशत रहेका छन् । यस गाउँपालिकामा निरक्षर जनसंख्याको हिस्सा ७९५६ जना अर्थात २२ प्रतिशत रहेकोले यस तर्फ गाउँपालिकाले विशेष पहल गर्नुपर्ने देखिन्छ।

यस गाउँपालिकामा सामुदायिक विद्यालय तर्फ प्राथमिक तहमा ४९ वटा, आधारभूत तहमा ६ वटा, माध्यमिक तहमा १२ वटा र उच्च माध्यमिक तहमा ४ वटा गरी जम्मा ७१ वटा र संस्थागत तर्फ आधारभूत तहमा १ वटा र माध्यमिक तहमा २ वटा गरी ३ वटा विद्यालयहरू रहेका छन्। यसमध्ये सामुदायिक तर्फ ६९ वटामा र संस्थागत तर्फ २ वटा गरी जम्मा ७१ वटामा पूर्व प्राथमिक तह सञ्चालन भएको छ। वडा नं ८ बाहेक सबै वडामा माध्यमिक विद्यालय सञ्चालन भएका छन् भने वडा नं ४ महादेवटार, वडा ६ सिपालीमा २/२ र वडा नं ११ भिमखोरीमा ३ वटा माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन् । यी विद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थीको कुल संख्या ७०१५ मध्ये छात्र संख्या ३१४९ र छात्रा संख्या ३८६६ जना रहेको छ।

सबैभन्दा बढी विद्यार्थीहरू आधारभूत तहमा (४७६८जना) अध्ययनरत छन् । माध्यमिक तहमा अध्ययन गर्नेको संख्या १५९८ जना छन् भने पूर्व प्राथमिक तहमा ६४९ जना रहेका छन्। यी विद्यालयहरूमा ४९०

जना शिक्षकहरू कार्यरत रहेको देखिन्छ। यसमध्ये ८१ जना निजीस्रोतबाट राखेको देखिन्छ । यस गाँउपालिकामा शिक्षक विद्यार्थी अनुपात १:१४.३२ रहेको छ। गाउँपालिकामा रहेका ७१ विद्यालय मध्ये ७ वटा विद्यालयमा मात्रै महिला प्रधानाध्यापक रहेको देखिन्छ। यस गाउँपालिकामा रहेका विद्यालय जाने उमेरका अर्थात ५ देखि १८ बर्ष उमेरका वालवालिका जम्मा १०२९६ मध्ये ९०४० (८७.८ प्रतिशत) विद्यालय भर्ना भएका छन् भने १२५६ (१२.२ प्रतिशत) विद्यालय भर्ना नभएका वा विद्यालय छोडेका बालबालिकाहरु रहेका छन् । यहाँको औसत विद्यालय भर्नादर राष्ट्रिय दरभन्दा कम रहेको देखिन्छ ।

विद्यालय जाने उमेरका बालबालिका विद्यालय भर्ना नहुने प्रमुख कारणमा यहाँका मानिसहरु कामको खोजीमा काठमाण्डौ उपत्यकामा जाने र खासगरी इटाभट्टामा काम गर्ने र अन्यत्र बाबु आमा दुबैजना काम गर्न जाँदा साना नानीहरु यस्ता विद्यालय जाने उमेरका बालबालिकाका जिम्मा लगाउँदा विद्यालय भर्ना हुन नसकेको तथा विद्यालयमा नियमित उपस्थित भई पठन पाठनमा संलग्न हुन नसकेको पाइएको देखिन्छ ।

(ञ) स्वास्थ्य सेवा

घरपरिवार सर्भेमा संकलन गरिएको तथ्यांक अनुसार स्वास्थ्य संस्थाको उपलब्धता अनुसार यहाँ १२ वटा स्वास्थ्य संस्था रहेको देखिन्छ। यसमा १० वटा स्वास्थ्य चौकी रहेका छन् भने २ वटा सामुदायिक स्वास्थ्य इकाई रहेको देखिन्छ। निजी क्लिनिक ३ वटा रहेका छन् । यी स्वास्थ संस्थाहरूमा २१ जना अहेव, २० जना अ.न.मी, ल्याव असिस्टेन्ट १ जना, सि.अ.हे.व २ जना तथा १ हेल्थ असिस्टेन्ट उपलब्ध छन् भने एमविविएस गरेका डाक्टर र विशेषज्ञ डाक्टर भने कार्यरत रहेका छैनन् । अन्य स्वास्थ्यकर्मीहरू ४५ जना कार्यरत रहेका छन्। कुल १२ वटा स्वास्थ्य संस्थाहरूमध्ये प्रसूति सेवा ३ वटामा, ल्याव सेवा १ वटामा, परामर्श सेवा १२ वटामा, खोप सेवा ३६ वटामा र गाउँघर क्लिनिक पनि ३६ वटामा रहेकाछन्। झण्डै ५.६ प्रतिशत अर्थात करिब २२०० जनामा स्वास्थ्य समस्या रहेको विवरण प्राप्त छ भने यस्ता समस्यामा करिब ४२ प्रतिशतले जिउ दुख्ने समस्या टिपाएका छन् भने त्यसपछि करिब ३८ प्रतिशतमा अन्य विविध समस्याहरु रहेका छन् । करिब २५ प्रतिशत जनसंख्यामा स्वासप्रस्वास सम्बन्धी समस्या रहेको छ र करिब २३ प्रतिशतले टाउको दुख्ने समस्या समेत रहेको बताएका छन् ।

स्वास्थ्य सम्वन्धी समस्या हुँदा करिब ४० प्रतिशत जनता स्वास्थ्य चौकीमा जाने गर्छन भने करिब ३१ प्रतिशत निजी औषधी पसल र करिब ११ प्रतिशत अस्पताल जाने गर्छन् । बाँकी जनताले भने परंपरागत धामी झाँक्रीबाट उपचार तथा लामा, बाहुन आदिबाट फुकफाक गराएमा रोग निको हुन्छ भन्नेमा विश्वास गर्ने गरेको समेत पाइएको छ ।

(ट) स्थानीय पूर्वाधार

राजधानीबाट सिन्धुली हुँदै जनकपुर जाने, कोशी किनारा हुँदै जाने मध्यपहाडी राजमार्ग जोड्ने धुलिखेल-सिन्धुली- बर्दिबास सडकमा पर्ने खण्ड पक्की सडक बाहेक अन्य वडाहरुमा जाने सडक ग्राभेल गरिएको छ भने अन्य सडकहरु कच्ची नै रहेका छन् । यस गाउँपालिकामा सहायक राजमार्ग करीब १०३ कि.मी., ग्राभेल सडक करीब ७२ कि.मी. र कच्ची सडक मौसमी सडक करीब ८० कि.मी. जति रहेको छ। कच्ची शाखा मार्गहरुमा ३० देखि ३५ सवारी साधन दैनिक सञ्चालन हुन्छन् ।

वीपी राजमार्गबाट दक्षिण जाने निकैवटा सहायक सडक बन्न सफल भएका छन् । गाउँपालिकाको

यातायात गुरुयोजना बनाउने सोच भए पनि तयार हुन सकेको छैन .। गाउँपालिकाले रणनीतिक सडक योजना निर्माण गर्न शुरु गरेको छ। यस गाउँपालिकामा संघीय सडक विपि राजमार्ग हो भने रोशी गाउँपालिका हुँदै महाभारत गाउँपालिका र सिन्धुली जोड्ने सडकहरु निर्माणको लागि संघीय तथा प्रदेश सरकारले बजेट विनियोजन गर्न थालेको देखिन्छ । प्रदेश स्तरीय सडकमा प्रदेश सरकारले माम्ती - कालीखोला, केराबारी - लाखाङ र चारसय, खार्पाचोक - चौकीडाँडा सडक गरि २ वटा सडक निर्माणको लागि बजेट विनियोजन गरेको देखिन्छ ।

यसैगरी गाउँपालिकास्तरका सडकमा वडा नं १ मा १ वटा, वडा नं २ मा १ वटा, वडा नं ३ मा १ वटा, वडा नं ४ मा १ वटा, वडा नं ५ मा १ वटा, वडा नं ६ मा २ वटा, वडा नं ७ मा २ वटा, वडा नं ८ मा २ वटा, वडा नं ९ मा ३ वटा, वडा नं १० मा २ वटा, वडा नं ११ मा २ वटा र वडा नं १२ मा ३ वटा. गरी जम्मा २१ वटा सडक रहेका छन् । यी सडक मध्ये सबै सडकको स्तर वर्षामा बाहेक मोटर चल्ने खालका मौसमी छन् । उपलव्ध सडकमध्ये वीपी राजमार्ग मात्र कालोपत्रे भएको र अन्य सडक माटे, कच्ची र मौसमी देखिन्छन् । यी सडकहरूको स्तरोन्नति गर्दै वाऱ्हे महिना चलाउन मिल्ने बनाउन यातायात गुरु योजना बनाएर क्रमशः थप स्तरोन्नतिको लागि निर्माण कार्य गर्नुपर्ने देखिन्छ । घरधुरीको बाटोमा पहुँचको हिसाबले सबै घरधुरी आधा घण्टाको बिचमा मोटरेबल बाटोमा पुग्नसक्ने गरी मोटरबाटोको पहुँच रहेको देखिन्छ । निर्माण बाँकी रहेका र प्रस्तावित सडकहरु मध्ये अधिकाँशको पूर्व सम्भाव्यता अध्ययन बाँकी रहेको, निर्माण कार्य व्यवस्थित नभएको, भइरहेको निर्माण कार्यको गुणस्तर कायम गर्नको लागि दक्ष जनशक्तिको अभाव भएको, पर्याप्त प्राविधिक दक्षताको कमी रहेको र नियमित मर्मत सम्भारको कमी भएको जस्ता समस्याहरू रहेका छन् ।

गाउँपालिका क्षेत्रमा केन्द्रीय विद्युत प्रणाली र ग्रामीण विद्युतीकरण सहकारी संस्था मार्फत लघु जलविद्युतबाट सबै वडाहरुमा विद्युत सेवा पुगेको छ । करिब ७० प्रतिशत भन्दा बढी घरपरिवारले बिजुली बत्तीको प्रयोग गर्छन् । यस गाउँपालिका १.५ कि.वा. देखि १९ कि.वा.क्षमता सम्मका १५ वटा लघु जलविद्युत आयोजना र २ वटा पेल्ट्रिकसेट परियोजना सञ्चालित छन् । त्यस्तै गाउँपालिकाका १२ वटा वडा मध्ये १० वटा वडामा केन्द्रिय विद्युत प्रशारण लाईन पुगेको छ ।

गाउँपालिकाको कार्यालय भवन १ वटा, वडा कार्यालय भवन १० वटा, अतिरिक्त हुलाक कार्यालय वटा १०, पशु सेवा केन्द्र २ वटा, कृषि सेवा केन्द्र २ वटा, स्वास्थ्यचौकी १० वटा, सामुदायिक विद्यालयहरु ८८ वटा, ईलाका प्रहरी कार्यालय १ वटा छन् र अन्य सामुदायिक भवनहरु ९ वटा रहेका छन् । यस गाउँपालिकाको ९ वटा वडामा वडाका प्रशासकीय भवन रहेको छन् । बाँकी वडामा कार्यालय भवनहरु हाललाई भाडामा र अस्थाई रुपमा सञ्चालनमा रहेका छन् । यस अतिरिक्त यस गाउँपालिकामा १२ वटा सामुदायिक भवन, ८ वटा सहकारीको भवन रहेका छन् ।

यस क्षेत्र भूकम्पबाट प्रभावित रहेको हुँदा २०७२ सालको भूकम्प पछिको सर्भेमा ६५४९ वटा भवन क्षतिग्रस्त रहेकोमा हालसम्म प्रभावित आवासीय घरहरूमध्ये ३८४९ वटाको निर्माण तथा मर्मत सम्भार सम्पन्न भएको छ भने ९ वटा सरकारी भवन, ३८ वटा सामुदायिक विद्यालयहरुको भवन र १९६३ वटा निजी घरहरु निर्माणाधीन अवस्थामा रहेका छन् । लाभग्राहीको सूचीमा परेका मध्ये ७५७ घरधनीले अझैसम्म सम्झौता भई

पहिलो किस्ता रकम प्राप्न गर्न सकेका छैनन् । यसरी पुर्ण तथा आंशिक रूपमा क्षति भएका घरहरू मध्ये ५९ प्रतिशत सम्पन्न भएका छन् । पुर्ण क्षति भएको मध्ये ३० प्रतिशत अझै निर्माणाधीन रहेको छन् ।

यस गाउँपालिका क्षेत्रभित्र झण्डै ९३ प्रतिशत घरपरिवारको पानीको श्रोत पाइप धारा रहेको छ । सानातिना खोल्साबाट पानी संकलन गरी वितरण गर्ने गरिएको छ । यहाँका अधिकांश वस्तीहरुमा वर्षादको पानी संकलन गरी सुख्खा समयमा उपयोग गर्ने गरिन्छ । खानेपानीका आयोजनाहरु मध्ये ५ वटा आयोजनाहरु सम्पन्न भएका छन् भने ३ वटा आयोजना निर्माणाधिन अवस्थामा रहेका छन् । यस्तै खानेपानीका आयोजनाहरुमध्ये १३ वटा चालु अवस्थामा छन् भने गाउँपालिकाले ५ वटा आयोजनामा मर्मत सभार गरी सञ्चालनमा ल्याउनु पर्ने देखिन्छ । यसको लागि डिपिआर समेत तयार भइसकेको जानकारी प्राप्त भएको देखिन्छ ।

यहाँका अधिकांश बासिन्दाको मुख्य पेशा खेतीपाती भएतापनि अधिकाँशले मौसमी सिंचाईमा निर्भर रहनु पर्ने भएकोले यो गाउँपालिका खाद्यान्नमा परनिर्भर रहेको छ । यस गाउँपालिका ७ वटा साना सिंचाई आयोजनाहरु सञ्चालित रहेका भए पनि पर्याप्त सिंचाई, कृषि सामग्री सम्बन्धी पसलहरु, कृषि उत्पादन संकलन केन्द्र, दुग्ध चिस्यान केन्द्र जस्ता कृषिको पूर्वाधारहरुको खासै विकास हुनसकेको छैन । कृषि प्रणालीको आधुनिकीकरण हुन सकेको छैन । संगठित कृषि अभ्यास स्वरूप यहाँ ३८ वटा कृषि सहकारी संस्थाहरु कार्यरत छन् भने कृषि उत्पादनका गतिविधिलाई सहयोग पुऱ्याउने वित्तीय पूर्वाधारको रुपमा यस गाउँपालिकामा ३५ वटा वित्तीय सहकारी संस्थाहरु र एउटा वाणिज्य बैंक छन् । सिंचाईका आयोजनाहरुमध्ये एउटा आयोजना सम्पन्न भएको र एउटा आयोजना निर्माणाधिन अवस्थामा रहेको छ । यस्तै विगतमा बनेका साना सिंचाईका आयोजनाहरुमध्ये ९ वटा साना सिंचाई आयोजना चालु अवस्थामा रहेको देखिन्छ ।

सञ्चार तर्फ नेपाल टेलिकम, एनसेल तथा स्मार्ट फोनका टावरहरु रहेतापनि भौगोलिक वनावटका कारण सबै स्थानमा टेलिफोनको पहुँच छैन । टेलिभिजनको पहुँच पनि सीमित स्थानहरुमा मात्र छ भने निजी लगानीबाट घरपरिवारले टेलिभिजन सेवा प्राप्त गर्दछन् ।

(ठ) प्राकृतिक स्रोत तथा जैविक विविधता

वन मन्त्रालयले प्रकाशन गरेको प्रदेशगत वनको तथ्यांकमा उल्लेख भए अनुसार यस गाउँपालिकाको कूल भूभाग १७५६१ हेक्टर मध्ये ११३८७ हेक्टर अर्थात ६४.८ प्रतिशत भूभागमा वन जंगल र बुट्यान रहेको छ । तर यस गाउँपालिकाले संकलन गरेको घर परिवार सर्वेक्षणको लगतमा कूल भूभागको करिब ४५ प्रतिशत भूभाग वन जंगलले ढाकेको विवरण उपलब्ध भएको छ । यहाँको जंगलमा चिलाउने, कट्टुस, उत्तीस, बाँझ, खोटेसल्ला, लालीगुराँस, सौर, तल्लो भेगमा खएर, सिसौ आदि पाइन्छ । जिल्ला वन कार्यालयमा रहेको अभिलेख अनुसार यहाँ पाइने उत्तीस र सौरको व्यवसायिक महत्व रहेको छ । यसैगरी वोधीचित्त, सुगन्धवाल, टिमुर, ठूलो ओखती, पाखनवेद, सतुवा आदि जडिबुटीहरु पाइन्छन् ।

यहाँ ४७ वटा सामुदायिक वन समूह र ३७ वटा कबुलियती वन समूहहरुले करिब २७८० हेक्टर जमीनमा वनको संरक्षण गरेका छन् । यी वन समूहमा क्रमशः ३३१२ र ५०० परिवार संलग्न रहेको अभिलेख प्राप्त भएको छ । सामुदायिक वन तथा कबुलियती वनमा संलग्न परिवारले यस्ता वनमा काठ, दाउराका अतिरिक्त भुइघाँस, डालेघाँस, फलफुल खेती, जडिबुटी खेती आदि गरेर जीवीकोपार्जनमा महत्वपूर्ण उपलब्धी हासिल गरेको जिल्ला वन कार्यालय, काभ्रेले प्रकाशन गरेको दस्तावेजमा देखिन्छ । उच्च महाभारत लेकदेखि समथर पहाड र बेँशीको उपस्थिति रहेका कारण कृषि, पशुपालन, जडिवुटी, वन पैदावार, मिनरलयुक्त पानी,

ढुङ्गा जस्ता क्षेत्रहरूको उच्च सम्भावना रहेको छ। भिरालो धरातल र कठिन भौगोलिक अवस्थाका कारण विपद र जोखिम समेत तुलनात्मक रुपमा उच्च नै रहेको देखिन्छ। गाउँपालिकामा रहेको अभिलेख अनुसार बर्षेनी पहिरो र बाढीबाट प्रभावित हुने घरपरिवारको संख्या समेत निकै ठूलो रहेको छ । जडिबुटीको प्रचुर मात्रामा उत्पादन हुने यस गाउँपालिकाको महाभारत क्षेत्रमा जैविक विविधताको हिसाबले समेत महत्वपूर्ण काठ, जडिबुटी र जीवजन्तु रहेको देखिन्छ।

यहाँको ढुंगा तथा बालुवा खानी निकै प्रशिद्ध छ । यहाँको उत्पादन स्थानीय उपभोगका साथै काभ्रे उपत्यका र काठमाण्डौ उपत्यकाको बढ्दो निर्माण सामाग्रीको माग पुरा गर्न आपूर्ति हुने गरेको छ । यहाँ ४ वटा खानी तथा ६ वटा क्रशर उद्योगले गाउँपालिकाबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका छन् । एक सर्वेक्षण अनुसार यस गाउँपालिका क्षेत्रबाट दैनिक करिब ६० देखि १०० ट्रक निर्माण सामाग्री उपत्यका निर्यात हुने गरेको छ।

(ड) विपद् जोखिम

यहाँको भूभाग मध्ये करिब २० प्रतिशतमात्र १० डिग्रि भिरालो भन्दा कम रहेको छ। करिब ८० प्रतिशत भूभाग २५ डिग्रीभन्दा बढी रहेको छ। फलस्वरूप बर्षेनी पहिरोले मलिलो माटो बगाउने समस्या यहाँको प्रमुख समस्याको रूपमा रहेको छ। घरधुरी सर्वेक्षण अनुसार ८६ घरधुरी ठूला तथा साना पहिरो को जोखिममा रहेका छन् भने करिब २० घरधुरी बाढी तथा डुवानयुक्त जोखिम क्षेत्रमा बसोबास गरेको देखिन्छ। २०७२ सालको भुकम्पमा यस गाउँपालिकाका कूल ६२६२ घरपरिवारमध्ये ४६६३ परिवार अर्थात ७४.५ प्रतिशत परिवारले क्षति व्यहोरेका थिए । वडागत हिसावमा हेर्दा वडा नं ६ मा सबभन्दा बढी ६१३ परिवारले क्षती व्यहोरेका थिए भने वडा नं १० मा सबैभन्दा कम २४७ परिवारले मात्र क्षती व्यहोरेको घरपरिवार सर्भेबाट अभिलेख भएको देखिन्छ । २०७२ साल पछि प्रकोप पिडितहरुको संख्या भने अत्यन्त न्यून अर्थात जम्मा ५७ परिवारमात्र रहेको देखिन्छ।

१.७ मानव विकास सूचकाँकमा गाउँपालिका

यो पालिकामा मानव विकास सूचकाँकको हिसाबले बाग्मति प्रदेशका ११९ वटा स्थानीय तह मध्ये ४३ औ स्थानमा पर्दछ। यो पालिकाको मानव विकास सूचकाँक ०.४९९ छ भने आय सूचकाँकमा ०.४२५ र ५० औ स्थानमा रहेको छ। यहाँको रोजगारी दर ५७.१६ प्रतिशत र बैकल्पिक मानव विकास सूचकाँकमा ०.४४६ रहेको छ।

१.८ सूचना प्रविधिको प्रयोगमा गाउँपालिका :

मुलुकमा भएको प्रविधिको विकासको फड्को र यसको असर यस गाउँपालिकामा सोझै परेको देखिन्छ। बिगत केही वर्षदेखि यस गाउँपालिकाका प्रायः सबै परिवार र युवा समूदायका प्राय सबै व्यक्तिले मोवाईल, टिभी, इन्टरनेट, आदिको प्रयोग र पहुँच बढाउँदै लगेको देखिन्छ। नयाँ प्रविधिले ल्याएको सकारात्मक प्रभावले समुदायमा छिटो तथा छरितो सुचना आदान प्रदान तथा जानकारी भैरहेको छ भने केही नकारात्मक प्रभाव

बढ्दै गएको देखिन्छ । गाउँपालिकामा हुने नकारात्मक घटनाहरु जस्तो समुदायमा द्वन्द, झैझगडा, बालबिवाह, बहुबिवाह, आत्महत्या, सम्बन्ध बिच्छेदका घटनाहरुमा सूचना प्रविधिको के कति योगदान रहेको छ भन्ने अनुसन्धानको बिषय भएतापनि मोवाइल र सामाजिक सञ्जालको प्रयोग यस्ता असामाजिक गतिविधिमा समेत प्रयोग हुने गरेकोमा सबै सहमत देखिन्छन् ।

यस बाहेक अन्य सामाजिक बिषयमा समेत सामाजिक सञ्जालको प्रयोग पनि व्यापक मात्रामा बढेको र विभिन्न किशिमका सन्देश प्रवाह र विचार सम्प्रेषणमा फेसबुक, युट्युब जस्ता माध्यमहरु मार्फत हुने गरेको देखिन्छ । स्थानीय सरकारका काम कारबाही प्रति समर्थन वा असन्तुष्टी जनाउने माध्यम समेत सामाजिक सञ्जाल बनेको देखिन्छ । तथापि गाउँपालिकाले सेवा प्रवाहमा सूचना प्रविधि तथा सामाजिक सञ्जालको प्रयोगलाई व्यापक बनाउन सकेको देखिदैन । यसका लागि सामाजिक चेतना अभिवृद्धि र मिडिया पैरवी आवश्यक रहेको आम मानिसको धारणा रहेको छ ।

१.८ गाउँपालिकाको संगठन संरचना

यस गाउँपालिकाले हालसम्म संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपलब्ध गराएको संगठन संरचनामा कुनै फेरबदल नगरी सोही बमोजिम नै आफ्नो कार्यसञ्चालन गर्दै आएको छ । यस गाउँपालिकामा

: गाउँपालिकाको [redacted] संगठन संरचना



दरबन्दी अनुसार हाल गाउँपालिकामा कर्मचारी व्यवस्थापन हुनसकेको देखिदैन । गाउँ कार्यपालिका कार्यालय र यस अन्तर्गतका वडा कार्यालयहरुमा कार्यरत जनशक्ति ज्यादै न्यून रहेको छ । हाल गाउँपालिकामा वडा कार्यालयमा समेत गरी जम्मा ४३ जना कर्मचारी (स्थायी, अस्थायी करार तथा दैनिक ज्यालादारी) कार्यरत रहेको देखिन्छ । गाउँ कार्यपालिका कार्यालयमा विभिन्न विषयगत शाखा र इकाईहरुको स्थापना र सञ्चालन गरी दैनिक कामकाज व्यवस्थित गर्न आवश्यक जनशक्तिको अपुग रहेको छ । नीति तर्जुमा र बजेट कार्यान्वयनमा कार्यपालिकालाई सघाउ पुऱ्याउने अधिकृत स्तरका कर्मचारीहरु नरहेको अवस्था छ । विषयगत शाखा तर्फ कृषि, पशु विकास, शिक्षा तथा स्वास्थ्यका कर्मचारीहरु गाउँपालिकासँग समन्वयमा कार्य गरिरहेका छन्। गाउँपालिकामा हाल कार्यरत कर्मचारी सम्बन्धी विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

१.८ हालसम्मको विकासको समीक्षा

यस गाउँपालिकाको अधिकाँस नागरिक कृषि पेशामा संलग्न छन् र पराम्परागत कृषि प्रणाली अनुसार खेती गर्छन विशेष गरि कृषि उत्पादनमा धान, मकै, तरकारी, फलफुल, बुद्धिचित्त माला लगायतका अन्नबाली र नगदे बाली उत्पादन गर्छन । गाउँपालिकामा कूल भूभाग १७५६१ हेक्टर मध्ये वनक्षेत्र बाहेकको भूभाग ३५.६ प्रतिशत अर्थात ६१७४ हेक्टर (१२१३१९.१ रोपनी) रहेको छ । यस मध्ये २० प्रतिशत भूभाग अर्थात २४२६४ रोपनी आवास तथा सार्वजनिक जमीनको रुपमा रहेको अनुमानका आधारमा खेती गरिएको क्षेत्र ९७०५५ रोपनी रहेको अनुमान गरिएको छ । यसमध्ये करिब १२.५५ प्रतिशत अर्थात १२१८७ रोपनी भूभाग समथर बँशी र उपत्यकाको रुपमा, करिब २३.२९ प्रतिशत अर्थात २२६०२ रोपनी कम भिरालो पाखो बारी र करिब ६४.१६ प्रतिश भूभाग अर्थात ९७०५५ रोपनी खेती गर्न हुने तर निकै भिरालो जग्गा रहेको अनुमान गरिएको छ ।

यस गाउँपालिकाका केही व्यक्ति विभिन्न निर्माण कार्यमा पनि संलग्न छन् भने केही व्यापार व्यवसाय क्षेत्रमा पनि संलग्न देखिन्छन् जस्तै पशु व्यापार, व्यावसायिक पसल र केही खानी सञ्चालन तथा निर्माण उद्योग लगायत क्षेत्रमा संलग्न छन् । केही वैदेशिक रोजगारीमा संलग्न छन् । आर्थिक विकासको लागि कृषि र भौतिक पुर्वाधारमा हालसम्म केही काम भएको देखिन्छ भने अब पर्यटनको विकास गर्न सके केही सकारात्मक परिवर्तन आउन सक्ने देखिन्छ ।

भूकम्पको कारणले अधिकांश घरहरु भत्किएकाले पुननिर्माणको काम जारी छ । २०७६ फाल्गुणसम्मको तथ्यांक अनुसार काभ्रे जिल्लामा ७६८५० जनाले पहिलो किस्ता भुक्तानी लिएका छन् भने ६००५८ जनाले दोश्रो र ५०६५० जनाले तेश्रो किस्ता लिएर निजी घर पुननिर्माणको कार्य सम्पादन गरेका छन् । रोशी गाउँपालिकामा रहेको सुचना अनुसार २०७६।७७ को शुरुमा जम्मा ६२६२ परिवारको निजी घर पुननिर्माण गर्ने गरी सर्वेक्षण भएकोमा करिब ५४०० परिवारको निर्माण सम्झौता सम्पन्न भएको छ भने करिब ३५०० ले निर्माण सम्पन्न गरी तेश्रो किस्ता भुक्तानी लिइसकेका छन् भने अन्य पहिलो र दोश्रो किस्ता प्राप्त गरी निर्माण कार्य जारी राखेका छन् । सार्वजनिक क्षेत्रका विद्यालय भवन र सामुदायिक भवनहरुमध्ये केहीको निर्माण सम्पन्न भएको छ ।

गाउँपालिकाले विभिन्न खाले कानुनहरु निर्माण गरेता पनि केन्द्र र प्रदेश सरकारको स्पष्ट ऐन कानुन बनिनसकेको हुनाले कार्यान्वयनमा कठिनाई भएको देखिन्छ । जसले गर्दा स्थानीय तहमा भएको

आमनागरिकको जनचासो तथा वातावरण सरसफाई सम्बन्धी समस्या, वन जंगल सम्बन्धी सवालहरुमा सम्बोधन गर्न कठिनाई भएको छ । बालबिवाह, बहुबिवाह, दाईजो प्रथा छुवाछुत साथै सामाजिक कुसंस्कार हटाउने कानुनी ब्यबस्था भएपनि स्थानीय तहलाई सुरक्षा सम्बन्धी स्पष्ट कानुनको अभावले कार्यान्वयनमा समस्या देखिएको छ ।

विभिन्न खानीजन्य उद्योगहरुको सञ्चालन संघीय पुराना कानुन तथा अपारदर्शी नियमन प्रकृयाले गर्दा प्राकृतिक स्रोतको अप्राकृतिक दोहनलाई रोक्न नसकेर वातावरणीय प्रदुषण रोक्न नसकेको देखिन्छ । जनचाहना अनुरुप प्रत्येक गाउँगाउँमा सडक विस्तारले वातावरणीय सन्तुलनमा समस्या निम्तिने देखिन्छ जसले गर्दा वनजंगल र खानेपानीको स्रोतमा संकट देखापरेको देखिन्छ । रोजगारको लागि आवधिक वसाईसराई गर्ने जनसंख्या बढ्दै गएकोले खेतियोग्य जमिनहरु बाँझो बस्न थालेको र सामुदायिक विकासमा जनसहभागिता कमजोर हुँदै गएको देखिन्छ । गाउँपालिका भित्र विभिन्न राजनैतिक दलको उपस्थिति देखिए पनि स्थानीय तहको निर्वाचन तथा प्रदेश एवं प्रतिनिधिसभाको निर्वाचनमा नेपाली कांग्रेस, ने.क.पा.एमाले र माओवादी केन्द्रको विशेष स्थान रहेको देखिन्छ भने राप्रपा नेपाल, नयाँ शक्ती पार्टी, क्रान्तिकारी कम्युनिष्ट पार्टी लगायतको सहभागिता देखिन्छ ।

यो गाउँपालिकाको वातावरण र भूवनौट विश्वमा दुर्लभ मानिने एवं सांस्कृतिक महत्व रहेको बुद्धचित्त मालाको उत्पादन अनुकूल रहेको र यस क्षेत्रमा विगत केही वर्ष यता व्यवसायिक खेती गरी यसको निकासीबाट प्राप्त आम्दानी यहाँका बासिन्दाको एक मुख्य आयश्रोत हुन पुगेको छ । तर रोशीवासीहरुका अनुसार यसको बजार र मूल्य भने अनिश्चित रहेको छ र यसको व्यवसायिक महत्वको लागि सबै तहको सरकार र निजीक्षेत्रको समेत सहयोग आवश्यक देखिएको छ ।

यस गाउँपालिकामा वित्तीय सहकारी संस्थाहरु २४ वटा बचत तथा ऋण सहकारी संस्था र ११ वटा बहुउद्देश्यीय सहकारी संस्था (जम्मा ३५ वटा वित्तीय संस्था) समेत गरी विभिन्न प्रकारका ८८ वटा सहकारी संस्थाहरु र १ वटा वाणिज्य बैंकको शाखाले वित्तीय सेवा पुऱ्याइरहेका छन् । यस गाउँपालिकामा १३ वटा साना ठूला व्यापारिक केन्द्रहरु रहेका छन् ।

यस गाउँपालिकाको आर्थिक सामाजिक विकासको अवस्थालाई विश्लेषण गर्दा प्रतिव्यक्ति आय राष्ट्रिय रु १,२६,०१८।- (अमेरिकी डलर १०८५।-) को तुलनामा रु ४४९७८। मात्र भई ६४ प्रतिशतले कम देखिन्छ भने कूल गार्हस्थ्य बचत राष्ट्रिय २०.४८ प्रतिशतको तुलनामा १७ प्रतिशत, वेरोजगार प्रतिशत राष्ट्रिय ११ प्रतिशतको तुलनामा १०.३ प्रतिशत, साक्षरता राष्ट्रिय औसत ६८ प्रतिशतको तुलनामा ७८ प्रतिशत, माध्यमिक तहमा भर्नादर राष्टिय ४४ प्रतिशतको तुलनामा ४८ प्रतिशत, विद्युतमा पहुँच घरपरिवारको राष्ट्रिय ९१ प्रतिशतको तुलनामा ९८.२ प्रतिशत (सोलार समेत), गरिबी मापनमा राष्ट्रिय १८.६ प्रतिशतको तुलनामा २३.५ प्रतिशत रहेको छ ।

भौतिक पूर्वाधारका दृष्टिले गाउँपालिका केन्द्र देखि वडा कार्यालयसम्म बाह्रै महिना यातायात सेवा चल्ने गरी सडक यातायातको पहुँच २ वटा वडामा मात्र पुगेको छ भने अन्य वडाहरुमा पुग्नका लागि आकल झुकल यातायात चल्ने कच्ची सडकको भर पर्नु परेको देखिन्छ ।

१.८ गाउँपालिकाका अवसर र चुनौती

सबल पक्ष	कमजोर पक्ष
• गाउँपालिकाको वस्तुगत विवरण तयार भएको, • गाउँपालिकले आवधिक विकास योजना बनाई विकासको निर्दिष्ट दिशातिर लैजाने प्रतिबद्धता रहेको । • गापाको करिव २ प्रतिशत भुभाग लेक र तल्लो भागबेसी प्रकृतिको हावापानीले युक्त र करिब ४५ प्रतिशत भूभागमा वनजंगल र १५ प्रतिशत भूभाग बुट्यानयुक्त रहेको र अधिकाँश जंगल समुदायले व्यवस्थापन गरेको हुनाले जडिबुटी लगायत गैर काष्ठ वन पैदावारबाट गैर कृषि उत्पादन र व्यवसायिकरणको सम्भावना पर्याप्त रहको । • करिव ४५ किलो मिटर विपी राजमार्गले छोएको र राजमार्गको आसपास व्यवसायिक संभावना रहेको । • करिब २० किलोमिटर सिचाइ कुलो भएको र बँसी तथा सामान्य भिरालो पाखामा सिंचाई सुविधाले कृषि उत्पादकत्व बढेको । • कृषि व्यवसाय सुहाउँदो हावापानी भएकोले सो अनुसार कृषि उपज र पशुपालनको व्यवसायिकरण गर्न सकिने क्षेत्रहरू रहेको । • कूल भूभागमध्ये करिब ३० प्रतिशत भूभाग खेती योग्य जमिन रहेको र खेतीयोग्य जमिन भएको खोलाको आसपास तटवन्ध भएको । • धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थानका अलावा पदयात्रा तथा रमणीय दृश्यावलोकनका ठाँउहरू गाउँपालिकामा रहेको । • सामाजिक तथा सामुदायिक सशक्तिकरण क्रमिक रूपले बढ्दै गएको ।	• गाउँपालिकाको संरचना नयाँ हुनुका साथै कर्मचारीको अभाव, काम गर्न प्राविधिक सीप, ज्ञानको कमी देखिएको । • आधारभुत खाद्यान्य, फलफूल, तरकारी, मासुका लागि आत्मनिर्भर हुन नसक्नु । • सिँचाईयोग्य कृषि भूमिमा आवश्यकता अनुसार सिँचाई सुविधाको कमी । • कृषि कार्यका लागि, ऋण, प्रविधि, बीउबीजन, प्राविधक जनशक्ति र परामर्श सेवाको उपलब्धतामा कमी । • बढ्दो आन्तरिक बसाइँसराई र आप्रवासन तथा वैदेशिक रोजगारको उच्च आकार रहेको । • पर्यटकीय संभावनाहरूको उपयोग गर्न नसकिएको, • राजमार्ग तथा खोलाको आसपासमा कसर उद्योग भएको कारण रोसी वेल्टको केही वस्तीहरु र खोला नाला प्रदुषित हुने गरेका । • सर्वयाम यातायात पूर्वाधारको कमी, अनियन्त्रित कृषि सडक ट्याक खोल्नाले भुक्षय हुने गरेको • वातावरणीय मुल्यांकन नगरी जंगल फडानी गर्नाले, भुक्षय तथा आगलागी हुने गरेको । • प्राविधिक धारको शैक्षिक संस्थाको कमी, शिक्षालाई रोजगारसँग जोड्न नसकिएको । • गाउँपालिकामा सूचना प्रविधिमा कमजोर पहुँच रहेको । • योजना प्रणाली व्यवस्थित हुन नसक्नु, ससाना योजनाको बाहुल्यता रहेको । • सक्षम स्वास्थ्य जनशक्ति नभएकाले गूणस्तरीय स्वास्थ्य सेवामा नागरिक

	पहुँचको कमी रहेको । • विपद घटना पूर्वको तयारीमा कमी रहेको । • वन तथा वातावरणलाई आय आर्जनसंग जोड्न नसकिएको । •
अवसर	**चुनौती**
• गा.पा.मा खास गरी भूकम्पपछि विकास साझेदारको सहभागिता बढ्नुका साथै स्थानीय विकासमा गैसस तथा सामुदायिक संस्थाको विकास कार्यक्रममा सम्लग्नतामा वृद्धि हुने क्रम जारीछ, आवधिक योजनाले पालिकाको प्राथमिकता क्षेत्रमा लगानी आकर्षित गर्ने अवसर रहनु । • हाल निर्माणाधिन कटुन्जे देखि महाभारत पक्कि वाटोले कृषि, उद्योग तथा पर्यटन क्षेत्रको व्यवसायीकरण हुने सम्भावना प्रवल रहेको छ । • निर्माण उद्योगको लागि ढुंगा र गिट्टीका प्रसस्त उद्योगहरु रहेका र खानीक्षेत्र पर्याप्त रहेकाले यसैको विकासबाट आर्थिक उन्नतिको सम्भावना देखिएको । • विभिन्न जडिबुटी, बहुमुल्य पत्थरखानी गा.पा.रहेका छन्, यस सम्बन्धी व्यवसायिकरण र प्रशोधन उद्योगहरूको प्रचुर सम्भावना हुनु । • पर्यटकीय उपज र पैदल यात्राको फेरोमार्गको विकासबाट बाह्य पर्यटक भित्र्याउने अवसर रहनु ।	• उच्च बसाईसराई व्यवस्थापन गर्नु • करिव ८ प्रतिशत भुभाग पैरो युक्त भएको • रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु, • स्वास्थ्य बीमालाई सबै नागरिकको दायरामा ल्याउनु, • सहकारीको लगानीलाई उत्पादनमूलक र गरिवी निवारणोन्मुख कार्यक्रममा उपयोग गर्नु, • वातावरण मैत्री पूर्वाधारको विकास गर्नु, • विकास व्यवस्थापनमा अन्तर तह समन्वय गर्नु ।

योजना तर्जुमाका सीमाहरु :

यो योजना तर्जुमा गर्दा पारिवारिक सर्वेक्षण बाहेक अन्य तथ्य तथ्यांकहरु द्वितीय श्रोतबाट संकलन गरिएको छ । समष्टिगत आर्थिक स्थिति सम्वन्धी तथ्यहरु पालिकास्तर सम्म बनेर सार्वजनिक भई नसकेको र पारिवारिक सर्वेक्षणमा संकलन भएको पारिवारिक आम्दानीको विवरणको आधारमा गाउँपालिकाको गार्ह्यस्थ

उत्पादन अनुमान गर्न अन्य क्षेत्रको योगदान गाउँपालिकास्तरमा अनुमान गर्न नसकिएकोले माथिल्लो तहका सरकारका आवधिक योजना सम्वन्धी दस्तावेजहरुमा उल्लेख गरिएको प्रक्षेपणलाई नै आधारमा लिइएको छ । यसैले आर्थिक बुद्धि दर, कूल गार्ह्यस्थ उत्पादन र प्रतिव्यक्ति आयसम्वन्धी आधार बर्षको तथ्यांक र आगामी ५ बर्षको लागि गरिएको प्रक्षेपण नेपाल सरकारले बनाएको १५ औ योजनाको आधार पत्र र बाग्मति प्रदेशले बनाएको ५ बर्षे आवधिक योजनामा गरिएको प्रक्षेपणलाई नै आधारमा लिइएको छ । यसैगरी यस योजनामा गाउँपालिकाको कूल भूभागमध्ये करिब ६५ प्रतिशत भूभाग वनक्षेत्र अन्तर्गत रहेकोले गरिबी निवारण तथा आय आर्जनसंग सम्वन्धित सामुदायिक वन र कबुलियती वनमा गरिने खेतीपाती सम्वन्धी बिषय हालै जारी गरिएको वन सम्वन्धी ऐनले स्थानीय सरकारको कार्यक्षेत्र भन्दा बाहिर पर्न गएकोले यसमा जिल्ला वन कार्यालयको सहयोग अनिवार्य हुनुपर्ने देखिन्छ ।

यो योजना आगामी ५ बर्षमा गाउँसभाले बनाउने बजेट र कार्यक्रमको लागि मार्गदर्शन मात्र भएकोले यसलाई साँकेतिक अर्थमा मात्र लिन सकिने देखिन्छ ।

परिच्छेद- २

दीर्घकालीन सोच, लक्ष्य तथा समष्टिगत आर्थिक खाका

२.१ पृष्ठभूमि

संविधानले तिनै तहका सरकारहरूको अधिकार र दायित्व निर्धारण गरी तहगत सरकारको अधिकारलाई सूचीकृत गरेको छ। अधिकारको प्रयोग गर्दा तीन तहका सरकार विच सहकारिता, सह अस्तित्व र समन्वय कायम गर्नु पर्ने संवैधानिक व्यवस्था रहेको छ। संविधानले संघ, प्रदेश र स्थानीय तहबीच कार्यजिम्मेवारीको बाँडफाँड गरी त्यस्तो कार्यसम्पादन गर्न आवश्यक स्रोतको समेत व्यवस्था गरेको छ। स्थानीय तहको लागि प्रदान गरिएको यस्तो स्रोतमा आफैले परिचालन गर्ने कर तथा गैरकर स्रोतको राजस्वको अलावा संघ तथा प्रदेशबाट प्रदान गरिने समानीकरण, सशर्त, समपुरक र विशेष अनुदान र राजस्व बाँडफाँडको रकम रहेको छ। यस बाहेक स्थानीय तहले आयमूलक क्रियाकलापहरु सञ्चालन गरेर समेत राजस्व आर्जन गर्न सक्ने व्यवस्था समेत रहेको देखिन्छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ ले गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा आफ्नो भौगोलिक क्षेत्रभित्रको विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरे अनुसार रोशी गाउँपालिकले यो आवधिक योजना तयार पारेको छ।

२.२ दीर्घकालिन सोच

सक्षम नागरिक, दिगो विकास : स्वच्छ, सुन्दर, समृद्ध रोशी।

दूरदृष्टिका सूचकहरू

सक्षम नागरिक : सर्वसुलभ समतामूलक अनिवार्य र प्राविधिक शिक्षा, घरदैलोमा स्तरीय स्वास्थ्य सेवा, घरघरमा स्वच्छ खानेपानी, विभेद र हिँसा रहित सभ्य र सुसंस्कारयुक्त समाजका लागि आर्थिक, सामाजिक र सीपयुक्त सक्षम नागरिक।

दिगो विकास : भावी सन्ततिको आवश्यकता र स्रोतको दीर्घकालीन उपयोगको सुनिश्चिततालाई समेत ध्यानमा राख्दै गरिवी न्यूनीकरण, सबैलाई शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता र समावेशी विकास, स्वच्छ पानी तथा सरसफाई, उज्यालो गाउँ, उत्पादनशील रोजगारी र मर्यादित कामको अवसर, दिगो तथा बलियो पूर्वाधार, सुरक्षित आवास सुविधा र सुशासनयुक्त स्थानीय शासन व्यवस्थाको स्थापना सहितको समतामूलक विकासलाई दिगो विकासले समेटेको छ।

स्वच्छ : प्रदुषणमुक्त, स्वच्छ, सफा, हराभरा, पर्याप्त हरियाली सहितको पालिका।

सुन्दर : व्यवस्थित गाउँ बस्ती र हरित तथा मनोरम बजार।

समृद्ध : आय र वितरणको असमानतामा कमि, मानव विकास सूचकांकमा वृद्धि, अवसरको अधिकतमको उपयोग गरी उत्पादन र उत्पादकत्वमा वृद्धि, लगानीका अवसरहरू विस्तार

गरी रोजगारीमा अभिवृद्धि ।

२.३ समष्टिगत लक्ष्य

मानव विकास तथा सुशासन सहितको दिगो आर्थिक तथा सामाजिक विकास गर्ने ।

२.४ मार्गदर्शक सिद्धान्त

गाउँपालिकाको माथि उल्लिखित दीर्घकालीन सोचको दिशातर्फ अघि बढ्न यो योजना कार्यान्वयन गर्ने दिशामा अघि बढ्न निम्नअनुसार मार्गदर्शक सिद्धान्तहरू अवलम्बन गरिनेछ :

१) **जनकेन्द्रित विकास तथा विकास प्रक्रियामा सामुदायको अर्थपूर्ण सहभागिता** : समुदायको प्रत्यक्ष माग र आवश्यकतामा आधारित, धेरै जनसंख्यालाई लाभान्वित गर्ने, समुदायलाई प्रत्यक्ष र छिटो फाइदा पुऱ्याउने योजनाहरूलाई प्राथमिकता दिई जनकेन्द्रित विकासलाई प्रवर्द्धन गरिनेछ तथा जनकेन्द्रित विकासमार्फत विकास गतिविधिमा समुदायको अर्थपूर्ण सहभागिता कायम गरी समग्र विकासको गतिलाई तिव्रता दिइनेछ ।

२) **संस्थागत क्षमता विकास तथा जवाफदेहिता अभिबृद्धि** : गाउँपालिकाको संस्थागत क्षमता विकास गरी विकास गतिविधिको कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ । साथै पदाधिकारीलगायत कर्मचारी सबैमा जवाफदेहिता अभिवृद्धि गरी सुशासन प्रवर्द्धन गरिनेछ ।

३) **समन्वय, सहकार्य तथा साझेदारी** : गाउँपालिकाबाट सञ्चालन हुने सबै विकास गतिविधिहरूमा सम्बन्धित सबै सरोकारवालाहरूसँग समन्वय गरिनेछ । गाउँपालिकामा कार्यक्रम सञ्चालन गर्ने अन्य सबै निकाय/संस्थालाई पनि गाउँपालिकासँग नियमित समन्वय गर्न लगाइनेछ । साथै उपयुक्त स्थान/विषयमा सहकार्य तथा साझेदारी समेत गरी विकास गतिविधिलाई किफायती तथा प्रभावकारी बनाइनेछ ।

४) **वातावरणमैत्री शासन तथा विपद् प्रतिरोधी पूर्वाधार** : सम्पूर्ण विकास गतिविधि कार्यान्वयन गर्दाका बखतमा वातावरणीय संवेदशीलता, उत्थानशीलता उक्त गतिविधिको दीगोपनलाई विशेष ध्यान दिइनेछ । साथै बहुविपद् प्रतिरोधी पूर्वाधार निर्माण गरी विकास आयोजनाको दीगोपन सुनिश्चित गरिनेछ ।

५) **सामाजिक समावेशीकरण तथा अवसरमा समता** : सबै विकास गतिविधि तथा विकासका प्रतिफल हासिल गर्ने प्रयासमा समानुपातिक सामाजिक समावेशीकरणको ख्याल गरिनेछ । सिमान्तीकृत तथा अल्पसंख्यक समुदायलाई अवसरमा विशेष प्राथमिकता दिई मूलप्रवाहीकरण गरिनेछ ।

६) **व्यवस्थित भू-उपयोग** : ग्रामीण परिवेशमा उत्पादनको प्रमुख साधनको रुपमा रहने हुँदा व्यवस्थित भू उपयोगमार्फत् जमिनबाट प्राप्त हुन सक्ने अधिकतम लाभ सुनिश्चित गर्ने तथा विकासका परिणामहरू सुन्दर र दीगो बनाउन विशेष ध्यान दिइनेछ । यसका लागि जमिनको प्रकृति, विद्यमान उपभोगको अवस्था तथा जमिनबाट प्राप्त हुन सक्ने अधिकतम लाभका आधारमा भूमिको वर्गीकरण गरिनेछ ।

७) **परिणाममुखी दीगो विकास** : गाउँपालिकामा सञ्चालन हुने हरेक विकास प्रयासलाई परिणाममुखी र दीगो बनाउने प्रयास गरिनेछ । तथ्यांकमा आधारित योजना तथा नतिजामा आधारित योजना अनुगमन प्रणाली स्थापना गरी विकासको प्रतिफल/परिणामलाई मापनयोग्य बनाइनेछ । गाउँपालिकामा तथ्यांक प्रणाली स्थापना

तथा नियमित अद्यावधिकरण गरी तथ्याङ्ककमा आधारित योजना तर्जुमा गर्न सहज वातावरण सिर्जना गरिनेछ तथा आधार बर्ष पश्चातको नतिजा मापन गरी योजनाको अनुगमन र सुझावहरूको कार्यान्वयनमार्फत योजनाका लक्ष्य उद्देश्यको प्राप्ति सुनिश्चित गरिनेछ ।

२.५ उद्देश्य

१. उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,
२. मानव विकास सूचकांकमा वृद्धि गर्नु,
३. वातावरण मैत्री पूर्वाधार विकासको माध्यमद्वारा आर्थिक सामाजिक विकासको आधारशीला तयार गर्नु,
४. प्राकृतिक स्रोतको दिगो उपयोग एवं विपद व्यवस्थापनद्वारा जीवनयापनलाई सुरक्षित बनाउनु,
५. शासकीय सुशासनको अभिवृद्धि गर्नु ।

२.६ रणनीति

१. कृषि, व्यापार, पर्यटन एवं सेवा क्षेत्रको विकास र विस्तारबाट उत्पादन र उत्पादकत्वमा वृद्धि गरी गरिबी निवारण गर्ने ।
२. शिक्षा, स्वास्थ्य, आय र रोजगारी तथा अनिवार्य सेवा प्रवाह लगायतका सबै विकास प्रक्रियामा मानव विकास, लैंगिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चत गर्ने ।
३. गुणस्तरीय स्थानीय पूर्वाधारको विकास गरी आर्थिक सामाजिक विकासको आधारशीला तयार गर्ने ।
४. वन वातावरण, भू तथा जलाधार, जैविक विविधता संरक्षण तथा विपद् जोखिम न्यूनीकरण गर्ने ।
५. व्यक्तिगत, संगठनात्मक र संस्थागत क्षमता विकास तथा संस्थागत समन्वय एवं सुदृढीकरण गरी विद्युतीय कार्यप्रणालीको अवलम्बन गर्दै सुशासनको प्रत्याभूति गर्ने ।

२.७ परिमाणात्मक लक्ष्य

तालिका– १

आवधिक योजनाको समष्टिगत परिमाणात्मक लक्ष

आवधिक योजनाको समष्टिगत लक्ष	सूचक	इकाई	आधाररेखा (आ.व. ०७६/७७ सम्मको अवस्था)	लक्ष्य (सम्मको अवस्था)	
				०७९/८०	०८१/८२
	मानव विकास सूचकाङ्क*	सूचकांक	०.४९९	०.५५०	०.६००
	आर्थिक वृद्धि**	प्रतिशत	७.१*	८.५	१०
	कुल गार्हस्थ उत्पादन**	रु अर्ब	२.९६	३.७०	४.४३
	प्रतिव्यक्ति वार्षिक आय**	रूपैया	७६,६७४	९१,१०७	१,०६,७१५
	आफ्नो उत्पादनबाट वर्षभरी खान पुग्ने परिवार	प्रतिशत	६८%	७८%	८८%
	कृषि क्षेत्रमा संलग्न जनसंख्या (कृषि र पशुपन्छी पालन)	प्रतिशत	५९%	५०%	४०%
	आम्दानीको दुई तिहाईभन्दा बढी खानामा खर्च गर्ने परिवार	प्रतिशत	८०%	७५%	६५%
	कृषि उपज बेचविखन गर्ने घर परिवार	प्रतिशत	१३%	२०%	२५%
	मापदण्डअनुसार बनेका आवास घर	प्रतिशत	५९%	६६%	७४%
	बाह्रै महिना संचालन हुने सडक	कि.मी.	१०	३०	६०
	वन बुट्यान क्षेत्र	प्रतिशत	५५%	५८%	६०%
	बेरोजगारी	प्रतिशत	१०.३	५	४
	बैदेशिक रोजगारीमा गएकाको संख्या	संख्या	१७९२	१५६४	१३५२
	महिलाको नाममा सम्पत्ति घर जग्गा	प्रतिशत	११.६	१५	२०
	पाइपबाट खानेपानी सुविधा पुगेको परिवार	प्रतिशत	९१.६	९७	९८
	गरिवीको रेखामुनि रहेको परिवार	प्रतिशत	१९	१७	१५

* राष्ट्रिय आंकडा ।

** प्रदेशको आर्थिक वृद्धिलाई आधार मानिएको ।

२.८ वित्तीय व्यवस्थापन

सरकारी, सहकारी, सामुदायिक, निजी र गैरसरकारी क्षेत्र तथा विकास साझेदारको एकिकृत र समन्वयात्मक भूमिकामार्फत मात्र यस गाउँपालिकाबाट गरिबी निवारणको सफल प्रयत्न र समृद्धि हासिल गर्न सकिने देखिन्छ ।

२.८.१ सार्वजनिक स्रोत परिचालनको आधार

रोशी गाउँपालिकाको आवधिक योजनाको दीर्घकालिन सोच अनुसारका लक्ष्य तथा उद्देश्यहरू प्राप्तिका लागि पहिचान गरिएका कार्यक्रमहरूको प्राथमिकिकरण गरी सोको लागि आवश्यक स्रोतहरूको व्यवस्थापन गर्न सम्भाव्य स्रोतहरूको आंकलन र नयाँ स्रोतहरूको पहिचान गरी परिचालन तथा उपयोग गरिनेछ ।

(क) वित्तीय हस्तान्तरण

नेपालको संविधान र अन्तर सरकारी वित्त व्यवस्थापन ऐनद्वारा व्यवस्था गरिए बमोजिम यस गाउँपालिकालाई संघ र प्रदेशहरूबाट देहाय बमोजिमका वित्तीय स्रोतहरू हस्तान्तरण हुनेछः :

- संघीय सरकारद्वारा वार्षिक रूपमा उपलव्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र सम्पूरक अनुदान, र राजस्व बाँडफाँट वापत प्राप्त हुने रकम ।
- प्रदेश सरकारद्वारा वार्षिक रूपमा उपलव्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र सम्पूरक अनुदान र राजस्व बाँडफाँट वापत प्राप्त हुने रकम ।
- संघीय तथा प्रदेश सरकारबाट प्रत्यायोजित अधिकार अन्तर्गत यस गाउँपालिकालाई प्राप्त हुने कार्यक्रम बजेट जस्तै प्रधानमन्त्री रोजगार कार्यक्रम, सामाजिक सुरक्षा रकम आदि ।
- वैदेशिक अनुदानतर्फ अर्न्तराष्ट्रिय विकास सहायता नीति, २०७६ बमोजिम संघीय अर्थ मन्त्रालयको संयोजनमा प्राप्त हुने रकम ।

(ख) आन्तरिक आय

यस गाउँपालिकाको आन्तरिक स्रोत परिचालनबाट के कति रकम प्राप्त हुन्छ भन्ने बिषयमा गाउँपालिकाले विगत देखि असुल गर्दै आएको आन्तरिक स्रोत र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहजीकरणमा तत्कालिन स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत २०७५ सालमा गरिएको यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजनालाई आधारमा लिइएको छ । उक्त कार्य योजनाले देहाय बमोजिम आन्तरिक आय परिचालन हुने अनुमान गरेको छ ।

क्र.स.	राजस्वका शिर्षकहरु	आधार बर्षको यथार्थ आय रु लाखमा		अनुमानित तथा यथार्थ आय आय प्रक्षेपण रु. लाखमा					आवधिक योजना अवधिको जम्मा (२०७७/७८– २०८१/८२)	
		२०७५/७६ को यथार्थ	२०७६/७७ स्वीकृत अनुमान	२०७७/७८ को अनुमान	२०७८/७९ को अनुमान	२०७९/८० को अनुमान	२०८०/८१ को अनुमान	२०८१/८२ को अनुमान	रकम	%

१	आन्तरिक आय जम्मा[2]	५७६.४५	२६३३.८	२६५०.४	२६६०.७	२६७८.६	२६९४.१	२७०९.६	१३३९३.४	१९.८४
२	संघीय सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँड जम्मा	३६८०.२	५०४९.३	४७२२	५१८२.१	५५७८.८१	५९८९.२	६४१४.१	२७८८६.१२	४१.३१
३	प्रदेश सरकारको अनुदान तथा राजस्व बाँडफाँड जम्मा	५२९.९७	८२९.४३	८४१.४४	८९४.२८	९४९.७७	१००६.६	१०६४.९	४७५७.०३	७.०५
४	वैदेशिक अनुदान									
५	वैदेशिक ऋण									
६	आन्तरिक ऋण			१००	१५०	१५०	२००	२००	८००	१.१९
७	अन्य (स्थानीय संचित कोष अर्न्तगत आयोजना विशेष प्राप्त हुने अन्य रकमहरु)			५०	५०	५०	५०	५०	२५०	०.३७
८	संघ तथा प्रदेश अर्न्तगतका सम्वद्ध विषयगत निकायहरुबाट गाउँपालिकाबाट कार्यान्वयन हुने गरी प्रत्यायोजित कार्यक्रमहरु	७१०.६२	९३१.५५	१५८०	१६२५	१७२०	१७६५	१८१०	८५००	१२.५९
९	गाउँपालिकासँगको सहकार्यमा सम्वद्ध निकायवाट योगदान हुने अनुमानित रकम			२२२०	२३०२.५	२३८२.६३	२४६५.५	२५५१.३	११९२१.९१	१७.६६
	गाउँपालिकाको कूल अनुमानित प्राप्ति तथा आय रकम			१२१६३.८	१२८६४.५	१३५०९.८	१४१७०.४	१४७९९.९	६७५०८.४	१००

(ग) अन्य

- गाउँपालिकाको बजेट संरचना बाहिर संघद्वारा प्रत्यायोजित कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा कार्यक्रमका लागि प्राप्त हुने रकम, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट प्रवाहित हुने रकम, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनको लागि प्राप्त हुने रकम, प्रधानमन्त्री कृषि आधुनिक परियोजना कार्यक्रम सञ्चालनको लागि गाउँपालिका क्षेत्रमा लगानी हुने रकम, प्रदेश निर्वाचन क्षेत्र कार्यक्रम तथा संघीय तथा प्रदेश सरकारबाट अन्य बिभिन्न बिषय क्षेत्रमा परियोजना सञ्चालनको लागि कार्यक्रम सहित प्राप्त हुने रकम ।
- अन्य पालिकाबाट यस गाउँपालिकामा राजस्व बाँडफाँड वा अन्य कार्यक्रम सञ्चालन गर्न प्राप्त हुने रकम
- संघ र प्रदेशबाट यस गाउँपालिका क्षेत्रमा सोझै लगानी हुने रकम

[2] स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्थानीय तहले प्राप्त गर्ने कर तथा गैरकरका रकमहरू ।

- सहकारी क्षेत्र, सामुदायिक वन, र निजी क्षेत्रबाट यस गाउँपालिका क्षेत्रमा हुने लगानी रकम

२.८.२ कुल वित्तीय लगानी

गाउँपालिकाको आवधिक योजना अर्न्तगत वित्तीय प्रक्षेपण गर्दा देहायका आधारहरु लिइएको छ :

(१) आ.व २०७६/७७ लाई आधार वर्ष मानी उक्त आ.ब. को आय र व्ययको अनुमानित अंक प्रविष्ट गर्नका लागि निम्न आधार लिइएको -

- आ.ब. २०७४/७५ को यथार्थ आय तथा व्ययको आर्थिक विवरण,
- आ.ब. २०७५/७६ को यथार्थ आय तथा व्ययको आर्थिक विवरण,
- आ.ब. २०७६।७७ को स्वीकृत कार्यक्रम तथा बजेट,
- २०७७ बैशाख सम्ममा गाउँपालिकाले खर्च गरेको रकम,
- २०७७ बैशाख सम्ममा गाउँपालिकाले असूल गरेको आन्तरिक राजस्वको रकम,
- आ.व २०७६/७७ को स्वीकृत कार्यक्रम तथा बजेट अर्न्तगत गाउँपालिकाको बजेटमा समावेश भई विषयगत निकायहरुबाट गाउँपालिका क्षेत्रमा सिधै खर्च हुने विनियोजित रकमको प्रगति विवरण,
- आ.व २०७६/७७ मा संघीय तथा प्रदेश सरकारबाट गाउँपालिका क्षेत्रमा सञ्चालित प्रत्यायोजित कार्यक्रमहरुको वित्तीय विवरण र आगामी वर्षहरुमा सञ्चालन हुन सक्ने प्रदेश सरकारबाट स्थानीय स्तरमा सञ्चालन हुने सम्भाव्य प्रत्यायोजित कार्यक्रमहरु,
- आ.व २०७६/७७ को स्वीकृत कार्यक्रम तथा बजेट अर्न्तगत नगरपालिकाको बजेटमा समावेश भई निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी क्षेत्र र जनसहभागिताबाट नगरपालिकासँगको सहकार्यमा खर्च हुने अनुमानित रकमको प्रगति विवरण ।

(२) नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७५/१०/२५ को संलग्न निर्णय अनुसार नेपाल सरकारको बजेट तथा कार्यक्रममा समावेश भई कार्यान्वनका लागि प्रदेश सरकार र अर्न्तगतका निकायलाई वा स्थानीय तहलाई अख्तियारी दिएको अवस्थामा सम्वन्धित को.ले.नि.का ले संघको एकल खाता कोष प्रणाली (TSA) मा सम्वन्धित् प्रदेश सरकार वा स्थानीय तहको कार्यालय कोड दिई सोहि कोडवाट निकासा प्रदान गर्ने र उक्त अख्तियारीको हकमा संघकै अन्य कार्यालय सरह लेखापरीक्षण, आर्थिक विवरण तयारी, प्रमाणीकरण तथा प्रतिवेदन गर्ने व्यवस्था गरिएकोले यस व्यवस्थाले विगतमा स्थानीय तहको कार्यक्रम तथा बजेट अर्न्तगत समावेश गर्ने गरिएका कार्यक्रमहरु (उदाहरणका लागि समाजिक सुरक्षा कार्यक्रम) लाई संघीय सरकारको कार्यक्रम तथा बजेट अर्न्तगत समावेश भई प्रत्यायोजित कार्यक्रम तथा बजेट (Delegated Programmes & Budget) को रुपमा स्थानीय सरकारद्धारा केन्द्रको भुक्तानी इकाई (Spending Unit) को रुपमा कार्यान्वन गर्नु पर्ने भएकोले यस्ता प्रत्यायोजित कार्यक्रम तथा बजेटको रकम स्थानीय सरकारको संचित कोषमा जम्मा हुने नभई को.ले.नि.काद्वारा (TSA) अर्न्तगत भूक्तानी गरिने हुंदा समानान्तर रुपमा संघको कार्यक्रम तथा बजेटका रुपमा स्थानीय स्तरले नै संचालन गरी सम्वद्ध केन्द्रीय निकायमा आर्थिक विवरणहरु पेश गर्नु व्यवस्था रहेकोले सोही अनुरुप केन्द्रले गाउँपालिकाको क्षेत्रमा सञ्चालन गर्ने कार्यक्रमको रुपमा

लिइएको छ ।

संघ तथा प्रदेश स्तरवाट स्थानीय स्तरद्धारा सन्चालन हुने गरी प्रत्यायोजित यस्ता कार्यक्रम तथा बजेटलाई स्थानीय सरकारको आवधिक योजनामा अलग्गै रुपमा उल्लेख गरिएको छ ।

(३) आ.व २०७६/७७ लाई आधार बर्षको रुपमा लिएर आ.ब. २०७७।७८ को आय तथा व्यय प्रक्षेपण गर्दा संघ तथा प्रदेशवाट उपलब्ध हुने गरी विभिन्न अनुदानको रकम, राजस्व बँडफाँड (मू. अ.कर तथा अन्त:शुल्क र प्राकृतिक स्रोतवाट प्राप्त हुने रोयल्टीको बाँडफाँड) रकमलाई समावेश गरिएको छ ।

(४) आ.व २०७७/७८ को आय तथा व्यय प्रक्षेपण गर्दा स्थानीय सरकार सञ्चालन ऐन को दफा ६५ अनुसारको स्थानीय राजस्व परामर्श समिति, दफा ६६ अनुसारको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र दफा ६७ अनुसारको बजेट तथा कार्यक्रम तर्जुमा समितिका निर्णयहरु, प्रक्षेपणलाई समेत आधार मानिएको छ ।

(५) आ.व २०७७/७८ को आय तथा व्यय अनुमान र आवधिक योजना अर्न्तगत त्यस पछिका आर्थिक वर्षहरुमा हुन सक्ने आय तथा व्यय अनुमानको सम्वन्धमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत र राजस्वका कर्मचारीहरुसँग छलफल गरी निचोड निकालिएको छ ।

(६) आ.व २०७७/७८ को आय तथा व्यय अनुमान र आवधिक योजना अर्न्तगत त्यस पछिका आर्थिक वर्षहरुमा निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी क्षेत्र र जनसहभागिता सँगको सहकार्यमा सम्वद्ध साझेदारवाट खर्च हुने अनुमानित रकमको सम्वन्धमा सम्वद्ध साझेदार निकायहरुसँग पनि छलफल गरिएको छ ।

(७) आवधिक योजनाको वित्तीय प्रक्षेपणका लागि अनुसूचीमा राखिएको तालिकालाई प्रयोग गरिएको छ ।

रोशी गाउँपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासका निमित्त आवधिक योजना अन्तर्गतका कार्यक्रमहरु सञ्चालनका लागि कूल रु. ६७५.०९ करोड वित्तीय लगानी हुने अनुमान छ । सार्वजनिक क्षेत्र अन्तर्गत रु.५५५.८७ करोड लगानी हुने अनुमान गरिएको छ भने न्यून हुन आउने रु. ११९.२२ करोड निजी, सहकारी तथा गै.स.स बाट हुने अनुमान गरिएको छ । गाउँपालिकास्तरमा भएको छलफल तथा उपलब्ध विवरणका आधारमा आवधिक योजना अवधिमा सार्वजनिक, सहकारी, निजी र गैरसरकारी (राष्ट्रिय र अन्तर्राष्ट्रिय) क्षेत्रबाट परिचालन हुने कुल रु. ६७५.०९ करोड लगानी विवरण तालिका नं १ मा दिइएको छ ।

तालिका– १

आवधिक योजनामा बहुक्षेत्रगत अनुमानित लगानी

(आ.व २०७६/७७ को मूल्यमा)

क्र.सं	स्रोत	रकम (रु.लाखमा)	प्रतिशत

१	सार्वजनिक क्षेत्र	५५५८६.५	८२.३४
२	सहकारी क्षेत्र	२५००	३.७०
३	निजी क्षेत्र	३६२०	५.३६
४	गैर सरकारी/अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू	५८०२	८.५९
५	**कूल जम्मा**	**६७५०८.५३**	**१००.००**



२.८.३ सार्वजनिक खर्चको वर्गीकरण एवं क्षेत्रगत बाँडफाँड

गाउँपालिकाको संचित कोषवाट कूल रु.४७०८६.५० लाख र संघ र प्रदेशवाट गाउँपालिकाको बजेट संरचना बाहिर प्रत्यायोजित कार्यक्रम अन्तर्गत क्षेत्रगत आधारमा आवधिक योजनामा गरिने अनुमानित रु.८५०० लाख खर्च समेत् सार्वजनिक खर्च अर्न्तगतआवधिक योजना अवधिमा कूल रु ५५५८६.५ लाख खर्च हुने प्रक्षेपण गरिएको छ । सो रकम मध्ये संघबाट रु.२७८८६.१२ लाख (४१.३१%), प्रदेशबाट रु.४७५७.०३ लाख (७.०५%), आन्तरिक ऋण रु. ८०० लाख (१.१९%), प्रदेश तथा स्थानीय तह सहयोग कार्यक्रम अन्तर्गतको प्रतिस्पर्धी कोषबाट रु.२५० लाख (०.३७%), संघ र प्रदेश सरकारको प्रत्यायोजित कार्यक्रमबाट रु. ८५०० लाख (१२.५९%), गाउँपालिकाको आन्तरिक स्रोतबाट रु. १३३९३.४ लाख (१९.८४%) र निजी, सहकारी तथा गैरसरकारी क्षेत्रबाट रु.११९२१.९१ लाख (१७.६६.%) लागानी हुने अनुमान गरिएको छ ।

(क) गाउँपालिकाको सञ्चित कोषबाट प्रक्षेपित खर्चको वर्गीकरण एवं क्षेत्रगत बाँडफाँड

आवधिक योजना अवधिमा गाउँपालिकाको सञ्चित कोषवाट कूल रु.४७०८६.५ लाख खर्च हुने प्रक्षेपण गरिएको मध्ये रु.२४४.८५ करोड चालु खर्च (५२%) र पुँजीगत खर्च रु. २२६.०१५ करोड (५२%) हुने अनुमान

गरिएको छ ।

आर्थिक बर्ष २०७४/७५ देखि आ.व २०७६/७७ सम्ममा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदानमा भएको औसत बृद्धि प्रतिशतलाई आधार मानी अन्तर सरकार वित्तीय हस्तान्तरण अनुमान गरिएकोले योजना अवधिमा यस्तो रकममा अझ बढी अनुपातमा वित्तीय हस्तान्तरण हुने देखिन्छ ।

आधार वर्ष आ.व २०७६/७७ मा गाउँपालिकाको स्वीकृत क्षेत्रगत बजेट बाँडफाँडको अनुपातलाई आधार मानी आवधिक योजनामा गाउँपालिकाको संचित कोषवाट प्रक्षेपित कूल खर्चलाई क्षेत्रगत बाँडफाँड गर्दा आर्थिक क्षेत्रमा १२ प्रतिशत, सामाजिक क्षेत्रमा ४४ प्रतिशत, पूर्वाधार क्षेत्रमा २८ प्रतिशत, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रमा ५ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रमा ११ प्रतिशत रकम छुट्याइएको छ । उल्लेख भए बमोजिमको खर्चको अनुपातलाई आधार लिइँदा गाउँपालिकाको सञ्चित कोषवाट आवधिक योजना अन्तर्गत आर्थिक क्षेत्रमा रु. ५६.५०४ करोड, सामाजिक क्षेत्रमा रु. २०७.१८१ करोड, पूर्वाधार क्षेत्रमा रु.१३१.८४२ करोड, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रमा रु.२३.५४ करोड र संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रमा रु. ५१.७९५ करोड गरी जम्मा रु. ४७०.८६५ करोड खर्च हुने अनुमान गरिएको छ (तालिका–२) ।

तालिका २

(आ.व २०७६/७७ को मूल्यमा रु. लाखमा)

गाउँपालिकाको सञ्चित कोषबाट हुने सार्वजनिक खर्चको अनुमान र क्षेत्रगत अनुपात वितरण

लगानीका क्षेत्र / आ.ब.	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	जम्मा	बार्षिक बृद्धि प्रतिशत
गाउँपालिकाको कोषबाट कूल लगानी	८३६३.८	८९३७.०	९४०७.२	९९३९.९	१०४३८.६	४७०८६.५	२५.२५
चालु खर्च	४३४९.२	४६४७.२	४८९१.७	५१६८.७	५४२८.१	२४४८५.०	
पूँजीगत खर्च	४०१४.६	४२८९.८	४५१५.४	४७७१.१	५०१०.६	२२६०१.५	
सार्वजनिक खर्चको क्षेत्रगत बाँडफाँड					**क्षेत्रगत खर्च अनुमानको प्रतिशत**		
आर्थिक विकास क्षेत्र	१००३.७	१०७२.४	११२८.९	११९२.८	१२५२.६	५६५०.४	१२ %
सामाजिक विकासको क्षेत्र	३६८०.१	३९३२.३	४१३९.१	४३७३.६	४५९३.०	२०७१८.१	४४%
पूर्वाधार विकासको क्षेत्र	२३४१.९	२५०२.४	२६३४.०	२७८३.२	२९२२.८	१३१८४.२	२८%
वन, वातावरण र विपद व्यवस्थापन क्षेत्र	४१८.२	४४६.९	४७०.४	४९७.०	५२१.९	२३५४.३	५%
सुशासन, संस्थागत विकास र सेवा प्रवाह क्षेत्र	९२०.०	९८३.१	१०३४.८	१०९३.४	११४८.३	५१७९.५	११%
जम्मा	**८३६३.८**	**८९३७.०**	**९४०७.२**	**९९३९.९**	**१०४३८.६**	**४७०८६.५**	**१००%**





आर्थिक क्षेत्र अन्तर्गतको प्रक्षेपित जम्मा खर्च रु.५६.७९५ करोड कृषि तथा पशुपालन, पर्यटन, सहकारी, उद्योग, वाणिज्य तथा आपूर्ति सेवा, वित्तीय क्षेत्र र रोजगारी प्रवर्द्धन सम्वद्ध क्षेत्रगत कार्यक्रमहरुमा खर्च गरिनेछन् । सामाजिक क्षेत्र अर्न्तगतको प्रक्षेपित जम्मा खर्च रु.२०७.१८१ करोड आधारभूत तथा माध्यमिक शिक्षा, स्वास्थ्य, जनसंख्या तथा पोषण, युवा तथा खेलकुद विकास, खानेपानी तथा सरसफाइ क्षेत्र र लैंगिक समानता, सामाजिक समावेशीकरण एवं संरक्षण तथा सुरक्षासम्वद्ध क्षेत्रका कार्यक्रमहरुमा खर्च गरिनेछन् । पूर्वाधार क्षेत्र अर्न्तगतको प्रक्षेपित जम्मा खर्च रु.१३१.८४२ करोड यातायात पूर्वाधार एवं सहरी तथा कृषि सडक, सिँचाई, विद्युत् र ऊर्जा, आवास भवन तथा शहरी विकास र सामाजिक पूर्वाधारसम्वद्ध कार्यक्रमहरुमा

खर्च गरिनेछन् । वन तथा भूसंरक्षण, वातावरण र विपद् व्यवस्थापन क्षेत्र अर्न्तगतका कार्यक्रमहरुमा रु.२३.५४३ करोड खर्च गरिनेछन् । यसैगरी संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्र अन्तर्गतको प्रक्षेपित जम्मा खर्च रु.५१.७९५ करोड यसका उपक्षेत्रहरुसम्वद्ध कार्यक्रमहरूमा खर्च गरिनेछन् ।

(ख) गाउँपालिकाको सञ्चित कोष बाहेकका अन्य सार्वजनिक खर्चको वर्गीकरण एवं क्षेत्रगत बाँडफाँड



माथि उल्लेख भए अनुसार गाउँपालिकाको सञ्चित कोषवाट खर्च हुने रकम बाहेक संघ र प्रदेशवाट गाउँपालिकाको बजेट संरचना बाहिर प्रत्यायोजित कार्यक्रम अन्तर्गत विषयक्षेत्रगत आधारमा आवधिक योजनामा कूल रु.८५ करोड खर्च हुने प्रक्षेपण गरिएको छ । यस प्रकार प्रत्यायोजित कार्यक्रम अन्तर्गत संघवाट रु.६० करोड (७१%) र प्रदेशवाट रु. २५ करोड (२९.%) गरी जम्मा रु.८५ करोड संघको सामाजिक सुरक्षा कार्यक्रम, संघीय तथा प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका कार्यक्रममहरू, प्रधानमन्त्री रोजगार कार्यक्रम लगायत संघ र प्रदेशवाट प्रत्यायोजित गरिने अन्य कार्यक्रमहरूमा खर्च हुने अनुमान गरिएको छ ।

२.८.४ सार्वजनिक खर्च व्यहोर्ने स्रोतहरू

रोशी गाउँपालिकाको प्रथम आवधिक योजना अन्तर्गत प्रक्षेपित खर्च जुटाउन अन्तर सरकारी वित्तीय हस्तान्तरणका साथै आन्तरिक राजस्वका स्रोतहरू पनि परिचालन गर्नु पर्नेछ। हाल आन्तरिक राजस्वका

स्रोतहरूबाट परिचालन गर्न सकिने रकम उल्लेख्य रुपमा बढ्दै गएको र संघ तथा प्रदेशबाट प्राप्त हुने विभिन्न अनुदान लगायतका रकमहरू पनि बढ्दै गएकोले गाउँपालिकाको आवश्यकता अनुसार बार्षिक रुपमा बजेट बढ्दै जाने देखिएको छ । गाउँपालिकाको आन्तरिक स्रोतको प्रतिशत करिब २० प्रतिशत छ भने संघ र प्रदेशबाट प्राप्त हुने रकमको निर्भरता करिब ६१ प्रतिशत रहेको छ । आगामी वर्षहरूमा पनि संघ र प्रदेशबाट प्राप्त हुने वित्तीय हस्तान्तरणमा क्रमिक वृद्धि हुने अनुमान गरिएको छ ।



प्रक्षेपण अनुसार संघबाट कूल रु.२८८.६१ करोड वित्तीय हस्तान्तरण हुने प्रक्षेपण गरिएको छ । यसमा वित्तीय समानीकरण अनुदान रु.५८.११ करोड (२१%), सशर्त अनुदान रु.१४६.९५४ करोड (५३%), राजस्व बाँडफाँड रु.५३.२९८ करोड (१९%), विशेष अनुदान रु.११ (४%) र समपूरक अनुदान रु.९.५० करोड (३%) प्राप्त हुने अनुमान गरिएको छ ।



यसै गरी प्रदेशबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व बाँडफाँड, विशेष अनुदान र समपूरक अनुदानबाट गरी करिब रु.४७५७ करोड वित्तीय हस्तान्तरण हुने अनुमान गरिएको छ। यसमा वित्तीय समानीकरण अनुदानमा रु ६.३२ करोड (१३%), सशर्त अनुदानमा रु. ८.८० (१९%), विशेष अनुदान रु ७.५० करोड (१६%), समपुरक अनुदान रु १० करोड (२१%) र राजश्व बाँडफाँड स्वरूप रु.१४.९५२ करोड (३१%) प्राप्त हुने अनुमान गरिएको छ।

यस प्रकार विभिन्न स्रोतहरूबाट आवधिक योजनामा कूल रु.५५५.८७ करोड गाउँपालिकाको सञ्चित कोषमा प्राप्त हुने अनुमान गरिएको छ।

गाउँपालिकाको सञ्चित कोषमा प्राप्त हुने बाहेक संघ र प्रदेश दुवै तहबाट गाउँपालिकाको बजेट संरचना बाहिर संघ र प्रदेशको प्रत्यायोजित कार्यक्रम अन्तर्गत क्षेत्रगत आधारमा विषयगत मन्त्रालयहरूबाट आवधिक योजना कूल रु. ... करोड प्राप्त हुने प्रक्षेपण गरिएको छ। यस प्रकार गाउँपालिकाको प्रथम आवधिक योजना अवधिमा सार्वजनिक स्रोतहरूबाट कूल रु.... करोड खर्च हुने अनुमान गरिएको छ (तालिका–३)।

तालिका– ३
सार्वजनिक खर्च र खर्च व्यहोर्ने स्रोतहरू

रु.लाखमा

क्र.सं		२०७६/७७ को स्वीकृत अनुमान	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	आवधिक योजना अवधिको जम्मा प्रक्षेपण (२०७७/७८–२०८१/८२)	
	आय तथा प्राप्ति स्रोत	आधार वर्ष	प्रक्षेपण	प्रक्षेपण	प्रक्षेपण	प्रक्षेपण	प्रक्षेपण		
								रकम	%

१	**संघीय सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँड**	**५०४९.३**	**४७२२**	**५१८२.१**	**५५७८.८१**	**५९८९.२**	**६४१४.१**	**२७८८६.१२**	**४१.३१**
१.१	समानीकरण अनुदान	१०२८	१०४५	१०९०	११५५	१२२४	१२९७	५८११	
१.२	सशर्त अनुदान	२२३४.४८	२६५४	२७३१.७७	२९१७.४८	३१०३.२	३२८८.९२	१४६९५.३७	
१.३	विशेष अनुदान	४७५	१५०	२००	२२५	२५०	२७५	११००	
१.४	समपूरक अनुदान	४३८.८१	०	२००	२२५	२५०	२७५	९५०	
१.५	राजस्व बाँडफाँडको रकम	८७३	८७३	९६०.३	१०५६.३३	११६१.९६	१२७८.१६	५३२९.७५२	
२	**प्रदेश सरकारको अनुदान**	**८२९.४३**	**८४१.४४**	**८९४.२८**	**९४९.७७**	**१००६.६**	**१०६४.९**	**४७५७.०३**	**७.०५**
२.१	समानीकरण अनुदान	१०१.२९	१०१.४४	११६.०८	१२७.१	१३८.१	१४९.१२	६३१.८४	
२.२	सशर्त अनुदान	१२५.६६	१३०	१५०	१७५	२००	२२५	८८०	
२.३	विशेष अनुदान	१४९.८	१५०	१५०	१५०	१५०	१५०	७५०	
२.४	समपूरक अनुदान	२००	२००	२००	२००	२००	२००	१०००	
२.५	राजस्व बाँडफाँडको रकम	२५२.६८	२६०	२७८.२	२९७.६७	३१८.५१	३४०.८१	१४९५.१९	
३	**वैदेशिक अनुदान**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**
४	**वैदेशिक ऋण**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**
५	**आन्तरिक राजस्व**	**२६३३.८**	**२६५०.४**	**२६६०.७**	**२६७८.६**	**२६९४.१**	**२७०९.६**	**१३३९३.४**	**१९.८४**
६	**आन्तरिक ऋण**		**१००**	**१५०**	**१५०**	**२००**	**२००**	**८००**	**१.१९**
७	**अन्य** (स्थानीय संचित कोष अर्न्तगत आयोजना विशेष प्राप्त हुने अन्य रकमहरु)		**५०**	**५०**	**५०**	**५०**	**५०**	**२५०**	**०.३७**
७.१	गत बर्षको मौज्दात	३००							
७.२	प्रदेश तथा स्थानीय तह सहयोग कार्यक्रम (प्रतिस्पर्धि कोष)		५०	५०	५०	५०	५०	२५०	
८	**स्थानीय संचित कोषमा गाउँ पालिकाको जम्मा प्राप्ति** (१ देखि ८ सम्मको जम्मा)		**८३६३.८**	**८९३७.०**	**९४०७.२**	**९९३९.९**	**१०४३८.६**	**४७०८६.५**	
९	**संघ तथा प्रदेश अर्न्तगतका सम्वद्ध विषयगत निकायहरुबाट गाउँपालिकाबाट कार्यान्वयन हुने गरी प्रत्यायोजित कार्यक्रमहरु**	**९३१.५५**	**१५८०**	**१६२५**	**१७२०**	**१७६५**	**१८१०**	**८५००**	**१२.५९**
९.१	सामाजिक सुरक्षा कार्यक्रमका लागि प्राप्त हुने रकम	**७८९.५५**	**८००**	**८२५**	**८५०**	**८७५**	**९००**	**४२५०**	
९.२	अन्य कार्यक्रमका लागि प्राप्त हुने रकम (कार्यक्रमगत आधारमा उल्लेख गर्ने)	**१४२**	**७८०**	**८००**	**८७०**	**८९०**	**९१०**	**४२५०**	
९.२.१	स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम चालु	**०**	**०**						

९.२.२	स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम पूँजीगत	०	०						
९.२.३	संघीय संरचना पूर्वाधार निर्माण तथा स्थानीय तह पूर्वाधार निर्माण साझेदारी कार्यक्रम	१०२	१२०	१३०	१४०	१५०	१६०	७००	
९.२.४	गरिवसंग विश्वेश्वर कार्यक्रम	०	०						
९.२.५	सडक बोर्ड नेपाल	०	०						
९.२.६	प्रधानमन्त्री रोजगार कार्यक्रम	४०	६०	७०	८०	९०	१००	४००	
९.३	गाउँपालिका क्षेत्रमा संघीय सरकारबाट हुने सिधै सम्भावित लगानी (प्र.मं कृषि आधुनिकीकरण परियोजना र वन कार्यक्रम समेत)		१००	१००	१५०	१५०	१५०	६५०	
९.४	गाउँपालिका क्षेत्रमा प्रदेश निर्वाचन क्षेत्र विकास कार्यक्रम तथा प्रदेश सरकारबाट हुने सिधै सम्भावित लगानी (प्रादेशिक सडक आयोजना समेत)		५००	५००	५००	५००	५००	२५००	
१०	**गाउँपालिकासँगको सहकार्यमा सम्वद्ध निकायवाट योगदान हुने अनुमानित रकम**		२२२०	२३०२.५	२३८२.६३	२४६५.५	२५५१.३	११९२१.९१	१७.६६
१०.१	निजी क्षेत्रवाट योगदान गाउँपालिकाको सहकार्यमा हुने लगानीको अनुमानित रकम		६७०	७००	७२५	७५०	७७५	३६२०	
१०.२	सहकारी क्षेत्रवाट योगदान हुने अनुमानित रकम		५००	५००	५००	५००	५००	२५००	
१०.३	गैर सरकारी क्षेत्र र सामुदायिक वन तथा जनसहभागिताबाट योगदान हुने अनुमानित रकम		१०५०	११०२.५	११५७.६३	१२१५.५	१२७६.३	५८०१.९१३	
१२१	**गाउँपालिकाको कूल अनुमानित प्राप्ति तथा आय रकम**		१२१६३.८	१२८६४.५	१३५०९.८	१४१७०.४	१४७९९.९	६७५०८.४	१००

अर्थ मन्त्रालय, प्रदेश सरकार तथा गाउँपालिकाको अभिलेखमा आधारित


आवधिक योजनामा गाउँपालिकाको बहुपक्षीय लगानीको स्रोत
११९२१.९१, १८%
२७८८६.१२, ४१%
८५००, १३%
२५०, ०%
८००, १%
१३३९३.४, २०%
४७५७.३, ७%
संघीय सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँड
प्रदेश सरकारको अनुदान
आन्तरिक राजस्व
आन्तरिक ऋण
अन्य (स्थानीय संचित कोष अर्न्तगत आयोजना विशेष प्राप्त हुने अन्य रकमहरु)
संघ तथा प्रदेश अर्न्तगतका सम्बद्ध विषयगत निकायहरुबाट गाउँपालिकाबाट कार्यान्वयन हुने गरी प्रत्यायोजित कार्यक्रमहरु
गाउँपालिकासँगको सहकार्यमा सम्बद्ध निकायबाट योगदान हुने अनुमानित रकम



२.९ बहुपक्षीय स्रोतहरूको परिचालन

यस गाउँपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासका निमित आवधिक योजना अन्तर्गतका कार्यक्रमहरु सञ्चालनका लागि सह–वित्तीयकरण एवं सहकार्यको रणनीतिलाई अवलम्वन गर्दै सार्वजनिक, सहकारी नीजि क्षेत्र र गैर सरकारी/अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु लगायतवाट पूरक स्रोतहरु परिचालन गरिनेछन् । आवधिक योजनाले परिलक्षित गरेका आर्थिक तथा सामाजिक विकासका कार्यक्रमहरुका लागि सबै क्षेत्रहरुवाट सम्भाव्य स्रोतहरुको परिचालन गरिनेछ । सार्वजनिक क्षेत्र, सहकारी क्षेत्र, निजी क्षेत्र तथा र गैर सरकारी/अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुवाट गरी आवधिक योजनामा रोशी गाउँपालिकामा कूल रु.६७५.०८४ करोड स्रोतहरुको परिचालन गरिने अनुमान गरिएको छ (तालिका–१) ।

२.९.१ सार्वजनिक क्षेत्रबाट स्रोत परिचालन

यस गाउँपालिकामा सहकारी तथा निजी क्षेत्र सवल भइनसकेको मौजुदा परिस्थितिमा आवधिक योजना अन्तर्गत बढीभन्दा बढी स्रोतहरु सार्वजनिक क्षेत्रबाट नै परिचालन गर्नु पर्ने बाध्यता रहेकोछ । यस गाउँपालिकाको परिवेशमा सार्वजनिक क्षेत्रवाट परिचालन हुन सक्ने वित्तीय स्रोतहरुको परिचालनतर्फ गाउँपालिकाको आन्तरिक राजस्वका स्रोतहरु एवं संकलन हुन सक्ने राजस्वको रकमलाई अत्यधिक मात्रामा परिचालन गरेता पनि कूल लगानीको करिब २० प्रतिशत भन्दा बढी गर्न सकिने स्थिति नरहेकोले संघ र प्रदेशबाट प्राप्त हुन सक्ने विभिन्न अनुदानहरुमा अधिकमात्रामा निर्भर रहनु पर्ने स्थिति विद्यमान रहेको छ । अन्तर सरकारी वित्तीय हस्तान्तरण माथिको बढी निर्भरतालाई कम गर्न आगामी दिनहरुमा आन्तरिक

राजस्वका नया स्रोतहरुको सम्भाव्यतालाई हेरिनु पर्नेछ । माथि तालिका– ३ मा उल्लेख भए अनुसार आवधिक योजनाको अवधिमा गाउँपालिकाको सञ्चित कोष मार्फत कूल रु १३३.९३ करोड परिचालन हुने प्रक्षेपण गरिएको छ ।

संघ र प्रदेश दुवै तहवाट गाउँपालिकाको बजेट संरचना बाहिर प्रत्यायोजित कार्यक्रमको रुपमा क्षेत्रगत आधारमा विषयगत मन्त्रालयहरुवाट रकमहरु उपलब्ध गराउने गरेको सन्दर्भमा संघीय सरकारबाट रु ६० करोड र प्रदेश सरकारबाट रु २५ करोड गरी आवधिक योजनाको अवधिमा प्रत्यायोजित कार्यक्रमहरुमा कूल रु.८५ करोड परिचालन हुने प्रक्षेपण गरिएको छ । यस प्रकार गाउँपालिकाको आवधिक योजनामा सार्वजनिक क्षेत्रल अन्तर्गत कूल रु. ५५५.८७ करोड परिचालन हुने अनुमान गरिएको छ ।

२.९.२ सहकारी क्षेत्रबाट स्रोत परिचालन

नेपालको अर्थतन्त्रमा बचत परिचालन, ऋण प्रवाह र आर्थिक एवं सामाजिक क्रियाकलापहरुको विस्तारमा सहकारी क्षेत्रको महत्वपूर्ण योगदान रहिआएको छ । रोशी गाउँपालिकाको आर्थिक सामाजिक समृद्धिका लागि पनि सहकारी क्षेत्रवाट महत्वपूर्ण योगदान पुग्न सक्ने सम्भावना रहेको छ । तर जिल्ला सहकारी कार्यालयमा दर्ता भइ यस गाउँपालिकामा हस्तान्तरण भएका ८८ वटा सहकारी संस्थाहरु मध्ये हाल ४० वटा सक्रिय रुपमा र अन्य सामान्य रुपमा सञ्चालनमा रहेका छन् । यी सहकारीमध्ये २७ वटा बचत तथा ऋण सहकारी, ३९ वटा कृषि सहकारी, ११ वटा बहुद्धेश्यीय सहकारी, ४ वटा दुग्ध सहकारी र ७ वटा विद्युतीकरण संग सम्वन्धित रहेका छन् । यीमध्ये बचत तथा ऋण सहकारीको औसत बार्षिक आम्दानी करिब १०,०२ हजार, कृषि सहकारीको ३,६२ हजार, बहुद्धेश्यीय सहकारीको ६,२९ हजार, विद्युतीकरण संग सम्वन्धि सहकारीको ३०० हजार र दुग्ध उत्पादन सम्बन्धी सहकारीको ३०० हजार रहेको देखिन्छ । सहकारी क्षेत्रबाट बार्षिक करिब ५ करोडको लगानी तथा मूल्य अभिबृद्धिमा सहयोग पुगेको देखिन्छ । यसैले सहकारीबाट गाउँपालिकाको आर्थिक विकासमा हाल पुगेको योगदानको कदर गर्दै थप वातावरण निर्माण जस्तै वडा केन्द्र देखी गाउँपालिकाको केन्द्रसम्म पक्की सडकको विस्तार गरी आधुनिक खेतीपाती तथा पशुपालन, मौसमी एवं बेमौसमी तरकारी तथा फलफूत खेती, लघु तथा घरेलु उद्योगको विस्तार लगायतका क्रियाकलापहरुमा सहकारी क्षेत्रवाट उल्लेख्य सघाउ पुग्न सक्ने सम्भावनाहरु विद्यमान रहेको देखिन्छ ।

आगामी दिनहरुमा आवधिक योजनाले परिलक्षित गरेका कार्यक्रमहरु सञ्चालनमा सहकारी क्षेत्रवाट आवश्यक वितीय स्रोतहरुको परिचालनमा पूरक सघाउ पुग्ने अपेक्षा गरिएको छ । सहकारी संस्थाहरुको नियमन गाउँपालिकाको कार्यक्षेत्रभित्र पर्ने हुँदा आवधिक योजनाका लक्ष्यहरु प्राप्तितर्फ सहकारी संस्थाहरुलाई उन्मूख तुल्याउनेतर्फ गाउँपालिका क्रियाशील रहनेछ । गाउँपालिकामा आर्थिक क्रियाकलापका सहकारी क्षेत्रको योगदान तत्कालका लागि कम भए तापनि आगामी वर्षहरुमा सहकारी क्षेत्रको योगदान बढ्न सक्ने सम्भावनाहरु विद्यमान रहेका छन् । गाउँपालिकामा उपभोग्य वस्तुहरुको आपूर्तिलाई सहज तुल्याउन एवं स्थानीय उत्पादनको बजारीकरणमा सघाउन सहकारी क्षेत्रको पूरक लगानीमा वृद्धि हुनेछ । सहकारी क्षेत्रको मौजुदा न्यून स्थिति र आगामी दिनहरुमा विस्तारका सम्भावनाहरुलाई विचार गर्दा आवधिक योजनामा सहकारी क्षेत्रवाट विशेष गरेर आर्थिक तथा सामाजिक क्षेत्रहरुमा गरि करिव रु.२५ करोडको लगानी हुने अनुमान गरिएको छ ।

२.९.३ निजी क्षेत्रबाट स्रोत परिचालन

समग्रतामा मुलुकको आर्थिक क्षेत्रमा निजी क्षेत्रको अग्रणी भूमिका रहिआएको सन्दर्भमा यस गाउँपालिकाको आर्थिक क्षेत्रमा पनि निजी क्षेत्रको योगदान बढाउन सकिने ठूलो सम्भाव्यता रहेको छ । विशेष

गरेर सडक पूर्वाधारको क्रमिक विस्तार भइरहेको सन्दर्भमा यस रोशी गाउँपालिकाको सम्भाव्य उद्योग व्यवसायका अवसरहरुलाई विचार गर्दा पर्यटन, कृषि तथा पशुपालन, खानीजन्य, जडिबुटी तथा वनजन्य उद्योग र जलविद्युत लगायतका आर्थिक क्षेत्रहरुमा निजी क्षेत्रबाट लगानी बढाउन सकिने सम्भावनाहरु विद्यमान रहेका छन् । तर हाल यस गाउँपालिकामा उत्पादनशील उद्योगहरु खानी तथा क्रसर बाहेक नगन्य मात्रामा रहेका र ती मध्ये अधिकांश लघु तथा घरेलु स्तरका रहेका छन् । आवधिक योजनामा स्थानीय कच्चा पदार्थहरुमा आधारित बढी मूल्य अभिवृद्धि हुने उत्त्पादनशील उद्योगहरुको विस्तार गरिनेछन् । यसका लागि आवश्यक सीप तथा उद्यमशीलताको विकास गर्नमा जोड दिइनेछ । साथै निजी क्षेत्रलाई आकर्षित गर्न गाउँपालिकालाद्वारा निजी क्षेत्र मैत्री कर नीति अँगाल्नुका साथै आवश्यक सुविधाहरु प्रदान गरिनेछन् ।

पर्यटनलाई उद्योग व्यवसायको रुपमा निजी क्षेत्रको लगानी तथा अगुवाईमा विस्तार तथा विकास गरिनेछ । यसैगरी गाउँपालिकामा उपभोग्य वस्तुहरुको आपूर्तिलाई सहज तुल्याउन एवं स्थानीय उत्पादनको बजारीकरणमा सघाउन निजी क्षेत्रको लगानीमा वृद्धि हुनेछ । गाउँपालिका क्षेत्रमा पर्यटन लगायत उद्योग व्यवसाय प्रवर्द्धनका लागि गाउँपालिकाको प्रवर्द्धनात्मक नीति तथा प्रयासले आगामी वर्षहरुमा निजी क्षेत्र फष्टाउने सम्भावना रहेको छ । यस गाउँपालिकामा पर्यटन लगायत उद्योग व्यवसाय प्रवर्द्धनका सम्भावनाहरुलाई विचार गर्दा निजी क्षेत्रवाट आवधिक योजनाको अवधिमा करिव रु.३६.२० करोडको लगानी योगदान हुने अनुमान गरिएको छ ।

२.९.४ गैर सरकारी/अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू, सामुदायिक वन र जनसहभागिताबाट स्रोतहरूको परिचालन

रोशी गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा सरकारका अलावा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु लगायतका विकास साझेदारहरु, सामुदायिक वन र जनसहभागिताबाट वित्तीय स्रोतहरुको परिचालन हुने सम्भावनाहरु विद्यमान रहेका छन् । यस गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासका सम्भावनाहरुको उपयोग र पुनर्निर्माणको आवश्यकतालाई सम्बोधन गर्ने गरी हाल विभिन्न गैर सरकारी/अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु यस गाउँपालिकामा क्रियाशील रही आएका छन् । यसैगरी यस गाउँपालिकामा ४७ वटा सामुदायिक सहित १५६ वटा विभिन्न वन समूहहरु रहेका र गाउँपालिकाका करिब सबै परिवार यसबाट लाभान्वित हुँदै आएको अभिलेखबाट देखिन्छ । आ.व २०७५/७६ मा यस गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासका लागि यस क्षेत्रबाट करिव रु.१० करोड खर्च भएको थियो भने चालु आर्थिक बर्ष २०७६/७७ मा १०.५० करोड खर्च हुने अनुमान गरिएको छ । आगामी वर्षहरुमा पनि रोशी गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा विभिन्न गैर सरकारी तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु, सामुदायिक वन तथा जनसहभागिताबाट हुने लगानीमा क्रमिक विस्तार हुने देखिन्छ । यस गाउँपालिकाको समग्र विकासमा विभिन्न गैर सरकारी तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुवाट हुने लगानीका सम्भाव्य अवसरहरुलाई विचार गर्दा आवधिक योजनाको अवधिमा यस गाउँपालिकामा यस क्षेत्रबाट करिब रु. ५८.०२ करोडको लगानी हुने अनुमान गरिएको छ ।

परिच्छेद- ३

आर्थिक विकास

कृषि तथा पशु, सहकारी, पर्यटन, उद्योग

३.१ कृषि तथा पशु

३.१.१ पृष्ठभूमि

रोशी गाउँपालिकाको प्रमुख व्यवसायको रूपमा कृषि रहेको भएतापनि कूल ६२६२ घरपरिवारमध्ये करिब १६.३ प्रतिशत अर्थात १०२२ परिवारको नाममा आफ्नो नाममा जग्गा नै छैन । यी परिवारहरु अर्काको खेती मजदुरी र जग्गा अधियाँमा कमाइ गर्ने र धेरैजसो कामको खोजीमा मौसमी रुपमा शहर बजार तिर जाने गर्दछन् । यस गाउँपालिकामा कूल कृषियोग्य जमिन २२०५ हेक्टर रहेको छ । काम गर्ने उमेर समूहको (१५ देखि ५९ वर्ष) जनसंख्या २५२१४ मध्ये ६०.५ प्रतिशत कृषि तथा पशु पालन पेशामा आवद्ध छन् भने कृषि पेशामा आस्रित घर परिवार ९४ प्रतिशत रहेको छ ।

यस गाउँपालिकामा उपलब्ध जग्गाको आकारको वितरण हेर्दा करिव २८०० (४५ प्रतिशत) घरपरिवारको जग्गा १ देखि ५ रोपनी सम्म रहेको देखिन्छ । यसैगरी १८ प्रतिशतको १ रोपनी भन्दा कम, २० प्रतिशतको ५ देखि १० रोपनी सम्म, १० प्रतिशतको १० देखि १५ रोपनी सम्म र बाँकि ७ प्रतिशतको १५ रोपनी भन्दा बढी रहेको छ ।

यहाँ मकै, कोदो, धान, आलु, गहुँ आदि प्रमुख बालीहरू रहेका छन् । दलहनमा मास दाल उत्पादन हुन्छ । नगदे बाली अन्तर्गत न्यून रूपमा अलैंची तथा कफी समेतको उत्पादन भएको देखिन्छ । बहुसंख्यक परिवार कृषि तथा पशुपालनमा आवद्ध भए पनि जम्मा १५ प्रतिशत घरधुरीले मात्र कृषि उपज विक्रि गर्ने गरेकाछन् । अलैची, कृषि, माहुरी पालनमा केही व्यवसायिकता देखिए पनि व्यवसायिक कृषिको आकार र आम्दानी भने न्युन रहेको छ । करिव १२ प्रतिशत घरपरिवारहरु व्यवसायिक रुपमा हरियो तरकारी र फलफुल खेती गरेको पाईन्छ ।

करिव ९४ प्रतिशत घरपरिवारहरु कुनै न कुनै रुपमा कृषि उत्पादनमा सलग्न रहेपनि कृषि पेशा निर्बाहामुखी रहेको छ । जस्तो, यहाँका प्रमुख उत्पादन धान, मकै, गहुँ र कोदो उत्पादन गर्ने परिवार मध्ये १४ प्रतिशतले मात्र आफनो उत्पादन बिक्री गर्ने गरेका छन् । नगदेबालीमा आलु विकि गर्ने ११ प्रतिशत, तरकारी विक्री गर्ने ८ प्रतिशत र फलफुल विकि गर्ने ३ प्रतिशत परिवार मात्र रहेका छन् ।

यस गाउँपालिकामा कृषि पेशाका साथसाथै पशुपालन हुने गरेको छ । यहाँका कुल घरपरिवार मध्ये ६०.४ प्रतिशत घरपरिवारहरु पशुपालनमा संलग्न रहेका छन् । पशुपन्छी पालनमा खासगरी गाई, भैसी, बाख्रा पालन, कुखुरा तथा मौरीपालन आदि प्रमुख रहेका छन् । क्षेत्रगत आधारमा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ५०% रहेको छ ।

३.१.२ प्रमुख समस्या

व्यवसायिक अवधारणा तथा प्राविधिक ज्ञानको कमी, बाली उत्पादनको खास पकेट क्षेत्र घोषण नहुनु, कृषिमा आधुनिक प्रविधि र उपकरण तथा उत्पादन सामाग्री भित्रिन नसक्नु, सिँचाई सुविधाको कमी हुनु, उत्पादित सामाग्री बेचबिखन गर्ने स्थानीय बजारको कमी न्यून हुनु तथा कृषि उपजको राम्रो बजारीकरण हुन नसक्नु, दक्ष जनशक्तिको अभाव रहनु, ज्यालामा विभेद हुनु, कृषि सहकारीको विकास राम्रोसँग हुन नसक्नु, मूल्य सूचनाबारे जानकारी नहुनु, कृषि कर्जा, बीमा लगायतका वित्तीय सेवामा कृषकको सहज पहुँच नहुनु, पढेका मानिसले कृषि कार्यमा लाग्नु नहुने सामाजिक दृष्टिकोणले गर्दा सम्मानजनक हुन नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

३.१.३ अवसर र चुनौती

(क) अवसर

कृषि प्रसार स्थानीय सरकारको एकल अधिकार क्षेत्रमा पर्नु, अधिकांशको जीविकोपार्जनको पेशा कृषि भएकाले स्थानीय सरकारको सरोकारको विषय हुनु, पर्याप्त कृषि भूमि हुनु, सिंचाइका स्रोतहरू उपलब्ध हुनु, कृषिमा व्यवसायिकता बढ्दै जानु, राजधानीको नजिक भएकोले बजारको उपलब्धता हुनु, विपी मार्गको कारणले स्थानीय तथा बाह्य बजारसंगको पहुँच सहज हुनु, उच्च मूल्यबाली (कफि, अलैची, बुद्धचित्त, च्याउ, जडिबुटी खेती, फलफूल जस्ता उच्च मूल्य कृषि उत्पादन) को सम्भावना र आकर्षण बढ्दै जानु, जैविक खेती प्रतिको बढ्दो आकर्षण, उन्नत प्रविधि र मलबीउ उपलब्ध हुनु, उन्नत जातका पशुपालनको सम्भावना रहनु, हुनु आदि यस क्षेत्रका अवसरहरू रहेका छन् ।

(ख) चुनौती

कृषिमा युवा जनशक्ति आकर्षित गर्नु, कृषियोग्य समथर जमीनको बढ्दो अन्यथा प्रयोगलाई रोक्नु, काम गर्ने उमेर समूहका मानिसको बढ्दो पलायनलाई रोक्नु, बाली विविधिकरण र सघनीकरण गर्नु, पर्याप्त सिंचाइको व्यवस्था गर्नु, जैविक खेतीको विस्तार गर्नु, कृषिलाई व्यवसायिकरण गर्नु, उन्नत नश्ल र व्यवसायिक पशुपालन गर्नु, विभिन्न सरुवा रोग तथा प्रकोपहरुको प्रभावबाट बच्ने उपाय विकास गर्नु, कृषि तथा पशु विमालाई विस्तार गर्नु, जलवायु परिवर्तनका असर अनुरूप अनुकूलनका बाली विकास गर्नु, खसीबोका, कुखुरा तथा अन्य पशुपंक्षीको मासुको व्यवसायिक उत्पादन गर्नु, कृषि पेशालाई सम्मानित पेशाको रूपमा स्थापित गर्नु, कृषि तथा पशु बीमा प्रणालीलाई कार्यान्वयनमा ल्याउनु, कृषिमा वित्तीय पहुँच पुऱ्याउनु, वन्यजन्तुबाट हुने नकारात्मक प्रभावबाट कृषि तथा पशुपालनलाई संरक्षण गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती रहेका छन् ।

३.१.४ उद्देश्य

१. कृषि र पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी कृषकको जीवनस्तरमा सुधार गर्नु ।

२. कृषि र पशुपालन क्षेत्रको विशिष्टिकरण, व्यवसायिकरण, बजारीकरण गर्नु ।

३.१.५ रणनीति

१. उन्नत कृषि सामग्री, बीउ विजन, औजार, वित्तीय सेवा तथा जैविक प्रविधिको उपयोग गर्ने । (१)

२. भू-बनौटको आधारमा कृषि जमिनको सुधार गर्ने, (१)

३. कृषि अनुसन्धान, नविन ज्ञान र प्रविधिमा कृषकको पहुँच अभिवृद्धि गर्ने । (१)

४. पकेट क्षेत्र विकास गरी कृषिमा विशिष्टीकरण, व्यवसायिकरण र बजारीकरण गर्ने (२)

५. पशुपन्छीको विकास गरी कृषकको आयमा वृद्धि गर्ने (१ र २)

६. स्थानीय जातका बीउ विजन र उत्पादनको प्रवर्द्धन र सम्बर्द्धन गर्ने । (२)

३.१.६ कार्यनीति

रणनीतिः १ उन्नत कृषि सामग्री, बीउ विजन, औजार, वित्तीय सेवा तथा जैविक प्रविधिको उपयोग गर्ने ।

१. उन्नत बिउ, मल, प्रविधि लगायत कृषि सामग्री आपूर्ति सहज र सुलभ बनाइनेछ ।

२. आधुनिक सिँचाई प्रविधिको प्रवर्द्धन (lifting, drip, sprinkle, water harvest, tank) गरिनेछ ।

३. कृषि उपज तथा पशुपालन क्षेत्रमा वित्तीय र बीमा सेवाको पहुँच अभिवृद्धि गर्ने ।

४. सिंचाइको सुविधा विस्तार गरिनेछ ।

५. जैविक कृषि क्षेत्रको विकास गरी प्रवर्द्धन गरिनेछ ।

६. जैविक मल र किटनाशक औषधि उत्पादन तथा उपयोग गर्ने कृषकलाई प्रोत्साहन गरिनेछ ।

७. कृषि सहकारी एवं वित्तीय संस्थाहरूसंग कृषकहरूको पहुँच बढाइनेछ ।

८. कृषि क्षेत्रमा संघ, प्रदेश एवं गाउँपालिकाको अनुदान तथा सुविधाहरूको बारेमा कृषहरूलाई सुसूचित गराइनेछ ।

९. व्यवसायिक रूपमा कृषि तथा पशुपालन गर्ने कृषकहरूलाई विषयगत उत्पादन सहकारीमा आवद्ध गरी बजार र सेवा सुविधामा पहुँच सुनिश्चित गर्न सहयोग पुर्‍याइनेछ ।

१०. महिला मैत्री कृषि प्रविधि र औजारहरूमा पहुँच बढाइनेछ ।

रणनीतिः २ भू-बनौटको आधारमा कृषि जमिनको सुधार गर्ने ।

१. माटो र मौसम अनुकूल बाली प्रणालीको विकास गरिनेछ ।

२. गह्रा तथा पाटो सुधार गरी कृषिको उत्पादकत्व बढाइनेछ ।

३. खेतीयोग्य जमिनमा बस्ती विकासलाई निरुत्साहित गरिनेछ ।

रणनीतिः ३ कृषि अनुसन्धान, नविन ज्ञान र प्रविधिमा कृषकको पहुँच अभिवृद्धि गर्ने ।

१. कृषकलाई उच्च मूल्यका कृषि तथा पशुजन्य उत्पादनका लागि कृषि सम्बद्ध अनुसन्धान संस्था तथा शैक्षिक संस्थाको नवीन ज्ञान र सिपलाई कृषक समक्ष पुर्‍याउने व्यवस्था गरिनेछ ।

२. कृषि सेवा प्रदायक संस्थाको सुदृढीकरण गरी कृषकको घर आँगनसम्म सेवा र टेवा पुर्‍याइनेछ ।

३. कृषि सेवा प्रदायक संस्थालाई लैगिकं मैत्री तथा समावेशी बनाइनेछ ।

४. अगुवा कृषकहरूको विकास गरी उनीहरूको ज्ञान सीप र अनुभवलाई उपयोग गरिनेछ ।

५. कृषि क्षेत्रमा दक्ष जनशक्ति उत्पादनलाई प्राथमिकता दिनुका साथै यस्तो जनशक्ति उत्पादनमा समावेशीताको सिद्धान्तको अवलम्बन गरिनेछ ।

६. वैदेशिक रोजगारबाट फर्किएर आएका युवाहरूलाई उनीहरूले सिकेको सीपमा आधारित कृषि प्रवर्द्धनमा उपयोग र परिचालन गरिनेछ ।

७. लक्षित वर्गहरूमा आधारित विभिन्न कृषि उपज सीप र उद्यमशीलताको तालिम दिइनेछ ।

८. गाउँपालिकाभित्र सघन खेतीका संभाव्य क्षेत्रहरूको पहिचान गरिनेछ ।

९. कृषक तालिम र अध्ययन भ्रमणका माध्यमबाट हासिल ज्ञान र सिपलाई उद्यमशीलता तर्फ उन्मुख गराइनेछ ।

१०. कृषक अगुवाहरूलाई अनुसन्धान केन्द्र र कृषि विश्वविद्यालयसँग आवद्ध गराइनेछ ।

११. कृषिमा भएका राम्रा अभ्यासको अनुसरण गरिनेछ ।

१२. उत्कृष्ट कृषक अगुवालाई प्राविधिक शिक्षा तथा तालिम केन्द्र (CTEVT) बाट सीप परीक्षण प्रमाणपत्र उपलब्ध गराइनेछ ।

रणनीतिः ४ पकेट क्षेत्र विकास गरी कृषिमा विशिष्टीकरण, व्यवसायीकरण र बजारीकरण गर्ने ।

१. एक गाउँ एक उत्पादनमा जोड दिइनेछ ।

२. हावापानी र माटोको अनुकुलता अनुसार बेमौसमी तरकारी तथा फलफूल उत्पादन गर्न प्रोत्साहित गरिनेछ ।

३. प्रत्येक वडामा कृषि उपज सकंलन तथा कृषि हाट वजारको व्यवस्था गरिनेछ ।

४. कृषि उत्पादलाई मूल्य श्रृङ्खलामा आवद्ध गरी विकास गरिनेछ ।

५. कृषि उत्पादनको आन्तरिक र बाह्य वजारमा पहुँच भएको हुनेछ ।

६. कृषि क्षेत्रको विकास र व्यवसायिकरणका लागि नीतिगत कानूनी व्यवस्था मिलाइने छ ।

७. कृषि सहकारीहरूको विकास गरी कृषि सामग्रीको आपूर्ति एवं उत्पादित बस्तुको संकलन, प्रशोधन, गुणस्तर व्यवस्थापन र बजारीकरण गर्न परिचालन गरिनेछ ।

८. स्थानीय पहिचानका विशिष्टीकृत उत्पादनको ब्राण्डिङ गरी राजधानीमा आउटलेटको व्यवस्था लगायत विभिन्न तरिका अपनाई प्रवर्द्धन गर्न प्रोत्साहन गरिनेछ ।

९. उत्पादनको लेवलिङ र बजारीकरणमा कृषक समूह र सहकारी संस्थाहरूलाई सहयोग प्रदान गरिनेछ ।

१०. अलैंची र कफी विकासको विस्तृत अध्ययन (DPR) गरी पकेट क्षेत्रको विकास गरिनेछ ।

११. बेमौसमी अर्ग्यानिक तरकारी खेती प्रवर्द्धन गरी पकेट क्षेत्रको रूपमा विकास गरिनेछ ।

रणनीतिः ५ पशुपन्छीको उत्पादन बृद्धि गरी कृषकको आयमा वृद्धि गर्ने ।

१. उच्च नस्लका बाखा, गाई र भैंसी लगायतका पशुपालन प्रति कृषकहरूलाई प्रोत्साहित गरिनेछ ।

२. गाउँपालिकाको धरातलीय क्षेत्र अनुकूल च्याङ्ग्रा, बाखा, गाई, भैंसी लगायतका पशुपालनमा गोठ सुधार र नस्ल सुधार सहित व्यवसायिक पशुपालनमा प्रोत्साहन सहित जोड दिइनेछ ।

३. पशुस्वास्थ्य सुधारका लागि दक्ष प्राविधिक, औषधि उपचारको व्यवस्था र पशुस्वास्थ्य शिवीर सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

४. सहकारितामा आधारित दुग्ध संकलन विस्तार तथा चिस्यान केन्द्रको स्थापना गरिनेछ ।

५. कुखुरा, माछा, परेवा तथा ठूला जनावरको मासुको गुणस्तरीय उत्पादन बढाउँदै बजारको पहुँच विस्तार गरिनेछ ।

६. व्यवसायिक मौरीपालनलाई प्रोत्साहन गर्दै उत्पादको बजारीकरणमा सहजीकरण गरिने छ ।

७. जैविक मल तथा किटनाशक औषधि उत्पादन गर्न कृषकहरूलाई ज्ञान र प्रविधि हस्तान्तरण गरिनेछ ।

८. पशु बीमा कार्यक्रमलाई विस्तार गरी प्रत्येक किसानको पहुँचमा पुऱ्याइनेछ ।

रणनीति ६: स्थानीय जातका बीउ बिजन र उत्पादनको प्रवर्द्धन र सम्बर्द्धन गर्ने ।

१. कृषि तथा पशु बीउ उत्पादन पाठशाला सञ्चालन गरी निरन्तर नयाँ प्रविधिको प्रवर्द्धन गरिनेछ ।

२. रैथाने बीउ विजनहरूको स्थानीय स्तरमा संग्रह गर्न सहकारीलाई प्रोत्साहित गरिनेछ ।

३. स्थानीय विशिष्टता झल्कने बालीको बीउको व्यवसायिक उत्पादन र बजारीकरणमा सहजीकरण गरिनेछ ।

३.१.७ प्रमुख कार्यक्रम

(क) गाउँपालिका आफैले सम्पादन गर्ने

१. कृषि विकास रणनीतिको कार्यान्वयन तथा समन्वय ।
२. पकेट क्षेत्र विकास कार्यक्रम ।
३. एक वडा एक कृषि प्राविधिक सहितको कृषि प्रशार सेवा ।
४. साना कृषक उत्थान कार्यक्रम ।
५. जैविक खेती तथा बेमौसमी खेती ।
६. कृषक उत्पादन प्रदर्शनी र कृषक पुरस्कार ।
७. कृषक तालिम, अवलोकन तथा अध्ययन कार्यक्रम ।
८. कृषि उपज संकलन तथा हाट वजार केन्द्र ।
९. कृषि पशु अनुदान कार्यक्रम ।
१०. गोठ सुधार कार्यक्रम ।
११. रैथाने बीउ विजन विकास ।
१२. व्यवसायिक मौरी पालन ।

१३. कृषि तथा पशु बीमा ।
१४. कृषक उत्पादन समूहको गठन र परिचालन ।
१५. साना कोल्ड स्टोरेज ।

(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने

१. कृषि उद्यमशीलता विकास सम्बन्धी ।
२. कृषि तथा पशु बिमा कार्यक्रम ।
३. कृषि थोक बजार विकास ।
४. मध्यमस्तरीय कोल्ड स्टोरेज ।
५. पकेट क्षेत्र विकास ।
६. उच्च स्तरको तालिम, अवलोकन तथा अध्ययन भ्रमण कार्यक्रम संचालन ।
७. कृषक घुम्ती स्कूलहरूको (FFS) सञ्चालन ।

(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने

१. पकेट क्षेत्र विकास ।
२. कृषि क्याम्पस तथा अनुसन्धान केन्द्रसँग कृषक समूहको आवद्धता कार्यक्रम ।
३. उद्यमशील श्रमको सम्मान गर्न विभिन्न कोष तथा पुरस्कारको व्यवस्था ।
४. गाउँपालिकाभित्र सघन खेतीको सम्भाव्य क्षेत्रहरू पहिचान गर्न अनुसन्धान ।
५. धरातलको आधारमा जैविक उत्पादनको ब्रान्डिङ कार्यक्रम संचालन ।

३.१.८ अपेक्षित उपलब्धि

कृषिक्षेत्रको कुल गार्हस्थ उत्पादन ७७ करोड पुगेको हुने, न्यूनतम पाँच उच्च मूल्य बालीको व्यवसायिक खेती भएको हुने, नगदेबालीको उत्पादन (बुद्धचित्त, कफी, अलैची) ९ प्रतिशत पुगेको हुने, कृषि उपज विक्री गर्ने कृषकको संख्या २३ प्रतिशत पुगेको हुने, तरकारी र फलफूल खेतीमा संलग्न कृषक २० प्रतिशत पुगेको हुने, ५० प्रतिशत गोठहरू सुधार भएको हुने, उन्नत नश्लका पशुपालन २५ प्रतिशत पुगेको हुने, ४० प्रतिशत किसान व्यवसायिक कुखुरा तथा पशुपालन र मौरीपालनमा संलग्न भएको हुने, जैविक खेती गाउँपालिका घोषित भएको हुने, कम्तीमा ५ वटा तरकारी तथा पशुसंकलन केन्द्र स्थापना भएको हुने, थप एकवटा दुग्ध चिस्यान केन्द्रको स्थापना भएको हुने ।

३.२ पर्यटन तथा संस्कृति

३.२.१ पृष्ठभूमि

पर्यटन प्रवर्द्धनको दृष्टिबाट रोशी गाउँपालिकाले प्रचूर सम्भावना बोकेको छ। यहाँका प्राकृतिक स्रोत (वन जंगल) तथा मनोरम दृश्य, तामाङ संस्कृति तथा जैविक विविधता आदि आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षणका दृष्टिले महत्वपूर्ण छन्। यहाँ स्थित महाभारत श्रृंखला हुँदै बेथानचोक नारायणस्थान सम्मको पैदल यात्रा मार्ग पर्यटकहरूका लागि थप आकर्षणको विषय बन्न सक्दछ। यहाँका तामाङ समुदायको मौलिक संस्कृति, जात्रा तथा परम्परा यस क्षेत्रकै चिनारीको रूपमा रहनुका साथै पर्यटक आकर्षणको समेत महत्वपूर्ण माध्यम हुन सक्दछ। यस गाउँपालिकामा रहेका प्रमुख पर्यटकीय स्थलमा १३ वटा. रहेका छन्। यसैगरी ऐतिहासिक स्थलहरूमा ताराखसे लेक, हात्ति आल, सितापाईला, मंगलटार बजार आदि प्रमुख रहेका छन्।

गाउँपालिकाले पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले पर्यटन गुरुयोजना निर्माण गर्ने सोच राखेको छ। यस गाउँपालिकामा हाल बार्षिक ८० जना बाह्य र ५०० जना आन्तरिक पर्यटक आउने गरेको अभिलेख रहेको छ। यस गाउँपालिकामा पर्यटनबाट करिब रु. ५ लाख आय प्राप्त हुनका साथै ७ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन्। यस गाउँपालिकामा हाल होटल तथा होमस्टेमा गरी जम्मा १५वटा रहेका छन् तथापी हामस्टेहरुलाई भने थप व्यवस्थित गर्न जरुरी देखिन्छ ।

३.२.२ प्रमुख समस्या

पर्यटकीय स्थल र उपजहरूको पहिचान हुन नसक्नु, पर्यटकीय उद्यान तथा स्तरीय पदमार्गको विकास हुन नसक्नु, पर्यटकीय पूर्वाधारको अभाव, आतिथ्य सेवा सम्बन्धी तालिमको अभाव, सञ्चार सुविधा तथा पर्यटक सुरक्षाको प्रवन्धमा कमी हुनु, पर्यटकीय होटल, होमस्टे आदिको अवस्था कमजोर हुनु, प्रचार प्रसारको कमी हुनु, तालिम प्राप्त पर्यटकीय जनशक्ति (जस्तै भरिया, कुक, गाइड) को कमी हुनु, मौलिक संस्कृतिको क्षय हुँदै जानु, स्थानीय खानपिन भेषभूषा लोप हुँदै जानु, भूकम्पबाट सम्पदाहरूमा क्षति पुग्नु आदि यस क्षेत्रका प्रमुख समस्या हुन्।

३.२.३ अवसर र चुनौती

(क) अवसर

विपी मार्ग तथा अन्य सर्वयाम सडक सञ्जाल पर्यटकीय मार्गसँग जोडिनु, मनोरम हिम शिखरहरू नजिकैबाट देखिनु, पिकनिक स्पट र सेल्फी डाँडाहरू प्रशस्त हुनु, संघीय सरकारबाट भिजिट नेपाल २०२० को घोषणा हुनु, पर्यटन गुरु योजना निर्माण गर्ने सोच रहनु, विभिन्न स्थानमा होमस्टेको सञ्चालन हुनु, संघ, प्रदेश र स्थानीय सरकारको प्राथमिकतामा पर्नु, स्थानीय संस्कृति र कलाको प्राचुर्यता, सर्वसाधारणमा स्थानीय संस्कृति र उत्पादनहरू जगेर्ना गर्ने भावना वृद्धि हुनु, पर्यटन क्षेत्रप्रति निजी क्षेत्र आकर्षण बढ्दै जानु यस गाउँपालिकामा विभिन्न जातजाती, संस्कृति र भाषा भाषीको उपस्थिति रहनु, पर्यटकको सत्कार रोशी पालिकाको संस्कार भन्ने नारा साथ विशेष कार्यक्रमको आरम्भ गर्ने सोच रहनु आदि यस क्षेत्रका अवसर हुन्।

(ख) चुनौती

पर्यटकीय पूर्वाधारको विकास गर्नु, आतिथ्य सेवा सम्बन्धी गुणस्तरीय होटल तथा होमस्टे तथा

पदमार्गहरूको विकास गर्नु, राजधानीको नजिकमा रहेको तामाङ संस्कृति सहितको महाभारत क्षेत्रको पर्यापर्यटकीय अवसरलाई बाह्य बजारसमक्ष उजागर गर्नु, गुणस्तरीय सञ्चार सुविधाको सञ्जालीकरण गर्नु, पर्यटकीय उपजहरूको विकास, विविधिकरण र प्रचार प्रसार गर्नु, जनशक्तिको विकास गर्नु, स्थानीय कला र संस्कृतिको संरक्षण र संवर्द्धन गर्दै पर्यटनसँग जोड्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

३.२.४ उद्देश्य

पर्यटन क्षेत्रको विकास गरी आय र रोजगारीमा वृद्धि गर्नु ।

३.२.५ रणनीति

१. गाउँपालिका तथा वरीपरी क्षेत्रमा रहेका पर्यटकीय स्थलको पहिचान गर्दै पर्यटन पूर्वाधारको विकास गर्ने ।

२. पर्यटकको आगमन संख्या र बसाईमा वृद्धि गर्ने ।

३.२.६ कार्यनीति

रणनीति १: गाउँपालिका तथा वरिपरि क्षेत्रमा रहेका पर्यटकीय स्थलको पहिचान गर्दै पर्यटन पूर्वाधार विकास गर्ने ।

१. गाउँपालिकाको पर्यटन प्रवर्द्धन रणनीतिक योजना तयार पारिनेछ ।

२. महाभारत लेकमा रहेको उच्च पहाडी गोरेटोलाई घ्याङडाँडा देखि ताराखसेलेक पर्यटकीय पैदल मार्गको रुपमा विकास गरिनेछ ।

३. पर्यटकीय स्थल र सम्पदाको संरक्षण गरिनेछ ।

४. धार्मिक, सांस्कृतिक, ऐतिहासिक प्रवर्द्धन र संरक्षण कार्यक्रम संचालन गरिनुका साथै स्थानीय पहिचान दर्साउने कला र संस्कृतिको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

५. पर्यटकलाई आकर्षित गर्ने हनी हन्टिङ फेस्टिफल, उच्चस्थानका गोठ भ्रमण (Back to nature) आदि जस्ता मौलिक कार्यक्रमहरूको सञ्चालन गरिनेछ ।

६. पर्यटन क्षेत्रमा महिला सहभागिता बढाउन महिला गाइडहरू प्रशिक्षित गरिनेछ ।

रणनीति २: पर्यटकको आगमन संख्या र बसाईमा वृद्धि गर्ने ।

१. पर्यटन व्यवसायीहरूसँगको साझेदारीमा पर्यटन सूचना केन्द्र र संग्रहालयको स्थापना गरिनेछ ।

२. तामाङ संस्कृतिको प्रचार प्रसार र थप होमस्टे लगायत पर्यटकीय सम्भावनाको विकास विस्तार र प्रचार प्रसार गरिनेछ ।

३. पर्यटकीय व्यवसायका लागि पर्यटक गाइड, कुक, वेटर आदि तालिम कार्यक्रम संचालन गरिनेछ ।

४. स्थानीय उत्पादन बिक्री केन्द्र/कोशेली घरको स्थापना गरिनेछ ।

५. पर्यटकीय उपजको विविधिकरण गरिनुका साथै पर्यटन विकासमा निजी क्षेत्रसँग साझेदारी गरिनेछ ।

६. पर्यटकको सुरक्षाको प्रत्याभूति गरिनेछ ।

७. पर्यटकीय सेवा प्रदायकहरूलाई स्थानीय उत्पादनको प्रयोग गर्न प्रोत्साहित गरिनेछ ।

८. पर्यटन सूचना केन्द्र स्थापना गरिनेछ ।

३.२.७ प्रमुख कार्यक्रम

(क) स्थानीय तह आफैले सम्पादन गर्ने

- पर्यटन विकास गुरुयोजना निर्माण ।
- होमस्टेको स्थापना र विस्तार ।
- पर्यटन पूर्वाधार विकास ।
- स्थानीय धार्मिक, सांस्कृतिक, ऐतिहासिक स्थानको संरक्षण र प्रवर्द्धन ।
- स्थानीय उत्पादन बिक्री केन्द्र/कोशेली घरको स्थापना ।
- मौलिक तथा लोपोन्मुख भाषा, संस्कृति र सम्पदाको संरक्षण ।
- स्थानीय खाद्य पदार्थको प्रवर्द्धन ।
- सांस्कृतिक संग्रहालय ।
- परम्परागत संस्कृति र भेषभूषाको संरक्षण र प्रवर्द्धन ।
- पर्यटन सूचना केन्द्र र संग्रहालय ।
- अन्तर स्थानीय साझेदारीका कार्यक्रम ।
- पर्यटन सेवा सम्बन्धी तालिम ।

(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने

- अन्तर पालिका पर्यटकीय पैदल मार्गको पहिचान, नक्सांकन तथा निर्माण ।
- पदयात्रा मार्गको निर्माण ।
- पर्यटन व्यवसाय सम्बद्ध तथा अतिथि सत्कार तालिम ।
- मौलिक तथा लोपोन्मुख भाषा संस्कृति र सम्पदाको संरक्षण ।

(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने

- पर्यटकीय पूर्वाधारको विकास तथा पैदलमार्गको निर्माण ।
- राष्ट्रिय, अन्तर्राष्ट्रिय तहमा प्रचार प्रसार ।
- दक्ष जनशक्ती उत्पादन ।

३.२.८ अपेक्षित उपलब्धि

पर्यटन गुरुयोजना निर्माण भई कार्यान्वयनमा आएको हुने, पर्यटनबाट बार्षिक १ करोडको आय हुने, ७०

जनाले रोजगारी प्राप्त भएको हुने, पर्यटकको औसत बसाइ ३ दिन पुगेको हुने, पर्यटक संख्यामा आन्तरिक १५० वना र वैदेशिक १५० जना पुगेको हुने, ३० वटा होटल तथा होमस्टे सुचारु भई ७० वेड क्षमता पुगेको हुने, पर्यटकीय गन्तव्य स्थल (प्राकृतिक तथा सांस्कृतिक) ७ वटा पुगेको हुने, प्रत्येक वडामा एक एकका दरले १२ वटा पिकनिक स्थल/सार्वजनिक उद्यानको निर्माण भएको हुने, महाभारत पदयात्रा मार्गको निर्माण भएको हुने, पर्यटन व्यवसाय सम्बन्धित २० जना दक्ष जनशक्ति तयार भएको हुने, एक वटा पर्यटन सूचना केन्द्र, दुईवटा संग्रहालय र दुई वटा कोशेली घर स्थापना भएका हुने, पर्यटन क्षेत्रसँग सम्बन्धित स्थनीय संघ/संस्थाहरू को संस्थागत क्षमता विकास भएको हुनेछ ।

३.३ उद्योग, व्यापार, व्यवसाय

३.३.१ पृष्ठभूमि

उद्योग, व्यापार र व्यवसाय आर्थिक क्रियाकलाप, रोजगारी र मूल्य अभिवृद्धि श्रृङ्खलाका प्रमुख आधार हुन् । यी क्षेत्रले पालिकाको आर्थिक विकासलाई गतिवान बनाउन सहयोग पुऱ्याउँदछन् । घरधुरी सर्वेक्षण २०७५ अनुसार रोशी गाउँपालिकामा विभिन्न औद्योगिक तथा व्यापार व्यवसायहरु मा किराना पसल १६५ वटा, साना होटल ९४ वटा, तरकारी पसल १९ वटा, कपडा पसल २३ वटा, हार्डवेयर ३ वटा, स्टेशनरी ४ वटा, औषधी पसल ४ वटा, टेलर १३ वटा र कस्मेटिक ५ रहेका छन् । हाल यस गाउँपालिकामा निर्माण व्यवसाय सम्बन्धी उद्योगहरु १५ वटा रहेका छन् । देशको राजधानी काठमाण्डौ उपत्यकाको लागि ढुंगा, गिट्टी, बालुवा जस्ता खानीजन्य निर्माण सामाग्री आपूर्तिमा यस पालिकाको ८ प्रतिशत योगदान रहेको छ । पालिकामा रहेका उद्योग मध्ये अधिकांस लघु तथा घरेलु स्तरका छन् । यस क्षेत्रबाट कुल गार्हस्थ्य उत्पादनमा २७ प्रतिशत योगदान पुगेको छ । यसपालिकामा रहेका प्रमुख बजार केन्द्रहरूमा कटुन्जे, मंगलटार, फलामेसाँघु, नार्के, माम्ति, घट्टेखोला, पोटाखोला आदि रहेका छन् ।

घरधुरी सर्वेक्षण अनुसार कुल ११४० जनाले विभिन्न सीपमूलक तालिम लिएको देखिन्छ । यस मध्ये सिलाई वुनाई १५६ जनाले निर्माणसँग सम्वन्धित १४५ जना, कम्पूटर १६१ जना, स्वास्थ्य सम्वन्धी तालिम लिने ८९. जना, पशु तथा कृषि ३०६ जना रहेका छन् । अन्य विभिन्न प्रकारका २८७ जनाले तालिम लिएका छन् ।

३.३.२ प्रमुख समस्या

स्थानीय स्तरमा व्यवसायिक उत्पादन हुन नसक्नु, सिमित उत्पादनको (जस्तै बुद्धचित्त, कफी, जडिबुटी) वजारीकरण हुन नसक्नु, उद्यमशीलता तथा सीपको कमी हुनु, उद्योग तथा औद्योगिक ग्रामको स्थापना हुन नसक्नु, जडिवुटी जन्य वस्तु प्रशोधन गर्ने उद्योगको अभाव हुनु, उत्पादित वा आयातित वस्तुको उत्पादन लागत उच्च हुनु, प्राविधिक जनशक्ति को कमी हुनु लगानीको लागि वित्तीय पहुँच कमजोर हुनु, सहकारीको लगानी उद्यम विकासतर्फ परिचालित हुन नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

३.३.३ अवसर र चुनौती

(क) अवसर

विपी राजमार्गको २२ किमि खण्ड यस पालिका भएर जानु, यातायात पूर्वाधारबाट गाउँपालिकाका सबै वडाकेन्द्र जोडिनु, केन्द्रीय विद्युत ग्रिड तथा सञ्जालबाट विद्युत आपूर्ति हुनु, गाउँपालिका औद्योगिक लगानी मैत्री हुनु, विभिन्न लघु उद्योगहरू विद्यमान हुनु र तिनका प्रवर्द्धनका सम्भावना रहनु, एक गाउँपालिका एक औद्योगिक ग्राम स्थापना गर्ने केन्द्रीय नीति रहनु, विभिन्न जडिबुटी जस्तै जटामसि, निर्मसी, तेजपत्ता, दालचिनी, सतुवा, लोक्ता, सिस्नु, रिठो, लोठसल्ला आदि उपलब्ध हुनु, कृषि र जडिबुटी सम्बन्धी प्रशोधन उद्योगको सम्भावना रहनु, लघु तथा घरेलु उद्योगका लागी आवश्यक कच्चा पदार्थहरू स्थानीय रूपमा उपलब्ध हुनु, क्षमता तथा उद्यम विकासमा कार्य गर्ने गैससको उपस्थिति रहनु, आदि यस क्षेत्रका प्रमुख अवसर हुन् ।

(ख) चुनौती

निजी क्षेत्र (लगानी) आकर्षित गर्नु, वित्तीय क्षेत्रमा पहुँच पुग्नु, स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गर्नु, औद्योगिक क्षेत्रका लागि आवश्यक पर्ने जनशक्तिको उत्पादन गर्नु, औद्योगिक उत्पादनको बजार सम्म पहुँच हुनु, युवा पलायन रोक्नु, औद्योगिक ग्राम र औद्योगिक पूर्वाधारको विकास गर्नु, उद्यमशीलताको विकास गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

३.३.४ उद्देश्य

१. उद्यमशीलताको विकास गर्नु ।

२. उद्योग व्यवसाय क्षेत्रमा लगानी आकर्षित गर्नु ।

३.३.५ रणनीति

१. प्राविधिक ज्ञान र उद्यमशीलताको विकास गर्दे युवा समूहलाई उद्योग क्षेत्रमा आकर्षित गर्ने । (१)

२. प्रतिस्पर्धात्मक क्षमता भएका स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गर्ने । (२)

३. निजि लगानीलाई आकर्षित गर्दै औद्योगिक उत्पादन तथा व्यापार व्यवसायमा वृद्धि गर्ने ।(२)

४. स्थानीय बैङ्क तथा सहकारी लगायतका वित्तीय संस्थाहरूबाट बचत परिचालन गरी उद्यम व्यवसायमा लगानीका लागि पुँजी निर्माण गर्ने । (२)

३.३.६ कार्यनीति

रणनीति १: प्राविधिक ज्ञान र उद्यमशीलताको विकास गर्दे युवा समूहलाई उद्योग क्षेत्रमा आकर्षित गर्ने ।

१. स्थानीय स्तरमा लघु र घरेलु उद्योग व्यवासय स्थापनालाई प्रोत्साहन गरिनेछ ।

२. वैदेशिक रोजगारबाट फर्किएका युवाहरूलाई उनीहरूले सिकेको सीप अनुरूप उद्योग व्यवसाय क्षेत्रमा लगानी गर्न आकर्षित गरिनेछ ।

३. स्थानीय उत्पादनमा आधारित उद्योग स्थापनाका लागि सीप विकास तथा तालिम कार्यक्रमहरू संचालन गरिनेछ ।

४. नयाँ स्थापना हुने रोजगारमूलक उद्योगमा स्किम धितोका आधारमा सहुलियत ऋण उपलब्ध

गराउन सहजीकरण गरिनेछ ।

५. स्थानीय उत्पादनलाई प्रस्रय दिने खालका प्रवर्द्धनात्मक कार्यक्रमहरू संचालन गरिनेछ ।

६. परम्परागत प्रविधिमा आधारित उद्योगहरूलाई नयाँ प्रविधिसँग जोडी आयस्तर वृद्धि गर्न सहयोग पुर्‍याइनेछ ।

७. पछाडि परेका वर्ग पराम्परागत शीप भएका समूह पहिचान गरी नयाँ प्रविधिसँग आवद्ध गर्दै व्यवसायीकरण गर्न सहुलियत प्रदान गरिनेछ ।

८. महिला उद्यमशीलता तालिम संचालन गरी महिलाद्वारा संचालित उद्यमहरूलाई विशेष सहुलियत प्रदान गरिनेछ ।

९. "रोशी ब्रेनगेन फोरम" को विकास गरी रोशी मूलथलो भई बाहिर बस्नेहरूलाई लगानी गर्न आकर्षित गरिने तथा तिनका बीच आर्थिक सञ्जालीकरण गरिनेछ ।

रणनीति २: प्रतिस्पर्धात्मक क्षमता भएका स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गर्ने ।

१. स्थानीय जडिबुटी, जैविक कृषि उपज, फलफूल तथा तरकारी प्रशोधन सम्बन्धी उद्योगहरूको स्थापना र विकासमा प्रोत्साहन गरिने छ ।

२. स्थानीय उत्पादनको ब्राण्डिङ्ग गरी प्रवर्द्धन गरिनेछ ।

३. स्थानीय उत्पादनको बजारीकरणका लागि सहकारी र निजी क्षेत्रसँग सञ्जालीकरण र सहकार्य गरिनेछ ।

रणनीति ३: निजी लगानीलाई आकर्षित गर्दै औद्योगिक उत्पादन तथा व्यापार व्यवसायमा वृद्धि गर्ने ।

१. एउटा औद्योगिक ग्राम स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

२. स्थानीय उत्पादन विक्रीका लागि कोशेली घरको स्थापना गरिनेछ ।

३. विदेश तथा स्वदेशमा नै यस गाउँपालिका बाहिर रहेका स्थानीय बासीलाई गाउँपालिका क्षेत्रमा उद्यम व्यवसाय संचालनमा लगानी गर्न प्रोत्साहन गरिनेछ ।

४. मूल्यलाई व्यवस्थित गर्न मूल्य सूची राख्ने र नियमित अनुगमन र नियमन गरिनेछ ।

५. अत्यावश्यक बस्तुको निर्वाध आपूर्तिको सुनिश्चित्ता गर्दै कृतिम अभाव, कालोबजारी जस्ता अनियमितता नियन्त्रण गरिनेछ ।

६. विषयगत उत्पादन संस्था र उद्योग वाणिज्य संघसंगको सहकार्यमा सबै किसिमका व्यापार व्यवसायलाई दर्ता गरी अभिलेखीकरण गराइनेछ ।

रणनीति ४: स्थानीय बैङ्क तथा सहकारी लगायतका वित्तीय संस्थाहरूबाट बचत परिचालन गरी उद्यम व्यवसायमा लगानीका लागि पूजि निर्माण गर्ने ।

१. वित्तीय संस्थाहरूबाट बचतका स्किमहरू विकास गरी ससाना बचतहरूलाई उद्यम व्यवसायतर्फ परिचालन गरिनेछ ।

२. विभिन्न समूह र सामुदायिक संस्थामा छरिएर रहेको बचतलाई उद्यम व्यवसाय संचालनमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

३.३.७ प्रमुख कार्यक्रम

(क) गाउँपालिका आफैले सम्पादन गर्ने

- नीति एव कानून तर्जुमा
- औद्योगिक ग्राम,
- स्थानीय उत्पादनको ब्राण्डिङ,
- उत्पादन वृद्धि तथा वजार पहिचान र प्रवर्द्धन,
- सीपमूलक तालिम कार्यक्रम,
- कृषि तथा जडिबुटी प्रशोधन उद्योगको स्किम निर्माण,
- कोशेली घर सञ्चालन ।

(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने

- व्यवसाय प्रवर्द्धन तालिम कार्यक्रम,
- प्रदर्शन स्थलको निर्माण
- स्थानीय लघु उद्योग प्रवर्द्धनका लागि आवश्यक मानव र वित्तीय संसाधनको विकास ।

(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने

- औद्योग्रिक ग्राम स्थापना ।
- प्रविधि हस्तान्तरण ।
- औद्योगिक तथा व्यवसायिक सहुलियत ।
- उद्योग व्यवसायको संभावना अध्ययन र अनुसन्धान ।
- कर्जा सुरक्षण ।
- वैदेशिक लगानी आकर्षण ।
- वित्तीय संस्थाहरूको स्थापना ।

३.३.८ अपेक्षित उपलब्धि

औद्योगिक ग्रामको स्थापनाका लागि सम्भाव्यता अध्ययन भएको हुने, गाउँपालिका क्षेत्रमा लघु/कुटिर तथा घरेलु उद्योगहरूको संख्या १०० र उत्पादनशील उद्योग २० वटा पुगेको हुने, कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान २७ प्रतिशत पुगेको हुने, घरेलु तथा साना उद्योग तथा व्यवसाय संचालन सम्बन्धी विषयमा २०० जनाले सीप विकास तथा उद्यमशीलता विकास सम्बन्धी तालिम प्राप्त गरेको हुने, बजारमा अत्यावश्यक उपभोग्य बस्तुको नियमित आपूर्ति भएको हुने हुनेछ ।

३.४ सहकारी तथा वित्तीय सेवा

३.४.१ पृष्ठभूमि

सहकारी क्षेत्रले रोशी गाउँपालिकाको आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेलेको छ। संविधानले सहकारी क्षेत्रलाई स्थानीय तहको अधिकारमा राखेको छ भने स्थानीय सरकार संचालन ऐनले सहकारी संस्था सम्बन्धी नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन गर्ने लगायतका बिभिन्न अधिकार स्थानीय तहलाई सुम्पेको छ।

यस गाउँपालिकामा ८८ वटा सहकारी संस्थाहरू दर्ता भएकोमा ४५ वटा सक्रिय रुपमा सञ्चालनमा रहेका छन् भने एउटा बैंक र ४ वटा वित्तीय संस्था कार्यरत रहेका छन्। यस गाउँपालिकामा जम्मा ५६.३%) घर मूलीको बैंकमा खाता रहेको छ। खातावाल घर मूलीको लैंगिक वर्गीकरण अनुसार महिला र पुरुषको संख्या अन्य वार्डको दाँजोमा वार्ड नं ६ मा धेरै छन्।

३.४.२ प्रमुख समस्या

सहकारी साक्षरताको कमी, उद्यमशीलताको कमी, ऋण तथा बचत सहकारीको बाहुल्यता हुनु, सहकारी संस्थाहरूले स्थानीय कृषि, पर्यटन, उद्योगका सम्भावनालाई उपयोग गर्न नसक्नु, सहकारीमा आधारित उद्यम व्यवसायको अभ्यास नहुनु, अपेक्षित रूपमा ससाना वचत परिचालन गर्न नसक्नु, बढी उत्पादनशील र पुँजी निर्माणको क्षेत्रमा न्यून लगानी हुनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन्।

३.४.३ अवसर र चुनौती

(क) अवसर

८८ वटा सहकारी संस्था सञ्चालनमा रहनु, सहकारी क्षेत्र गाउँपालिकाको अधिकारको दायरामा रहनु, कृषक उत्पादन समूहलाई संगठित गरी सहकारीमा आवद्ध गर्नु, सहकारी मार्फत व्यवसायिक कृषि तथा पशुपालन र जडिबुटी क्षेत्रमा लगानीको सम्भावना हुनु, संघीय सरकारबाट गाउँपालिकामा सहकारी खेती तथा सिंचाइका लागि सशर्त अनुदान उपलव्ध हुनु, उपभोग्य वस्तुहरूको सहज आपूर्तिका लागि सहकारी संस्थाहरूको भूमिका प्रभावकारी मानिनु आदि यस क्षेत्रका अवसरहरू हुन्।

(ख) चुनौती

सहकारी साक्षरता विस्तार गर्नु, सहकारीको लगानीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नु, स-साना ऋण र बचत परिचालन गर्नु, निजी क्षेत्र र सहकारी बीच सहकार्य बढाउनु, सहकारीमा आधारित उद्योग व्यवसाय सञ्चालन गर्नु, स्थानीय सीप तथा प्रविधिको उपयोग गर्नु, सेवा क्षेत्र अन्तर्गत विशेष गरेर शिक्षा, स्वास्थ्य तथा संचार क्षेत्रमा सहकारी संस्थाहरूको क्रियाशीलता बढाउनु, सहकारी संस्थाहरूद्वारा उत्पादित वस्तुहरू बजारश्रृङ्खलामा आवद्ध गर्नु, बचत तथा ऋण बीचको व्याजदरलाई सन्तुलित तुल्याउनु, बचत तथा ऋणको सुरक्षण सुनिश्चित गर्नु आदि यस क्षेत्रमा देखिएका प्रमुख चुनौतीहरू हुन्।

३.४.४ उद्देश्य

सहकारिताका माध्यमबाट स्थानीय अर्थतन्त्रको विकास गर्नु ।

३.४.५ रणनीति

१. ससाना बचत परिचालन गरी पुँजी निर्माण गर्ने ।

२. सहकारी क्षेत्रको लगानी उत्पादनशील क्षेत्रमा उपयोग गर्ने ।

३. विषयगत उत्पादन समूहलाई सहकारीमा आवद्ध गराउने ।

४. सहकारी संस्थाहरूमा सुशासन कायम गर्ने ।

३.४.५ कार्यनीति

रणनीति १: गाउँ बस्ती तहमा वित्तीय सेवाको पहुँच अभिवृद्धि गर्ने ।

१. ससाना बचत परिचालन गरी पुँजी निर्माण गरिनेछ ।

२. एक घर एक खाताको अभियानमा सहयोग र सहजीकरण गरिनेछ ।

३. बैंकबाट प्रदान हुने सहुलियत ऋण तथा अनुदानको उपयोगका सम्बन्धमा सूचना प्रवाह गरी जानकारी गराईनेछ ।

४. विप्रेषण आयलाई बैंकिङ सेवाबाट प्रवाह गर्न प्रेत्साहित गरिनेछ, वित्तीय साक्षरता कार्यक्रममा सहयोग पुर्याइनेछ ।

५. वित्तीय संस्थाहरूलाई उद्यम व्यवसायका क्षेत्रमा लगानी प्रवाह गर्न प्रोत्साहन गरिनेछ ।

६. ससाना बचत परिचालन गर्न सहकारी क्षेत्रको उपयोग गरिनेछ ।

७. सहकारीबाट कृषि तथा गैर कृषिजन्य उत्पादनूलक उद्योग व्यवसायका लागि सहुलियतपूर्ण ऋण प्रवाह गराउन प्रोत्साहित गरिनेछ ।

८. सहकारी एवं वित्तीय संस्थाहरूद्वारा संकलित बचत तथा प्रवाह गरिएको ऋणको सुरक्षणका लागि अनुगमन र नियमन प्रभावकारी बनाइनेछ ।

रणनीति २: सहकारी क्षेत्रको लगानी उत्पादनशील क्षेत्रमा उपयोग गर्ने।

१. सहकारी संस्थाहरूलाई स्थानीय स्रोत र साधनमा आधारित आर्थिक क्रियाकलापमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

२. सहकारी सदस्यहरूमा सीप, प्रविधि तथा उद्यमशीलताको विकास गर्न क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

३. सहकारी मार्फत कृषि, वन तथा गैर कृषि उत्पादनलाई मूल्य श्रङ्खलामा आवद्ध गरी बजारीकरण गरिनेछ ।

रणनीति ३: विषयगत उत्पादन समूहलाई सहकारीमा आवद्ध गराउने ।

१. कृषि, पशुपालन, वनजन्य उद्योग र पर्यटन लगायतका क्षेत्रसम्बद्ध उत्पादन समूहहरूलाई पहिचान गरी सहकारी संस्थामा आवद्ध गराइनेछ ।

२. सहकारी सदस्यहरूलाई व्यवसायिक पशुपालनमा क्रियाशील तुल्याउन सहकारी सदस्यहरूको साझा गोठ तथा चरनलाई प्रवर्द्धन र प्रोत्साहित गरिनेछ ।

३. सहकारी संस्थाहरूलाई कृषिजन्य उत्पादन (अन्नबाली, फलफूल, मौसमी/बेमौसमी तरकारी) लाई विषादीमूक्त गर्न जैवीक प्रविधिको उपयोगमा परिचालन गरिनेछ ।

४ सहकारी सुपथ मूल्य पसलको स्थापना गरी अत्यावश्यक उपभोग्य सामग्रीको आपूर्तिको सुनिश्चित गरिनेछ ।

५. स्थानीय सहकारीबाट कृषि सामाग्री तथा स्थानीय उत्पादनको खरिद विक्रीको व्यवस्थालाई सहज बनाइनेछ ।

रणनीतिः ४ सहकारी संस्थाहरूमा सुशासन कायम गर्ने ।

१. सहकारी सदस्यहरूलाई सहकारीको आधारभूत सिद्धान्त, मूल्य, आचार संहिता र कार्यविधिबारे अभिमूखीकरण गरिनेछ ।

२. सहकारी संस्थाहरूको प्रगती तथा वित्तीय स्थिति सम्वन्धमा जानकारी पुस्तिकाहरूको प्रकाशन, प्रतिवेदनहरूको सार्वजनीकिकरण गरी नियमितता, पारदर्शीता र जवाफदेहिता सुनिश्चित गरिनेछ ।

३. सहकारी संस्थाहरूको करोवारको नियमित लेखा परीक्षण गराई सोको प्रतिवेदन वार्षिक साधारण सभामा पेश हुने प्रभावकारी व्यवस्था मिलाइने छ ।

४. सहकारी संस्थाहरूको व्यवस्थित र अद्यावधिक अभिलेख राखिनेछ ।

५. सहकारी संस्थाहरूको नियमित अनुगमन तथा नियमन गरिनेछ ।

६. स्थानीय स्तरमा सहकारीता प्रवर्द्धनका लागि संघ, प्रदेश र स्थानीय सरकारका बीचमा सहकार्य र समन्वय गरिनेछ ।

३.४.६ प्रमुख कार्यक्रम

(क) गाउँपालिका आफैले सम्पादन गर्ने कार्यक्रमहरू

१. सहकारी सम्बन्धी नीति तथा कानून तर्जुमा,
२. सहकारी साक्षरता तथा जागरण,
३. सहकारी संस्थाहरूको क्षमता विकास,
४. सहकारी संस्थाहरूको दर्ता, अनुगमन र नियमन ,
५. वित्तीय सेवाको पहुँच विस्तार,
६. वित्तीय साक्षरता,
७. सहकारी सेवा अनुदान ।

(ख) प्रदेश सरकार संगको सहकार्यमा सम्पादन गर्ने कार्यक्रमहरू

१. सहकारी संस्थाहरूको क्षमता विकास,
२. उद्यमशीलता विकास,
३. सहकारी क्षेत्र विशेष अनुदान कार्यक्रम,

४. बचत तथा ऋणको सूरक्षण ।

(ग) संघ सरकारसँगको सहकार्यमा सम्पादन गर्ने कार्यक्रमहरू

१. सहकारी संस्थाहरूको क्षमता विकास,
२. सहकारी क्षेत्रमा उद्यमशीलता विकास,
३. सहकारी क्षेत्रको प्रवर्द्धन ,
४. सहकारी क्षेत्र विशेष अनुदान कार्यक्रम,
५. बचत तथा ऋण सुरक्षण ।

३.४.७ अपेक्षित उपलब्धि

गाउँपालिकाको सहकारी नीति र कानून तर्जुमा भएको हुने, ३०० जनालाई सहकारी साक्षरता प्रदान भएको हुने, सबै सहकारीको बार्षिक अनुगमन भएको हुने, २६०० प्रतिशत घर परिवार सहकारी संस्थामा आवद्ध भएको हुने, सहकारी संस्थाको अभिलेख व्यवस्थापन भएको हुने, वित्तीय साक्षरता अभियान ७५ प्रतिशत घर परिवारमा पुगेको हुने, सुपथ सहकारी पसल खुलेको हुने, सहकारी संस्था तथा वित्तीय संस्थाहरूद्वारा संकलित बचत तथा प्रवाह गरिएको ऋणको सुरक्षण व्यवस्था भएको हुनेछ ।

परिच्छेद- ४
सामाजिक क्षेत्र

४.१ शिक्षा

४.१.१ पृष्ठभूमि

शिक्षा मानव विकासको मूल आधार हो । संविधानले पनि आधारभुत शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरेको छ । दिगो विकासको लक्ष्यमा पनि शिक्षालाई महत्वका साथ स्थान दिइएको छ । पन्ध्रौं योजनाको आधारपत्रमा पनि शिक्षालाई समृद्धिको मूल आधारको रूपमा लिइएको छ । संविधानले आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय तहको एकल अधिकारको रूपमा स्थापित गर्दै अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको व्यवस्था गरेको छ ।

यस गाउँपालिकामा साक्षरता दर ७८% रहेको छ,जसमा महिला साक्षरता ७०.२% र पूरुष साक्षरता ८४.६% रहेको छ । गाउँपालिकामा पूर्व प्राथमिक ७१, अधारभूत तह ५५ (निजी १ सहित), माध्यमिक १६ गरी ७१ विद्यालय रहेका छन् । सामुदायिक विद्यालयहरूमा जम्मा ४९० जना शिक्षक रहेका छन् । यीमध्ये स्थायी शिक्षिका १८ जना र शिक्षक ९८ जना गरी ११६ जना रहेका छन भने राहत अनुदानबाट ४८ जना शिक्षिका र ६५ जना शिक्षक सहित ११३ जना र स्थानीयस्तरबाट ८१ जना र संघसंस्थाको सहयोगमा ४६ जना रहेका छन् ।

यस गाउँपालिकामा शिक्षक विद्यार्थीको अनुपात १:१४.३९ रहेको देखिन्छ । शैक्षिक सत्र २०७६ मा कुल ७०१५ जना विद्यार्थी रहेकोमा छात्रा ३८६६ (५५.११%) र छात्रको संख्या ४१३९ (४४.८९%) रहेको देखिन्छ ।

४.१.२ प्रमुख समस्या

सामुदायिक विद्यालयमा विद्यार्थी संख्या कम हुर्दै जानु, व्यवसायिक शिक्षाको कमी, भवन तथा शैक्षिक पूर्वाधार तथा अतिरिक्त क्रियाकलापको कमी, बाल, महिला र अपाङ्गमैत्री विद्यालयको कमी, विषयगत तथा महिला शिक्षिकाको कमी, विशेष शिक्षामा सहज पहुँचको कमी, पूर्व प्राथमिक तहमा बालबालिका शैक्षिक सामग्री (Kits) को कमी र विद्यालयमा पुस्तकालयको अभाव आदि शिक्षा क्षेत्रका प्रमूख समस्याका रूपमा रहेका छन् ।

४.१.३ अवसर र चुनौती

(क) अवसर

आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकारमा रहनु, माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुनु, एक स्थानीय तह एक प्राविधिक विद्यालयको नीति रहनु, विद्यालय नक्सांकन र समायोजनको अधिकार स्थानीय तहमा रहनु, योग्यता पुगेका र तालिम प्राप्त शिक्षकको उपलब्धता हुनु, शिक्षामा महिला शिक्षक र छात्राहरू को पहुँचमा वृद्धि हुनु, विपन्न, दलित, अपाङ्ग, छात्रा, सीमान्तकृत र जेहेन्दार विद्यार्थीहरूको लागि

छात्रवृत्तिको व्यवस्था हुनु आदि प्रमुख अवसरहरू हुन् ।

(ख) चुनौती

विद्यार्थीको संख्या अनुसार शिक्षकको व्यवस्था गर्नु, तालिम प्राप्त शिक्षक तथा प्रशासनिक जनशक्तिको व्यवस्था गर्नु, निजी र सामुदायिक विद्यालय वीच भएको शैक्षिक गुणस्तरमा समानता ल्याउनु, विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्नु, विद्यालय छाड्ने दर कम गर्नु, बाल, अपाङ्ग तथा महिला मैत्रीविद्यालय वनाउनु, विद्यालयमा खेलकुद पूर्वाधारको विकास गर्नु, पूर्व प्राथमिक शिक्षालाई समुदाय एवं विद्यालयस्तरमा संचालन गर्नु, प्राविधिक विद्यालय स्थापना र संचालन गर्नु, समय सापेक्ष विद्यालय पूर्वाधारको व्यवस्था गर्नु आदि प्रमुख चुनौती हुन् ।

४.१.४ उद्देश्य

गुणस्तरीय तथा सीपमूलक शिक्षाको विकास गर्दै शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु ।

४.१.५ रणनीति

१. झिकाउ, टिकाउ र विकाउको नीति अवलम्वन गर्ने,

२. शैक्षिक गुणस्तरमा सुधार गर्ने,

३. गुणस्तरीय, प्राविधिक एवं विशेष शिक्षाको विकास र विस्तार गर्ने,

४. अनौपचारिक शिक्षाको विस्तार गर्दै औपचारिक, व्यवसायिक एवं विद्युतीय शिक्षामा आवद्ध गर्ने ।

४.१.६ कार्यनीति

रणनीति १ : झिकाउ, टिकाउ र विकाउको नीति अवलम्वन गर्ने

१. सबै विद्यालय उमेर समूहका बालबालिकालाई अनिवार्य विद्यालय भर्ना अभियान संचालन गरिनेछ ।

२. सबै बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाउन आमा समूह, सामुदायिक संस्था, क्लव तथा स्थानीय गैससलाई परिचालन गरिनेछ ।

३. अनिवार्य तथा निःशुल्क शिक्षालाई कार्यान्वयनमा ल्याउन अभिभावक शैक्षिक चेतना विस्तार कार्यक्रम संचालन गरीनेछ ।

४. विपन्न र पछाडि परेका वा पारिएका वर्ग, लिङ्ग र समूहलाई विद्यालय भित्र्याई टिकाउन छात्रवृत्ति, खाजा, पोशाक लगायत विशेष प्रोत्साहनजनक कार्यक्रम संचालन गरिनेछन् ।

५. विद्यालयलाई महिला बाल एवं अपाङ्गमैत्री रूपमा विकास गरी विद्यालय शिक्षा पूरा गर्न आकर्षित गरिनेछ ।

६. स्थानीय पहिचान दर्शाउने पाठ्य सामग्रीको विकास गरी लागू गरिनेछ ।

७. बालिका शिक्षालाई प्रोत्साहित गर्न महिला मैत्री शौचालय, स्यानेटरी प्याडको उपलव्धता र व्यवस्थापनको समुचित व्यवस्था गरिनेछ ।

८. माध्यमिक विद्यालयमा व्यवसायिक एवं जीवनोपयोगी सीपमूलक शिक्षाको विस्तार गरिनेछ ।

९. गाउँपालिकाको संभाव्यता र आवश्यकताका आधारमा नजिकका स्थानीय तहसँग समेत समन्वय र सहकार्य गरी एक बहुप्राविधिक विद्यालय स्थापना गरी संचालन गरिनेछ ।

रणनीति २ : शैक्षिक गुणस्तरमा सुधारमा सुधार गर्ने

१. सामाजिक विकास समिति अन्तर्गत शिक्षा सम्बन्धी योजना र विकास सम्बन्धी कार्य क्षेत्र सहित सरोकारवाला समेतको सहभागिता रहने गरी शिक्षा विकास उपसमिति गठन गरिनेछ ।

२. विद्यालय शैक्षिक विकासकालागि व्यवस्थापन समितिको क्षमता विकास गरी शैक्षिक गुणस्तर वृद्धि गरिनेछ ।

३ बाल विकास केन्द्रलाई औपचारिक शिक्षा प्रणालीमा आबद्ध गरिनेछ ।

४. शैक्षिक नक्सांकन गरी सोही आधारमा विद्यालयको पुनःसंरचना गरी विद्यार्थीको अनुपातमा शिक्षक समायोजन गरिनेछ ।

५. प्रदेश सरकारसँगको समन्वयमा नपुग भएका विषय शिक्षकहरूको दरवन्दी व्यवस्था गरी पूर्ति गरिनेछ ।

६. प्रत्येक विद्यालयमा शिक्षक विद्यार्थी र शिक्षक कक्षा कोठाको अनुपात मिलाई शैक्षिक सामग्रीको व्यवस्था मिलाइनेछ ।

७. शैक्षिक गुणस्तर कायम गर्न सामाजिक परीक्षण लगायत शिक्षक, विद्यार्थी र अभिभावक वीच नियमित रूपमा सम्वाद एवं अन्तरक्रिया गरिनेछ ।

८. विद्यालयमा विद्युतीय शिक्षा, ई-पुस्तकालय, खेलमैदान, सरसफाई एवं वातावरणीय शिक्षा, नैतिक एबं शारीरिक शिक्षा, प्रयोगशाला जस्ता आधारभूत सुविधा उपलव्ध गराइनेछ ।

९. महिला शिक्षकाको अनुपात वृद्धि गर्दै लगिनेछ ।

१०. शिक्षकको क्षमता विकास र पुनर्ताजगीको लागि समय समयमा तालिममा संलग्न गराइनेछ ।

११. शिक्षकको कार्यसम्पादन सिकाइ उपलव्धिसँग आबद्ध गरिनेछ ।

१२. गाउँपालिकाको एउटा विद्यालयलाई नमूना विद्यालयको रूपमा संचालन गरिनेछ ।

१३. सामुदायिक विद्यालयमा अंग्रेजी माध्यममा शिक्षा दिन प्रोत्साहित गरिनेछ ।

१४. पाँच, आठ, SEE र १२ कक्षामा उच्चतम अंक ल्याउने विद्यार्थी, विषय शिक्षक र विद्यालयलाई पुरस्कृत गरिनेछ ।

१५. शैक्षिक नीति तथा योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१६. सुविधा सहितको मेगा (Mega) विद्यालय स्थापना गर्न प्रयास गरिनेछ ।

रणनीति ३ : गुणस्तरीय, प्राविधिक एवं विशेष शिक्षाको विकास र विस्तार गर्ने

१. ... वटा बहुप्राविधिक विद्यालय स्थापना गरी सञ्चालन गरिनेछ ।

२. महिला, दलित, अपाङ्ग, विपन्न तथा पछाडि परेका वा पारिएका समूहको गुणस्तरीय, प्राविधिक एवं

विशेष शिक्षामा पहुँच सुनिश्चित गर्दै लगिनेछ ।

३. भिन्न क्षमता भएका बालबालिकालाई सीपमूलक विशेष शिक्षा प्रदान गर्न अन्तर सरकार, अन्तर स्थानीय तह, गैसस र निजी क्षेत्र समेतसँग समन्वय गरी उपयुक्त विद्यालयमा छात्रवृत्ति सहित पठनपाठनको व्यवस्था गरिनेछ ।

४. महिला, दलित, विपन्न तथा पछाडि परेका वा पारिएका वर्गलाई गुणस्तरीय र प्राविधिक शिक्षामा पहुँच वृद्धि गर्न छात्रवृत्ति लगायत अन्य प्रोत्साहनको व्यवस्था गरिनेछ ।

५. विद्यालय शिक्षा पुरा नगरेका किशोरकिशोरीहरूलाई विद्यालय केन्द्रित व्यवसायिक शिक्षाका कार्यक्रम सञ्चालन गरिनेछ ।

रणनीति ४ : अनौपचारिक शिक्षाको विस्तार गर्दै औपचारिक, व्यवसायिक एवं विद्युतीय शिक्षामा आबद्ध गर्ने

१. आधारभूत शिक्षाबाट वञ्चित विद्यालय उमेर समूहभन्दा माथिका किशोरकिशोरीहरूलाई ऊनीहरूको अनुकुल अनौपचारिक सीपमूलक र डिजिटल साक्षरता कक्षा संचालन गरिनेछ ।

२. विद्यालय केन्द्रित साक्षरता कर्यक्रमलाई अभियानको रूपमा संचालन गरिनेछ साक्षरता कार्यक्रम डिजिटल र जीवनोपयोगी शैक्षिक पाठ्यक्रमसँग आबद्ध गराइनेछ ।

३ साक्षरता कार्यक्रममा गैरसरकारी संस्थाहरूको परिचालन र समन्वय गरिनेछ ।

४.१.७ प्रमुख कार्यक्रम

(क) स्थानीय तह आफैले सम्पादन गर्ने

- विद्यार्थीहरूलाई दिवा खाजा
- गरिव तथा जेहेन्दार तथा संरक्षक नभएका विद्यार्थीहरूलाई छात्रवृत्ति
- प्रतिभा पहिचान
- सबै तहका विद्यार्थीहरू सहभागी हुने गरी विभिन्न बौद्धिक र शारीरिक कार्यक्रम
- भर्ना अभियान घरदैलो कार्यक्रम
- हरेक बिद्यालयमा कम्तिमा एक कम्प्युटर शिक्षकको व्यवस्थापन
- शैक्षिक नीति तथा योजना तर्जुमा
- गाउँपालिका तथा अन्तर विद्यालयस्तरीय खेलकुद
- विद्यालय पूर्वाधार सुधार तथा शैक्षिक सामग्री
- मेगा (Mega) विद्यालय स्थापना
- स्थानीय पाठ्यक्रम 'रोशी सेरोफेरो' विकास
- शैक्षिक चुनौती कोष
- सूचना प्रविधि तथा कम्प्यूटर ल्याव ।

(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने

- विज्ञान प्रयोगशाला, इ पुस्तकालय, कम्प्युटर ल्याब
- बहु प्राविधिक शिक्षालय स्थापना

- पाठ्यक्रममा सुधार
- शिक्षक दरवन्दी र आपूर्ति
- शिक्षक तालिम
- परीक्षा संचालन
- गापास्तरीय खेलकुद रंगशाला
- मेगा (Mega) विद्यालय स्थापना ।

(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने

- प्राविधिक शिक्षालयको स्थापना ।
- शिक्षक आपूर्ति ।
- शिक्षकको विषयगत तालिम ।
- शैक्षिक मूल्यांकन ।

४.१.८ अपेक्षित उपलब्धि

पूर्ण साक्षर गाउँपालिका घोषित भएको हुने, विद्यालय उमेरका सबै बालबालिका विद्यालयमा हुने, आधारभूत तहमा विद्यालय छाड्ने दर शुन्यमा झरेको हुने, २ वटा बहुप्राविधिक विद्यालय स्थापना भएको हुने, एक मेगा विद्यालय स्थापना भएको हुने, भूकम्पबाट क्षतिग्रस्त संपूर्ण विद्यालयको पुनर्निमाण सम्पन्न भएको हुने, गाउँपालिका स्तरीय खेलकुद मैदान निर्माण भएको हुने, सबै माध्यमिक तहमा कम्प्युटर ल्याव र विज्ञान प्रयोगशाला स्थापना भएको हुने सबै दरबन्दीमा शिक्षक पदपूर्ति भएको हुने, विद्यालय बाल, अपाङ्ग र छात्रा मैत्री भएको हुनेछ ।

४.२ स्वास्थ्य र पोषण

४.२.१ पृष्ठभूमि

स्वस्थ जीवन मानव विकास सूचकाङ्कको महत्वपूर्ण आधार हो । स्वच्छ खानेपानी, औषधि तथा उपचारको राम्रो व्यवस्था, स्वास्थ्य संस्थाको उपस्थिति अनुसार यहाँ हाल .. वटा स्वास्थ्य चौकी, .. वटा सामुदायिक स्वास्थ्य एकाई गरी १२ वटा स्वास्थ्य संस्था रहेको देखिन्छ । उक्त स्वास्थ्य संस्थाहरू मध्ये प्रसुति सेवा ३ वटामा, ल्याव सेवा १ वटामा, परामर्श सेवा १ वटामा र खोप सेवा १२ वटामा रहेका छन् । यसैगरी ..... स्थित स्वास्थ्य चौकीमा एक्सरे सेवा समेत उपलब्ध रहेको छ ।

यस गाँउपालिकाको कुल जनसख्याको ५.९ प्रतिशत कुनै न कुनै रोग बाट प्रभावित रहेकाछन् । ४.६४ प्रतिशत सामान्य रोगी र १.२२ प्रतिशत दिर्गरोगी रहेका छन् । यी रोगहरुको भार महिला र पुरुष विच करिव समान रहेको छ । यहाँ दिर्गरोगमा मुटु, टि.वी., स्वासप्रस्वास, मधुमेह र उच्च रक्तचाप, कडा कुपोषण, रक्तअल्पता आदि प्रमुख रुपमा रहेका छन् । यसैगरि सामान्य रोगहरुमा ज्वरो, झाडापखाला, स्वासप्रस्वास, दादुरा, जीउदुख्ने, आङ खस्ने र निमोनिया प्रमुख समस्याका रुपमा रहेका छन् ।

यस गाउँपालिकामा एक घण्टा भित्र स्वास्थ संस्थामा पहुंच भएको जनसंख्या ७५ प्रतिशत रहेको छ । विरामी पर्दा स्वास्थ्य संस्थामा जाने जनसंख्याको अुनपात ७० प्रतिशत रहेको छ । संस्थागत प्रशुती ११ प्रतिशत रहेको छ । यहाँ पूर्ण खोप लगाउने बालबालिका ८३ प्रतिशत, भिटामिन ए प्राप्त गर्ने बालबालिका ५८ प्रतिशत रहेको छ । जन्मदा २५०० ग्राम भन्दा कम तौल भएका बालबालिका ३ प्रतिशत रहेको छ । झाडापखालाको संक्रमण दर प्रतिहजार १४० जना रहेको छ । यसैगरी स्वास्थ्य वीमा गर्ने परिवार ३ प्रतिशत रहेकाछन् ।

४.२.२ प्रमुख समस्या

आधारभूत स्वास्थ्य सेवामा पहुँचको कमी, गाउँपालिकामा अस्पताल नहुनु, मानसिक रोग बढ्दै जानु, खोप क्लिनिक तथा ओआरसि पूर्वाधार नहुनु, सबै बालबालिका खोपको दायरामा आउन नसक्नु, सबै स्वास्थ्य चौकीमा सुत्केरी सुविधा उपलब्ध भइनसक्नु, सरकारबाट वितरण हुने आधारभूत औषधी अपुग हुनु, स्वास्थ्य उपकरणको कमी, कुनै स्वास्थ्य संस्थामा पनि डाक्टर नहुनु र अन्य स्वास्थ्यकर्मीको निरन्तर उपस्थितिको कमी हुनु, स्वास्थ्य चेतनाको अभाव, परम्परागत धामी झाँक्रि प्रणालीको विद्यमानता, आयुर्वेद लगायतका बैंकल्पिक स्वास्थ्य सुविधाको कमी, रिफरल स्वास्थ्य सेवा प्राप्त गर्न जिल्ला सदरमुकाम धुलिखेल, वनेपा वा राजधानी जानु पर्ने बाध्यता हुनु, पोषण सम्बन्धी चेतनाको कमी आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

४.२.३ अवसर र चुनौती

(क) अवसर

आधारभूत स्वास्थ्य सेवा स्थानीय तहको अधिकारमा हुनु, दिगो विकासका लक्ष्यमा स्वास्थ्यलाई प्रमुखताका साथ राखिनु, सबै वडामा भवन सहितको स्वास्थ्य संस्था हुनु, सामुदायिक स्वास्थ्य इकाई, गाउँघर ल्किनिक हुनु साथै स्वास्थ्य स्वयंसेविकाहरू सक्रिय रहनु, स्वास्थ्य क्षेत्रमा काम गर्ने गैससको उपस्थिति हुनु,

स्वास्थ्य सेवामा निजी क्षेत्रको संलग्नता बढ्दै जानु, जडिबुटीको उपलब्धता रहनु, स्वास्थ्य सेवा प्रति अत्यधिक जनचासो हुनु र गाउँपालिकाको प्राथमिकतामा रहनु, स्वास्थ्य बीमा कार्यक्रम सचांलन हुनु, हरेक स्थानीय तहमा कम्तिमा १५ शैया क्षमताको अस्पताल स्थापना गर्ने सरकारी नीति हुनु आदि यहाँका अवसर हुन् ।

(ख) चुनौती

आधारभूत स्वास्थ्य सेवालाई सबैको पहुँचभित्र ल्याउनु, स्वास्थ्य संस्थामा बैकल्पिक स्वास्थ्य सेवाको एकिकृत व्यवस्थापन गर्नु, सबैलाई स्वास्थ्य संस्थामा सुत्केरी हुने अवस्थाको सृजना गर्नु, पोषण सम्बन्धी चेतना र खाद्य व्यवहारमा परिवर्तन ल्याउनु, स्वास्थ्य र सरसफाई सम्बन्धी चेतना विस्तार गर्नु, मानसिक एवं सर्ने र नसर्ने रोगमा कमी ल्याउनु, स्वास्थ्य बीमा कार्यक्रममा सबैलाई समेट्नु, जडिबुटी प्रशोधन तथा आयुर्वेदिक लगायतका बैंकल्पिक उपचार प्रणालीलाई प्रवर्द्धन गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

४.२.४ उद्देश्य

आधारभूत तथा गुणस्तरीय स्वास्थ तथा पोषण सेवामा समतामूलक पहुँच सुनिश्चित गर्नु ।

४.२.५ रणनीति

१. सबै वडामा प्रसुति सेवा सहितको आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्ने ।

२. गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच विस्तार गर्ने ।

३. बैकल्पिक स्वास्थ्य सेवालाई स्वास्थ्य सेवामा एकिकृत गर्ने ।

४. स्वास्थ्य सम्बन्धी प्रतिकारात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक सचेतना अभिवृद्धि गर्ने ।

५. बहुक्षेत्रीय पोषणलाई स्वास्थ्य सेवामा घनिष्ठ रूपमा आवद्ध गर्ने ।

४.२.६ कार्यनीति

रणनीतिः १ सबै वडामा प्रसुति सेवा सहितको आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्ने

१. सबै वडास्थित स्वास्थ्य संस्थामा प्रशुती सेवा सहितको स्वाथ्य सेवा उपलव्ध गराइनेछ ।

२. स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीको निरन्तरताका साथै न्यूनतम स्वास्थ्य सम्बन्धी उपकरण तथा अन्य पूर्वाधारको व्यवस्था मिलाइनेछ ।

३. सामुदायिक स्वास्थ्य इकाई, खोप क्लिनिक, गाउँ घर क्लिनिकबाट प्रदान गर्ने सेवा अभिवृद्धि गरिनेछ ।

४. सुरक्षित मातृत्व, खोप सेवा, परिवार नियोजन, बाल स्वास्थ्य, मनोसामाजिक परामर्श सेवा तथा आधारभूत स्वास्थ्य सेवा हरेक नागरिकलाई प्रदान गरिनेछ ।

५. जुकाको औषधि, भिटामिन ए, हेपाटाइटिस वी, हात्ती पाइले लगायतका खोप जस्ता कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिनेछ ।

६. आधारभूत निःशुल्क औषधि सबै स्वास्थ्य संस्थामा बाह्रै महिना उपलव्ध हुने व्यवस्था गरिनेछ ।

७. नियमित गर्भ परीक्षण स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाहरूलाई नगद सुविधा सहित सामग्री सहितको प्याकेज उपलव्ध गराइनेछ ।

८. विपन्न र वञ्चितीमा परेका समुदायको स्वास्थ सेवा प्राप्तिमा देखिएका अवरोधहरू पहिचान गरी स्वास्थ्य सेवाको पहुँचमा ल्याउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

९. अस्पतालबाट वडा स्थित स्वास्थ्य संस्था केन्द्रीत घुम्ती सेवा प्रदान गरिने छ । घुम्ती सेवा सहजीकरणमा महिला स्वयंसेविका परिचालन गरिनेछ ।

१० पाठेघर, स्तन क्यान्सर, आङखस्ने जस्ता महिला सम्बन्धी रोगका लागि स्वास्थ्य शिविर सञ्चालन गरी निःशुल्क परीक्षण गरिनेछ ।

रणनीतिः २ गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच विस्तार गर्ने

१. रिफरल सुविधा सहितको पालिका स्तरीय कम्तिमा १५ शैयाको अस्पताल स्थापना गर्न प्रयास गरिनेछ ।

२. अस्पतालमा न्यूनतम स्वास्थ्य उपकरण, प्रयोगशाला र विशेषज्ञ चिकित्सकको सेवा उपलब्ध गराइनेछ ।

३. चिकित्सा विज्ञान अध्ययन संस्थान तथा विशेषज्ञ अस्पतालहरूबाट नियमित रूपमा अस्पताल केन्द्रित घुम्ती विशेषज्ञ सेवा उपलब्ध गराइनेछ ।

४. जेष्ठ नागरिक, अपाङ्गता भएका, विपद् तथा दुर्घटना बाट पीडित र जोखिममा परेका बालबालिका र महिलालाई सरलीकृत विशेष सेवा उपलब्ध गराइनेछ ।

५. गाउँपालिकामा देखिएका प्रमुख रोगहरूको पहिचान गरी उपचार सम्बन्धी विशेष व्यवस्था गरिनेछ ।

६. भरपर्दो र नियमित एम्बुलेन्स सेवा सञ्चालन गरिनेछ ।

रणनीति ३ बैकल्पिक स्वास्थ्य सेवालाई स्वास्थ्य सेवामा एकिकृत गर्ने

१. आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोप्याथी, घरेलु जडिबुटी उपचार जस्ता परम्परागत चिकित्सा पद्धतिहरूलाई स्वास्थ्य संस्थासंग एकिकृत गरी व्यवस्थित गरिनेछ ।

२. योग, ध्यान, शारिरीक व्यायाम जस्ता स्वास्थ्य प्रवर्धक चेतनामूलक कार्यक्रमहरू संचालन गरिने छ ।

३. जडिबुटीको पहिचान, अनुसन्धान, प्रशोधन र प्रयोगमा बढावा दिइनेछ ।

४. परम्परागत धामी झाँक्रीलाई तालिम प्रदान गरी आधुनिक चिकित्सा प्रणालीका बारेमा जानकारी गराई विरामीलाई स्वास्थ्य केन्दमा पठाउन जागृत गराइनेछ ।

रणनीति ४: स्वास्थ्य सम्बन्धी प्रतिकारात्मक, उपचारात्मक र प्रवर्धनात्मक सचेतना अभिवृद्धि गर्ने

१. स्वास्थ्य संस्था, सामुदायिक स्वास्थ्य इकाई, महिला स्वास्थ्य स्वयंसेविका, खोप क्लिनिक, गाउँ घर क्लिनिक आदिजस्ता संस्थाहरू मार्फत स्वास्थ्य सचेतना विस्तार गरिनेछ ।

२. स्वास्थ्य सचेतनामा विद्यालय, शिक्षक र विद्यार्थी तथा नागरिक समाज उन्मुख सामुदायिक संघ संस्था र गैससको परिचालन गरिनेछ ।

३. स्वास्थ्य चेतना विस्तारमा रेडियो कार्यक्रम, नाटक तथा अन्य श्रव्यदृश्य कार्यक्रमहरूको उत्पादन र प्रसारण गरिनेछ ।

४. स्वास्थ्य ल्किनिक लगायत निजी स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको प्रभावकारी अनुगमन र नियमन गरिनेछ ।

५. महिला स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता अभिवृद्धि गरी परिचालन गरिनेछ ।

रणनीति ५ बहुक्षेत्रीय पोषणलाई स्वास्थ्य सेवामा घनिष्ठ रूपमा आवद्ध गर्ने

१. खाद्य पोषण र आमाको दुघको पौष्टिकता सम्बन्धी चेतना अभिवृद्धि गरिनेछ ।

२. पोषण सम्बन्धित शिक्षा, स्वास्थ्य खानेपानी, कृषि, पशु विकास जस्ता बहुक्षेत्रीय कार्यक्रमलाई एकिकृत र समन्वयात्मक रूपमा संचालन गरिने छ ।

३. विद्यालय तहमा स्वास्थ र पोषण सम्बन्धी कार्यक्रम सञ्चालन गरी विद्यार्थी मार्फत घरघरसम्म स्वास्थ्य तथा पोषण सम्बन्धी चेतनाको विस्तार गरिनेछ ।

४. स्थानीय रूपमा उत्पादित वस्तुहरूको उपयोग बढाउने गरी विद्यालय केन्द्रित खाद्य व्यवहारमा सुधार कार्यक्रम संचालन गरिनेछ ।

५. सुनौलो हजार दिन, सुआहारा, भिटामिन ए जस्ता कार्यक्रमलाई प्रोत्साहित गरिनेछ ।

६. पोषण सम्बन्धी कार्यक्रम संचालन गर्न सामुदायिक संस्था, आमा समूह तथा गैससलाई प्रोत्साहित गरिनेछ ।

७. आमा समूहको नियमित बैठक गरी मातृ तथा बाल स्वास्थ्य, पोषण र खोप सेवाबारे जानकारी प्रवाह र अनुभव आदान प्रदान गरी सचेतना अभियानमा परिचालन गरिनेछ ।

८. स्वास्थ्य तथा पोषण सम्बन्धी क्षेत्रमा कार्यरत संस्थाहरू वीच कार्यगत समन्वय प्रभावकारी बनाइनेछ ।

४.२.७ प्रमुख कार्यक्रम

(क) स्थानीय तह आफैले सम्पादन गर्ने ।

१. प्रजनन् सेवा सहित सबै वडामा स्वास्थ्य चौकीको स्तरोन्नती,

२. गाउँपालिका स्तरको अस्पतालको निर्माण,

३. स्वास्थ्य पूर्वाधार तथा औजार उपकरणको व्यवस्था,

४. औषधी खरिद, व्यवस्थापन,

५. स्वास्थ्य जनचेतना कार्यक्रम संचालन,

६. बिपन्न नागरिक उपचार कोष स्थापाना गर्ने,

७. बिभिन्न स्वास्थ्य सूचकांकको तथ्यांक संकलन गर्ने,

८. वडा स्तरीय स्वास्थ्य संस्था केन्द्रित घुम्ती स्वास्थ्य सेवा,

९. प्रयोगशाला स्थापना,

१० पूर्ण खोप र पूर्ण सरसफाई तथा खुला दिशामुक्त कार्यक्रम,

११ स्वास्थ्य तथा पोषण सम्बन्धी सचेतना अभिवृद्धि,

१२. करेसाबारी प्रर्बधन कार्यक्रम संचालन,

१३. स्वास्थ्य आमा समूहको बैठक नियमित संचालन,

१४. आयुर्वेद औषधालयलाई स्वास्थ्य संस्थाको एकिकृत छातामा सञ्चालन ।

(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने ।

१. १५ शैयाको अस्पताल स्थापना,

२. विद्यालय स्वास्थ्य शिक्षा संचालन,

३. अस्पताल केन्द्रित घुम्ती विशेषज्ञ सेवा (Health Camp) संचालन,

४. तालिम तथा जनचेतना कार्यक्रम संचालन,

५. सामुदायिक स्वास्थ्य कार्यकर्ता अहेब, अनमिको व्यवस्थापन गरी परिवार स्वास्थ्य कार्यक्रम संचालन,

६. टेली मेडिसिन,

६. बर्थिंग सेन्टरको लागि आवश्यक औजार उपकरण (USG) को व्यवस्थापन

७. स्वास्थ्यकर्मीको पदपूर्ति ।

(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने ।

१. अस्पताल तथा स्वास्थ्य भवन निर्माण

२. विशिष्टिकृत औषधिको आपूर्ति,

३. विशिष्टिकृत घुम्ती सेवा

४. स्वास्थ बीमा

५. आधुनिक औजार तथा उपकरणको व्यवस्थापन ।

४.२.८ अपेक्षित उपलब्धि

एक घण्टा भित्र स्वास्थ संस्थामा पहुंच भएको जनसंख्या ९५ प्रतिशत पुगेको हुने, सबै वडामा बर्थिङ सेवा उपलव्ध भएको हुने, शत प्रतिशत बालबालिका पूर्ण खोप (प्याकेज) लिएको हुने, २५ प्रतिशत महिला स्वास्थ्य संस्थामा सुत्केरी भएको हुने, २ वटा वडा पूर्ण संस्थागत सुत्केरी वडा घोषणा भएको हुने, ९० प्रतिशत बालबालिकाले भिटामिन ए प्राप्त गरेको हुने, जन्मदा २५०० ग्राम भन्दा कम तौल भएका बालबालिका शुन्यमा झारिने, झाडापखालाको संक्रमण दर प्रतिहजार २० जनामा झरेको हुने, आधारभूत निशुःल्क औषधि बाह्रै महिना उपलव्ध भएको हुने, गाउँपालिका केन्द्रमा १५ शैयाको अस्पताल स्थापना भएको हुने, बाल कुपोषण ५ प्रतिशतमा झरेको हुने, २५ प्रतिशत जनसंख्या स्वास्थ्य बीमामा आवद्ध भएका हुनेछन् ।

४.३ युवा तथा खेलकुद

४.३.१ पृष्ठभूमि

युवा वर्ग राष्ट्रनिर्माणका प्रमुख स्रोत हुन् । त्यसैले तिनको शारीरिक, मानसिक तथा बौद्धिक विकासले समाजको विकासमा महत्व पूर्ण भूमिका खेल्दछ । रोशी गाउँपालिकामा १६ देखि ४४ वर्षसम्मको जनसंख्या ६५.८ प्रतिशत रहेबाट यहाँ युवा जनसंख्याको बाहुल्यता देखिन्छ । यसैगरी अति उत्पादनशील उमेर समूहको जनसंख्या (१६-३०) ३३.४ प्रतिशत रहेको छ । ६० बर्ष भन्दा माथिको जनसंख्या करिब ९.२ प्रतिशत मात्र भएको र मध्यिका (Median) आयु २३ वर्ष भएको कारण गाउँपालिकाले जानसांख्यिक लाभ लिने सुवर्ण अवसर रहेको छ ।

४.३.२ प्रमुख समस्या

सीप र उद्यमशीलताको कमी हुनु, युवाको उपयोग सिर्जनशील क्षेत्रमा हुन नसक्नु, युवा पलायन बढ्नु, बेरोजगारको आकारमा युवा उमेर समूहको बाहुल्यता, कुलत र असामाजिक व्यवहारमा युवा संलग्नता बढ्दै जानु, युवामा मनोआवेग र नकारात्मक सोचको विकास हुनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

४.३.३ अवसर/चुनौती

(क) अवसर

युवाहरूको बाहुल्यताले गर्दा जनसांख्यिक लाभको अवस्था हुनु, युवा मैत्री नीति हुनु, उद्यम व्यवसायमा युवाको बढ्दो रुचि, विपद व्यवस्थापन, स्वयं सेवा तथा सामाजिक कार्यमा युवाको बढ्दो संलग्नता, खेलकुदमा युवाहरूको बढ्दो आकर्षण, प्राविधिक शिक्षा प्रति युवाहरूको बढ्दो संलग्नता, विदेशमा सिकेको सीप स्वदेशमा उपयोग गर्ने युवा चाहना आदि यस क्षेत्रका प्रमुख अवसरहरू रहेकाछन् ।

(ख) चुनौती

बढ्दो युवा पलायन रोक्नु, युवाहरूलाई प्राविधिक तथा जिवन उपयोगी शिक्षा प्रदान गर्नु, युवालाई आय आर्जन र रोजगारीमा संलग्न गराउनु, वैदेशिक रोजगारबाट फर्किएका युवाहरूको सीप र विप्रेषण आयलाई रोजगार र स्वरोजगारमूलक लगानीमा प्रवाहित गर्नु, युवाको सीप र सिर्जनशीलतालाई गाउँको विकासमा उपयोग गर्नु, खेलकुद तथा सामाजिक कार्यमा युवाहरूलाई आकर्षण गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती रहेका छन् ।

४.३.४ उद्देश्य

गाउँपालिकाको विकासमा युवा परिचालन गर्नु ।

४.३.५ रणनीति

(१) युवा जनशक्तिको सीप तथा क्षमता विकास गरी उत्पादनशील क्षेत्रमा उपयोग गर्ने ।

(२) खेलकुद तथा सामाजिक कार्यमा युवा संलग्नता अभिवृद्धि गर्ने ।

४.३.६ कार्यनीति

रणनीतिः १ युवा जनशक्तिको सीप तथा क्षमता विकास गरी उत्पादनशील क्षेत्रमा उपयोग गर्ने ।

१. युवा लक्षित सीपमूलक तालिम संचालन गरी व्यवसायसँग आवद्ध गराइनेछ ।

२. अन्तर सरकार समन्वयमा युवा लक्षित रोजगार मूलक आय आर्जन तथा उद्यमशीलताका कार्यक्रमहरू संचालन गरिनेछन् ।

३. उद्यमशील युवाहरूलाई वित्तीय सेवा तथा सहुलियत ऋण आदिमा पहुँच विस्तार गरिनेछ ।

४. व्यवसायिक एवं नैतिक शिक्षाका माध्यमबाट युवा वर्गलाई दक्ष एवं अनुशासित वनाइनेछ ।

५. नीति निर्माणमा युवाको सहभागिता वृद्धि गरिनेछ ।

६. युवाहरूमा दुर्व्यसन रोकी उत्पादनशील कार्यमा संलग्न गराउन प्रोत्साहित गरिनेछ ।

७. वैदेशिक रोजगारबाट फर्किएका युवालाई उनीहरूको ज्ञान, सीप, विप्रेषण आयलाई पुँजीको रूपमा उपयोग गरी उद्यम व्यवसाय संचालन गर्न उत्प्रेरित गरीनेछ ।

८. युवाहरूलाई संगठित गरी प्रतिभा प्रस्फुटनका क्रियाकलापहरूको सञ्चालन गर्न विभिन्न संघ संस्था, सांस्कृतिक ल्कव, सांस्कृतिक समूह आदिलाई प्रोत्साहित गरिनेछ ।

९. युवालाई गाउँपालिका क्षेत्रमा नै उद्यम र रोजगारीको अवसर विस्तार गर्ने गरी "फर्क युवा अभियान" सञ्चालन गरिनेछ ।

रणनीतिः २ खेलकुद तथा सामाजिक कार्यमा युवा संलग्नता अभिवृद्धि गर्ने ।

१. युवामा स्वयंसेवी भावनाको विकास गरी विपद् व्यवस्थापन तथा सामाजिक कार्यमा परिचालित गरिनेछ ।

२. स्काउट, रेडक्रस, खेलकुद जस्ता रचनात्मक काममा युवालाई संलग्न गराई श्रृजनशीलता बढाइनेछ ।

३. युवा क्लवहरूको स्थापना र विकास गरी युवाशक्तिको परिचालन गरिनेछ ।

४. परम्परागत लोक संस्कृति र कलालाई युवा पुस्तामा हस्तान्तरण गर्ने गरी कार्यक्रम संचालन गरिनेछ ।

५. खेलकुद तथा व्यायामका कार्यक्रमहरू विद्यालयको नियमित अंगको रूपमा विकास गरिनेछ । यस्ता कार्यक्रम संचालन गर्न विद्यालय खेलकुद शिक्षक तथा अतिरिक्त क्रियाकलापका शिक्षकहरूको क्षमता विकास गरिनेछ ।

६. गाउँपालिका स्तरमा अन्तर विद्यालय र क्लवगत खेलकुद प्रतियोगिता सम्बन्धी कार्यक्रमको आयोजना गरिनेछ ।

७. विद्यालयमा खेलकुद तथा व्यायाम शिक्षकको व्यवस्था गरिनेछ ।

८. विद्यालय केन्द्रित खेलकुद मैदानको विकास गरिनेछ ।

९. गाउँपालिका स्तरको खेलकुद मैदान/रंगशालाको निर्माण, स्तरोन्नती र विकास गरिनेछ ।

४.३.७ प्रमुख कार्यक्रम

(क) गाउँपालिका आफैले सम्पादन गर्ने

- सबै वडामा युवा क्लवहरूको गठन,
- नियमित खेलकुद प्रतियोगिता,
- युवा लक्षित सीपमूलक तालिम,
- युवा रोजगार तथा स्वरोजगार कार्यक्रम,
- युवा लक्षित समुदायमा आधारित विपद् व्यवस्थापन,
- खेलकुद मैदान निर्माण,
- खेलकुद प्रतियोगिता,
- वैदेशिक रोजगारबाट फर्केकालाई लक्षित उद्यमशील युवा विकास कार्यक्रम ।

(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने

- प्रादेशिक खेलकुद ।
- खेलकुद मैदान/रंगशाला निर्माण ।
- प्रशिक्षक प्रशिक्षण ।
- युवा आदनप्रदान ।

(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने

- राष्ट्रिय खेलकुद,
- युवा आदनप्रदान ।
- खेलकुद मैदान/रंगशाला निर्माण ।
- युवा स्वरोजगार ।
- वैदेशिक रोजगारबाट फर्केका युवालाई पुनर्एकीकरण ।

४.३.८ अपेक्षित उपलब्धि

बेरोजगार युवाको अनुपात ४ प्रतिशतमा झरेको हुने, वैदेशिक रोजगारमा जाने यूवाको संख्या ६.५ प्रतिशतमा झरेको हुने, ५ वटा युवा सञ्जाल गठन भएको हुने, १००० जना युवालाई सीपमूलक तालिम प्रदान भएको हुने, गाउँपालिका स्तरीय वार्षिक खेलकुद प्रतियोगिता आयोजन भएको हुने, युवाको बसाइसराईमा ५० प्रतिशतले कमी आएको हुने, गाउँपालिका स्तरीय खेलकुद मैदान दुईवटा र एक बहुउद्देश्यीय कभर्डहल निर्माण भएको हुने र बार्षिक कम्तिमा दुइवटा खेलकुद प्रतियोगिता आयोजना भएको हुने ।

४.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास)

४.४.१ पृष्ठभूमि

मानव अधिकार तथा दिगो विकासकालागी लैङ्गिक समानता, महिला तथा सामाजिक सशक्तिकरण महत्वपूर्ण पक्ष हो। संविधानको प्रस्तावनामा नै समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ। यसैगरी छुवाछुत तथा भेदभाव विरुद्धको हक, शिक्षा, स्वास्थ, रोजगारसम्बन्धी हक, बालबालिकाको हक दलितको हक, जेष्ठ नागरिकको हक सामाजिक न्यायको हक र सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। संविधानले महिलाको हकमा समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक, हिंसा विरुद्धको हक, राज्यका सबै निकायमा समानुपातिक सहभागिताको हक, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतिको समान हक आदि मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। सविधानले महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक समेत प्रत्याभूत गरेको छ।

रोशी गाउँपालिकाको जनसंख्यामध्ये ४८.९ प्रतिशत महिला र ५१.१ प्रतिशत पुरुष रहेका छन्। यस गाउँपालिकामा करिब ७५.५ प्रतिशत जनजाति र दलित जनसंख्या करिब ४.८ प्रतिशत रहेको छ। गरिव घर परिवारको आकार करिब ३२ प्रतिशत रहेको छ।

यस गाउँपालिकामा महिला घरमूली २९.१% रहेको, अस्थायी बसाई सराई गर्ने महिलाको संख्या ५ % र वैदेशिक रोजगारमा संलग्न ४%, रहेको छ। यसैगरी महिला साक्षरता ८४.३६%, कृषि पेशामा संलग्न महिला ८७%, आर्थिक प्रतिष्ठानमा काम गर्नेमा महिलाको प्रतिशत ४१.७% रहेको छ।

यस गाँउपालिकमा कुल ... एकल महिला रहेका जसमध्ये ... दलित (....%) समुदायका छन्। यो सख्या यस गाँउपालिकका कुल महिला जनसख्या .... को ... प्रतिशत हुन्छ। यसैगरी ६० देखि ६९ वर्ष सम्मका र ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिकको संख्या क्रमस ... जना .... जना गरी कूल .... रहेका छन्। यसैगरी अपाङ्गता भएका व्यक्ति ... जना (...%) रहेकाछन्। कुल अपाङ्ग जनसख्यामा ... जना पुरुष (.... प्रतिशत) र ... जना महिला (.... प्रतिशत) रहेका छन्। यस गाउँपालिकामा शारिरिक, मानसिक तथा वौद्धिक, दृष्यको समस्या, कान नसुन्ने, अन्धा, भकभकाउने र डराउने जस्ता विभिन्न अपाङ्गताका समस्याहरु रहेका छन्। यस गाउँपालिकामा बालबालिकाको जनसंख्या ..... रहेकाछन्।

४.४.२ प्रमुख समस्या

लैङ्गिक विभेद, दलितहरूमा सामाजिक विभेद र कमजोर आर्थिक अवस्था, महिला हिँसा, घरेलु हिँसा तथा बाल श्रमको विद्यमानता, जनंख्यामा महिलाको अनुपात कम हुनु, महिला पुरुष विच ज्यालामा विभेद, जेष्ठ नागरिक शारिरीक रूपमा अशक्त र अपाङ्ग, जोखिममा परेका एकल महिलाको हेरचाहमा कमी, महिला तथा बहिष्करणमा परेका समूहको विकास निर्माण तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता न्यून हुनु, महिलाहरूको घरायसी काममा बढी संलग्नता, लैङ्गिक समता तथा समानुपातिक समावेशीता सम्बन्धी खण्डीकृत तथ्यांकको कमी आदि यस क्षेत्रमा देखिएका प्रमुख समस्याहरू हुन्।

४.४.३ अवसर र चुनौती

(क) अवसर

राज्य प्रणालीमा लैङ्गिक समता तथा समानुपातिक समावेशीताका प्रावधान संविधानमा हुनु, महिला मैत्री कानूनहरूको निर्माण हुनु, महिलाको शिक्षा तथा साक्षरता दर वृद्धि हुँदै जानु, सम्पत्तिमा महिलाको स्वामित्व बढ्नु, स्थानीय तहमा महिला, दलित तथा अल्पसंख्यकको प्रतिनिधित्व सुनिश्चित हुनु, उपभोक्ता समिति लगायतका स्थानीय निर्णय प्रक्रियामा महिला तथा समावेशी सहभागिता सुनिश्चित हुनु, अपाङ्ग, बाल, जेष्ठनागरिक मैत्री संरचना निर्माण हुनु, आर्थिक क्रियाकलापमा महिला तथा पछाडि एवं बहिस्करणमा परेका बर्ग एवं समुदायको सहभागिता अभिवृद्धि हुनु आदि यस क्षेत्रका अवसर रहेका छन् ।

(ख) चुनौती

विभेदपूर्ण सामाजिक मूल्य मान्यता हटाउनु, महिला, पछाडि परेका वा बहिष्करणमा रहेका बर्ग तथा समुदायलाई क्षमता विकास गरी विकासमा मूल प्रवाहीकरण गर्नु, निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु, घरेलु र सामाजिक हिंसा नियन्त्रण गर्नु, आर्थिक अवसरहरूमा पहुँच बृद्धि गर्नु, बाल विवाहको नियन्त्रण गर्नु, जेष्ठ नागरिकको परिवारमै उपयुक्त हेरचाहको व्यवस्था मिलाउनु, अपाङ्गता भएकाको सेवा सुविधा र सामाजिक सुरक्षामा पहुँच बढाउनु, बिपद जोखिम प्रतिकार्य क्षमता अभिवृद्धि गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती रहेका छन् ।

४.४.४ उद्देश्य

वञ्चितीमा परेका लिङ्ग, वर्ग र समुदायको आर्थिक सामाजिक विकासमा समतामूलक पहुँच सुनिश्चित गर्नु ।

४.४.५ रणनीति

१. वञ्चितीमा परेका लिङ्ग, वर्ग र समुदायको क्षमता विकास गरी सशक्तिकरण गर्ने,

२. विकासका अवसरहरूमा समतामूलक सहभागिता सुनिश्चितता गर्ने ।

३. कमजोर, अशक्त, अपाङ्गता भएका व्यक्तिको संरक्षण तथा सामाजिक संरक्षणको व्यवस्था गर्ने ।

४.४.६ कार्यनीति

रणनीतिः १ वञ्चितीकरणमा परेका लिङ्ग, वर्ग र समुदायको क्षमता विकास गरी सशक्तिकरण गर्ने ।

१. बिषयक्षेत्रगत नीतिहरूमा लैससासलाई अवलम्बन गरिनेछ ।

२. लैङ्गिक संवेदनशील बजेट प्रणालीको अवलम्बन गरिनेछ ।

३. खण्डिकृत तथांक तयार गरी हरेक बर्ष अध्यावधिक गरिनेछ ।

४. महिला तथा वञ्चितिमा परेका समुदायको संवैधानिक तथा कानूनी हक र मानव अधिकारका सम्बन्धमा सचेतनामूलक कार्यक्रमहरू संचालन गरिनेछन् ।

५. महिला सञ्जाल, बाल सञ्जाल, जेष्ठ नागरिक सञ्जाल, किशोर किशोरी सञ्जाल, अपाङ्गगता भएकाहरूको सञ्जाल गठन गरी विकास मूलक कार्यक्रममा समन्यायिक सहभागिता सुनिश्चित

गरिनेछ ।

६. महिला, दलित र अल्पसंख्यक क्षेत्रबाट गाउँपालिका तथा अन्य सार्वजनिक जिम्मेवारी बहन गर्ने प्रतिनिधिहरूको क्षमता विकासद्वारा तिनको भूमिका प्रभावकारी बनाइनेछ ।

७. महिला हिंसा, जातीय विभेद र सामाजिक कुसंस्कारका विरुद्ध जागरणमूलक सचेतना कार्यक्रम संचालन गरिनुका साथै यस प्रकारका घटनाहरूलाई कानूनी कारवाहीको दायरामा ल्याइनेछ ।

रणानीति २: विकासका अवसरहरूमा समतामूलक सहभागिता सुनिश्चितता गर्ने ।

१. लक्षित वर्गलाई क्षमता अभिवृद्धिको तालिम प्रदान गरी विकास प्रक्रियामा सहभागिता वृद्धि गरिनेछ ।

२. लक्षित बर्गलाई आर्थिक सशक्तिकरण गरी आय आर्जन र रोजगारका अवसरहरू विस्तार गरिने छ ।

३. महिला तथा वञ्चितीमा परेका समुदायलाई राजनीतिक, आर्थिक तथा सामाजिक प्रणालीमा समानुपातिक सहभागिता गराइनेछ ।

४. लैङ्गिक हिंसा, सामाजिक विभेद, कुरिती आदिका बारेमा जनचेतना अभिवृद्धि तथा उपचारात्मक संयन्त्रको बारेमा जानकारी प्रवाह गरिनेछ ।

५. दलित तथा पिछडिएको समुदायको परम्परागत पेशा व्यवसाय आधुनिकीकरण गरी व्यवसायिक बनाउन आवश्यक सहयोग गरिनेछ ।

६. जनजाति, विपन्न बर्गको सामाजिक आर्थिक तथा राजनीतिक सशक्तिकरण गरिनेछ ।

७. योजना तर्जुमा तथा निर्णय प्रक्रियामा महिला, दलित, जनजाति लगायत सरोकारवालाको सहभागिता बढाइनेछ ।

८. महिलाका र बालबालिकाका लागि एकिकृत संरक्षित सेफ हाउसको संचालनमा महिला समूह, सरोकारवाला र गैससससँग सहकार्य गरिनेछ ।

रणानीति ३: कमजोर, असक्त, अपाङ्गता भएका व्यक्तिको संरक्षण तथा सामाजिक संरक्षणको व्यवस्था गर्ने ।

१. बोली र श्रवण अपाङ्गता भएका व्यक्तिलाई विद्यालयमा विशेष शिक्षाको व्यवस्था गरिनेछ ।

२. अपाङ्गता भएका व्यक्तिको क्षमता विकास गरी स्वावलम्बन बनाइनेछ ।

३. अति अशक्त (क र ख श्रेणी) सबैलाई सामाजिक सुरक्षाको दायरामा ल्याइनेछ ।

४. बालबालिकाको जन्मदर्ता सुनिश्चित गर्न अभियानमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

५. भरिया, होटलमा काम गर्ने लगायतका निकृष्ट प्रकृतिका बालश्रमको अन्त्य गरिनेछ ।

६. जेष्ठ नागरिकहरूलाई परिवारमै सम्मानित जीवनको वातावरण तयार गर्न सहयोग पुऱ्याइने छ ।

७. जेष्ठ नागरिकलाई स्वास्थ्य सेवा सम्बन्धी विशेष व्यवस्था मिलाइनेछ ।

८. योजना प्रक्रियामा सरोकारवाला लाभग्राही महिला, दलित, बालबालिका, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता सुनिश्चित गरिनेछ ।

९. लैङ्गिक समानता सामाजिक विकासका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरू बीच समन्वय र

सहकार्य गरी लक्षित बर्गमा प्रवाह हुने सेवालाई समतामूलक र प्रभावकारी बनाइनेछ ।

४.४.७ प्रमुख कार्यक्रम

(क) गाउँपालिका आफैले सम्पादन गर्ने ।

- लैससास सम्बन्धी नीति, नियम, निर्देशिका बनाउने ।
- खण्डीकृत तथ्यांक व्यवस्थापन ।
- लैससास सम्बन्धी सचेतना कार्यक्रम ।
- उपाध्यक्ष महिला उत्थान कार्यक्रम ।
- लैंगिक संवेदनशील बजेट ।
- लैंगिक अडिट सम्बन्धी जनप्रतिनिधिको क्षमता विकास ।
- लैससास सम्बन्धी बिद्यालय केन्द्रीत अभिमुखीकरण कार्यक्रम ।
- महिला समूह तथा संजाल हरूको क्षमता अभिबृद्धी तथा सञ्जालीकरण ।
- एकिकृत सेफ हाउस ।
- जेष्ठनागरिक लक्षित बुढेसकालको सहारा कार्यक्रम ।
- बालश्रम उन्मुलन ।
- बालमैत्री स्थानीय शासन ।
- स्थानीय स्रोतमा आधारित महिला उद्यम विकास कार्यक्रम ।
- अवलोकन भ्रमण ।

(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने

- महिला तथा वञ्चितिमा परेका समुदाय लक्षित विशेष अनुदान कार्यक्रम,
- महिला सिर्जनशीलता कोष (challange fund)
- परम्परागत पेशाको आधुनिकीकरण र व्यवसायीकरणमा साझेदारी ।

(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने

- अपाङ्ग मैत्री शीप तथा उद्यमशीलता विकास,
- परम्परागत जातीय पेशा आधुनिकीकरण, संरक्षण र सम्बर्द्धन,
- लोपोन्मुख जातजातिको संख्या र पहिचान ।

४.४.८ अपेक्षित उपलब्धि

लैससास नीतिको तर्जुमा भएको हुने, लैङ्गिक सशक्तिकरण सूचकाङ्क ०.२७ पुगेको हुने, महिला घरमुली ... प्रतिशत पुगेको हुने, ७५ प्रतिशत महिला घरमुलीको बैङ्क खाता भएको हुने, ३०० जना पिछडिएका वर्गका व्यक्तिलाई क्षमता विकास तालिम दिएको हुने, लैङ्गिक बजेट प्रणाली कार्यान्वनमा आएको हुने, सामाजिक

कुरीति र विभेदजन्य घटनाहरूको कानूनी कारवाही भएको हुने, बहिष्करणमा परेकाहरूको खण्डीकृत तथ्यांक आएको हुने, निर्मित सार्वजनिक संरचना अपाङ्गता, जेष्ठ नागरिक, बालबालिका र महिला मैत्री भएको हुने, ६० प्रतिशत अपाङ्गता भएका बालबालिकाले विशेष शिक्षाको अवसर प्राप्त गरेको हुने, ५ वटा बालक्लव गठन भएको हुने, स्थानीय विभेदजन्य विवादहरूमा न्यायिक समितिको भूमिका प्रभावकारी भएको हुनेछ ।

४.५ खानेपानी तथा सरसफाई

४.५.१ पृष्ठभूमि

खानेपानी जीवनयापनको न्यूनतम आधारभूत आवश्यकता हो। संविधानले खानेपानी र सरसफाईलाई मौलिक हकको रूपमा व्यवस्था गर्दै स्थानीय तहको अधिकार क्षेत्रमा सूचीकृत गरेको छ।

यस गाउँपालिकामा करिब ९६ प्रतिशत घरधुरीमा पाइप मार्फत खानेपानी उपलब्ध भइरहेको छ। करिब आधा घरपरिवारले (४९%) निजी धारा र ५१ प्रतिशतले सार्वजनिक धाराबाट खानेपानी सुविधा उपभोग गरिरहेकाछन्। सरसफाइको हकमा करिब ९९ प्रतिशत घरमा चर्पी रहेको छ, जसमध्ये ८५% सेफ्टि ट्याङ्की सहित र १४ प्रतिशत खाल्डे चर्पी रहेका छन्। गाउँपालिका खुला दिशामुक्त घोषणा भइसकेको ...।

४.५.२ प्रमुख समस्या

स्वच्छ खानेपानीमा न्यून पहुँच हुनु, खानेपानीको स्रोतको संरक्षण हुन नसक्नु, खानेपानी आयोजनाहरूको व्यवस्थापन कमजोर हुनु, खानेपानीलाई सरसफाईसँग आवद्ध गर्न नसकिनु, खानेपानीको बहुउद्देश्यीय उपयोग हुन नसक्नु, खानेपानी आयोजनाहरूको नियमित मर्मत सम्भार हुन नसक्नु, प्राविधिक जनशक्तिको कमी हुनु, सबै घरपरिवारमा सेफ्टी टचाङ्की सहितको व्यवस्थित चर्पी नहुनु, सरसफाई सम्बन्धी चेतनाको कमी आदि यस क्षेत्रका प्रमुख समस्या रहेका छन्।

४.५.३ अवसर र चुनौती

(क) अवसर

खानेपानी तथा सरसफाई संघ, प्रदेश र स्थानीय तहको प्राथमिकतामा रहनु, ९६ प्रतिशत घरधुरीमा आधारभूत खानेपानीको पहुँच पुगेको हुनु, एक घर एक धारा एक चर्पीको राष्ट्रिय नीति हुनु, ९९ प्रतिशत घरधुरीमा चर्पी सुविधा हुनु, टोल टोलमा खानेपानी तथा सरसफाइ समिति हुनु, खानेपानी तथा सरसफाइको क्षेत्रमा गैरसरकारी क्षेत्रको सहकार्य हुनु, पानीको स्रोतको पर्याप्त उपलब्धता रहनु आदि यस क्षेत्रका प्रमुख अवसर हुन्।

(ख) चुनौती

विद्यमान स्रोतको संरक्षण गर्नु, खानेपानी आयोजनाको दिगो व्यवस्थापन तथा वितरण प्रणाली सुव्यवस्थित गराउनु, गूणस्तरीय र स्वच्छ खानेपानीमा पहुँच अभिवृद्धि गर्नु, वैयक्तिक तथा सामुदायिक सरसफाई चेतना बढाउनु आदि यस क्षेत्रका प्रमुख चुनौती रहेका छन्।

४.५.४ उद्देश्य

सबै घरधुरीमा स्वच्छ खानेपानी तथा सरसफाईको सुनिश्चित गर्नु ।

४.५.५ रणनीति

१. गुणस्तरीय खानेपानी वितरण गर्ने,

२. सरसफाई सम्बन्धी उचित व्यवस्था गर्ने ।

४.५.६ कार्यनीति

रणनीति १: गुणस्तरीय खानेपानी वितरण गर्ने ।

१. खानेपानी तथा सरसफाई गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ ।
२. एक घर एक धारा एक चर्पीको नीति अवलम्बन गरिने छ ।
३. खानेपानीको स्रोत र संकलन केन्द्रमा नै पानीको प्रशोधन गरी स्वच्छ पानी वितरण गरिनेछ ।
४. स्वच्छ खानेपानीको उपयोग सम्बन्धमा जन चेतना अभिवृद्धि गरिनेछ ।
५. पानीको मुहान तथा स्रोत संरक्षण गरिनेछ ।
६. उपभोगको आधारमा महशुल निर्धारण गरी आयोजनाको दिगो व्यवस्थापनका लागि उपभोक्ता समितिलाई जिम्मेवार बनाइनेछ ।
७. खानेपानी प्रणालीको दिगो उपयोग हुने गरी उपभोक्ता समितिको गठन र क्षमता वृद्धि गरिनेछ ।

रणनीतिः २ सरसफाई सम्बन्धी उचित व्यवस्था गर्ने ।

१. हरेक घरमा सेफ्टी ट्याङ्की सहितको व्यवस्थित चर्पी निर्माण गरिनेछ ।
२. स्थानीय समुदायले सञ्चालन गर्ने गरी सार्वजनिक शौचालयको निर्माण गरीनेछ ।
३. पूर्ण सरसफाईयुक्त गाँउपालिका बनाइनेछ ।
४. सरसफाई सम्बन्धी जनचेतना अभिवृद्धि पानी तथा फोहरजन्य रोगलाई न्यूनिकरण गरिनेछ ।
५. खानेपानी र सरसफाई क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था तथा निकायहरू बीच समन्वय र सहकार्य गरिनेछ ।

४.५.७ प्रमुख कार्यक्रम

(क) गाउँपालिका आफैले सम्पादन गर्ने ।

१. सार्वजनिक शौचालयको निर्माण,
२. खानेपानीको मुहान संरक्षण
३. एकघर, एक धारा, एक चर्पी,
४. सरसफाई अभियान

(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने ।

१. सहरी क्षेत्रमा ढल निकाश ।
२. उच्च प्रविधियुक्त खानेपानी आयोजना ।
३. प्राविधिक जनशक्ति उत्पादन ।

(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने ।

१. प्रविधि हस्तान्तरण ।

२. स्रोत परिचालन ।

४.५.८ अपेक्षित उपलब्धि

सवै नागरिकलाई आधारभूत खानेपानी तथा सरसफाई सुविधा पुगेको हुने, एक-घर-एक धारा-एक चर्पी को व्यवस्था भएको हुने, पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा भएको हुने, खानेपानी तथा फोहरजन्य रोगहरूमा ७० प्रतिशतले कमी आएको हुने । प्रमुख बजार क्षेत्रमा सार्वजनिक शौचालयको निर्माण भएको हुनेछ ।

परिच्छेद- ५
पूर्वाधार विकास

५.१ यातायात पूर्वाधार

५.१.१ पृष्ठभूमि

यातायात पूर्वाधार समग्र विकासको मेरुदण्ड हो । यातायात सेवाले अन्य आर्थिक सामाजिक विकासका गतिलाई सुगम पार्नुका साथै सार्वजनिक सेवामा पहुँच, प्रवाह र नागरिकको दैनिक जीवन यापनलाई सहज बनाउँदछ । स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक र स्थानीय यातायात व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ ।

यस गाउँपालिकाको मध्यभागबाट विपी राजमार्गको २५.५ किमि देखि ४९.५ किमि सम्मको सडक परेको छ । यसैगरी यस गाउँपालिकामा राजमार्ग बाहेकको कालोपत्रे सडक १३ कि.मि, ग्राभेल सडक १७. कि.मि. धुले सडक ११७ कि.मि रहेको छ । हाल बाह्रै महिना चल्न सक्ने पक्की (कालोपत्रे तथा ग्राभेल) सडकको लम्वाइ ५३ किलोमिटर रहेको छ । राजमार्ग बाहेक यस पालिकामा ५ वटा पक्की पुल र २७ वटा झोलुङ्गे पुल रहेका छन् । आधा घण्टाको दुरीमा सडकको पहुँच भएको जनसंख्या ९० रहेको छ । गाउँपालिका स्तरको सडकको रूपमा.....सडकहरु रहेका छन् । यस गाउँपालिकाका घर धुरीमध्ये ... प्रतिशतमा मोटरेबल बाटो, ...प्रतिशतमा गोरेटो र .... प्रतिशत घरधुरीलाई घोडेटो बाटोले जोडेको देखिन्छ ।

५.१.२ प्रमुख समस्या

अधिकांश सडक कच्ची र मौसमी रहनु, गाउँपालिका केन्द्र बाहेकका अन्य वडा र बस्तीमा बाह्रै महिना सडक यातायातको पहुँच पुग्न नसक्नु, गाँउपालिकाभित्र रहेका महत्वपूर्ण पर्यटकीय तथा धार्मिक, सांस्कृतिक स्थलहरूसम्म सडकको पहुँच नहुनु, प्राविधिक अध्ययन डिजायन विना नै सडक खोल्ने प्रवृत्ति बढ्दै जानु, निर्मित संरचनाको नियमित मर्मत सम्भार नहुनु, व्यवस्थित बसपार्कको अभाव हुनु, निर्मित सडकमा पनि पुल पुलेसाहरू निर्माण प्राथमिकतामा नपर्नु, अनियन्त्रित सडक निर्माणले भू-क्षय, वन एवं वातावरण विनाश भई बस्तीहरू जोखिममा पर्नु आदि प्रमुख समस्या रहेका छन् ।

५.१.३ अवसर र चुनौती

(क) अवसर

काठमाण्डौ उपत्यका र देशको पूर्वी तराई जोडने प्रमुख राजमार्गको रुपमा रहेको विपी राजमार्ग यसै पालिकाको मध्य भाग भएर जानु, पालिकाले निर्धारण गरेका रणनीतिक सडकलाई आधार मानी अन्य शाखा सडकहरू निर्माणाधीन रहनु, विभिन्न संघ संस्थाहरूले ग्रामीण यातायात क्षेत्र खासगरी झोलुङ्गे पुल निर्माणमा सहयोग पुऱ्याउनु, यातायात पूर्वाधार विकासलाई संघ, प्रदेश र गाउँपालिका गरी तीनै तहका सरकारको उच्च प्राथमिकतामा पर्नु, यातायात प्रणाली आम नागरिकको चासो र प्राथमिकतामा हुनु आदि यस क्षेत्रका प्रमुख अवसर हुन् ।

(ख) चुनौती

सर्भे डिजाइन नै नगरी हेभी मेशीन प्रयोग गरी बनाइएका सडकहरूको दिगो व्यवस्थापन गर्न आवश्यक उच्च लागतको व्यवस्था गर्नु, अव्यवस्थित रूपमा खनिएका सडकहरूबाट हुने प्राकृतिक विनास, भूक्षय तथा यसबाट बस्तीलाई परेको जोखिम रोक्नु, सडक दुर्घटना रोक्नु, निर्मित सडकको दिगो व्यवस्थापन गरी सर्वयाम बनाउन पुल पुलेसाहरूको व्यवस्था गर्नु, निर्मित सडकहरूको स्तरोन्नती गर्न, खोला नाला तर्ने फड्के तथा काठेपुल विस्थापन गर्नु, आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

५.१.४ उद्देश्य

१. गाउँपालिका केन्द्रबाट सबै वडा केन्द्रसम्म जाने सडकहरुलाई सर्वयाम सडक सञ्जाल विस्तार गर्नु ।

२. निर्मित सडकहरूलाई स्तरोन्नति गरी सर्वयाम बनाउनु ।

५.१.५ रणनीति

१. गाउँपालिका केन्द्रबाट सबै वडा केन्द्र सम्म नियमित र निर्वाध यातायात सञ्चालन हुने गरी सर्वयाम सडक बनाउने ।

२. निर्मित सडकको स्तरोन्नती र नियमित मर्मत सम्भार गर्ने ।

३. यातायात प्रणालीलाई सुरक्षित र व्यवस्थित गर्ने ।

४. विपद् प्रभावित सडक खण्डहरूको पुनर्निर्माण गर्ने ।

५.१.६ कार्यनीति

रणनीति १: गाउँपालिका केन्दबाट सबै वडा केन्द्रसम्म नियमित र निर्वाध यातायात सञ्चालन हुने गरी सर्वयाम सडक बनाउने ।

१. गाउँपालिका स्तरीय सडकको सीमाङ्कन (right of way) गरी गाउँपालिकाको राजपत्रमा प्रकाशित गरिने छ ।

२. गाउँपालिका स्तरीय नयाँ सडक निर्माण गर्दा प्राविधिक अध्ययन तथा सडक मापदण्ड अनुसार मात्र निर्माण गरिनेछ ।

३. मोटरेवल पुलहरूको DPR तयार गरी प्राथमिकताको आधारमा निर्माण गरिनेछ ।

४. गाउँपालिका भएर जाने रणनीतिक सडक निर्माणमा संघ र प्रदेशसँग समन्वय गरिनेछ ।

५. वडा केन्द्र, प्रमुख बस्ती, आर्थिक तथा सांस्कृतिक तथा धार्मिक केन्द्र र मुख्य पर्यटकीय स्थलहरूलाई प्राथमिकताको आधारमा मूल सडक सञ्जालमा जोडिनेछ ।

६. महाभारत लेकमा रहेको पर्यटकीय पदमार्गको स्तरोन्नति र यसका विभिन्न खण्डमा विश्रमास्थल, पानी तथा शौचालय जस्ता आवश्यक सुविधाको व्यवस्था सहित स्तरीयकरण र सुधार गरिनेछ ।

रणनीति २: निर्मित सडकको स्तरोन्नति र नियमित मर्मत सम्भार गर्ने ।

१. निर्मित सडकको गुरुयोजनाको बर्गिकरण अनुसार प्राथमिकता निर्धारण गरी क्रमशः स्तरोन्नति गरी

सर्वयाम बनाइनेछ ।

२. निर्मित सडकको नियमित मर्मत सम्भारको व्यवस्था गरी सर्वयाम बनाइनेछ ।

३. गाउँपालिकामा सडक मर्मत सम्भार कोषको स्थापना गरी सडकको नियमित मर्मत सम्भार र व्यवस्थापन गरिनेछ ।

४. लागत साझेदारीका आधारमा मर्मत सम्भार गर्न उपभोक्ता समितिलाई जिम्मेवार बनाइनेछ ।

रणनीति ३: यातायात प्रणालीलाई सुरक्षित र व्यवस्थित गर्ने ।

१. यातायात गुरुयोजनाको निर्माण गरी कार्यान्वयन गरिनेछ ।

२. संकेत चिन्ह, बस पार्क तथा बिसौनी, जोखिमयुक्त मोड सुधार गरी यातायात सुरक्षाको अभिवृद्धि गरिनेछ ।

३. बजार क्षेत्र तथा मुख्य केन्द्रहरूमा पार्किङ स्थानको निर्धारण गरी संकेत चिन्ह राखिनेछ ।

४. गोरेटो घोडेटो र पदमार्गहरू निर्माणमा निश्चित मापदण्डको अवलम्बन गरिनेछ ।

५. सडक सुरक्षा सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयन गरिनुका साथै सडक सुरक्षा सम्बन्धी सचेतनामुलक अभियान संचालन गरिनेछ ।

६. सडक उपभोक्ता समितिलाई स्थायित्व प्रदान गरी सडकको दीगो व्यवस्थापनका लागि तिनको क्षमता विकास सहित जिम्मेवार बनाइनेछ ।

७. विद्यालय तहमा ट्राफिक नियम तथा सडक सुरक्षाका सम्बन्धमा सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

८. सडक किनारामा रुख विरुवा आदिको बृक्षारोपण गरी संरक्षण गरिनेछ ।

९. भूक्षय र पहिरोको जोखिम रहेको सडक खण्डमा खर, अम्रिसो, केतुके, डालेघाँस, फलफूल आदि विरुवा लगाई बायोइन्जिनियरिङ प्रविधिको उपयोगबाट संरक्षणका साथै यसलाई स्थानीय समुदायको आय आर्जनसँग आवद्ध गरिनेछ ।

रणनीति ४: विपद् प्रभावित सडक खण्डहरूको पुनर्निर्माण गर्ने ।

१. २०७२ को भूकम्पबाट प्रभावित सडक, गोरेटो, घोडेटो तथा पदमार्ग मर्मत सुधार गरी पुनःस्थापना गरी आवागमन सुचारु गरिनेछ ।

२. समय समयमा आउने बाढी पहिरोबाट क्षतिग्रस्त सडक पूर्वाधारहरूको प्राथमिकता साथ मर्मत सम्भार र स्तरोन्नति गरीनेछ ।

३. सडक छेउमा भूक्षय रोक्ने र सडक संरक्षण गर्ने किसिमका रुख विरुवा रोपी सडकको संरक्षण गरिनेछ ।

५.१.७ प्रमुख कार्यक्रम

(क) स्थानीय तह आफैले सम्पादन गर्ने

- यातायात गुरु योजनाले निर्धारण गरेका गाउँपालिकास्तरीय सडक निर्माण तथा विस्तार ।
- यातायात गुरुयोजनाले तय गरेका वडास्तरीय सडक निर्माण विस्तार तथा स्तरोन्नति ।
- सडक सुरक्षा कार्यक्रम ।

(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने

- यातायात गुरुयोजनाको कार्यान्वयन ।
- प्रादेशिक सडक ।

(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुने सडक

- रणनीतिक सडक
- २५ मिटर भन्दा बढी लम्बाइ भएका पक्की पुल ।
- पर्यटन पदमार्ग ।

५.१.८ अपेक्षित उपलब्धि

गाउँपालिका यातायात गुरु योजना निर्माण भई कार्यान्वयन प्रारम्भ भएको हुने, सडक मापदण्ड र सडक क्षेत्र (right of way) निर्धारण भएको हुने, सबै वडा केन्द्र सर्वयाम सडकले जोडिएको हुने, आधा घण्टाको दुरीमा सर्वयाम सडकसम्मको पहुँच पुगेको हुने, कालोपत्रे सडक ५० किमी भएको हुने, खण्डास्मिथ सडक ७५ कि.मी गरी सर्वयाम सडकको लम्बाई १२५ कि.मी.भएको हुने, झोलुङ्गे पुलको संख्या ३८ वटा पुगेको हुने, पक्की पुल १८ वटा पुगेको हुने, गाउँपालिकाबाट निर्मित सडकको इन्जिनियरिङ सुपरीवेक्षण पश्चात यातायात सञ्चालनको अनुमति प्रदान भएको हुने, निर्मित सडक सुरक्षित भएको हुने, सडक मर्मत सम्भार कोष स्थापना भएको हुनेछ ।

५.२ भवन, आवास तथा वस्ती विकास

५.२.१ पृष्ठभूमि

आवास मानवीय जीवनको आधारभूत आवश्यकतामा पर्दछ। संविधानले आवासलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। स्थानीय सरकार सञ्चालने ऐन, २०७४ ले सुरक्षित वस्ती विकास, भवन मापदण्ड तथा नियमन जस्ता कार्यहरू स्थानीय तहको जिम्मेवारीमा सुम्पेको छ।

यस गाउँपालिकामा जम्मा ..... घर धुरी रहेकोमा ..... प्रतिशत घरहरू सिमेन्ट, ... फ्रेम वा खम्वा र ... प्रतिशत घरहरू अन्य (जस्तै काठ, ढुंगा आदि) प्रयोग भएको देखिन्छ भने ... प्रतिशत घर माटोको जग भएका छन्। छानाको आधारमा ..... % को (संख्या....) जस्ता पाताको छाना, ... प्रतिशतको आरसिसि (....) छाना, टायल ढुङ्गाको छाना ... % (...), फुसको छाना ....%, फुस तथा अन्य .... % रहेको छ। घर आवासमा जाने मार्गमध्ये .... % को मोटरेबल सडक रहेको सर्वेक्षणले देखाएको छ।

पून निर्माण प्राधिकरणको तथ्याक अनुसार (२०७६ आषढ महिनासम्म) ..... निजी संरचनाहरु भुकम्पले ध्वस्त भएकाले पुनर्निर्माणको लागि आवेदन दिएको देखिन्छ। यसै अनुरूप ..... घरहरूले निर्माण कार्य सम्पन्न गरी अन्तिम किस्ता प्राप्त गरि सकेका छन् भने ..... घरहरुले प्रथम किस्ता लगे पछि निर्माण कार्य अगागि बढाएका छैनन् भने ... घरहरूले दोश्रो किस्ता समेत बुझेका छन्। यस आधारमा क्षतिग्रस्त घरहरू मध्ये .... प्रतिशतको घरहरू भूकम्प प्रतिरोधी हिसावले पून निर्माण सम्पन्न भई सकेको देखिन्छ। यस गाउँपालिकामा नयाँ बन्ने घर निर्माण गर्न सबै वडामा नक्सा पास गराउनु अनिवार्य नभएता पनि गाउँपालिकाले अब बन्ने घरहरुमा नक्सा स्वीकृत गर्दा भूकम्प प्रतिरोधी प्रविधि अपनाउने गरी स्वकृति दिएको देखिन्छ।

५.२.२ प्रमुख समस्या

भू-उपयोग योजना नहुनु, भवन मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा नल्याइनु, अव्यवस्थित वस्ती विकास, तालिमप्राप्त डकर्मी सिकर्मीको कमी, जोखिमयुक्त भूवनौटमा वस्तीरहनु, पुनर्निर्माण भएका घर वस्तीहरू पनि व्यवस्थित हुन नसक्नु, परम्परागत मौलिक ढांचाका घरहरू हराउँदै जानु, सुरक्षित वस्ती तथा आवास निर्माण सम्बन्धी जनचेतनाको कमी हुनु, सडक सीमा मिचेर घर निर्माण गर्ने प्रवृति रहनु, गाउँपालिकाको आफ्नै भवन नहुनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन्।

५.२.३ अवसर र चुनौती

(क) अवसर

भवन तथा वस्ती विकास र भवन संहिता निर्माण र कार्यान्वयन गर्ने अधिकार स्थानीय तहमा हुनु, सुरक्षित भवन निर्माण प्रति आम नागरिक र जनप्रतिनिधिहरूको जागरुकता बढ्नु, भवन निर्माण सम्बन्धी प्राविधिक ज्ञान सीप र प्रविधि हस्तान्तरण हुनु, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र अन्य निकाय तथा संघसंस्थाहरूबाट भूकम्पबाट क्षतिग्रस्त भवन तथा संरचनाहरूको पुनर्निर्माण तथा पुनर्स्थापना कार्य सञ्चालनमा रहनु, विद्यालय, स्वास्थ्य चौकी लगायतका सार्वजनिक संरचनाहरू मापदण्ड अनुसार निर्माण हुदै जानु, जोखिमयुक्त वस्तीको सुरक्षित स्थानमा स्थानान्तरण गर्न पुनर्निर्माण प्राधिकरणबाट सहयोग प्राप्त हुनु,

गाउँपालिका र वडा कार्यालयहरूको एकिकृत सेवा दिन सक्ने गरी भवन निर्माण गर्ने अवसर हुनु आदि यस क्षेत्रका प्रमुख अवसरहरू रहेका छन् ।

(ख) चुनौती

भूउपयोग नीति तर्जुमा र भू-उपयोग योजना बनाई कार्यान्वयन गर्नु, व्यवस्थित वस्ती विकासका क्षेत्रहरू तोक्नु, भवन संहिताको कार्यान्वयन गरी नक्सा पास अनिवार्य गर्नु, साविक वस्तीहरूमा आधारभूत पूर्वाधार र सेवा सुविधा पुऱ्याउनु, परम्परागत शैलीका घर तथा वस्तीहरूको मौलिकता संरक्षण गर्नु, परम्परागत घरहरू मर्मत सम्भार गरी प्रवलीकरण गर्ने संस्कारको विकास हुनु, निर्माण क्षेत्रमा सीपयुक्त महिला जनशक्ति तयार गर्नु, भौतिक सामाजिक संरचनाहरूको निर्माणमा अपाङ्गता मैत्री बाल र महिला मैत्री बनाउनु आदि यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

५.२.४ उद्देश्य

१. सुरक्षित तथा व्यवस्थित वस्ती विकास तथा आवास निर्माण गर्नु ।

५.२.५ रणनीति

१. एकिकृत तथा सुरक्षित वस्तीको विकास गर्ने ।

२. भवन संहिताको कार्यान्वयन गर्ने ।

३. क्षतिग्रस्त आवास तथा भवनहरूको पुनर्निर्माण गर्ने ।

५.२.६ कार्यनीति

रणनीति १ : एकिकृत तथा सुरक्षित वस्तीको विकास गर्ने ।

१. भू-उपयोग योजना अनुसार एकिकृत वस्ती विकास गर्दै लगिनेछ ।
२. अव्यवस्थित वस्तीहरूलाई एकिकृत र व्यवस्थित गर्न कम्तीमा ल्याण्ड पूलीङ गरी एक नमूना वस्ती विकास कार्यक्रम संचालन गरिनेछ ।
३. नमूना वस्तीमा सडक, ढल, खानेपानी, विद्युत लगायतका पूर्वाधार सुविधालाई एकिकृत रूपमा आवद्ध हुने गरी विकास गरिनेछ ।
४. सुरक्षित आवास, वस्ति विकास तथा सार्वजनिक निर्माणका लागि चेतना अभिवृद्धि गरिने छ ।

रणनीति २: भवन संहिताको कार्यान्वयन गर्ने ।

१. भवन संहिता तयार गरी कार्यान्वयन गरिनेछ ।
२. पुरुष तथा महिला डकर्मी सिकर्मीहरूलाई मापदण्ड अनुसारको घर निर्माण सम्बन्धमा तालिम तथा अभिमुखीकरण गरिने छ ।
३. सरकारी तथा सार्वजनिक भवनहरू बालमैत्री, महिला र अपाङ्गता मैत्री बनाइनेछन् ।
४. खरको छाना विस्थापन गरी टिनको छाना लगाउन अनुदानको व्यवस्था गरिनेछ ।

रणनीति ३: क्षतिग्रस्त आवास तथा भवनहरूको पुनर्निर्माण गर्ने ।

१. भूकम्पबाट क्षतिग्रस्त निजी आवास, सार्वजनिक भवन तथा वस्ती पुनर्निर्माणको कार्य समयमा नै सम्पन्न हुने गरी सहजीकरण गरिनेछ ।

२. जोखिम नक्साङ्कन गरी बाढी पहिरोको जोखिमयुक्त स्थानमा रहेका घर बस्तीलाई सुरक्षित स्थानमा पुनःस्थापना गरिनेछ ।

५.२.७ प्रमुख कार्यक्रम

(क) गाउँपालिका आफैले सम्पादन गर्ने

- भू-उपयोग योजना,
- भवन मापदण्ड,
- नमूना वस्ती विकास,
- सीपमूलक (डकर्मी सिकर्मी, ल्पम्बर आदि) तालिम,
- जोखिम नक्सांकन,
- चेतना अभिवृद्धि ।

(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने

- वस्ती विकास तथा स्थान्तरण,
- नमूना वस्ती विकास कार्यक्रम,
- राजमार्ग आसपास सहरीकरण कार्यक्रम,

(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने

- भूकम्प पुनर्निर्माण ।

५.२.८ अपेक्षित उपलब्धि

भू-उपयोग योजना तयार भएको हुने, भवन मापदण्ड तयार भई कार्यान्वयन भएको हुने, जोखिम नक्साङ्कन भएको हुने, कम्तिमा एक नमूना वस्तीको निर्माण भएको हुने, भूकम्प प्रभावित सबै घर तथा सार्वजनिक भवनहरूको पुनर्निर्माण भएको हुने, खरको छाना पूर्ण रूपमा विस्थापित भएको हुने, थप १५० जनालाई डकर्मी, सिकर्मी तालिम प्रदान गरिएको हुनेछ ।

५.३ ऊर्जा तथा जलविद्युत्

५.३.१ पृष्ठभूमि

स्थानीय तहको विकास निर्माण, उद्यम व्यवसाय स्थापना र विस्तारमा उर्जाको महत्वपूर्ण स्थान रहन्छ । यस पालिकामा उर्जाका स्रोतहरूमा जलविद्युत, वायोग्यास, सौर्य उर्जा, तथा दाउरा प्रमुख हुन् । गाउँपालिकामा ७४ प्रतिशतले केन्द्रीय ग्रिडबाट जलविद्युत र २५ प्रतिशतले बैकल्पिक उर्जाबाट गरी ९९ प्रतिशत घरले विद्युत सेवा प्राप्त गरेका छन् ।

यस गाउँपालिकामा अधिकाँस घरहरूले प्रकासका लागि विद्युत र सोलार प्रयोग गरेपनि खाना पकाउन प्रयोग गरिने ईन्धनमा दाउराको हिस्सा सबैभन्दा बढी (८९ प्रतिशत) रहेको छ । खाना पकाउनका लागि इन्धनको रूपमा दाउरा पछि एल.पी. ग्यास प्रयोग गर्ने ८.४ प्रतिशत, बायो ग्यास र सुधारिएको धुंवारहित चुल्हो प्रयोग गर्ने घर परिवार संख्या २ प्रतिशत रहेको छ । दाउरा प्रयोग गरेपनि सुधारिएको धुवाँरहित चुलो जडान गर्ने घरपरिवार ८ प्रतिशत पुगेका छन् । यस गाउँपालिकामा १२ वटा लघु जलविद्युतबाट ३१५ कि.वा.विद्युत उत्पादन भएको छ । गाउँपालिकाका १२ वटा वडामध्ये १० वटा वडाहरु राष्ट्रिय प्रशारण लाइनमा जोडिएका छन् ।

५.३.२ प्रमुख समस्या

अझै पनि एउटा वडा राष्ट्रिय विद्युत प्रशारण लाइनमा जोडिन नसकिनु, विद्युत आपुर्तिमा नियमिताको अभाव सहनु, लघु विद्युत आयोजनाहरूबाट क्षमता अनुरूपको पूर्ण क्षमतामा विद्युत उत्पादन हुन नसक्नु, संचालनरत आयोजनाहरूको नियमित मर्मत सम्भार हुन नसक्नु, सोलार विद्युत तुलनात्मक रुपमा महँगो पर्नु, यस सम्बन्धी प्राविधकको कमी रहनु, आर्थिक क्रियाकलापसँग विद्युतलाई जोड्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

५.३.३ अवसर र चुनौती

(क) अवसर

रोशी र यसका सहायक खोला नालाबाट मझौला जलविद्युत आयोजनाका निमित्त स्रोत उपलव्ध हुनु, केन्द्रीय ग्रीड सबै वडास्तरमा समेत विस्तार गर्ने नीति हुनु, केन्द्रीय लाईन पुऱ्याउन कठिन स्थानहरूमा स्थानीय स्रोत र साधनको प्रयोग गरी लघु जलविद्युत वा सोलारको सुविधा पुऱ्याउन सकिने सम्भावना रहनु, वायु उर्जा र बायोग्यास आदिको विस्तार गर्न सकिने आदि अवसर रहेका छन् ।

(ख) चुनौती

गाउँपालिकाका सबै क्षेत्रलाई केन्द्रीय प्रशारण लाइनमा जोड्नु, अनुमती लिएका जलविद्युत आयोजनाहरू समयमानै सम्पन्न गर्नु, लघु जलविद्युतको उत्पादनलाई केन्द्रीय प्रशारण लाइनमा आवद्ध गर्नु, खाना पकाउनका लागि प्रयोग हुने दाउरालाई विस्थापित गरी बैकल्पिक उर्जाको उपयोग बढाउनु आदि यस क्षेत्रका प्रमुख चुनौती रहेका छन् ।

५.३.४ उद्देश्य

सबै घर परिवार र औधोगिक प्रतिष्ठानमा आवश्यकता अनुसार पर्याप्त विद्युत सेवा उपलब्ध गराउनु ।

५.३.५ रणनीति

१. भरपर्दो र विश्वसनीय विद्युत सेवाको पहुँच विस्तार गर्ने,

२. बैंकल्पिक उर्जाको विकास र विस्तार गर्ने ।

५.३.६ कार्यनीति

रणनीति १: भरपर्दो र विश्वसनीय विद्युत सेवाको पहुँच विस्तार गर्ने ।

१. गाउँपालिकाका सबै वडालाई केन्द्रीय विद्युत प्रसारणमा जोड्न आवश्यक पहल गरिने छ ।

२. निर्माणाधीन उर्जा सम्बन्धी सबै आयोजना समयमा नै सम्पन्न गरिनेछ ।

३. सञ्चालनमा रहेका लघु जलविद्युत आयोजनलाई नियमित सभार गरी पूर्ण क्षमतामा उपयोग गरिनेछ ।

४. केन्द्रीय प्रशारण लाईनमा जोडिएतापनि स्थानीय उत्पादित लघु जलबिद्युत आयोजनाहरूलाई केन्द्रीय प्रसारणमा जोड्ने व्यवस्था मिलाइनेछ ।

५. सबै घर परिवारमा विद्युत सेवा उपलब्ध गराइनेछ ।

६. संभाव्य आयोजना कार्यान्वयन गर्न लगानी प्रवर्द्धन गरिनेछ ।

७. ठूला तथा मझौला जलविद्युत आयोजनाहरूको सम्भाव्यता अध्ययन गरी निर्माण गर्न विद्युत विकास विभागसंग समन्वय गरिनेछ ।

८. जलविद्युत आयोजना तथा विद्युत सम्बन्धी प्राविधिक जन शक्ति विकास गरिनेछ ।

रणनीति २: बैंकल्पिक उर्जाको विकास र विस्तार गर्ने ।

१. यस पालिकाको महाभारत डाँडाको भिरालो सार्वजनिक जग्गामा ठूलो परिमाणको सोलार विद्युत उत्पादन गर्ने सम्भाव्यता अध्ययन गरिने छ ।

२. माइक्रो हाइड्रो र राष्ट्रिय ग्रिड नपुग्ने स्थानहरूमा सोलार लगायत बैंकल्पिक उर्जाको प्रवर्द्धन गर्न बैंकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँग समन्वय गरी म्याचिङ फन्डबाट अनुदानको व्यवस्था मिलाईने छ ।

३. खाना पकाउने तथा अन्य घरायसी प्रयोजनका लागि बायोग्यास प्रणालीलाई प्रवर्द्धन गरिनेछ ।

४. उत्पादित विद्युतलाई स्थानीय उद्योगधन्दा संचालनमा प्रयोग गर्न प्रोत्साहित गरिनेछ ।

५. विद्युत प्रवाह र उपयोगलाई सुरक्षित बनाइनेछ ।

५.३.७ प्रमुख कार्यक्रम

(क) गाउँपालिका आफैले सम्पादन गर्ने

- जलविद्युत आयोजनाको पहिचान,
- लगानी प्रवर्द्धन,
- बैंकल्पिक उर्जा,

- सुरक्षित विद्युत उपयोग सम्बन्धी चेतना अभिवृद्धि ।

(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने

- सोलार विद्युत आयोजना सम्भाव्यता अध्ययन,
- मझौला जलविद्युत आयोजना निर्माण,
- विद्युत प्रशारण लाइन ।

(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने

- लगानी प्रवर्द्धन,
- विद्युत आयोजना निर्माण,
- केन्द्रीय ग्रीडसँगको आवद्धता

५.३.८ अपेक्षित उपलब्धि

सबै वडाका वस्तीहरु राष्ट्रिय विद्युत प्रशारणलाइनसँग जोडिएको हुने, शत प्रतिशत घरधुरीमा विद्युत सेवा पुगेको हुने, ४ वटा स्थानीय साना जलविद्युत आयोजना र सोलार पद्धतिबाट .... कि.वा विद्युत उत्पादन भएको हुने, लोडसेडिङरहित उज्यालो गाउँपालिका घोषणा भएको हुने, बायोग्यास तथा एल.पी. ग्यासको प्रयोग गर्ने परिवार २० प्रतिशत पुगेको हुने, ४० प्रतिशत घर परिवारले धुँवारहित चुल्हो जडान गरेको हुनेछ ।

५.४ सिँचाई तथा नदी नियन्त्रण

५.४.१ पृष्ठभूमि

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिमा सिँचाई महत्वपूर्ण माध्यम हो । यस गाउँपालिकामा रहेको कूल कृषियोग्य जमीन ३८६३ हेक्टर मध्ये ६४७ हेक्टर जमीन सिँचाई योग्य रहेको छ । यसमध्ये साना ठूला गरी ४० वटा कुलाहरूबाट १४० हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा उपलव्ध भएको छ । सिँचाई सुविधाका दृष्टिले रोशी र यसका सहायक नदिहरु प्रमुख स्रोतको रूपमा रहेकाछन् ।

५.४.२ प्रमुख समस्या

कृषि योग्य जमिनमा न्यून सिँचाई सुविधा हुनु, सिँचाई विकासमा आधुनिक प्रविधि (थोपा सिँचाई, प्लाष्टिक पोखरी, लिफ्टिङ) को प्रयोगमा कमी हुनु, सिँचाई कुलो र पोखरी गुणस्तरीय तथा पक्की नहुनु, भएका सिँचाई आयोजनाहरू पनि पूर्ण क्षमतामा प्रयोगमा आउन नसक्नु, मर्मत सम्भारको कमी हुनु, सिँचाई स्रोत मुहान सुक्दै जानु, जल उत्पन्न प्रकोपले सिँचाई आयोजनामा क्षति पुग्नु, कृषि प्रणाली र सिँचाई बीच अन्तरसम्बन्ध स्थापित गर्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन् ।

५.४.३ अवसर र चुनौती

(क) अवसर

सिँचाईका लागि स्रोतहरूको उपलव्धता, आकाशे पानी संकलन र प्लाष्टिक पोखरीको अभ्यास सुरु हुनु, साना सिँचाई निर्माणका क्षेत्रमा संघसंस्थाहरू क्रियाशील रहनु, साना सिँचाई गाउँपालिकाको अधिकार क्षेत्रमा पर्नु, गाउँपालिकाको प्राथमिकतामा सिँचाई क्षेत्र समावेश हुनु, सिँचाईका लागि उपयुक्त फाँटहरूको उपलव्धता आदि यस क्षेत्रका अवसरहरू हुन् ।

(ख) चुनौती

कृषियोग्य जमिनमा सर्वयाम सिँचाई सुविधा उपलव्ध गराउनु, कृषि र सिँचाई बीच अन्तरसम्बन्ध स्थापना गर्नु, सिँचाई आयोजनाहरू पूर्ण क्षमतामा उपयोग गर्नु, स्थानीय समुदायहरूद्वारा संचालन भईआएका परम्परागत सिँचाई प्रणालीका कुलाहरूको संरक्षण गर्नु, सिँचाई कुलाहरुको मर्मत सम्भारमा लाभग्राही उपभोक्ता समितिहरूलाई जिम्मेवार बनाउनु, सिँचाई विकासका लागि अन्तरसरकार र साझेदारहरूबीच प्रभावकारी समन्वय स्थापित गर्नु, बैकल्पिक सिँचाई प्रविधिहरूको प्रयोग बढाउनु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

५.४.४ उद्देश्य

कृषि योग्य जमिनमा सिँचाई सुविधाको विकास र विस्तार गर्ने ।

५.४.५ रणनीति

१. सिँचाई योजनाको विकास र विस्तार गर्ने ।
२. विद्यमान सिँचाई प्रणालीको संरक्षण, सम्भार र स्तरोन्नती गरी पूर्णरूपमा उपयोग गर्ने ।
३. जलउत्पन्न प्रकोपको क्षति नियन्त्रण गर्नु ।

५.४.६ कार्यनीति

रणनीति १: सिँचाई योजनाको विकास र विस्तार गर्ने ।

१. जल उपयोग गुरुयोजना तयार गरी संभाव्य सिँचाई आयोजनाहरूको पहिचान गरिनेछ ।
२. सतह सिँचाईको संभावना नरहेका टारहरूमा नयाँ प्रविधिमा आधारित बैंकल्पिक सिँचाई प्रणालीको अवलम्बन गरिनेछ ।
३. कृषि उपजका पकेट क्षेत्रको संभावनाका आधारमा सिँचाई आयोजनाको विकास गरिनेछ ।
४. सम्वन्धित निकायसँग समन्वय गरी योजना संचालन गरिनेछ ।
५. सरकारी तथा गैर सरकारी संघसंस्थासँग समन्वय गरी सिँचाईका आधुनिक संरचनाहरूको निर्माण गरिनेछ ।

रणनीति २: विद्यमान सिँचाई प्रणालीको संरक्षण, सम्भार र स्तरोन्नती गरी पूर्णरूपमा उपयोग गर्ने

१. मूल तथा स्रोतको संरक्षण गरी सिँचाई प्रणालीको दीगो उपयोग गरिनेछ ।
२. सिँचाई योजना बनाउदा अनिवार्य रूपमा मर्मत सम्भार कोषको व्यवस्था गर्नका साथै उपभोगको आधारमा शुल्क संकलन गरिनेछ ।
३. सिँचाई उपभोक्ता समितिको क्षमता विकास गरीनेछ ।
४. सिँचाई प्रणालीको दिगो व्यवस्थापनका लागि उपभोक्ता समितिलाई जिम्मेवार बनाइनेछ ।
५. कृषक व्यवस्थित सिँचाई आयोजनाहरूको नियमित मर्मत सम्भार गरिनेछ ।

रणनीति ३: जलउत्पन्न प्रकोपको क्षति नियन्त्रण गर्नु ।

१. जल उत्पन्न जोखिमको क्षेत्र पहिचान गरी न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ ।
२. नदीजन्य प्रकोपका दिगो नियन्त्रणमा स्थानीय प्रविधि र रैथाने ज्ञानको उपयोग गरिनेछ ।
३. खोलाखोल्सीको नियन्त्रणमा वायो इन्जिनियरिङ प्रविधिको उपयोग गरिनेछ ।
४. नदी किनाराको वनको संरक्षणमा विशेष ध्यान दिइनेछ ।
५. नदी किनारका जोखिमयुक्त स्थानमा बस्ती विस्तार तथा नदी खोला अतिक्रमण र अव्यवस्थित दोहनको नियन्त्रण गरिनेछ ।

५.४.७ प्रमुख कार्यक्रम

(क) स्थानीय तह आफैले सम्पादन गर्ने

- जलउपयोग स्रोत नक्साङ्कन
- सिँचाई आयोजनाको निर्माण
- आयोजना मर्मत सम्भार र स्तरोन्नती
- उपभोक्ता समितिको क्षमता विकास
- मर्मत सम्भार कोष ।

(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने

- कमाण्ड एरिया सिँचाई

- नयाँ प्रविधियुक्त सिँचाई आयोजना

(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने

- बहुउद्देश्यीय आयोजनाहरूको अध्ययन तथा कार्यान्वयन ।

५.४.८ अपेक्षित उपलब्धि

सम्भाव्य सिँचाई योग्य कृषि जमिनको २० प्रतिशत क्षेत्रमा सिँचाई सुविधा पुगेको हुने, ६० वटा कुलानालाबाट सिँचित जमिन ५६० हेक्टर पुगेको हुने नया प्रविधिको सिँचाई सुविधा ५० हेक्टरमा पुगेको हुने, सिँचाई उपभोक्ता समितिका कम्तिमा २० जनाले क्षमता विकास तालिम हासिल गरेको हुने, हरेक उपभोक्ता समितिमा सिँचाई मरमत सम्भार कोष रहेको हुने, विद्यमान सिँचाई प्रणालीको पूर्ण उपयोग भएको हुने, जलउत्पन्न प्रकोपको नक्साङ्कन भएको हुनेछ ।

५.६ सूचना सञ्चार

५.६.१ पृष्ठभूमि

सूचना तथा सञ्चारलाई मानवीय सिर्जनशीलताको एक महत्वपूर्ण पाटोको रूपमा लिने गरिन्छ। यो आर्थिक विकासको संवाहक र उत्प्रेरक पनि हो। नेपालको संविधानले सूचनाको हकलाई मौलिक हकको रूपमा व्यवस्थित गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनले सूचना प्रविधिको प्रयोग, विद्युतीय शासन, एफ.एम संचालन, स्थानीय पत्रपत्रिका आदि जस्ता विषयहरू स्थानीय सरकारको कार्यजिम्मेवारीभित्र तोकेको छ।

यस गाउँपालिकामा ७५ प्रतिशत घरपरिवारको मोवाइल सेवामा, ३८ प्रतिशतसँग टेलिभिजन, ३५ प्रतिशतसँग रेडियो, र २ प्रतिशतले इन्टरनेट सुविधाको पहुँच रहेको छ। यस गाउँपालिकाका सबै वडामा सि.डि.एम.ए फोनको पहुँच रहेको छ, भने जि.एस.एम मोबाइलको पहुँच रहे पनि निकै कम स्थानमा मात्र प्रभावकारी रहेको अवस्था छ। मोबाइल फोन संचालनको नेपाल दुर सञ्चार लिमिटेडको .. र एन सेल नेपालका .. वटा टावरहरू रहेका छन्। यस पालिकामा कम्प्युटर ...% र ईन्टरनेट ..% मा पहुँच रहेको देखिन्छ।

५.६.२ प्रमुख समस्या

ल्याण्डलाइन टेलिफोन सुविधा नहुनु, इन्टरनेट सुविधा कमजोर हुनु, स्थानीय पत्रपत्रिका प्रकाशन नहुनु, स्थानीय एफ. एम. रेडियो स्टेशन सबै वडामा नसुनिनु, टेलिभिजन पहुँच न्यूनतम घर परिवारमा मात्र रहनु, गाउँपालिकाको कार्यसम्पादन विद्युतीय प्रणालीमा आवद्ध हुन नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन्।

५.६.३ अवसर र चुनौती

(क) अवसर

सडक सुविधाले अप्टिकल फाइवर र वाइरलेस नेटवर्कको विस्तारको अवसर, सूचना प्रणाली प्रति बढ्दो आकर्षण, विद्यालयहरूमा नवीन सूचना सञ्चार प्रविधि सहित कम्प्युटर शिक्षाको विस्तार हुनु, टेलिफोन/मोबाइल टावर स्थापना गर्न सहज हुनु, मोवाइल फोनको दायरा फराकिलो हुंदै जानु, गाउँपालिकाको आफ्नै वेबसाइट हुनु, पालिकाको सहयोगमा स्थानीय एफ.एम. सञ्चालन हुनु, स्थानीय सरकारको दैनिक कार्यसञ्चालका लागि विभिन्न अनलाइन एप्स सेवाहरूको प्रयोग बढ्दै जानु, आदि यस क्षेत्रका अवसरहरू हुन्।

(ख) चुनौती

सबै नागरिकसम्म सूचनाको पहुँच पुऱ्याउनु, चट्याङ प्रतिरोधी संरचनाको निर्माण, सामाजिक सञ्जालहरूको दुरुपयोग रोक्नु, अन्तरसरकार समन्वय प्रभावकारी बनाउनु, इन्टरनेट र वाइफाईको पहुँच र प्रयोग बढाउनु, सूचना प्रविधिको सिर्जनात्मक प्रयोग, गाउँपालिकाको सूचना विद्युतीय प्रणालीमा आवद्ध गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन्।

५.६.४ उद्देश्य

१. गुणस्तरीय सूचना तथा सञ्चार सेवामा नागरिकको पहुँच विस्तार गर्नु।

५.६.५ रणनीति

१. सूचना तथा सञ्चारको पहुँच विस्तार गर्ने ।
२. सूचना प्रविधिमा आधारित सेवा प्रणालीको विकास गर्ने ।

५.६.६ कार्यनीति

रणनीति १: सूचना तथा सञ्चारको पहुँच विस्तार गर्ने ।

१. टेलिफोन टावरहरूको निर्माण र विस्तार गर्न आवश्यक पहल गरिनेछ ।
२. स्थानीय स्तरमा थप एफ. एम. स्टेशनहरु संचालन गर्न सहजीकरण गरिनेछ ।
३. स्थानीय पत्र पत्रिका प्रकाशन गर्न आवश्यक सहयोग र सहजीकरण गरिनेछ ।
४. विद्यालय, स्वास्थ्य चौकी, वित्तीय संस्था र गाउँपालिकाको वडा कार्यालयसम्म भरपर्दो इन्टरनेट सेवाको विस्तार गरिनेछ ।
५. मोबाइल सेवा प्रदायक संस्थाहरू बीच समन्वय कायम गरिनेछ ।

रणनीति २: सूचना प्रविधिमा आधारित सेवा प्रणालीको विकास गर्ने ।

१. वाईफाई सेवाको विस्तार गरी फ्रि वाइफाइ जोनको विकास गरिनेछ ।
२. गाउँपालिका र वडा कार्यालयहरूमा विद्युतीय सूचना पूर्वाधारको विकास गरिनेछ ।
३. विद्यालय केन्द्रित ई-लाइब्रेरीका सेवा सन्चालन गरिनेछ ।
४. विद्यालयमा कम्प्युटर प्रविधि शिक्षाको विस्तार गर्दै लगिनेछ ।
५. सूचनाको हक र अधिकार सम्बन्धमा जनचेतना अभिवृद्धि गरिनेछ ।

५.६.७ प्रमुख कार्यक्रम

(क) गाउँपालिका आफैले सम्पादन गर्ने

- थप एफ.एम.रेडियो प्रशारणमा सहयोग र सहजीकरण,
- पत्र पत्रिका निस्कासन छापाखानाको स्थापना,
- विद्युतीय सूचना पूर्वाधार निर्माण,
- ई-लाइब्रेरी,
- WIFI टावर निर्माण,
- विद्यालयमा कम्प्युटर प्रविधि शिक्षा ।

(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने

- टेलिफोन टावरहरू निर्माण,
- विद्युतीय सूचना पूर्वाधार निर्माण,
- संघ, प्रदेश र स्थानीय तहमा विद्युतीय सूचना प्रणालीको आवद्धता ।

(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने

- सूचना हाइवे,
- टेलिफोन टावर निर्माण ।

५.६.८ अपेक्षित उपलब्धि

शत प्रतिशत परिवारमा कम्तिमा एक सूचना सञ्चारको साधनमा पहुँच पुगेको हुने, नमूना विद्यालयमा ई-लाइब्रेरी स्थापना भएको हुने, ९५ प्रतिशत भूक्षेत्र टेलिफोन टावरको दायरामा आएको हुने, टेलिभिजन प्रयोग गर्ने परिवारको संख्या ७० प्रतिशत र इन्टरनेट प्रयोग गर्ने परिवार २५ प्रतिशत पुगेको हुने, प्रत्येक वडामा एक एक वटा फ्रि वाइफाइ जोन स्थापना भएको हुने, रोशी एफ.एम.को क्षमता विकास तथा थप वडाहरुमा एफ.एम. स्टेशन स्थापना भएको हुने, कम्तिमा एक पत्रिका स्थानीय रूपमा प्रकाशित भएको हुने ।

परिच्छेद- ६

वन वातावरण तथा विपद् व्यवस्थापन

६.१ वन वातावरण र जैविक विविधता

६.१.१ पृष्ठभूमि

देशको आर्थिक तथा वातावरणीय विकासमा वन, जलाधार तथा जैविक विविधताको महत्वपूर्ण भूमिका रहन्छ। काठ, दाउरा, घाँसपातका साथै पशुचरन, कृषि, पर्यटन जस्ता आर्थिक गतिविधिको प्रवर्द्धनमा वन तथा जैविक विविधताले ठुलो मद्दत पुऱ्याएको हुन्छ। हाल देखिएको वातावरण प्रदुषण न्यूनीकरण गर्नमा पनि वन तथा जैविक विविधताले सहयोग गर्दछ। यस गाउँपालिकामा करिब ६४.८ प्रतिशत भूमि वन तथा घाँसे मैदानले ढाकेको पाइन्छ जसमा ४५ प्रतिशत वन क्षेत्र रहेको छ।

रोशी गाउँपालिका जैविक विविधताले भरिपूर्ण छ। वनक्षेत्रमा साल, चिलाउने, कटुस, उत्तिस, खोटेसल्ला, लालीगुराँस, तेजपत्ता, बाँझ आदि जस्ता वन पैदावार पाइन्छन्। जङ्गली जनावर तर्फ दुम्सी, बाँदर, मृग, बँदेल, जरायो, स्याल, मलस्याप्रो, वन विरालो, लोखर्के आदि पाईन्छ।

यस गाँउपालिकामा ४७ वटा सामुदायिक वन, ३७ वटा कबुलियती वन गरी जम्मा २७८० हेक्टरमा वन संरक्षण गरी क्रमशः ३३१२ च ५०० परिवारले सेवा पाईरहेका छन। यसैगरी ७६ वटा निजी वन, २५ वटा सरकार संरक्षित वन र ३ वटा धार्मिक वन, रहेका छन् भन १८ वटा जलाधार तथा उप-जलाधार क्षेत्र रहेका छन्। यसैगरी इन्धनको रुपमा दाउरा प्रयोग गर्ने परिवार ९४ प्रतिशत रहेको छ।

६.१.२ प्रमुख समस्या

प्राकृतिक सम्पदाको बढ्दो क्षयीकरण, आगलागीका कारण वन एवं वातावरणमा प्रतिकुल असर पर्नु, जनचेतनाको कमीले वन सम्पादाको उचित व्यवस्थापन हुन नसक्नु, वन्यजन्तुले कृषि उत्पादनलाई नोक्सानी गर्ने प्रबृत्ति बढ्दै जानु, पानी स्रोत सुक्दै जानु, कार्वन उत्सर्जनको प्रभाव बढ्दै जानु, पूर्वाधार विकास तथा ईन्धनको निर्भरताले वन विनाश बढ्दै जानु, जलाधारको उचित व्यवस्थापन नहुनु, जैविक विविधतामा कमी हुँदै जानु, प्लाष्टिक तथा सिसाजन्य वस्तुको उपयोग बढ्नु, कृषिमा प्रयोग हुने रसायन र विषादीको मापदण्डको अभाव हुनु, वातावरण सम्बन्धी काम गर्ने संघ संस्थामा समन्वय नहुनु, भूकम्पबाट क्षतिग्रस्त संरचनाहरू पूर्णतया पुनर्स्थापित भइनसक्नु, बाढी, पहिरो लगायत विपदका घटनाहरू बढ्दै जानु, आदि प्रमुख समस्या हुन्।

६.१.३ अवसर र चुनौती

(क) अवसर

गाउँपालिकाको ..% भूभाग वन, घाँसे मैदान तथा हरियालीले ढाकेको हुनु, ..% भू-भाग वन क्षेत्र हुनु, वन तथा वातावरण संरक्षण गाउँपालिकाको प्राथमिकतामा पर्नु, वन तथा वातावरण र विपद व्यवस्थापन सम्बन्धी कार्य दिगो विकासको लक्ष्यमा समाविष्ट हुनु, वातावरण सम्वन्धी संघ संस्थाहरूको साझेदारी रहनु, राष्ट्रिय

तथा स्थानीय वातवरण अनुकुलन कार्ययोजना (LAPA and NAPA) पारित भई कार्यान्वयनमा हुनु, सामुदायिक, कवुलियत, निजी तथा धार्मिक वनहरूको विकास समुदायको संलग्ता बढ्दै जानु, भूकम्प पश्चात पुनर्निर्माण भएका घरहरूमा धुवा रहित चुल्हो जडान हुनु, जैविक विविधताका कारण प्राकृतिक पर्यटनको उच्च सम्भावना रहनु, काठ तथा जडिबुटीजन्य बहुमूल्य वन पैदावारको उपयोग र निकासीबाट आय आर्जनको सम्भावना हुन आदि अवसरका रूपमा रहेका छन् ।

(ख) चुनौती

वनको अनाधिकृत अतिक्रमण रोक्नु, विकास र वातावरण बीच सन्तुलन कायम गर्नु, जलाधार र जैविक विविधताको संरक्षण गर्नु, जलवायु अनुकुलन प्रविधिको विकास गर्नु, वनमा रहेको इन्धन निर्भरता घटाउनु,, वन र वातावरणलाई आय आर्जन र रोजगारीमा आवद्ध गर्नु, बढ्दो प्लाष्टिकजन्य वस्तुको प्रयोग रोक्नु, फोहोरको उचित व्यवस्थापन गर्नु, वन तथा वातावरण सम्वन्धी काम गर्ने संघसस्थाहरूमा समन्वय कायम गर्नु, जलवायु परिवर्तनको असर वढ्दै जानु, विपदबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण सम्पन्न गरी पुनःस्थापन गर्नु, ... प्रतिशत घरमा इन्धनको स्रोतको रूपमा प्रयोग हुँदै आएको दाउरालाई प्रतिस्थापन गर्नु आदि यस क्षेत्रका प्रमूख चुनौती हुन् ।

६.१.४ उद्देश्य

१. प्राकृतिक स्रोतको दीगो उपयोग गर्नु,

२. वातावरणको संरक्षण गर्नु ।

६.१.५ रणनीति

१. वन लगायत प्राकृतिक स्रोतको विकास र वैज्ञानिक उपयोग गर्ने । (१)

२. प्राकृतिक स्रोतको उपयोगलाई आय र रोजगारीसँग आवद्ध गर्ने । (१)

३. विकास र वातावरण बीच सन्तुलन कायम गर्ने । (२)

४. फोहोरमैलाको व्यवस्थापन गर्ने । (२)

६.१.६ कार्यनीति

रणनीति १: वन लगायत प्राकृतिक स्रोतको विकास र वैज्ञानिक उपयोग गर्ने ।

१. वन क्षेत्रको संरक्षण गर्दै खाली जमिनमा वृक्षारोपण गरीनेछ ।

२. एक घर एक रुख हरियाली रोशी अभियान सञ्चालन गरिनेछ ।

३. जल, जमिन, जलाधार, जैविक विविधता जडिवुटीको संरक्षण र विकास गरिनेछ ।

४. जडिवुटी खेतीलाई प्रोत्साहन गर्दै आय र रोजगारीसँग आवद्ध गरिनेछ ।

५. इन्धनको लागि वन जंगलमा भएको अत्यधिक निर्भरता हटाउन बैंकल्पिक इन्धनको विकास गरी वनक्षेत्रको ह्रासलाई न्यूनीकरण गरिनेछ ।

६. नदीको मुहानलाई संरक्षण गरी वहावबाट हुने क्षतिलाई न्यूनीकरण गरिनेछ ।

७. वातावरणलाई सहयोगी जंगली जनावर, पशुपंक्षी, किरा, पुतली तथा जलचर आदिको पहिचान र

संरक्षण गरिनेछ ।

८. वन्यजन्तुबाट कृषि बाली नोक्सानी घटाउने उपायहरूको खोजी, विकास र अवलम्बनमा प्रोत्साहित गरिनेछ ।

रणनीति २: प्राकृतिक स्रोतको उपयोगलाई आय र रोजगारीसँग आवद्ध गर्ने ।

१. सामुदायिक वन, कवुलियती वन व्यवस्थापनमा, महिला तथा स्थानीय समुदायको सहभागिता वृद्धि गरी आय आर्जनसँग आवद्ध गराइनेछ ।

२. सामुदायिक तथा कबुलियत बनमा जडिबुटी कुरिलो, टुसा, निउरो, बेसार, अलैंची जस्ता उच्चआय खेती प्रवर्द्धन गरी आय तथा रोजगारका अवसर बिस्तार गरिनेछ ।

३. निजी जग्गामा फलफूल, डालेघाँस लगायत काष्ठ तथा गैर काष्ठजन्य आयमूलक रुख विरुवाहरू लगाउन प्रोत्साहन गरिनेछ ।

४ स्थानीयस्तरमा काष्ठजन्य उद्योगलाई प्रोत्साहन गरिनेछ ।

५. वनजन्य उत्पादनलाई सहकारी मार्फत वजारीकरण गर्न प्रोत्साहित गरिनेछ ।

६. वन र वातावरण सम्बन्धमा काम गर्ने संघ संस्था बीच प्रभावकारी समन्वय र सहकार्य गरिनेछ ।

७. वन, वातावरण र जैविक विविधतालाई पर्यटनसंग आवद्ध गरी स्थानीय आय र रोजगारीमा वृद्धि गरिनेछ ।

रणनीति ३: विकास र वातावरण वीच सन्तुलन कायम गर्ने ।

१. ठूला आयोजना निर्माणमा वातावरणीय प्रभाव अध्ययनलाई योजना कार्यान्वयनको पूर्वशर्त बनाइनेछ ।

२. हरेक पूर्वाधार सम्वन्धी नीति निर्माण गर्दा वातावरणीय पक्षलाई विशेष ध्यान दिइनेछ ।

३. विकास संरचना निर्माण गर्दा हुने वन तथा जलाधारको कमी क्षतिहुने व्यवस्थाका साथै क्षतिलाई अनिवार्य परिपूरण गर्ने व्यवस्था गरिनेछ ।

४. जलवायु परिवर्तन सम्बन्धी जनचेतनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

५. जलवायु परिवर्तनको प्रभावलाई न्युन गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।

६. स्थानीय जलवायु अनुकुलन कार्य योजनाका सूचकहरूलाई लागु गरिनेछन् ।

७. अजिरकोटलाइ वातावरण मैत्री गाउँपालिकाको रूपमा विकास गरिनेछ ।

रणनीति ४: फोहोरमैलाको व्यवस्थापन गर्ने ।

१. नजिकका नमोबुद्ध नगरपालिका र विभिन्न संघ संस्था एवं अन्तर सरकार समन्वय गरी लागत सहभागितामा पायक पर्ने ठाउँमा सहरी फोहोर व्यवस्थापन गरिनेछ ।

२. घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने फोहोर छुट्याउन कन्टेनरको व्यवस्था गरिनेछ ।

३. कुहिने फोहोरबाट जैविक मल उत्पादन गर्न प्रोत्साहित गरिनेछ ।

४. व्यवसायिक रूपमा जैविक मल उत्पादन गर्न सहुलियत ऋण र अनुदानको व्यवस्था गरिनेछ ।

५. प्लाष्टिकमुक्त गाउँपालिका घोषणा गरिनेछ ।

४. निश्चित क्षेत्रलाई समेट्ने गरी सफा र आधारभूत सुविधायुक्त नमूना गाउँ टोल निर्माण गर्ने गरी स्मार्ट भिलेज कार्यक्रम सञ्चालन गरिनेछ ।

६.१.७ प्रमुख कार्यक्रम

(क) गाउँपालिका आफैले सम्पादन गर्ने ।

१. नर्सरी स्थापना ।

२. वृक्षरोपण ।

३. वन डढेलो रोकथाम तथा नियन्त्रण कार्यक्रम सञ्चालन ।

४. वन्यजन्तु तथा जैविक विविधता संरक्षण र नियन्त्रण ।

५. सामुदायिक, कबुलियती, धार्मिक र निजी वन विकास ।

६. वन उपभोक्त समितिहरू गठन ।

७. क्षमता विकास ।

८. जडिबुटी खेती ।

(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने ।

१. जडिबुटी पहिचान तथा जैविक विविधता अध्ययन, व्यवसायिक जडिबुटी खेती तथा पकेट क्षेत्र,

२. जलवायु परिवर्तन तथा अनुकुलन कार्यक्रम,

३. चोरी सिकारी नियन्त्रण,

४. हरित उद्यम सञ्चालन,

५. संस्थागत विकास तथा सुशासन ।

(ग) संघीय सरकारसंग सहकार्यमा सम्पादन हुन सक्ने ।

१. जलवायु अनुकुलन,

२. कार्वन नियन्त्रण र भुक्तानी,

३. नीतिगत एवं कानूनी व्यवस्था

६.१.८ अपेक्षित उपलब्धि

५८ प्रतिशत वन क्षेत्र कायम भएको हुने, ५० वटा सामुदायिक बन, २० हे. निजी बन भएको हुने, कम्तिमा २१ वटा वन पैदावारमा आधारित लघुउद्यम विकास भएको हुने, विकास आयोजना संचालन गर्दा वातावरणमैत्री प्रविधिको अवलम्बन भएको हुने, ५ वटा प्रमुख बजार क्षेत्रमा व्यवस्थित फोहरमैला व्यवस्थापन भएको हुने, धुंवा रहित चुल्हो २५०० घरमा जडान भएको हुने, विद्युत तथा एल.पि.ग्यासको प्रयोग गर्ने परिवार

१५ प्रतिशत पुगेको हुने, इन्धनको रुपमा दाउराको प्रयोग ८५ प्रतिशतमा झरेको हुने, विकास आयोजना निर्माण र व्यवस्थापनमा वायो इन्जिनियरिङ प्रविधिको अनुसरण भएको हुनेछ । जोखिम नक्सांकन भएको क्षेत्र ६० प्रतिशत पुग्ने छ ।

६.२ विपद् व्यवस्थापन

६.२.१ पृष्ठभूमि

निरन्तर दोहोरिने बहुप्रकोपका घटनाहरूबाट उत्पन्न विपद्को अत्यधिक जोखिममा रहेको मुलुकहरूमध्ये नेपाल पनि एक हो । विश्वमा भूकम्पबाट ११ औं उच्च जोखिम तथा बाढी र पहिरोबाट ३० औं जोखिमयुक्त देशको रूपमा नेपाल रहेको छ । विपद्जन्य घटनाबाट बर्षेनी ठूलो धनजनको क्षति हुनुका साथै व्यक्ति तथा समुदायलाई अप्रत्याशित रूपमा ठूलो बोझ थोपरिन पुग्दछ ।

नेपालको संविधानले प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्व तयारी उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत गरेको छ भने विपद् व्यवस्थापनलाई तीनै तहको अधिकारको साझा सूचीमा समेत राखेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहको नेतृत्वमा स्थानीय विपद् व्यवस्थापन समिति रहने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विपद् व्यवस्थापन सम्बन्धी स्थानीय स्तरमा योजना एवं कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने जिम्मेवारी गाउँपालिका तथा नगरपालिकाहरूलाई प्रदान गरेको छ ।

रोशी गाउँपालिकाको भौगोलिक अवस्थिति, कमजोर भौगर्भिक अवस्था र मानवीय क्रियाकलापले गर्दा विभिन्न प्राकृतिक तथा गैरप्राकृतिक विपद्को सामना गर्नु परिरहेको छ । गाउँपालिकाको कूल भूभाग मध्ये करिब २० प्रतिशतमात्र १० डिग्रि भन्दा कम भिरालो भूभाग रहनु, करिब ८० प्रतिशत भूभाग २५ डिग्री भन्दा बढी भिरालो रहनाले पहिरो यहाँको प्रमुख समस्याको रूपमा रहेको छ । यसपालिकामा विपद्जन्य घटनाहरूमा भूकम्प, बाढी, पहिरो, आगलागी, खडेरी, सडक दुर्घटना, स्वास्थ्यजन्य महामारी र चट्याङ्ग प्रमुख रहेकाछन् ।

२०७२ सालको भूकम्पको असरले यस पालिकामा निकै ठूलो क्षतिको सामना गर्नु पऱ्यो । उक्त भूकम्पबाट ४६६३ परिवारका व्यक्तिगत आवास, १० वटा स्वास्थ्य संस्था, ७ वटा वडा कार्यालय, ३ वटा प्रहरी भवन, ३५ वटा विद्यालय भवन, २ वटा माइक्रो हाइड्रोको क्षतिग्रस्त हुनाका साथै अन्य धेरै धनजनको क्षति हुन पुग्यो ।

विगतका अनुभवका आधारमा गाउँपालिकाले विपद् व्यवस्थापनमा नियमित वार्षिक बजेट विनियोजन गर्ने गरेको पाइन्छ । यस गाउँपालिकामा स्थानीय स्तरमा गठित विपद् व्यवस्थापन समिति, तत्काल सहायतार्थ २ वटा प्रहरी चौकी र ४ वटा प्रहरी इकाईहरू, एम्बुलेन्स सेवाको उपलव्धता रहँदै आएको छ । यसैगरी विपद् सम्बन्धी कार्यमा नेपाल सरकारको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, रेडक्रस जस्ता संस्थाहरू पनि यस गाउँपालिकामा क्रियाशील रहेका छन् ।

६.२.२ प्रमुख समस्या

भिरालो भू-बनौट, विपद् उत्थानशील पूर्वाधार विकास नहुनु, अवैज्ञानिक कृषि प्रणाली, कृषिमा रसायन र विषादीको प्रयोग, जोखिम क्षेत्रको पहिचान नहुनु, सिमान्त भूमि तथा नदी किनाराहरूमा बस्ती बस्नु तथा खेती गरिनु, प्राकृतिक स्रोतको अवैज्ञानिक प्रयोग हुनु, जनचेतनाको कमी हुनु, नदीजन्य पदार्थको तीव्र दोहन गरिनु, स्वास्थ्य र सरसफाई सम्बन्धी जागरुकताको कमी हुनु, विपद् पूर्व तयारीको कमी, भूकम्पबाट क्षतिग्रस्त संरचनाहरू पूर्णतया पुनर्स्थापित भैनसक्नु, विपदका क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरू बीच समन्वयको अभाव आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

६.२.३ अवसर र चुनौती

(क) अवसर

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ कार्यान्वयनमा आउनु, २०७२ सालको भूकम्पको कारणले विपद् सम्बन्धमा नागरिकको चेतना अभिवृद्धि हुनु, भवन संहिता तथा भवन निर्माण मापदण्ड तर्जुमा गरी लागू हुनु, वन तथा हरियाली क्षेत्रको विस्तार गर्ने क्षेत्र प्रशस्त हुनु, निर्माण सम्बन्धी नवीन प्रविधि र ज्ञान उपलव्ध हुनु, नयाँ भूकम्प प्रतिरोधात्मक आवास तथा स्तरीय संरचना सहितका विद्यालय तथा अन्य सार्वजनिक संरचनाको निर्माण हुनु, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र अन्य संघ संस्था र विकास साझेदारहरूबाट पुनर्निर्माणमा सहयोग प्राप्त हुनु आदि यस क्षेत्रमा देखिएका अवसरहरू हुन् ।

(ख) चुनौती

पूर्वाधार निर्माणको कार्यलाई व्यवस्थित, दिगो र उत्थानशील बनाउनु, विकास र वातावरण वीच सन्तुलन कायम गर्नु, जलाधार तथा नदीनालाको संरक्षण तथा तटबन्ध निर्माण गर्नु, पुर्ननिर्माणको कार्य समयमा नै सम्पन्न गर्नु, विपद् व्यवस्थापन सम्बन्धी संघ संस्थाहरू बीच प्रभावकारी समन्वय कायम गर्नु, जोखिमयुक्त बस्तीको स्थानान्तरण गर्नु, व्यवस्थित विपद् पूर्व तयारी गर्नु, विकास सम्बन्धी सोच र धारणामा परिवर्तन गरी विपद् संवेदनशील बनाउनु आदि यसक्षेत्रका प्रमुख चुनौती हुन् ।

६.२.४ उद्देश्य

विपद्जन्य घटनाको न्यूनिकरण गर्दै विपद व्यवस्थापन गर्नु ।

६.२.५ रणनीति

१. विपद् व्यवस्थापन पूर्व तयारी प्रभावकारी बनाउने ।

२. दिगो विपद् व्यवस्थापन प्रणालीको अवलम्बन गर्ने ।

२. विपद्बाट भएको क्षतिको पुनर्निर्माण एवं पुनःस्थापना गर्ने ।

६.२.६ कार्यनीति

रणनीति १: विपद् व्यवस्थापन पूर्व तयारी प्रभावकारी बनाउने ।

१. स्थानीय विपद् व्यवस्थापन समितिलाई क्रियाशील गराइनेछ ।

२. विपद उद्धार कार्यमा स्थानीय रेडक्रस, समुदायमा आधारित विपद् व्यवस्थापन समिति, युवा स्वयंसेवी, सरोकारवाला संघसंस्था तथा गैसस एवं सुरक्षा निकायलाई अभिमुखीकरण गरी तयारी अवस्थामा राखिनेछ ।

३. स्थानीय स्वास्थ्य संस्थाहरूलाई विपद् तयारी सम्बन्धी पूर्वाधार व्यवस्था र तत्काल परिचालन गर्न सकिने अवस्थामा राखिनेछ ।

४. एम्बुलेन्स सेवालाई प्रभावकारी बनाइनेछ ।

५. नमोबुद्ध नगरपालिका सँगको सहकार्यमा गाउँपालिकामा बारुणयन्त्र सेवाको स्थापना गरी उद्धार उपकरण समेतको व्यवस्था गरिनेछ ।

६. विपद् पूर्व सूचना प्रणाली व्यवस्थित गरी प्रत्येक घर परिवार वा बस्तीमा मोबाइल र एफ एमबाट विपद् सम्भावना सम्वन्धी पूर्व सूचना प्रवाह गरिनेछ ।

रणनीति २: दीगो विपद् व्यवस्थापन प्रणालीको अवलम्बन गर्ने ।

१. समुदायमा आधारित विपद् व्यवस्थापन समितिहरू गठन गरी तिनको क्षमता विकास गरिनेछ ।

२. विपद् व्यवस्थापनका क्षेत्रमा कार्यरत रेडक्रस, संघ संस्थाहरू र स्थानीय क्लवहरूलाई समन्वय गरी परिचालन गरिनेछ ।

३. गाउँपालिकामा विपद् व्यवस्थापनको वेग्लै कोषमा आवश्यक रकम विनियोजन गर्दै लगिने छ ।

४. गाउँपालिकामा सरोकारवाला समेतको सहभागिता रहने गरी विपद् व्यवास्थापन केन्द्रको स्थापना गरी एकिकृत सेवा प्रवाह गरिनेछ । यस्तो केन्द्रमा आवश्यक न्यूनतम विपद् उद्धार सामाग्रीहरू भण्डारण गरिनेछ ।

५. विपद् व्यवस्थापनमा संलग्न हुने संघ संस्था समुदाय र व्यक्तिहरूको क्षमता विकास गरिनेछ ।

६. विकास निर्माण कार्यहरूमा जोखिम न्यूनीकरणका उपायहरू सहित विपद् उत्थानशील विकास प्रक्रियाको अवलम्बन गरिनेछ ।

७. विद्यालय तहमा विपद् जोखिम सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

८. सडक दुर्घटना जोखिम स्थलहरूमा सचेतना संकेतहरू राखिनेछ ।

रणनीति ३: विपद्बाट भएको क्षतिको प्रभावकारी पुनर्निर्माण एवं पुनःस्थापन गर्ने ।

१. विपद् जोखिम नक्सांकन गरिनेछ ।

२. पानीको मुहान, जलाधार क्षेत्र आदिको संरक्षणका लागि समुदायमा आधारित विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

३. २०७२ सालमा गएको भूकम्पबाट भएको क्षतिको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग समन्वय गरी पुनर्निर्माण र पुनर्स्थापना सम्पन्न गरिनेछ ।

४. सार्वजनिक निर्माणका कामहरूमा “अझ राम्रो अझ बलियो” सिद्धान्तको अनुसरण गरिने छ ।

५. वर्षेनी हुने बाढी, पहिरो जस्ता विपद्बाट भएको क्षतिलाई प्राथमिकताका साथ पुनर्निर्माण र पुनर्स्थापना गरिनेछ ।

६.२.७ प्रमुख कार्यक्रम

(क) गाउँपालिका आफैले सम्पादन गर्ने

१. नीति, कानून तर्जुमा तथा कार्यान्वयन ।

२. विपद् जोखिम नक्सांकन ।

३. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना ।

४. जनचेतना अभिवृद्धि अभियान ।

५. समुदायमा आधारित विपद् व्यवस्थापन समितिहरू गठन ।

६. विपद् व्यवस्थापन केन्द्रको स्थापना र भण्डारण ।

७. सरोकारवालाहरूको क्षमता विकास ।

(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने

१. सरोकारवालाहरूको क्षमता विकास ।

२. विपद् उत्थानशील संरचना निर्माण ।

३. उद्धार राहत सम्बन्धी सामग्री तथा उपकरण आपूर्ति ।

४. अन्तर निकाय समन्वय ।

(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने

१. क्षमता विकास ।

२. विपद् उत्थानशील संरचना निर्माण ।

३. उद्धार राहत सम्बन्धी सामग्री तथा उपकरण आपूर्ति ।

४. अन्तर निकाय समन्वय ।

६.२.८ अपेक्षित उपलब्धि

२५ प्रतिशत भूभागमा विपद् जोखिम नक्साङ्कन भएको हुने, विपद्जन्य घटनाबाट हुने धन जनको क्षतिमा उल्लेख्य रूपमा कमी आएको हुने, भूकम्पबाट क्षतिग्रस्त आवास तथा अन्य सार्वजनिक सामुदायिक पुनःसंरचना पुनर्निर्माण सम्पन्न भएको हुने, विपद् व्यवस्थापन केन्द्रको स्थापना भएको हुने, विपद् पूर्व सूचना प्रणाली स्थापना भएको हुनेछ। विपद व्यवस्थापनमा महिला तथा बहिष्करणमा परेका समुदायको क्षमता अभिवृद्धि भएको हुने ।

परिच्छेद- ७

सुशासन तथा संस्थागत विकास

७.१ योजना तथा तथ्यांक

७.१.१ पृष्ठभूमि

योजनाबद्ध कार्य प्रणाली अपनाएमा मात्र निर्धारित समयमा, पूर्व अनुमानित स्रोत र साधनको अधिकतम प्रयोगद्वारा नियोजित कार्य वा सेवा सम्पन्न गर्न सकिन्छ। यसैले विकास कार्य गर्दा योजना तर्जुमा पूर्व आवश्यकता, व्यवस्थापन, स्रोतको उपलब्धता, लगायत संलग्न समूह, उपलब्धि, लाभदायी समूह आदिको पूर्व पहिचान हुनु आवश्यक पर्दछ।

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार वस्तुगत विवरण तयार भएको, खानेपानी तथा सरसफाई गुरु योजना तर्जुमाको क्रममा रहेको, गाउँपालिकाको विकासको लक्ष्य प्राप्त गर्न सहभागितामूलक प्रणालीको अवलम्बन गर्ने गरेको, स्वास्थ्य सूचना प्रणाली (HMIS) र शिक्षा सूचना प्रणाली (EMIS) कार्यान्वनयमा (कार्यान्वयनमा आउने चरणमा) रहेको छ।

७.१.२ प्रमुख समस्या

सहभागितामूलक योजना प्रणाली पूर्णरूपमा स्थापित भइनसक्नु, योजना प्राथमिकीकरणको आधारमा तर्जुमा हुन नसक्नु, विस्तृत आयोजना प्रतिवेदन विना आयोजनाको छनौट हुनु, टुक्रे र वितरणकारी आयोजनाको बाहुल्यता हुनु, योजना छनौटका आधार प्रष्ट नहुनु, गाउँपालिकाको वस्तुगत विवरण तथा तथ्याङ्क नहुनु, दक्ष जनशक्तिको अभाव हुनु, मर्मत सम्भारको कमी, प्राविधिक जनशक्तिको अभावमा योजना संचालन र अनुगमनमा कठिनाइ आदि प्रमुख समस्या रहेका छन्।

७.१.३ अवसर र चुनौती

(क) अवसर

स्थानीय तहका योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा गाउँपालिकालाई पूर्ण अधिकार हुनु, कर्मचारी पदपूर्तिको प्रकया अगाडि बढ्नु, निर्वाचित पदाधिकारीहरूले नेतृत्वदायी भूमिका खेल्नु, योजनाबद्ध विकास प्रति जनप्रतिनिधिहरूमा जानकारी हुनु, गाउँपालिकाको दरवन्दी र संगठन संरचना स्वीकृत गर्ने कार्य अगाडि बढनु, विकास योजनामा जनसहभागिता प्राप्त हुनु, उपभोक्ता समितिहरू क्रियाशील हुनु, विकास योजना सम्बन्धमा सामाजिक सचेतना बढ्दै जानु आदि यस क्षेत्रका प्रमुख अवसरहरू हुन्।

(ख) चुनौती

दीगो विकासका अवधारणा अनुसार योजना तर्जुमा र विकास कार्यहरूको कार्यान्वयन गर्नु, पूर्व संभाव्यताका आधारमा आयोजनाहरूको छनौट र कार्यान्वयन गर्नु, हचुवाका भरमा योजना तथा बजेट विनियोजन गर्ने अभ्यासलाई योजना अनुशासनमा ल्याउनु, सहभागितामूलक योजना तर्जुमा प्रणाली संस्थागत

गर्नु, वितरणमुखी बजेट नियन्त्रण गरी टुक्रे योजनामा विनियोजन रोक्नु, योजना प्रणालीलाई नतिजासँग आवद्ध गर्नु, योजना कार्यान्वयन क्षमता बढाउनु, विकास योजनाका बारेमा आम नागरिकलाई सुसूचित गर्नु, विकासमा सबै लिङ्ग, वर्ग, र समुदायको समतामूलक पहुँच स्थापित गर्नु, नागरिकको सूचनाको हक स्थापित गराउनु, योजना अभिलेख व्यवस्थापन अध्यावधिक गर्नु, नियमित अनुगमन गरी निर्धारित समय, लागत र गुणस्तरमा आयोजना सम्पन्न गर्नु प्रमुख चुनौती रहेका छन् ।

७.१.४ उद्देश्य

तथ्याङ्कमा आधारित सहभागितामूलक योजना प्रणालीको स्थापना गर्नु ।

७.१.५ रणनीति

१. सूचना तथा तथ्याङ्क प्रणालीको स्थापना गर्ने ।
२. सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवलम्बन गर्ने ।
३. तथ्य र तथ्याङ्कमा आधारित योजना निर्माण गर्ने ।
४. नतिजामूलक अनुगमन प्रणालीको अवलम्बन गर्ने ।

७.१.६ कार्यनीति

रणनीति १: सूचना तथा तथ्याङ्क प्रणालीको स्थापना गर्ने ।

१. गाउँपालिकाको आधारभूत तथ्याङ्क सहितको बस्तुगत विवरणको निर्माण गरिनेछ ।
२. वस्तुगत विवरण वार्षिक रूपमा अध्यावधिक गरिनेछ ।
३. गाउँपालिकाभित्रको तथ्याङ्क प्रणालीलाई एकरूपता कायम गरी आधिकारिता दिन सूचना तथा तथ्याङ्क समन्वय प्रणाली स्थापना गरिनेछ ।
४. गाउँपालिकाको तथ्याङ्कलाई विद्युतीय प्रणालीमा आवद्ध गरी राष्ट्रिय तथा प्रादेशिक तथ्याङ्क प्रणालीसँग सञ्जालीकरण गरिनेछ ।
५. सूचना तथा तथ्याङ्क संकलन तथा परिमार्जन सम्बन्धी क्षमता विकास गरिनेछ ।

रणनीति २ : सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवलम्बन गर्ने ।

१. विकास कार्यक्रमहरू तर्जुमा गर्दा सहभागितामूलक ढंगबाट निर्धारित प्रक्रिया अवलम्वन गरिनेछ ।
२. योजना कार्यान्वयन गर्दा सरोकारवाला र अन्तर सरकार समन्वय र साझेदारी गरी स्रोत साधनको न्यूनता र दोहोरोपना हटाइनेछ ।
३. विभिन्न निकायबाट गाउँपालिका क्षेत्रभित्र संचालन हुने विकास कार्यक्रमहरू गाउँ विकास योजनामा एकिकृत गरिनेछ ।
४. योजना प्रणालीमा कोही नछुटुन् भन्ने अवधारणा अन्तर्गत वस्ती तहदेखि नै सबै सरोकारवालाहरूको अर्थपूर्ण सहभागिता बढाइनेछ ।

रणनीति ३ : तथ्य र तथ्याङ्कमा आधारित योजना निर्माण गर्ने ।

१. गाउँपालिकाका रूपान्तरणकारी तथा ठूला आयोजना छनौट गर्दा आर्थिक, सामाजिक र प्राविधिक अध्ययन गरी सम्भाव्य आयोजनामात्र छनौट गरिनेछ ।

२. सम्पन्न योजनाको मर्मत सम्भार सम्वन्धी कार्ययोजना (Operation and Maintainance Plan) तयार गरी कार्यान्वयन गरिनेछ ।
३. स्थानीय योजना व्यवास्थापन प्रणालीलाई सूचना प्रविधिमा आवद्ध गरिनेछ ।
४. मध्यमकालीन खर्च संरचना तयार गरी आवधिक योजना र वार्षिक योजना बीच अन्तरसम्बन्ध स्थापित गरिने छ ।

रणनीति ४ : नतिजामूलक अनुगमन प्रणालीको अवलम्बन गर्ने ।

१. अनुगमन मुल्यांकन सम्वन्धी कार्य योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
२. विकास कार्यक्रमको सूचकमा आधारित नतिजामूलक अनुगमन गरिनेछ ।
३. नियमित अनुगमन र मुल्यांकनका लागि संयन्त्र निर्माण गरी परिचालन गरिनेछ ।
४. अनुगमन समितिलाई क्रियाशील गराई तोकिएको समयमा गुणस्तरीय नतिजा हासिल गरिनेछ ।
५. अनुगमनलाई जनसहभागितामूलक बनाइनेछ ।
६. नियमित रूपमा चौमासिक तथा वार्षिक प्रगति समिक्षा गरी विकास कार्यमा आइपर्ने समस्याको समाधान गरिनेछ ।
७. विकास आयोजनाको प्रगति तयार गरी सम्बन्धित निकायहरूमा पठाइनेछ ।

७.१.७ प्रमुख कार्यक्रम

(क) गाउँपालिका आफैले सम्पादन गर्ने

- संगठन संरचना सर्वेक्षण गरी नयाँ संगठन संरचनमा निर्माण ।
- निर्वाचित तथा कर्मचारीहरुसँग कार्य सम्पादन करार पद्धतिको विकास तथा कार्यान्वयन ।
- सर्वेक्षण तथा वस्तुगत विवरणको निर्माण ।
- योजना प्रणाली सम्बन्धी क्षमता विकास ।
- सहभागितामूलक योजना प्रणाली ।
- गुरुयोजनाको निर्माण ।
- मध्यमकालीन खर्च संरचना निर्माण ।
- आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन ।
- योजना अनुगमन ।
- सामाजिक परीक्षण, सार्वजनिक परीक्षण ।
- सम्पन्न योजनाको मर्मत सम्भार ।
- संघ, प्रदेश र स्थानीय तहको सहकार्यमूलक योजना ।
- समिक्षा र प्रतिवेदन ।

(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने

- क्षमता विकास ।
- विकास कार्यमा अन्तर तह साझेदारी ।
- प्रदेश योजनामा स्थानीय योजनाको मूलप्रवाहीकरण ।
- अन्तर सरकार विद्युतीय सञ्जालीकरण ।
- बजेट, अनुदान तथा राजश्व बाँडफाँड रकम हस्तान्तरण ।
- संघ, प्रदेश र स्थानीय तहको सहकार्यमूलक योजना ।

(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने

- क्षमता विकास ।
- विद्युतीय सञ्जालीकरण ।
- प्रतिवेदनको ढाँचा र सफ्टवेयरको निर्माण ।
- बजेट, अनुदान तथा राजश्व बाँडफाँड रकम हस्तान्तरण ।
- संघीय योजनामा स्थानीय योजनाको मूलप्रवाहीकरण ।
- संघ, प्रदेश र स्थानीय तहको सहकार्यमूलक योजना ।

७.१.८ अपेक्षित उपलब्धि

खण्डीकृत तथ्याङ्क संकलन भई विद्युतीय प्रणालीमा आवद्ध भएको हुने, गाउँपालिकाको बस्तुगत विवरण अध्यावधिक भएको हुने, आवधिक गाउँ विकास योजना तर्जुमा भई संचालन भएको हुने, विषय क्षेत्रगत गुरुयोजना तर्जुमा भई कार्यान्वन हुने, गाउँ बस्ती तहदेखिकै सहभागितामूलक प्रक्रियाबाट बार्षिक योजना तर्जुमा भएको हुने, बार्षिक अनुगमन योजना तर्जुमा गरी कार्यान्वयन भएको हुने, चौमासिक र वार्षिक समीक्षा प्रणाली संस्थागत भएको हुने, अन्तरतह प्रगति प्रतिवेदन एकिकृत विद्युतीय प्रणालीमा आवद्ध भएको हुने, विकास आयोजनाको वार्षिक कार्यान्वयन प्रगति ९० प्रतिशतभन्दा बढी भएको हुनेछ ।

७.२ सुशासन तथा सेवा प्रवाह

७.२.१ पृष्ठभूमि

स्थानीय तहको सरकारहरूको प्रमुख जिम्मेवारी लोकतन्त्रका लाभहरूको वितरण गर्नु हो। जनताको निकटतम् तहका सरकारको रूपमा रहेका स्थानीय तहमा सुशासन स्थापना भएमा मात्र नागरिकले परिवर्तन र लोकतन्त्रको अनुभूति गर्ने अवसर प्राप्त गर्न सक्दछन्। यसका निमित्त स्थानीय तहहरू सक्षम, पारदर्शी, भ्रष्टाचार मुक्त, उत्तरदायी र सहभागितामूलक हुन आवश्यक छ।

रोशी गाउँपालिकामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कर्मचारी समायोजनको क्रममा जम्मा ... जनाको दरबन्दी रहेकोमा हालसम्म ....को पदपूर्ति भएको छ। बाँकी ... दरबन्दीको पदपूर्तिका लागि लोक सेवा आयोगमा माग गरी पठाइएको ....। हालसम्म ... वटा ऐन, .. वटा नियमावली, कार्यविधि, विनियमावली, एवं निर्देशिकाहरू तथा ...वटा मापदण्डहरु गाउँ सभा तथा गाउँ कार्यपालिकाबाट स्वीकृत भई गाउँपालिकाको राजपत्रमा प्रकाशन भएर कानूनको रुपमा कार्यान्वयनमा आएका छन्। .... वटा कानूनहरु गाउँ सभा तथा गाउँ कार्यपालिकाबाट स्वीकृत भएको भएतापनि गाउँपालिकाको राजपत्रमा प्रकाशन हुन बाँकी रहेकोले कार्यान्वयनमा आउन सकेका छैनन्। यसैगरी सभाबाट सुशासन समिति, विधायन समिति र लेखा समिति लगायत ... वटा समिति र कार्यपालिकाबाट ..... समितिहरु गरी जम्मा .. वटा विभिन्न समिति, विषयगत समितिहरु गठन भएकाछन्। यी मध्ये ..... समितिहरु सक्रिय र प्रभावकारी देखिएका छन् भने .... समितिहरु निस्कृय रहेका छन्।

सार्वजनिक सेवाका सन्दर्भमा गाउँपालिका र ... वडामा गरी ... वटा नागरिक बडापत्रको प्रयोग भएकोछ। सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट, मासिक रुपमा पालिकाको आम्दानी खर्च तथा बैठक तथा सभाका निर्णयहरु सार्वजनिक गर्ने अभ्यास आरम्भ भएको छ। समयमा नै बजेट तथा कार्यक्रम र यस सम्बन्धी ऐन नियमहरू स्विकृत भई कार्यान्वयनमा आउने गरेको छ।

गाउँपालिकाको सञ्चित कोषको स्थापना भई सुत्रमा आधारित आर्थिक कारोवारको सञ्चालन, व्यक्तिगत घटना, सामाजिक सुरक्षा आदिको सेवामा विद्युतीय प्रणालीको प्रयोग भइरहेको, एप्सको प्रयोगबाट वस्तुगत विवरण संकलन भएको र आर्थिक कारोबार राष्ट्रिय वाणिज्य बैङ्कको स्थानीय शाखाबाट सम्पादन हुने गरेको छ।

७.२.२ प्रमुख समस्या

दक्ष कर्मचारी अभावले सेवा प्रवाह र बजेट कार्यान्वयनमा कठिनाइ हुनु, गाउँपालिकाको आफ्नो कार्यालय भवन नहुनु, सूचना प्रविधि पूर्वाधारको अभाव हुँदा सरल रूपमा सूचना प्रवाहको कठिनाई हुनु, गाउँ सभाका समितिहरू क्रियाशील नहुनु, कर्मचारीहरूको निरन्तर सरुवा र अस्थिरता रहनु, आफ्नो अधिकार क्षेत्रभित्रका सबै कानुन, कार्यविधि तथा मापदण्डहरू बनि नसक्नु, बढ्दो जनआकाँक्षा अनुरूप सेवा प्रवाह हुन नसक्नु, गाउँपालिकालाई प्राप्त हुने समानीकरण अनुदान अपर्याप्त हुनु, आन्तरिक स्रोत परिचालनमा कठिनाई रहनु आदि यस क्षेत्रका प्रमुख समस्या रहेका छन्।

७.२.३ अवसर र चुनौती

(क) अवसर

स्थानीय तहको एकल अधिकारभित्रका विषयमा कानून निर्माण गरी कार्यान्वयन गर्ने अधिकार हुनु, आर्थिक कार्यप्रणाली व्यवस्थित गर्ने सम्बन्धी आर्थिक ऐन र अन्य केही ऐन कानूनहरू तर्जुमा हुनु, आफ्नो प्रशासनिक संगठन र संरचना आफै निर्माण गर्न सक्ने अधिकार हुनु, संवैधानिक तथा कानूनी रूपमा नै वित्तीय हस्तान्तरणबाट निश्चित स्रोतको सुनिश्चितता रहनु, स्थानीय तवरमा विकास साझेदारहरूको उपस्थिति र सकारात्मक सहयोगको वातावरण हुनु आदि यस क्षेत्रका प्रमुख अवसरहरू हुन् ।

(ख) चुनौती

कर्मचारीको पदपूर्ति गरी सबै वडा तथा विषयगत कार्यालयहरूमा दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति गर्नु, आर्थिक ऐन कानून कार्यान्वयनमा ल्याउनु, संघीय सरकारबाट खटिने कर्मचारीहरूमा स्थायित्व ल्याउनु, समायोजित कर्मचारीहरूलाई स्थानीय सेवाअनुसार संचालन गरी व्यवस्थित गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

७.२.४ उद्देश्य

१. पारदर्शी, सहभागिता पूर्ण जवाफदेहि र पूर्व अनुमान योग्य शासकीय प्रणाली स्थापित गर्नु ।

२. संस्थागत पूर्वाधार निर्माण गर्दै सरल, सहज र सुलभ रूपमा सेवा प्रवाहको सुनिश्चितता गर्नु ।

७.२.५ रणनीति

१. विधि र प्रक्रियामा आधारित शासन व्यवस्था स्थापना गर्ने । (१)
२. कार्यमूलक संगठन संरचना निर्माण गरी कार्य सम्पादन प्रणालीलाई संस्थागत बनाउने ।
३. गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्ने । (१)
४. सूचना प्रविधिको प्रयोग मार्फत सेवा प्रवाहलाई सुलभ, सरल र सहज बनाउने । (२)
५. राजश्व तथा वित्तीय व्यवस्थापन प्रभावकारी बनाउने । (२)

७.२.६ कार्यनीति

रणनीति १: विधि र प्रक्रियामा आधारित शासन व्यवस्था स्थापना गर्ने ।

१. संविधान प्रदत्त अधिकारको सीमाभित्र रही आवश्यक कानून, नियमावली, निर्देशिका बनाइनेछ ।

२. सदाचार प्रवर्द्धन गर्दै पारदर्शी कार्यप्रक्रियाको निर्माण गरी भ्रष्टाचार विरुद्ध प्रभावकारी उपायको अवलम्बन गरिनेछ ।

३. सार्वजनिक पदाधिकारीकालागि आचार संहिता निर्माण गरी कार्यान्वयनमा ल्याउनका साथै अनुगमन प्रणाली स्थापना गरिनेछ ।

४. सेवा प्रवाहलाई जनमुखी बनाउने नागरिक बडा-पत्र अध्यावधिक गरी पूर्णरूपमा कार्यान्वयनमा ल्याइनेछ ।

५. गाउँपालिकाका विकट क्षेत्रहरू लक्षित गरी स्वास्थ्य, कृषि लगायतका सेवा एकिकृत रूपमा घरदैलोमा पुऱ्याउन घुम्ती सेवा कार्यक्रम सञ्चालन गरिने छ ।

६. स्थानीय सरकारको स्वमूल्याङ्कन प्रणालीलाई (Local Institution Self-Assisment) संस्थागत गरिनेछ ।

७. सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, गुनासो व्यवस्थापन जस्ता नागरिक उत्तरदायी संयन्त्रहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
८. सार्वजनिक सुनुवाईलाई नियमित र प्रभावकारी बनाइनेछ ।
९. गाउँपालिकाको वार्षिक बजेट, कार्यक्रम, योजना र यसका प्रगतिहरू अध्यावधिक गरी वेवसाइटमा राख्ने व्यवस्था मिलाइने छ ।
१०. आर्थिक कारोवार सम्बन्धी विवरण मासिक रूपमा सार्वजनिक हुने व्यवस्था मिलाइनेछ ।
११. गाउँसभाका समितिहरूलाई क्रियाशील गराइनेछ ।

रणनीति २ : कार्यमूलक संगठन संरचना निर्माण गरी कार्य सम्पादन प्रणालीलाई संस्थागत बनाउने ।

१. गाउँपालिकाको आवश्यकता अनुसार नयाँ संगठन संरचना तयार गरी लागू गरिनेछ ।
२. गाउँपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावलीमा आवश्यक परिमार्जन गरी सबै निर्वाचित प्रतिनिधिहरु र पालिका तथा सभाका समितिहरुको कार्य विवरण स्पष्ट गरिनेछ ।
३. गाउँपालिकाको कानून निर्माण क्षमता अभिबृद्धि हुने गरी संस्थागत क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।
४. गाउँ कार्यपालिकाका उपाध्यक्ष, सबै वडा अध्यक्षहरु र कार्यपालिका सदस्यहरुसँग अध्यक्षले तथा प्रमुख प्रशासकीय अधिकृतले सबै शाखा प्रमुख सँग कार्य सम्पादन करार गरी नतिजाको अनुगमन गर्ने पद्धति निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।
५. सबै कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन र पुरस्कार तथा दण्डलाई उनीहरूको कार्यप्रगतिसंग आवद्ध गरिनेछ ।

रणनीति ३: गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

१. गाउँपालिकाको संगठन तथा व्यवस्थापन अध्ययन (O & MSurvey) गरी संगठन संरचना र दरबन्दी व्यवस्थित गरिने छ ।
२. निर्धारित दरवन्दी अनुसार आवश्यक कर्मचारीहरूको पद पूर्ति गरिनेछ ।
३. शाखा, वडा कार्यालय र विषयगत शाखहरू बीच विद्युतीय सञ्जाल स्थापना गरिनेछ ।
४. कर्मचारी तथा निर्वाचित प्रतिनिधिहरूको क्षमता विकास गरिनेछ ।
५. अन्य गाउँपालिकाहरू बीच साझा चासोका विषय र परियोजनाहरूको पहिचान गरी सहकार्य गरिनेछ ।
६. न्यायिक समितिको क्षमता अभिवृद्धि गरी प्रभावकारी बनाइनेछ ।

रणनीति ४: सूचना प्रविधिको प्रयोग मार्फत सेवा प्रवाहलाई सुलभ, सरल र सहज बनाउने ।

१. गाउँपालिकामा सूचना तथा अभिलेख केन्द्रको स्थापना गरिनेछ ।
२. सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग गरिनेछ ।
३. कार्यालयका व्यक्तिगत घटना दर्ता, आर्थिक कारोवार, राजश्व जस्ता नागरिकसँग सम्बन्धित सेवा प्रवाहमा विद्युतीय प्रणालीको प्रयोग गरिनेछ ।

४. गाउँपालिकाको वेवसाइटलाई सुधार गरी गाउँपालिकाका निर्णय, बजेट तथा कार्यक्रम र प्रगति, खर्चको विवरण जस्ता सार्वजनिक चासोका विषय नियमित रूपमा वेवसाइटमा राख्ने व्यवस्था मिलाइने छ ।
५. गाउँपालिकाको आर्थिक करोवार विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ ।
६. गाउँपालिकाका निर्णयहरू वेवसाइटमा समेत नियमित रूपमा राखी सार्वजनिक गरिनेछ ।

रणनीति ५: राजश्व तथा वित्तीय व्यवस्थापन प्रभावकारी बनाउने ।

१. राजश्व सुधार योजनाको निर्माण गरी कार्यान्वयन गरिनेछ ।
२. राजश्वका नयाँ क्षेत्र पहिचान गरी स्रोतको अभिवृद्धि गरिनेछ ।
३. खर्च व्यवस्थापनलाई प्रभावकारी बनाई वित्तीय जवाफदेहिता सुनिश्चित गरिनेछ ।
४. रोशी गाउँपालिकामा विभिन्न पेशा व्यवसाय गर्नेहरूको योगदानमा "सामाजिक उत्तरदायी कोष" को स्थापना गरी सामाजिक क्षेत्रमा परिचालन गरिनेछ ।
५. लेखा समितिलाई क्रियाशील गराई आर्थिक कारोवार, खर्चको प्रभावकारिता अभिवृद्धि र राजश्व क्षमता विकास सम्बन्धी कार्यको पृष्ठपोषण प्राप्त गर्ने र सभामा प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाइनेछ ।

७.२.७ प्रमुख कार्यक्रम

(क) गाउँपालिका आफैले सम्पादन गर्ने ।

- आवश्यक कानुनहरू निर्माण ।
- संगठन तथा व्यवस्थापन अध्ययन ।
- राजश्व योजना ।
- कानूनको पुनरावलोकन ।
- घुम्ती सेवा ।
- क्षमता विकास ।
- भवन निर्माण ।
- स्थानीय राजपत्र प्रकाशन
- वेवसाइट अध्यावधिक ।
- सूचना सञ्जालीकरण ।
- जनचेतना अभिवृद्धि ।
- नागरिक उत्तरदायित्व अभिवृद्धि ।

(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने ।

- O&M मा सहयोग ।
- क्षमता विकास ।,
- गाउँपालिकाको प्रशासनिक भवन निर्माण ।
- संस्थागत विकास सूचकहरूको मूल्यांकन ।
- कर्मचारी पदपूर्ति ।

(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने ।

- नमुना ऐन, नियम, कार्यविधि ।
- क्षमता विकास ।
- सूचना प्रविधि ।
- मापदण्डहरू ।

७.२.८ अपेक्षित उपलब्धि

संगठन संरचना निर्माण तथा कार्यान्वयन, कार्यसम्पादन पद्धतिको विकास तथा कार्यान्वयन, स्थानीय शासनका साझेदारको समन्वय तथा संस्थागत क्षमता विकास भएको हुने, स्थानीय कानून, मापदण्ड तथा कार्यविधिहरू निर्माण भएको हुने, संगठन तथा व्यवस्थापन अध्ययन भई कार्यान्वयन भएको हुने, वेवसाइट अध्यावधिक भएको हुने, स्थानीय राजपत्र नियमित रूपमा प्रकाशन भएको हुने, गाउँपालिकाको मानव संशाधन क्षमता, व्यवस्थापन र दक्षता अभिवृद्धि भएको हुनेछ ।

७.३ योजना कार्यान्वयन तथा अनुगमन र मूल्यांकन

७.३.१ पृष्ठभूमि

स्थानीय सरकार नै जनताको सर्वाधिक नजिकको सरकार हुन्। गाउँपालिकाबाट आफ्नो कार्यदायरा भित्रका विषयमा सेवा प्रवाह र विकास योजनाको कार्यान्वयबाट नै आम नागरिकमा परिवर्तनको अनुभूति दिन सकिन्छ। गाउँपालिकाबाट स्विकृत विकास नीति, योजना तथा कार्यक्रमहरूको सफल कार्यान्वयनले स्थानीय तहप्रतिको जन विश्वास अभिवृद्धि गर्नका साथै लोकतन्त्रका लाभहरू वितरण गर्न सकिन्छ।

गाउँपालिकाले आफ्नो स्रोत साधनको उच्चतम उपयोग गरी कार्यसम्पादनलाई प्रभावकारी बनाउन योजनाबद्ध विकास प्रयास अवलम्बन गर्न आवश्यक हुन्छ। यसका निमित्त आवधिक योजना, विषय क्षेत्रगत गुरु योजना र तदअनुरूप वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने हुन्छ।

७.३.२ आवधिक योजनाको कार्यान्वयन

यो आवधिक योजनालाई दीर्घकालीन सोच उन्मुख रही आगामी पाँच वटा बार्षिक नीति तथा कार्यक्रम मार्फत कार्यान्वयन गरिने छ। आवधिक योजनाहरूको प्रभावकारी कार्यान्वयनमा बार्षिक योजनाको आवधिक योजनासंगको सघन आवद्धता र नतिजामा आधारित अनुगमन तथा मूल्यांकनको महत्वपूर्ण भूमिका हुन्छ। यसका अलावा आवधिक योजनाको मध्यावधि मूल्याङ्कन गरी प्रगतिको अवस्था र सुधारका क्षेत्रहरूको पहिचान गरी समस्याको समाधान गर्दै परिमार्जन गर्नु पर्ने हुन्छ। बार्षिक नीति कार्यक्रम तथा बजेटलाई आवधिक योजनासँग अन्तर सम्बन्ध स्थापित गर्न सूचक फारमको उपयोग गरिनेछ। (अनुसूची-२)

७.३.३ मध्यमकालीन खर्च संरचना

आवधिक योजना र बार्षिक योजना बीच अन्तरसम्बन्ध स्थापित गर्न मध्यमकालीन खर्च संरचना तयार गरिनेछ। मध्यमकालिन खर्च संरचनाले निर्धारण गरेको योजना र बजेटको प्राथमिकताका आधारमा क्रमसः योजना कार्यान्वयन गर्दै लगिनेछ। वार्षिक योजनाका कार्यक्रमहरूलाई प्राथमिकीकरणका साथ मध्यमकालीन खर्च संरचना तयार गरी आवधिक योजना र वार्षिक योजना बीच तादात्म्यता मिलाइने छ। आ.व. ०७७/ ७८ देखि नै नीति तथा कार्यक्रम प्रस्तुतिका साथसाथै खर्च संरचना समेत समावेश गरी सभामा प्रस्तुत गरिनेछ।

७.३.४ कार्यान्वयन कार्ययोजना

गाउँसभाबाट आवधिक गाउँ विकास योजना स्वीकृत भएपछि यसका आधारमा गाउँपालिकाले सबै विषय शाखा र वडा कार्यालयहरूलाई मार्गदर्शनसहित वार्षिक योजना तर्जुमाका लागि बजेट पूर्वानुमान पठाउनेछ। मार्गदर्शन तयार गर्दा आवधिक योजनाका लक्ष्यसँगको अन्तरसम्बन्ध प्रष्ट गरी कार्यान्वयनको निश्चय गरिनेछ। उक्त पूर्वानुमान र मार्गदर्शनका आधारमा सहभागितात्मक प्रक्रिया अवलम्बन गरी गाउँपालिकाको वार्षिक योजना तर्जुमा गरिनेछ। सभाबाट स्विकृत बार्षिक बजेट तथा कार्यक्रम सञ्चालनका लागि प्रत्येक वर्ष श्रावण महिनामा विभिन्न विषय क्षेत्रगत कार्यक्रम कार्यान्वयनका लागि कार्ययोजना तयार गरिनेछ।

७.३.५ कार्यान्वयन विधि

आवधिक योजना र वार्षिक विकास योजना कार्यान्वयन गर्ने विधि यस प्रकार हुनेछ।

(क) गाउँ कार्यपालिका

आवधिक योजना र वार्षिक योजना अन्तर्गत स्वीकृत कार्यक्रमको कार्यान्वयन जिम्मेवारी गाउँ कार्यपालिकाको हुनेछ। यसका अलावा गाउँपालिकाको आफ्नो स्रोत अन्तर्गतका कार्यक्रमहरूको कार्यान्वयन जिम्मेवारी पनि गाउँकार्यपालिकाको हुनेछ। योजना तथा कार्यक्रमको प्रकृति अनुसार गाउँ कार्यपालिकाको कार्यालय, विभिन्न शाखा उपशाखाहरू, वडा कार्यालयहरू मार्फत योजना कार्यान्वयन गरिनेछ। विषयगत कार्यक्रम विषयगत शाखा तथा वडा स्तरीय कार्यक्रमहरू वडा तहबाट नै कार्यान्वयन गरिनेछ। भारी उपकरणको प्रयोग गर्नु नपर्ने, जनसहभागिता आवश्यक पर्ने स्थानीय योजनाहरू लाभग्राहीहरू सम्मिलित उपभोक्ता समितिबाट कार्यान्वयन गर्न प्राथमिकता दिइनेछ।

(ख) संघीय र प्रदेश सरकार

संघीय र प्रदेश सरकार अन्तर्गतका योजनाको कार्यान्वयन तत्तत् तहका सरकारबाट हुनेछ। संघ र प्रदेशबाट बजेट सहित कार्यान्वयन र हस्तान्तरण भई आएका योजनाहरू गाउँ कार्यपालिकाले कार्यान्वयन गर्न सक्नेछ। संघ वा प्रदेश सरकार वा सिमाना जोडिएका अन्य स्थानीय तहसँग साझेदारीमा सञ्चालन गर्ने कार्यक्रम आपसी सहमतिबाट कार्यान्वयनको ढाँचा निर्धारण गरी तदअनुरूप सञ्चालन गरिनेछ।

(ग) निजी क्षेत्र

नाफामूलक क्षेत्रहरू जस्तै कृषि तथा पशुपालन, उद्योग, जलविद्युत उत्पादन, वाणिज्य, आपूर्ति, पर्यटन विकास, वित्तीय क्षेत्र विकास र अन्य सम्भाव्य क्षेत्रहरू पहिचान गरी प्रचलित ऐन कानून र मापदण्ड अनुसार निजी क्षेत्र आकर्षित गर्ने नीति अवलम्बन गरिनेछ।

(घ) विकास साझेदार

गाउँपालिकामा विकास साझेदारको सहयोगमा सञ्चालन हुने योजना तथा कार्यक्रम सम्झौता तथा स्वीकृत योजना कार्यान्वयन ढांचा अनुसार कार्यान्वयन गरिनेछ। यस्ता कार्यक्रमहरू कार्यान्वयन गर्दा आवधिक योजनाको प्राथमिकता क्षेत्र समेत पहिचान गरी गाउँपालिकाको योजनामा आवद्ध हुने र नियमित रूपमा प्रगति प्राप्त हुने व्यवस्था मिलाइनेछ। विकास साझेदारहरूद्वारा कार्यान्वयन गर्ने योजनाहरूमा संयुक्त अनुगमन प्रणार्ली प्राथमिकताका साथ लागू गरिनेछ।

(ङ) गैर सरकारी संस्थाहरु

गैर सरकारी संस्थाहरूलाई उनीहरूको वैशिष्ट्यताका क्षेत्रहरू जस्तो सामाजिक परिचालन, मानव अधिकार संरक्षण, नागरिक सचेतना र सशक्तीकरण, ससाना उत्पादन र आय आर्जन, रोजगारी लगायत गरिवी न्युनीकरण, सुशासन प्रवर्धन, भाषा सस्कृति प्रवर्द्धन, शिक्षा, स्वास्थ्य क्षेत्रका वार्षिक विकास कार्यक्रममा समावेश गरी गाउँपालिकाको सहयोगीको रूपमा परिचालन गरिनेछ। गाउँपालिकाले सामाजिक विकास तथा सचेतना अभिवृद्धिमूलक कार्यक्रमहरू तुलनात्मक दक्षता भएका गैरसरकारी संस्थामार्फत समेत कार्यान्वयन गर्न सक्नेछ। गैरसरकारी संस्थाका कार्यक्रमहरू अनिवार्य रूपमा गाउँ विकास योजनामा आवद्ध हुनु पर्ने र समयबद्ध प्रगति प्रतिवेदन गाउँपालिकामा पेश गर्ने व्यवस्था मिलाइनेछ।

(च) सहकारी क्षेत्र

स्थानीय उत्पादन समूहलाई आवद्ध हुने गरी कृषि, पशुपालन र ससाना बचत तथा ऋण परिचालनको क्षेत्रमा सहकारी क्षेत्रलाई अग्रता प्रदान गरिनेछ। कृषि मल, बीउ, कृषि उत्पादनको बजार श्रृङ्खलामा

आबद्धता, कृषि यन्त्र उपकरण, चिस्यान केन्द्र, भण्डार, सुपथ मूल्य पसल, पशु तथा कृषि बाली बीमा जस्ता विषयमा सहकारी क्षेत्रसँग सहकार्य गरिनेछ ।

(छ) नागरिक समाज उन्मुख संस्था

नागरिक समाज, सामुदायिक संघ संस्था आदिलाई सामाजिक सचेतना, सशक्तिकरण, समूह परिचालन आदि कार्यका साथै नगरपालिकाको कार्यमा खवरदारी र पथ प्रदर्शक गर्ने कार्यमा परिचालन गरिनेछ ।

७.३.६ अख्तियारी

वार्षिक कार्यक्रम र बजेट गाउँसभाबाट पारित भएपछि गाउँपालिका अध्यक्षले स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिनुपर्नेछ । प्रमुख प्रशासकीय अधिकृतले बिषयगत शाखा र वडा कार्यालयहरूलाई अनुसूची ३ र ३क फाराम भर्न लगाई चौमासिक विभाजन सहितको कार्यक्रम माग गर्नुपर्नेछ । प्राप्त विवरणमा स्वीकृत वार्षिक कार्यक्रमअनुसार आवश्यक परिमार्जनसाथ कार्यान्वयनका लागि मार्गदर्शनसहित प्रमुखबाट आफूलाई अख्तियारी प्राप्त भएको १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित विषय क्षेत्रगत शाखा र वडा कार्यालयहरूलाई अख्तियारी प्रदान गर्नुपर्नेछ ।

७.३.७ योजना तथा कार्यक्रमको कार्यान्वयन

गाउँपालिकाले स्वीकृत वार्षिक योजनाको कार्यान्वयन तालिका बनाएर कार्यान्वयन गर्नु पर्दछ । यस्तो कार्ययोजनामा स्वीकृत कार्यक्रमहरू गाउँपालिका स्तरबाट कार्यान्वयन हुने हो वा वडा तहबाट कार्यान्वयन हुने हो, ठेक्का पट्टाबाट कार्यान्वयन हुने हो वा उपभोक्ता समिति वा गैर सरकारी संस्था मार्फत कार्यान्वयन हुने हो यकिन गर्नु पर्दछ । योजना कार्यान्वयन सम्बन्धी प्राविधिक जिम्मेवारी कुन शाखाको कुन कर्मचारीमा रहन्छ सो समेत यकिन गरी कार्यान्वयनको प्रक्रियामा लानु पर्दछ ।

गाउँकार्यपालिकाबाट वार्षिक कार्यक्रम कार्यान्वयन गर्नु अघि आवश्यकताअनुसार सार्वजनिक खरिद ऐनको परिधिभित्र रही ठेकापट्टा, उपभोक्ता समिति, करार वा अमानत, गैरसरकारी संस्थासँगको साझेदारीमध्ये कुन प्रक्रिया अवलम्बन गरिने हो, स्वीकृत भएपछि सोहीबमोजिम कार्यान्वयन गर्नुपर्ने छ । गाउँपालिकाले कार्यान्वयन कार्ययोजना निर्माण गर्दा उपलब्धि सूचकसमेत उल्लेख गर्नु आवश्यक हुन्छ । यसै बमोजिम सम्बन्धित कार्यान्वयन इकाईबाट चौमासिक रूपमा प्रगति प्रतिवेदन लिने प्रणाली अपनाउनु पर्दछ ।

कार्यान्वयन अघि गर्नु पर्ने पूर्व तयारीमा विस्तृत आयोजना प्रतिवेदन निर्माण, लगत डिजायन इस्टीमेट निर्माण, खरिद प्रक्रिया र संझौता जस्ता पक्षहरूमा व्यवस्थित गर्नुपर्दछ । उपभोक्ता समितिबाट कार्यान्वयन हुने कार्यक्रमको हकमा सम्बन्धित लाभग्राहीहरूको सहभागितामा पालिका वा वडा कार्यालयको रोहवरमा उपभोक्ता समिति गठन गर्नुपर्दछ । आयोजना सूचना पाटी, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण जस्ता पारदर्शिताका अभ्यासहरू अवलम्बन गर्नुपर्दछ । योजना कार्यान्वयनको समय समयमा प्राप्त प्रगति प्रतिवेदन उपाध्यक्षको नेतृत्वमा हुने अनुगमन समितिमा समेत उपलव्ध हुने व्यवस्था मिलाउनु पर्दछ ।

गाउँपालिकाले सबै विषयगत क्षेत्र समेटी समष्टिगत कार्यान्वयन कार्ययोजना बनाउनेछ । यसैबमोजिम योजना कार्यान्वयन सम्बद्ध निकाय, संस्था र कर्मचारीलाई कार्य जिम्मेवारी र क्रियाकलापप्रति जिम्मेवार हुने व्यवस्था मिलाउनु पर्दछ ।

७.३.८ अनुगमन तथा मूल्याङ्कन

(क) अनुगमन

काम भइरहेको समयमा गुणस्तर कायम गर्न जाँच वा निरीक्षण गरी अनुगमन गरिन्छ । यसले तोकिएको काम तोकिएको समय, तोकिएको लागत र गूणस्तरमा भए नभएको सुनिश्चित गर्दछ। गाउँपालिकाले आफ्ना स्वीकृत कार्यक्रमको अलावा आफ्नो भूगोलभित्र सञ्चालित अन्य विकास कार्यक्रमहरूको समेत अनुगमन गरी तत्तत् निकायमा जानकारी पठाउने गर्दछ ।

गाउँपालिकाले देहायका आयोजनाहरूको अनुगमन गर्नेछ :

१. गाउँपालिकाबाट स्वीकृत कार्यक्रम वा आयोजनाहरू ।

२. गाउँपालिकाबाट लगानी भएको आयोजनाहरू ।

३. नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त स्रोत साधन मार्फत सञ्चालित आयोजनाहरू ।

४. गाउँपालिकाको क्षेत्रभित्र गैरसरकारी संस्था मार्फत सञ्चालित आयोजनाहरू ।

५. गाउँपालिकाले आबश्यक ठानेका अन्य आयोजनाहरू ।

अनुगमनमा मूलभूत रूपमा निम्न विषयहरू हेरिनेछन् :

१. कार्यतालिका अनुसार काम भए नभएको,

२. तोकिएको कामको समय, लागत र गुणस्तर भए नभएको,

३. कार्यसम्पादनको क्रममा कुनै त्रुटी भए नभएको

४. डिजायनमा वा कार्यान्वयनमा कुनै गल्ती वा कमी कमजोरी भए नभएको ।

यस्तो अुनगमनबाट कार्यान्वयनमा भएको गल्ती कमजोरी तत्काल सुधार गरी समयमा नै आयोजना सम्पन्न गर्नका साथै सार्वजनिक कोषको अपव्यय हुनबाट रोकिनेछ ।

अनुगमन समितिले अनुगमन योजना बनाई उपाध्यक्षको संयोजकत्वमा गठन भएको समितिबाट अनुगमन योजना स्वीकृत गराई नियमित अनुगमनको व्यवस्था गर्नुपर्नेछ। समितिले योजना कार्यक्रमको सूचकका आधारमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्नेछ। आफूले गरेको अनुगमनका आधारमा तत्काल समाधान गर्नु पर्ने विषयको हकमा तत्कालै प्रतिवेदन गर्ने र अन्यको हकमा मासिक रूपमा कार्यपालिकाको बैठकमा प्रस्तुत गर्नु पर्नेछ। कार्यपालिकाको बैठकमा अनुगमन प्रतिवेदन नियमित एजेण्डाको रूपमा छलफलमा ल्याउने व्यवस्था मिलाउनु पर्नेछ ।

अनुगमनमा देहायका मध्ये कुनै तरिकाहरू अपनाइनेछ :

१. नियमित प्रतिवेदन लिएर ।

२. स्थलगत अवलोकन गरेर ।

३. सरोकारवालाहरूसँग छलफल गरेर ।

४. तेश्रोपक्ष अनुगमन अर्थात नागरिक समाजका संस्थाहरू परिचालन गरेर (मिडिया आदि) ।

५. सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता विधिहरू अपनाएर ।

अनुगमनमा देहायका पदाधिकारीहरू संलग्न रहनेछन्:

१. स्थानीय तहको कार्य विभाजन नियमावलीले तोकेको पदाधिकारी ।

२. उपाध्यक्ष (स्थानीय सरकार सञ्चालन ऐन २०७४) ।

३. अनुगमन तथा सुपरिवेक्षण समितिका सदस्यहरू ।

४. प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा प्रमुख (नियमित कार्य) ।

५. वडा स्तरीय आयोजनाको हकमा वडाध्यक्ष र सदस्यहरू ।

गाउँपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिमा देहायका पदाधिकारीहरू रहनेछन्:

क्र.सं	पदाधिकारी	जिम्मेवारी
१	उपाध्यक्ष	संयोजक
२	अध्यक्षले तोकेका एक जना महिलासहित कार्यपालिकाका सदस्यहरूमध्येबाट दुई जना सदस्य	सदस्य
३	प्रमुख प्रशासकीय अधिकृत	सदस्य
४	प्रमुख, योजना शाखा	सदस्य सचिव

नोटः आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

अनुगमन समितिको कार्ययोजना देहाय अनुसार बनाई लागु गर्नुपर्नेछ :

१. कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिबाट आफ्नो वार्षिक अनुगमन कार्ययोजना बनाइ कार्यान्वयन गर्ने ।

२. अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा पेश गरी कार्यपालिकाको बैठकमा छलफल गर्ने । सुपरिवेक्षण समितिले समधान गर्न नसकेका समस्याहरूलाई यस बैठकले सम्बोधन गर्ने ।

वडास्तरीय अनुगमन

वडास्तरीय कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण गर्न देहाय बमोजिमको समिति रहनेछ ।

क्र.सं	पदाधिकारी	जिम्मेवारी
१	सम्बन्धित वडाको वडाध्यक्ष	संयोजक
२	वडा सदस्यहरू	सदस्य
३	वडा सचिव	सदस्य सचिव

नोटः आवश्यक परे कार्यपालिकाका अन्य सदस्य तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(ख) मूल्याङ्कन

योजना अबधि समाप्त भए पछि गाउँकार्यपालिकाले तोकेका आयोजनाको तेश्रो पक्षद्वारा देहायका सूचना प्राप्त गर्न प्रभाव मूल्यांकन गर्नुपर्दछ-

१. योजनाको लक्ष वमोजिम प्रगति भए नभएको ।

२. लाभग्राहीलाई योजनाको प्रभाव के कस्तो पऱ्यो ।

३. आयोजना शुरु हुनु भन्दा अगाडि र योजना सम्पन्न भइसकेपछि त्यहाँको जनजीवनमा के कस्तो फरक पऱ्यो,

४. योजनाको लागत र प्रतिफल बीचको सम्बन्ध के कस्तो रह्यो,

५. आगामी योजना तर्जुमाको लागि कस्तो पृष्ठपोषण र के सिकाइ रह्यो ?

६. योजना तर्जुमा र कार्यान्वयन विधिमा के कस्तो परिमार्जन गर्न आवश्यक देखिन्छ ।

७. योजनाबाट प्राप्त हुने फाइदालाई अधिकतम बनाउन कस्तो सुधार गर्नुपर्दछ ।

गाउँपालिकाको गौरवका आयोजना र कूल लागत २ करोडभन्दा माथिका आयोजनाको अनिवार्य रूपमा प्रभाव मूल्याङ्कन गर्नुपर्दछ । आयोजनाको प्रभाव मूल्याङ्कन पश्चात् प्राप्त नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरी सरोकारवालाहरूलाई समेत जानकारी गराउनु पर्दछ ।

७.३.८ प्रतिवेदन र समीक्षा

यसैगरी योजनाको अनुगमन तथा कार्यालयको समष्टिगत भौतिक र वित्तीय प्रगति एवं समस्याहरूबारे चौमासिक र वार्षिक समीक्षा तथा “स्थानीय तह विकास समस्या समाधान समिति” को बैठक आयोजन गर्नुपर्दछ । समिक्षामा स्थानीय तहको आम्दानी, खर्च, सेवा प्रवाह र विकास क्रियाकलापको प्रगतिका साथ साथै आवधिक योजनाको समग्र लक्ष्यको प्रगति अवस्था समेत आंकलन गर्नुपर्दछ । यस्तो समिक्षामा गाउँपालिका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाद्वारा सञ्चालित विकास कार्यक्रमहरूको समेत प्रगति समिक्षा हुने व्यवस्था मिलाउनु पर्दछ । समिक्षामा देखिएका समस्याहरू समाधान गर्न स्थानीय तह विकास समस्या समाधान समितिले आवश्यक निर्णयहरू लिनुपर्दछ ।

परिच्छेद- ८

नतिजा खाका

८.१ पृष्ठभूमि

योजना, कार्यक्रम वा आयोजना बीच नतिजाहरुको तहगत अन्तरसम्बन्ध स्थापना गरी योजना प्रक्रियालाई नतिजामुखी बनाउनु पर्ने हुन्छ । यसमा कारण र असरहरुको विश्लेषण गर्दै लगानीदेखि प्रतिफल हुँदै लक्ष्य वा प्रभावसँग पुग्ने गरी नतिजाहरुको शृंखलाबद्ध सम्बन्ध स्थापित गरिएको हुन्छ ।

यो तर्कबद्ध खाका तयार गर्दा विषयगत क्षेत्रका आधारमा नतिजा क्षेत्र (Key result areas) निर्धारण गरी सोसँग सबै विषयगत क्षेत्र तथा उपक्षेत्रको योगदानलाई अन्तरसम्बन्धित गराउने प्रयास गरिएको छ । यसमा रहेका नतिजा सूचकहरुमार्फत योजनाको प्रगति अनुगमन गरी निर्णय प्रक्रियालाई प्रमाणमा आधारित बनाउन एवं नतिजाप्रतिको जवाफदेहिता सुनिश्चित गर्न सहयोग पुग्नेछ ।

८.२ एकीकृत नतिजा खाका

एकीकृत तर्कबद्ध खाका (Integrated Logical Framework)

नतिजाको स्तर	नतिजा सूचक	इकाई	आधार वर्ष ७६/७७	लक्ष्य		सूचनाको श्रोत	कार्यान्वयन निकाय	जो खम/अनुमान
				आ.व. ०७९/८०	आ.व. ०८१/८२			
प्रभाव	मानव वकास सुचकांक	सुचकांक	०.४९९	०.५२१	०.५४२	गा को.पा.बजेट वक्तव्य		
असर १-	कुल गास्र्थ्य उत्पादन	रु करोड	२९५	३७०	४४३	गा को.पा.बजेट वक्तव्य	गाउँपा लका	प्रदेश र संघ सरकार, निजीक्षेत्र को सहयोग र साझेदारी हुने।
असर-२	प्रति व्यक्ति कुल गास्र्थ्य उत्पादन	रु हजारमा	७७	९१	१०७			
असर-३	१ घंटा भत्र स्वास्थ्य सस्थामा पहुंच भएको जनसंख्या	प्रतिशत	७५	८५	९५			
	साक्षर जनसंख्या	प्रतिशत	७७.६	९०	९६			
असर -४	न्युनतम पूर्वाधार) , वद्युत ,सडकसंचार (सु वधा पहुंच भएका घरधुरी	प्रतिशत	९२	९५	९८			
असर -५	वनले ढाकेको क्षेत्र संरक्षण	प्रतिशत	५५	५८	६०			
असर-६	सेवा सन्तुष्टी	प्रतिशत	४०	६०	८०			

८.३ विषयगत क्षेत्रको तर्कबद्ध खाका

आवधिक योजनाका विषयगत क्षेत्रका तर्कबद्ध खाकाहरू देहाय बमोजिम रहेका छन् ।

१. आर्थिक क्षेत्रः

१.१ आर्थिक क्षेत्र –समष्टिगत (स्थिर मूल्यमा)

नतिजाको स्तर	नतिजा सूचक	इकाई	आधार वर्ष ७६/७७	लक्ष्य		सूचनाको श्रोत	कार्यान्वयन निकाय	जोखम/ अनुमान
				आ.व. ०७९/८०	आ.व. ०८१/८२			
असर	कुल गार्स्थ्य उत्पादन	रु करोड	२९५	३६८	४४२	वजेट वक्तव्य		
प्रतिफल१ -	आर्थिक वृद्धी	प्रतिशत	७१	८.५	१०	वजेट वक्तव्य	गाउँपा लका	निजि क्षेत्रको सहयोग भएको हुने। अन्तर सरकार समन्वय हुने
प्रतिफल २-	प्रतिव्यक्ति आय	रु हजारमा	७७	८५	१०६			
प्रतिफल - ३	प्राथमिक क्षेत्रको गार्हस्थ्य उत्पादनमा योगदान	प्रतिशत	५०	४०	३०			
प्रतिफल४-	द्वतिय क्षेत्रको गार्हस्थ्य उत्पादनमा योगदान	प्रतिशत	२०	२३	२६			
प्रतिफल५-	तृतिय क्षेत्रको गार्हस्थ्य उत्पादनमा योगदान	प्रतिशत	३०	३७	४४			
प्रतिफल ६-	गरिवीको रेखामुनीको जनसंख्या	प्रतिशत	१९	१७	१५			
प्रतिफल ७-	आन्तरिक आय	रु हजारमा	२६३४	२६७९	२७०९			

१.२ कृषि

नतिजा को स्तर	नतिजा सूचक	इकाई	आधार वर्ष ७५/७६	लक्ष्य		सूचनाको श्रोत	कार्यान्वयन निकाय	जोखम/अनुमान
				आ.व. ०७८/७९	आ.व. ०८०/८१			
असर	कृषक्षेत्रको कुल गार्हस्थ्य उत्पादन	रु करोड	७०	७५	७७	वजेट वक्तव्य		
प्रतिफल-१	धान उत्पादन गर्ने कृषक	प्रतिशत	४.५	५.०	६.०	गाउँपा लकाको वार्षिक प्रगति		कृषि सामाग्रीको समयमा
प्रतिफल	मकै उत्पादन	प्रतिशत	७५	८०	८५			

२-						प्रतिवेदन	गाउँपा ल का	आपूर्ति गर्न सहकारी सस्थाहरु को सहयोग हुने। अन्तर सरकार समन्वय भएको हुने।
प्रतिफल-३	आलु तरकारी	प्रतिशत	९	११	१३			
प्रतिफल-४	कृ ष उपज व क्र गर्ने परिवार	प्रतिशत	१३	१८	२३			
प्रतिफल-५	नगदेवाली उत्पादनमा संलग्न कृषक (बुद्ध चत्त, कफी, अलैंची)	प्रतिशत	५	७	९			
प्रतिफल-६	व्यवसायीक कृ ष नर्सरी	गोटा	-	१	२			
प्रतिफल-७	कृषक ता लम	संख्या	-	५०	१००			
प्रतिफल-८	तरकारी र फलफूल खेति गर्ने कृषक	प्रतिशत	१०	१५	२०			
प्रतिफल-९	पकेट क्षेत्र वकास	संख्या	-	२	५			
प्रतिफल-१०	मौरी पालन गर्ने परिवार	प्रतिशत	१	३	५			
प्रतिफल-११	वाख्रा पाल्ने परिवार	प्रतिशत	५१	५५	६०			
प्रतिफल ११-	दुग्ध चस्यान केन्द्र	संख्या	०	०	१			
प्रतिफल-१२	उन्नत जातका पशुपालन	प्रतिशत	७	१५	२५			
प्रतिफल-१४	व्यवसायिक कुखुरा पालन	प्रतिशत	२	५	१०			
प्रतिफल-१५	गोठ सुधार	प्रतिशत	५	२०	५०			
प्रतिफल-१६	कृ ष हाट वजार केन्द्र	संख्या	०	२	५			

१.३ उद्योग, व्यापार, व्यवसाय

नतिजा को स्तर	नतिजा सूचक	इकाई	आधार वर्ष ७५/७६	लक्ष्य		सूचनाको श्रोत	कार्यान्वयन निकाय	जो खम/ अनुमान
				आ.व. ०७८/७९	आ.व. ०८०/८१			
असर	उद्योग व्यापारवाट गार्हस्थ्य उत्पादनमा योगदान	प्रतिशत	२१.५६	२५	२७	वजेट वक्तव्य		
प्रतिफल-१	आ र्थक प्रतिष्ठान	संख्या	२०	५०	१००	वजेट वक्तव्य	गाउँपा लका	
प्रतिफल	रोजगारी सृजना	जना	३००	६००	१०००			

२-								
प्रतिफल-३	उत्पादनशील उद्योग	संख्या	१	१०	२०			
प्रतिफल-४	जनशक्ति ता लम	जना	-	१००	२००			

१.४ पर्यटन

नतिजा को स्तर	नतिजा सूचक	इकाई	आधार वर्ष ७५/७६	लक्ष्य		सूचनाको श्रोत	कार्यान्वयन निकाय	जो खम/अनुमान
				आ.व. ०७८/७९	आ.व. ०८०/८१			
असर	पर्यटकवाट वा र्षक आय	रु लाखमा	३७६८	६०	१००	गाको प्रगति .पा. प्रतिवेदन		
प्रतिफल-१	आन्तरिक पर्यटक आगमन वा र्षक	संख्या	५०	१००	१५०	गाको प्रगति .पा. प्रतिवेदन	गाउँपा लका	निजीक्षेत्रर , पर्यटन वोर्डको सहयोग हुने।
प्रतिफल-२	बाह्यपर्यटक आगमन वा र्षक	संख्या	५०	१००	१५०			
प्रतिफल-३	पर्यटकको औसत वसाई	दिन	१	२	३			
प्रतिफल-४	होटल संख्या	संख्या	२०	२५	३०			
प्रतिफल-१	रोजगारी सृजना	संख्या	३०	५०	७०			
प्रतिफल-२	होटल ,रिसोर्ट , होमस्टेको वेड	संख्या	२०	५०	७०			
प्रतिफल-३	होमस्टे	संख्या	५	९	१३			
प्रतिफल-४	प्रमूख गन्तव्य स्थल वकास	संख्या	३	५	७			
प्रतिफल-५	पर्यटन सूचना केन्द्र	संख्या	०	०	१			
प्रतिफल-६	संग्राहालय	संख्या	०	१	२			
प्रतिफल ७	कोशेली घर	संख्या	०	१	२			
प्रतिफल_८	पर्यटन ता लम	जना	०	१०	२०			

१.५ वत्तीय संस्था तथा सहकारी

नतिजा को स्तर	नतिजा सूचक	इकाई	आधार वर्ष ७५/७६	लक्ष्य		सूचनाको श्रोत	कार्यान्वयन निकाय	जो खम/अनुमान
				आ.व. ०७८/७९	आ.व. ०८०/८१			

असर	वैंक तथा वत्तिय सस्था खाता भएका व्यक्ति	प्रतिशत	५६.३	६५	७५	गाउँपा लका को प्रगति प्रतिवेदन		
प्रतिफल-१	सहकारी सस्था	संख्या	८८	९५	११०	गाउँपा लका को प्रगति प्रतिवेदन	गाउँपा लका	वैंक तथा वत्तीय सस्थाले सहयोग गर्ने
प्रतिफल-२	सहकारीमा आवद्ध परिवार	प्रतिशत	२२०८	२४००	२६००			
प्रतिफल-३	वैंक तथा वत्तीय सस्था	संख्या	५	८	१०			
प्रतिफल-४	रोजगारी	संख्या	२५	४०	५०			
प्रतिफल-५	सहकारीको उत्पादनशीलक्षेत्र मा लगानी	प्रतिशत	३०	५५	७५			
प्रतिफल-६	सहकारी साक्षरता ता लम	जना	१०	१००	३००			
प्रतिफल-७	वत्तीय साक्षरता	प्रतिशत	१०	३५	७५			

२. सामाजिक क्षेत्र

२.१ शक्षा

नतिजा को स्तर	नतिजा सूचक	इकाई	आधार वर्ष ७५/७६	लक्ष्य		सूचनाको श्रोत	कार्यान्वयन निकाय	जो खम/ अनुमान
				आ.व. ०७८/७९	आ.व. ०८०/८१			
असर	साक्षर जनसंख्या	प्रतिशत	९६	९७	९८	वजेट वक्तव्य		
प्रतिफल-१	वद्यालय	संख्या	६९	६५	६५	गाउँपा लका को वा र्षक प्रतिवेदन	गाउँपा लका	
प्रतिफल २-	सवै तहमा वद्यार्थी	संख्या	९०४०	९५००	९८००			
प्रतिफल-३	आधारभूत तहमा वद्यालय भर्ना दर	प्रतिशत	९४.८	९६	९९			नागरिक समाजको सहयोग हुने।
प्रतिफल-४	वद्यालय छाड्ने दर (आधारभूत तह)	प्रतिशत	३.७	२.५	०			

२.२ स्वास्थ्य तथा पोषण

नतिजा	नतिजा सूचक	इकाई	आधार	लक्ष्य	सूचनाको	कार्यान्वयन	जो खम/अनु

को स्तर			वर्ष ७७/७६	आ.व. ०७८/७९	आ.व. ०८०/८१	श्रोत	निकाय	मान
असर	१ घंटा भत्र स्वास्थ्य सस्थामा पहुंच भएको जनसंख्या	प्रतिशत	७७	८५	९५	गाउँपा लका को वा र्षक प्रगति प्रतिवेदन		
प्रतिफल-१	अस्पताल	संख्या	०	०	१	गाउँपा लका को वा र्षक प्रगति प्रतिवेदन		
प्रतिफल-२	आधारभूत सु वधा सहितकोस्वा स्थ्य सस्था एक्सरे ,ल्याव) (आदि	संख्या	१ (ल्याव)	२	३		गाउँपा लका/ स्वास्थ्य सस्थाहरु	संघीय तथा प्रदेश सरकारको सहयोग हुने
प्रतिफल ३-	वरामी पर्दा स्वास्थ्य सस्था जाने व्यक्ति	प्रतिशत	७०	७७	८०			
प्रतिफल-४	प्रशूति सेवा/ व र्थङ सेन्टर	संख्या	३	०	०			
प्रतिफल-५	स्वास्थ्य सस्था	संख्या	१२	१	०			
प्रतिफल-६	स्वास्थ्य सस्थामा प्रसुति	प्रतिशत	११	२०	२५			
प्रतिफल-७	पूर्ण खोप लने वालवा लका	प्रतिशत	८३	९०	९५			
प्रतिफल-८	स्वास्थ्य वीमा गर्ने परिवार	प्रतिशत	३	१०	२५			
प्रतिफल-९	वडागत घुम्ति स्वास्थ्य शी वर वा र्षक	पटक	१	१	१			
प्रतिफल-१०	सामान्य रोगी	प्रतिशत	४.६४	३	२			
प्रतिफल-११	दीर्घ रोगी	प्रतिशत	१.२२	०.७७	०.५०			
प्रतिफल-१२	भटा मन "ए" प्राप्त गर्ने वालवा लका	प्रतिशत	५८	८०	९०			
प्रतिफल-१३	परिवार नियोजनका साधन प्रयोग दर	प्रतिशत	२२	२५	३०			
प्रतिफल-१४	झाडा पखालाको संक्रमण दर	जना	१४०	१००	२०			

	प्रति हजार							
प्रतिफल-१५	जन्मदा २५०० ग्राम भन्दा कम तौल भएका वच्चा कुल संस्थागत जन्म मध्ये	प्रतिशत	३	१	०			

२.३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैसमास)

नतिजा को स्तर	नतिजा सूचक	इकाई	आधार वर्ष ७७/७६	लक्ष्य		सूचनाको श्रोत	कार्यान्वयन निकाय	जोखम/ अनुमान
				आ.व. ०७८/७९	आ.व. ०८०/८१			
असर	लैङ्गिक सशक्तिकरण	सुचकांक	०.४९*	०.३७	०.२७	गाको .पा. वजेट वक्तव्य	गाउँपा लका	
प्रतिफल१ -	महिला घरमूली	प्रतिशत	२९.०१	३२	३४	गाउँपा लका को वार्षक प्रतिवेदन	गाउँपा लका	संघीय र प्रदेश सरकार एबं गैसस हरुको समन्वय भएको हुने।
प्रतिफल२ -	आर्थक प्रतिष्ठानमा काम गर्ने महिला	प्रतिशत	४१.७	४५	५०			
प्रतिफल३ -	वैक खाता भएका महिला घरमूली	प्रतिशत	५५.१०	६५	७५			
प्रतिफल४ -	महिला साक्षरता	प्रतिशत	८४.३६	९०	९८.५			
प्रतिफल५ -	लक्षित तथा पछडएका वर्ग लाई क्षमता वकास ता लम	जना	१००	२००	३००			
प्रतिफल६ -	जेष्ठ नागरिक स्वास्थ्य घुम्ति शवर वार्षक	पटक	०	१	२			
प्रतिफल७-	अपाङ्ग वालवालकालाई वशेष शक्षा प्रदान	प्रतिशत	२०	४०	६०			
प्रतिफल८-	अपाङ्गता भएका व्यक्तिलाई सीपमूलक ता लम	प्रतिशत	१०	२०	४०			
प्रतिफल९-	वालक्लव	संख्या	१	२	५			

नोट: *राष्ट्रिय सूचकांकमा आधारित

२.४ युवा तथा खेलकुद

नतिजा को स्तर	नतिजा सूचक	इकाई	आधार वर्ष ७७/७६	लक्ष्य		सूचनाको श्रोत	कार्यान्वयन निकाय	जोखम/ अनुमान
				आ.व. ०७८/७९	आ.व. ०८०/८१			
असर	वेरोजगार युवा	प्रतिशत	६	५	४	गाउँपा लकाको वार्षक प्रतिवेदन		

प्रतिफल १ -	वैदे शक रोजगारीमा गएका युवा	प्रतिशत	८.२२	७	६.५	गाउँपा लकाको वा र्षक प्रतिवेदन	गाउँपा लका	अन्तर सरकार समन्वय हुने
प्रतिफल २-	युवा संजाल	संख्या	१	२	५			
प्रतिफल ३-	गाउँपा लका खेलकुद मैदान) (वद्यालय वाहेक	संख्या	१	१	२			
प्रतिफल ४-	कभर्ड हल	संख्या	०	०	१			
प्रतिफल ४-	खेलकुद प्रतियो गता आयोजन	पटक	१	२	२			

२.५ खानेपानी तथा सरसफाई

नतिजा को स्तर	नतिजा सूचक	इकाई	आधार वर्ष ७५/७६	लक्ष्य		सूचनाको श्रोत	कार्यान्वयन निकाय	जो खम/ अनुमान
				आ.व. ०७८/७९	आ.व. ०८०/८१			
असर	आधारभूत खानेपनी तथा सरसफाई सु वधा पुगेको घरपरिवार	प्रतिशत	९६	९८	१००	गाउँपा लका को वा र्षक प्रतिवेदन		
प्रतिफल १ -	पाईप मार्फत खानेपानी पुगेको परिवार	प्रतिशत	९६	९८	१००	गाउँपा लका को वा र्षक प्रतिवेदन	गाउँपा लका	पूर्णीमा आयोजना वाट सहयोग हुने।
प्रतिफल २-	निजी धारा भएको परिवार	प्रतिशत	४९	७५	१००			
प्रतिफल ४-	चर्पी भएका परिवार	प्रतिशत	९९	१००	१००			
प्रतिफल ५-	सेफ्टीट्यांकी सहितको चर्पी	प्रतिशत	८५	९०	९९			
प्रतिफल ६-	जनशक्ति ता लम	संख्या	५	१५	२५			
प्रतिफल ७-	खानेपानीका श्रोत संरक्षण र सरसफाई	प्रतिशत	२५	५०	१००			

३. पूर्वाधार क्षेत्रः

३.१ यातायात क्षेत्र

नतिजा	नतिजा सूचक	इकाई	आधार	लक्ष्य	सूचनाको	कार्यान्वयन	जो खम/

को स्तर			वर्ष ७५/७६	आ.व. ०७८/७९	आ.व. ०८०/८१	श्रोत	निकाय	अनुमान
असर	वढीमा आधा घण्टाको दुरीमा सडक यातायातमा पहुंच भएको जनसंख्या	प्रतिशत	९०	९५	१००	गाको .पा. प्रगति प्रतिवेदन	गाउँपा लकाको	प्रदेश र संघ सरकारको साझेदारी रहने।
प्रतिफल १	सर्वयाम सडकको लम्वाई	क.मी.	३०	७०	१००	गाको .पा. प्रगति प्रतिवेदन	गाउँपा लका	प्रदेश र संघ सरकारको साझेदारी रहने।
प्रतिफल २	कालोपत्रे सडक	क.मी.	१३	२०	५०			
प्रतिफल ३	खण्डास्मिथ सडक	क.मी.	१७	५०	५०			
प्रतिफल ४	धुले सडक	कमी.	११७	१००	८०			
प्रतिफल ५	पक्की पुल	संख्या	५	८	१८			
प्रतिफल ६	झोलुङ्गेपुल	संख्या	२७	३५	३८			

३.२ वद्युत तथा वैकल्पिक ऊर्जा

नतिजा को स्तर	नतिजा सूचक	इकाई	आधार वर्ष ७५/७६	लक्ष्य		सूचनाको श्रोत	कार्यान्वयन निकाय	जो खम/ अनुमान
				आ.व. ०७८/७९	आ.व. ०८०/८१			
असर	प्रकाशका ला ग वद्युत सेवा पुगेको घर परिवार	प्रतिशत	९९	१००	१००	गाउँपा लका		
प्रतिफल १ -	स्थानीय वद्युत उत्पादन	क.वा.	३१५	३५०	४००	गाको .पा. प्रगति प्रतिवेदन	गाउँपा लका	प्रदेश र संघीय सरकारको सहयोग प्राप्त हुने
प्रतिफल २ -	वायोग्यास तथा ऐलपी ग्यासको . प्रयोग गर्ने परिवार	प्रतिशत	९	१५	२०			
प्रतिफल ३ -	सुधारिएको धुवां रहित चुलो जडान गर्ने परिवार	प्रतिशत	८	२०	४०			
प्रतिफल ४ -	राष्ट्रिय प्रशारण लाइन जो डएका वडा	संख्या	४	५	५			

प्रतिफल ५ -	लघु जल वद्युत योजना	संख्या	१२	१४	१८			
प्रतिफल ६ -	आयोजनागत मर्मत सम्भार कोष	संख्या	१२	१४	१८			
प्रतिफल ७	मर्मत सम्भार ता लम	जना	१२	२८	३४			

३.३ भवन, आवास तथा वस्ति वकास

नतिजा को स्तर	नतिजा सूचक	इकाई	आधार वर्ष ७५/७६	लक्ष्य		सूचनाको श्रोत	कार्यान्वयन निकाय	जो खम/ अनुमान
				आ.व. ०७८/७९	आ.व. ०८०/८१			
असर	भूकम्प प्रतिरोधी भवन	प्रतिशत	८४	९०	९५	गाउँपा लका		
प्रतिफल -१	मापदण्ड बमोजिमका निजी आवास	संख्या	३२८३	३५००	३७०८	गाको .पा. प्रगति प्रतिवेदन	गाउँपा लका	नेपाल पुनर्निर्माण प्रा धकरण को सहकार्य हुने।
प्रतिफल -२	मापदण्ड अनुसार नि र्मत सार्वजनिक भवन	प्रतिशत	६९	७५	९०			

३.४ संचाईक्षेत्र

नतिजा को स्तर	नतिजा सूचक	इकाई	आधार वर्ष ७५/७६	लक्ष्य		सूचनाको श्रोत	कार्यान्वयन निकाय	जो खम/ अनुमान
				आ.व. ०७८/७९	आ.व. ०८०/८१			
असर	संचाई योग्य ज मनको तुलनामा सं चत ज मन	प्रतिशत	५	१०	२०	गाको .पा. प्रगति प्रतिवेदन		
प्रतिफल-१	सं चत ज मन	हेक्टर	१४०	२८०	५६०	गाको .पा. प्रगति प्रतिवेदन	गाउँपा लका	
प्रतिफल-२	कुलानाला	संख्या	४०	५०	६०			
प्रतिफल-३	नयां प्र व धको संचाई	हेक्टर	–	२०	५०			
प्रतिफल-४	जनशक्ति ता लम	जना	-	१०	१५			
प्रतिफल-५	उपभोक्ता स मतिलाई ता लम	जना	–	१५	२०			
प्रतिफल-६	योजनागत मर्मत सम्भार कोष	संख्या	–	५०	१००			

३.५ सूचना तथा संचार

नतिजा	नतिजा सूचक	इकाई	आधार	लक्ष्य	सूचनाको	कार्यान्वयन	जो खम/

को स्तर			वर्ष ७७/७६	आ.व. ०७८/७९	आ.व. ०८०/८१	श्रोत	निकाय	अनुमान
असर	संचारका कम्तिमा एक साधन प्रयोग गर्ने परिवार	प्रतिशत	७७	८५	१००	गाउँपा लका को प्रगति प्रतिवेदन		
प्रतिफल-१	टे ल भजन प्रयोग गर्ने परिवार	प्रतिशत	३८	५५	७०	गाको .पा. प्रगति प्रतिवेदन	गाउँपा लका	दुर संचार तथा निजी क्षेत्रवाट सहयोग हुने।
प्रतिफल-२	इन्टरनेट प्रयोग गर्ने परिवार	प्रतिशत	२	१५	२५			
प्रतिफल-३	मोवायल प्रयोगकर्ता १६) वर्ष भन्दा मा थको जनसंख्या	प्रतिशत	७७	८५	९५			
प्रतिफल-४	उद्योग व्यवसायमा सूचना प्र व धको प्रयोग	प्रतिशत	०	१५	३५			

४. वन, वातावरण तथा वपद व्यवस्थापन

नतिजा को स्तर	नतिजा सूचक	इकाई	आधार वर्ष ७७/७६	लक्ष्य		सूचनाको श्रोत	कार्यान्वयन निकाय	जो खम/ अनुमान
				आ.व. ०७८/७९	आ.व. ०८०/८१			
असर	वनले ढाकेको क्षेत्र	प्रतिशत	४५	४५.५	४६	गाउँपा लका को प्रगति प्रतिवेदन	गाउँपा लका	
प्रतिफल-१	सामुदायीक वन	संख्या	४३	४४	४५	गाउँपा लका को प्रगति प्रतिवेदन	गाउँपा लका	अन्तर सरकार समन्वय भएको हुने। गैसस र स्थानीय समुदाय को साझेदारी भएको
प्रतिफल-२	निजी वन	हेक्टर	५	१०	२०			
प्रतिफल-३	जै वक व वधता संरक्षण	प्रतिशत	२५	५०	७५			
प्रतिफल-४	उप-जलाधार संरक्षण	प्रतिशत	२०	४०	७०			
प्रतिफल-५	वांझोघांसे , मैदान संरक्षण	प्रतिशत	२०	३०	४०			
प्रतिफल-६	वजार केन्द्रित फोहोरमैला	संख्या	०	२	५			

	व्यवस्थापन							हुने।
प्रतिफल-७	धुवां रहित चुल्हो	संख्या	५००	१०००	२५००			
प्रतिफल ८-	वद्युत तथा एलपी ग्यास . प्रयोग	प्रतिशत	६	१०	१५			
प्रतिफल_९	इन्धनको रुपमा दाउरा प्रयोग	प्रतिशत	९४	९०	८५			
प्रतिफल-१०	जो खम नक्सांकन भएको क्षेत्र	प्रतिशत	०	२५	६०			
प्रतिफल-११	पहिरो जो खमक्षेत्र संरक्षण	प्रतिशत	०	२०	५०			
प्रतिफल-१२	भूकम्पवाट क्षतिग्रस्त संरचना पुनर्निर्माण तथा पुनर्स्थापन	प्रतिशत	८०	९०	१००			

५. सुशासन

नतिजाको स्तर	नतिजा सूचक	इकाई	आधार वर्ष ७५/७६	लक्ष्य		सूचनाको श्रोत	कार्यान्वयन निकाय	जो खम/ अनुमान
				आ.व. ०७८/७९	आ.व. ०८०/८१			
असर	सेवा सन्तुष्टी	प्रतिशत	४०	६०	८०	सेवा सन्तुष्टी सर्भेक्षण	गाउँपा लका	
प्रतिफल-१	गाउँपा लका र वडा कार्यालयमा नागरिक वडापत्र स्थापना	संख्या	३	४	६	गाको .पा. प्रगति प्रतिवेदन	गाउँपा लका	नागरिक समाज तथा उपभोक्ता स मति हरुको सहयोग हने।
प्रतिफल-२	पदपूर्ति	प्रतिशत	१३.३३	८०	९०			
प्रतिफल-३	कानून तथा कार्य व ध	प्रतिशत	२७	४०	५०			
प्रतिफल-४	क्रयाशील नीतिगत स मति तथा संयन्त्र	संख्या	११	१२	१३			
प्रतिफल -५	योजनाहरुको अनुगमन	प्रतिशत	४०	६०	९०			

प्रतिफल-६	सामाजिक परीक्षण वा र्षक	पटक	०	१	२			
प्रतिफल-७	ठुला आयोजनाको सार्वजनिक सुनुवाई बा र्षक	पटक	०	१	२			
प्रतिफल-८	प्रगति समीक्षा	पटक	१	२	३			
प्रतिफल-९	अनलाइन सेवा	प्रतिशत	०	१०	२५			

अनुसूची- १
रोशी गाउँपालिकाको
आवधिक योजनामा स्रोतगत आय तथा प्राप्तिको एकिकृत प्रक्षेपित विवरण

(रु. लाखमा)

क्र.सं		२०७४/७५	२०७५/७६	२०७६/७७ को स्वीकृत अनुमान	२०७७ /७८	२०७८ /७९	२०७९ /८०	२०८० /८१	२०८१ /८२	आवधिक योजना अवधिको जम्मा प्रक्षेपण (२०७७/७८–२०८१/८२)	
	आय तथा प्राप्ति स्रोत	को यथार्थ	को यथार्थ	आधार वर्ष	प्रक्षेपण	प्रक्षेपण	प्रक्षेपण	प्रक्षेपण	प्रक्षेपण		
१	**संघीय सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँड**	**३७९१.५**	**३६८०.२**	**५०४९.३**	**४७२२**	**५१८२.१**	**५५७८.८१**	**५९८९.२**	**६४१४.१**	**२७८८६.१२**	**४३.४८**
१.१	समानीकरण अनुदान	१६३४.५	९७५	१०२८	१०४५	१०९०	११५५	१२२४	१२९७	५८११	
१.२	सशर्त अनुदान	२०७८.९५	२१०२.४५	२२३४.४८	२६५४	२७३१.७७	२९१७.४८	३१०३.२	३२८८.९२	१४६९५.३७	
१.३	विशेष अनुदान	०	०	४७५	१५०	२००	२२५	२५०	२७५	११००	
१.४	समपूरक अनुदान	०	०	४३८.८१	०	२००	२२५	२५०	२७५	९५०	
	अनुदान जम्मा	**३७१३.५**	**३०७७.५**	**४१७६.३**	**३८४९**	**४२२१.८**	**४५२२.४८**	**४८२७.२**	**५१३५.९**	**२२५५६.३७**	
१.५	राजस्व बाँडफाँडको रकम	७८	६०२.७७	८७३	८७३	९६०.३	१०५६.३३	११६१.९६	१२७८.१६	५३२९.७५२	
२	**प्रदेश सरकारको अनुदान**	**०**	**५२९.९७**	**८२९.४३**	**८४१.४४**	**८९४.२८**	**९४९.७७**	**१००६.६**	**१०६४.९**	**४७५७.०३**	**७.४२**
२.१	समानीकरण अनुदान	०	७९.४१	१०१.२९	१०१.४४	११६.०८	१२७.१	१३८.१	१४९.१२	६३१.८४	
२.२	सशर्त अनुदान	०	२५०.३६	१२५.६६	१३०	१५०	१७५	२००	२२५	८८०	
२.३	विशेष अनुदान	०	०	१४९.८	१५०	१५०	१५०	१५०	१५०	७५०	
२.४	समपूरक अनुदान	०	०	२००	२००	२००	२००	२००	२००	१०००	
	जम्मा प्रदेश अनुदान		**३२९.७७**	**५७६.७५**	**५८१.४४**	**६१६.०८**	**६५२.१**	**६८८.१**	**७२४.१२**	**३२६१.८४**	
२.५	राजस्व बाँडफाँडको रकम	०	२००.२	२५२.६८	२६०	२७८.२	२९७.६७	३१८.५१	३४०.८१	१४९५.१९	

३	**वैदेशिक अनुदान**	०	०	०	०	०	०	०	०	०	०
४	**वैदेशिक ऋण**	०	०	०	०	०	०	०	०	०	०
५	**आन्तरिक राजस्व**		**५७६.४५**	**२६३३.८**	**२६५०.४**	**२६६०.७**	**२६७८.६**	**२६९४.१**	**२७०९.६**	**१३३९३.४**	**२०.८८**
५.१	एकीकृत सम्पत्ति कर	०									
५.२	मालपोत तथा भूमि कर	८.७६२२५									
५.३	बहाल बिटौरी कर	०									
५.४	सवारी साधन कर	०									
५.५	पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर	०									
५.६	विज्ञापन कर	०.५१									
५.७	मनोरञ्जन कर	०									
५.८	व्यवसाय कर	०.२८									
५.९	सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय	०									
५.१०	अन्य बिक्रीबाट प्राप्त रकम	०									
५.११	व्यक्तिगत घटना दर्ता दस्तुर	१.८१४६९									
५.१२	परीक्षा दस्तुर	०									
५.१३	अन्य प्रशासनिक सेवा शुल्क	०									
५.१४	पार्किङ शुल्क	०									
५.१५	नक्सा पास दस्तुर	०									
५.१६	सिफारिस तथा बक्सौनी दस्तुर	६.९७१४९									
५.१७	नाता प्रमाणित दस्तुर	०.०५									
५.१८	अन्य दस्तुर	११.३२२२									
५.१९	प्रशासनिक दण्ड, जरिवाना र जफत	०									
५.०	प्रदूषण शुल्क	०									
५.२१	अन्य राजस्व										

६	**आन्तरिक ऋण**				**१००**	**१५०**	**१५०**	**२००**	**२००**	**८००**	**१.२५**
७	**अन्य** (स्थानीय संचित कोष अर्न्तगत आयोजना विशेष प्राप्त हुने अन्य रकमहरु)				**५०**	**५०**	**५०**	**५०**	**५०**	**२५०**	**०.३९**
७.१	गत बर्षको मौज्दात	७८.१८६५	२७९.४५१	३००							
७.२	प्रदेश तथा स्थानीय तह सहयोग कार्यक्रम (प्रतिस्पर्धि कोष)				५०	५०	५०	५०	५०	२५०	
८	**स्थानीय संचित कोषमा गाउँ पालिकाको जम्मा प्राप्ति** (१ देखि ८ सम्मको जम्मा)										
९	**संघ तथा प्रदेश अर्न्तगतका सम्वद्ध विषयगत निकायहरुबाट गाउँपालिकाबाट कार्यान्वयन हुने गरी प्रत्यायोजित कार्यक्रमहरु**	**५७६.३**	**७१०.६२**	**९३१.५५**	**१५८०**	**१६२५**	**१७२०**	**१७६५**	**१८१०**	**८५००**	**१३.२५**
९.१	सामाजिक सुरक्षा कार्यक्रमका लागि प्राप्त हुने रकम	**५१२.१**	**५४७.७१**	**७८९.५५**	**८००**	**८२५**	**८५०**	**८७५**	**९००**	**४२५०**	
९.२	अन्य कार्यक्रमका लागि प्राप्त हुने रकम (कार्यक्रमगत आधारमा उल्लेख गर्ने)	**६४.२**	**१६२.९१**	**१४२**	**७८०**	**८००**	**८७०**	**८९०**	**९१०**	**४२५०**	
९.२.१	स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम चालु	**५.९१**	**०**	**०**	**०**						
९.२.२	स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम	**६**	**०**	**०**	**०**						

	पूँजीगत										
९.२.३	संघीय संरचना पूर्वाधार निर्माण कार्यक्रम	४८	११७.८	१०२	१२०	१३०	१४०	१५०	१६०	७००	
९.२.४	गरिवसंग विश्वेश्वर कार्यक्रम	४.२९	३.९४	०	०						
९.२.५	सडक बोर्ड नेपाल	-	१०	०	०						
९.२.६	प्रधानमन्त्री रोजगार कार्यक्रम		३१.१७	४०	६०	७०	८०	९०	१००	४००	
९.३	गाउँपालिका क्षेत्रमा संघीय सरकारबाट हुने सिधै सम्भावित लगानी (प्र.मं कृषि आधुनिकीकरण परियोजना र वन कार्यक्रम समेत)				१००	१००	१५०	१५०	१५०	६५०	
९.४	गाउँपालिका क्षेत्रमा प्रदेश सरकारबाट हुने सिधै सम्भावित लगानी (प्रादेशिक सडक आयोजना समेत)				५००	५००	५००	५००	५००	२५००	
१०	**गाउँपालिकासँगको सहकार्यमा सम्वद्ध निकायवाट योगदान हुने अनुमानित रकम**				**१६००**	**१६५२.५**	**१७०७.६३**	**१७६५.५**	**१८२६.३**	**८५५१.९१३**	**१३.३३**
१०.१	निजी क्षेत्रवाट योगदान गाउँपालिकाको सहकार्यमा हुने लगानीको अनुमानित रकम				**५०**	**५०**	**५०**	**५०**	**५०**	**२५०**	
१०.२	सहकारी क्षेत्रवाट योगदान हुने अनुमानित रकम				**५००**	**५००**	**५००**	**५००**	**५००**	**२५००**	

१०.३	गैर सरकारी क्षेत्र र सामुदायिक वन तथा जनसहभागिताबाट योगदान हुने अनुमानित रकम				१०५०	११०२.५	११५७.६३	१२१५.५	१२७६.३	५८०१.९१३	
१२१	**गाउँपालिकाको कूल अनुमानित प्राप्ति तथा आय रकम**				**११५४३.८**	**१२२१४.५**	**१२८३४.८**	**१३४७०.४**	**१४०७४.९**	**६४१३८.४**	**१००**

अनुसूची –२

वार्षिक योजनाको बजेट तथा कार्यक्रम फारम

विषय क्षेत्र	आवधिक योजना ०७६/७७-०८०/८१			वार्षिक बजेट तथा कार्यक्रम (आ.ब. ०७६/७७)							
	उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम नं	नतिजा खाका संगको आवद्धता		आयोजना/कार्यक्रम (स्थान समेत)	लक्ष्य		विनियोजन	कार्यान्वयन विधि	लाभान्वित जनसंख्या	प्राथमिकता क्रम	लगानी तथा कार्यान्वयन गर्ने निकाय
					इकाई	परिमाण					
		नतिजा	कार्यक्रम								
आर्थिक विकास											
सामाजिक विकास											
पूर्वाधार विकास											
वातावरण तथा विपद व्यवस्थापन											
संस्थागत विकास तथा सुशासन											

अनुसूची- ३
आवधिक योजना तर्जुमाको चरणगत कार्यतालिका

क्र.सं	**कियाकलाप**	**मिति**
१	आवधिक योजना तर्जुमा तयारी बैठक	०७५।१।..
२	तथ्याङ्क संकलन सम्बन्धी अभिमुखीकरण र आवधिक योजना तर्जुमा समितिको गठन तथा विषयगत उप-समितिको निर्माण	०७५।१।१।.....
३	तथ्याङ्क संकलन सम्बन्धी कार्य	०७५।१।१५- ०७५।३।३०
४	तथ्यांकप्राप्ति, विश्लेषण, सूचना र वस्तुगत विवरण मसौदा तयारी	
५	बस्तुगत विवरण (पार्शवचित्र) निर्माण	
६	आवधिक योजना तर्जुमा कार्यशाला (आवधिक योजना सोच तथा दृष्टिकोण निर्माण)	
७	क्षेत्रगत योजना तर्जुमा (विषय क्षेत्रगत समिति बा टएकिकृत प्रारम्भिक खाका निर्माण)	
८	आवधिक योजनाको अन्तिम मस्यौदा निर्माण तथा कार्यपालिकामा प्रस्तुती	
९	कार्यपालिका बैठकबाट निर्णय	
१०	सभामा प्रस्तुत र कार्यपालिकामा अधिकार प्रत्यायेजन	
१०	योजना र वस्तुगत विवरणमा पुष्टिकरण कार्यशालावाट सरोकारवालको पृष्ठपोषण	
११	आवधिकविकास योजनाको मस्यौदा तयारी तथा पृष्ठपोषण	
१२	दस्तावेजको अन्तिम मस्यौदा पेश	
१३	कार्यपालिकावाट स्वीकृत	.....

अनुसूची- ४
सोच कार्यशालाको उपस्थिति विवरण

अनुसूची- ५
विभिन्न अन्य कार्यशालाहरूमा उपस्थिति विवरण

अनुसूची- ६
तस्वीरहरू